२७८

भक्तपुर
मासिक

Bhaktapur Monthly

माघ २०७६

ISBN 2705-4454

नेमकिपाको ४६ औं स्थापना दिवस

- वाकुपति चाँगुनारायण मन्दिरका अभिलेख
- ऐतिहासिक परिप्रेक्षमा भक्तपुर
- अश्वेत कम्युनिष्ट नेता एन्जेलो हर्नडोन
- भक्तपुर हनुमानघाटको माघ धलं
- कथावाट सुरु भएको नेवार साहित्य
- भक्तपुर नगरपालिकाका गतिविधिहरू

पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति

भक्तपुर नगरपालिका

भक्तपुर महोत्सव २०७६

BHAKTAPUR FESTIVAL 2020

17th - 21st MARCH, 2020 (चैत्र ४ - ८ गते, २०७६)

visit Nepal 2020 Lifetime Experiences

आकर्षण

- सांस्कृतिक कार्यक्रम - लायकू, क्वाठण्डौ, दत्तात्रय, टौमढी
- नगराबाइन - ब्यासिमण्डप, लायकू
- तस्वीर प्रदर्शनी - तव सत्तः, लायकू, वैशु त्वः
- चित्रकला, छ्वाती कला, तस्वीर र पौभा प्रदर्शनी - लायकू, थबुबही, कुबुबही, मिनिवस पार्क
- परम्परागत पोशाक प्रदर्शनी - लायकू (फसीदेव पछाडी)
- खाना महोत्सव - तुलाछें, यातुबारे पुखु (कमलबिनायक), मलसी पुखु ,खलौं, नःपुखु पश्चिम
- हलिमति -घुमानपोश चोछें, वाकुपति नारायण, दत्तात्रय, मलसी पुखु, टौमढी
- परम्परागत बाद्यबादन सामग्री प्रदर्शनी - भोलाछें
- परम्परागत धाजो रमाउने - नामपुखु, थालाछें
- कुमारी (जिवित देवी) प्रदर्शनी - प्रज्ञाशिल महाबिहार, क्वाठण्डौ
- दिपङ्कर बुद्ध प्रदर्शनी - प्रज्ञाशिल महाबिहार, भौरबही, चतुर्ब्रम्ह महाबिहार, थबु बहि, कुबु बहि
- नवदुर्गा प्रदर्शनी - नवदुर्गा छःछें, नछें
- शैक्षिक प्रदर्शनी - लामनः
- नौका बिहार - ब्यासी पुखु, नाम पुखु, यातुबारे पुखु (कमलबिनायक), तः पुखु, नःपुखु
- मृत्तिका कलाको परम्परागत र नयाँ उत्पादनको जीवन्त प्रदर्शनी -सुर्यमढी, तालाक्व
- परम्परागत खेलकुद प्रदर्शनी र प्रतियोगिता - वाकुपति नारायण, सुर्यमढी
- नेवार जीवन शैलीको गतिविधिको प्रदर्शनी - ब्यासी, ब्रम्हायणी छःछें, जेलौं, मलसी पुखु, देनमना
- नौ बाजा प्रदर्शनी - वाकुपति नारायण, दत्तात्रय, गोल्मढी, टौमढी
- दहि महोत्सव - याछें/लालाछें, जेलौं, ईनाचो
- दिपावली - लायकू, यातुबारे पुखु (कमलबिनायक), दत्तात्रय, टौमढी, तःपुखु
- पुस्तक प्रदर्शनी/बौद्ध प्रकाशन र तस्वीर प्रदर्शनी -भौरबही, गोल्मढी
- महिला हस्तकला/सहकारीहरुको गतिविधि प्रदर्शनी - गोल्मढी
- बालबालिका मैत्री गतिविधिहरु - इन्द्रायणी पिठ देखि शहिद स्मृति खेल मैदान हटाछें सम्म, खःसौं
- कृषि उत्पादनको व्यावसायिक प्रदर्शनी - लामनः, नःहिटी
- कुखुरा र अण्डा महोत्सव - भाञ्चा पुखु, दुधपाटी
- हस्तकलाको जिवन्त प्रदर्शनी - मलसी पुखु, नासमना, तेखापुखु
- व्यापार मेला - महेन्द्रपार्क सौमा, ब्यासी
- परम्परागत बाद्यबादन प्रतियोगिता र प्रदर्शन - प्रदक्षिणा मार्ग (नगरभरि)

सांस्कृतिक नगर भक्तपुरमा हार्दिक स्वागत !

Bhaktapur Festival Secretariat , Bhaktapur Municipality - 2, Byasi | Phone: 01-6611605
Email: info@explorebhaktapur.com | Url: www.explorebhaktapur.com

भक्तपुर महोत्सव २०७६ मा समावेश हुन इच्छुक सबै मेला, प्रदर्शनी र गतिविधि २०७६ फाल्गुण २० गते भित्र सचिवालयमा दर्ता गर्नुहुन अनुरोध गर्दछ ।

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

भक्तपुर

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ★ अङ्क ३ ★ नेसं ११४० ★ विसं २०७६ माघ ★ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंवज्जार

डेस्कटप : धनलक्ष्मी त्याल

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

‘इमानदारी जस्तो ठूलो सद्गुण अर्को हुन्न ।’

- सिसेरो

यस अङ्कमा

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
१)	वाकुपति चाँगुनारायण मन्दिर परिसरमा फेला परेका अभिलेख एवं कलावस्तु	डा.पुरुषोत्तमलोचन श्रेष्ठ	३
२)	ऐतिहासिक परिप्रेक्षमा भक्तपुर : एक दृष्टि	डा.बलराम कायस्थ	६
३)	भक्तपुर हनुमानघाटको ऐतिहासिक माघ धलं (व्रत)	ओम धौभडेल	१०
४)	एन्जेलो ब्राक्सतोन हर्नडोन : अश्वेत कम्युनिष्ट नेता	धीरेन्द्रमान बिजुक्छेँ	१२
५)	कथाबाट सुरु भएको नेवार साहित्य	प्रेमशान्ति तुलाधर	१७
६)	भक्तपुर नगरपालिकाको बैठक निर्णय	-	२२
७)	‘समाजवादी आन्दोलन पुस्तौँ पुस्तासम्म अघि बढ्ने छ’- अध्यक्ष नारायणमान बिजुक्छेँ	-	३१
८)	भक्तपुरमा २२ औं भूकम्प सुरक्षा दिवस मूल समारोहको कार्यक्रम सम्पन्न	-	३५
९)	एमसीसी सम्झौता नेपालको हितमा छैन : अध्यक्ष बिजुक्छेँ	-	३८
१०)	‘ठेकेदारलाई भन्दा जनतालाई विश्वास गर्छौं’-प्रमुख सुनिल प्रजापति	-	४३
११)	राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७६ को व्यवस्थापन उपसमितिको बैठक सम्पन्न	-	४६
१२)	‘भूकम्पीय जोखिम न्युनीकरण तथा व्यवस्थापन’ विषयक एक दिने कार्यशाला सम्पन्न	-	४७
१३)	‘सधैं अरु सामु हात थापेर संवृद्ध नेपाल र सुखी नेपाली बन्न सक्दैन’-प्रमुख प्रजापति	-	४८
१४)	ऐतिहासिक भैरवनाथ मन्दिर जीर्णोद्धारसम्बन्धी आय-व्यय र पुस्तक सार्वजनिकीकरण	-	५०
१५)	सरकारले पूँजीपति वर्गको हितमा कानुन बनाइरहेको छ	-	५२
१६)	‘सङ्घर्ष गर्नुको विकल्प छैन’	-	५३
१७)	भक्तपुर महोत्सव २०७६ मूल समारोह समितिको बैठक सम्पन्न	-	५५
१८)	शान्ति सुरक्षा, भारी गाडी निषेध तथा ट्राफिक व्यवस्थापन सम्बन्धी छलफल	-	५७
१९)	सम्पदा पुनर्निर्माणमा भक्तपुर नपाको उल्लेख्य प्रगति	-	५८
२०)	बेल्जियमका राजकुमारी एस्ट्रिडद्वारा भक्तपुरका सम्पदाको अवलोकन	-	५९
२१)	अरनिको सभाभवन निर्माणस्थल परिसरमा सरसफाइ	-	६१
२२)	भक्तपुर नगरपालिकाद्वारा शैक्षिक ऋण प्रदान	-	६२
२३)	जनस्वास्थ्य केन्द्रमा पानी ट्याङ्की शिलान्यास	-	६२
२४)	जनस्वास्थ्य केन्द्रमा हेपाटाइटिस बी को परीक्षण	-	६३
२५)	प्रदेश नं. ३ को नाम बागमती, राजधानी हेटौंडा	-	६३
२६)	नगरपालिकास्तरीय विपद् जोखिम न्युनीकरणसम्बन्धी सचेतना कार्यक्रम	-	६४
२७)	भक्तपुर नगर सानो तर महत्त्वपूर्ण	-	६४
२८	**वडा गतिविधि**	**-**	**६५**
२९)	देशको व्यापारको हितमा पनि सोच्नुपर्ने	-	६६
३०)	भक्तपुर नगरपालिका नमुना नगरपालिका	-	६७
३१)	सधैं पर्यटकीय भक्तपुर	-	६९
३२)	भक्तपुर नगरका सबै वडामा नि:शुल्क जिमखाना, बदलियो दैनिकी	-	७१
३३)	यसरी खुला भयो सेनाले ओगटेको भक्तपुर टुँडिखेल	-	७२
३४)	बधाई नेमकिपा ! (सम्पादकको पृष्ठ)	-	८०

साथमा :

रंगीन पृष्ठ-३९/भूकम्प सुरक्षा दिवस तयारी भेला-४५/भूकम्प प्रतिरोधी घरको प्रदर्शनी-४५/भक्तपुर नपामा चौतारा सांगाचोकगढी नपाको टोली-४९/वाकुपतिनारायण मन्दिरको छानामा सुनको जलपलगाउने कार्य शुरु-५६/आधारभूत स्काउट माष्टर तालिम सम्पन्न-६०/लान्चापलीमा प्रहरी साझेदारी कार्यक्रम-६०/कास, म पनि भक्तपुर नगरवासी भएकी भए...-६१/बसिबियाँलो-६८/तिलौराकोटको उत्खनन जारी-७०/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (३) -७५/SKETCHES FROM NIPAL (45) Henry Ambrose Oldfield-७६/वृद्धवृद्धालाई जाडोबाट कसरी जोगाउने ? के खुवाउने ?-७८/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ पुस महिनाको प्रतिवेदन-७८/पुस महिनाको पर्यटक तथ्याङ्क- ७९ ।

वाकुपति चाँगुनारायण मन्दिर परिसरमा फेला परेका अभिलेख एवं कलावस्तु

डा. पुरुषोत्तमलोचन श्रेष्ठ

लोकजीवनमा चलिआएको आस्थाको आँखीझ्यालबाट नियालेर हेर्दा यस्तो लाग्छ मानौं :

धानको भारी 'वाकु' बाट उत्पत्ति भएका नारायण 'वाकुपति नारायण'

सहकालका प्रतीक नारायण 'वाकुपति नारायण'

किसानको पसिनाले चौतर्फी उन्नति भएर देश समुन्नतिको चुलीमा पुगेको बेला स्थापित भएका नारायण 'वाकुपति नारायण'

भक्तपुर सुजम्हारी टोलमा रहेको वाकुपति चाँगुनारायण मन्दिर नेपालप्रसिद्ध प्राचीन चाँगुनारायण मन्दिरपछिको भक्तपुरको दोस्रो प्राचीन चाँगुनारायण मन्दिर हो। देवीदेवता लगायत उस्तै शैली स्वरूप, पर्वकाल पूजापद्धति एवं राजोपाध्याय ब्राम्हण पुरोहित र सहायक (चाँगुमा भडेल, वाकुपतिमा राजभण्डारी) हुनु आदि यी दुई मन्दिरका साझा विशेषताका रूपमा देखापर्छन्। यताबाट वाकुपति चाँगुनारायण मन्दिर लिच्छविकालको उत्तरार्द्धतिरै बनिसकेको, पुरानो मन्दिरकै अनुकृति हो भनी मान्न सकिन्छ।

वाकुपति चाँगुनारायणमन्दिरबारेका नूतन कुरा अनुसन्धानका क्रममा यस अघि 'भक्तपुर' मासिकका अङ्कहरूमा (२४५/०७४, २७०/०७६) प्रकाशमा आइसकेको कुरा पाठकवृन्दमा विदितै छ। केही दिनअघि सो मन्दिरको उत्तरपट्टिको पाटी जीर्णोद्धारका क्रममा दुईवटा शिलालेखहरू भेटिएपछि भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष श्री रबिन्द्र ज्याख्वज्यूले त्यसबारेमा अध्ययन गर्न मलाई अनुरोध गर्नु भएको थियो। त्यसको केही दिनपछि पुष २२ गते मङ्गलबारका दिन मेरा विद्यार्थी राजेश गाईजुलाई सहयोगीका रूपमा साथमा लिएर ती शिलापत्र अध्ययनका लागि वाकुपति चाँगुनारायण मन्दिरमा गएँ। त्यहा मन्दिर सुधार समितिका श्री कृष्णगोपाल प्रजापतिज्यूले मलाई पाटीमा राखिएका दुईवटा शिलापत्रहरू देखाउनु भयो। त्यहाँ रहेका ने.सं.९९५ र ने.सं.८६५ का शिलापत्रमध्ये मैले 'भक्तपुर' मासिक २४५/०७४ अङ्कमा मूलपाठ व्याख्यासहित ने.सं.८६५ को शिलापत्र प्रकाशित गरिसकेको थिएँ। त्यसैले त्यो नौलो भएन। यो कुरा मैले उहाँलाई भनेपछि उहाँले 'फेला परेका दुई शिलापत्रहरूमध्ये एउटामात्र त्यहाँ छ, अर्को पाटीका मान्छेले लिएर गयो' भन्नुभयो। जे होस्; अर्को शिलापत्र पाटीका मान्छेले उठाएर लगेतापनि त्यसको फोटो भने कृष्णदाइको मोबाइलमा रहेछ जुन उहाँले देखाउनु भएपछि उहाँको अनुमति लिएर सो फोटो उत्निखेरै राजेशले सारेर मेरो मोबाइलमा पठाए। त्यहाँ रहेको ने.सं.९९५ को शिलापत्रको नापो र क्यामेरामा उतार लिएपछि नारायण मन्दिरसँगैको दक्षिणपट्टिको अष्टमात्रिका मन्दिर खुलै रहेकोले त्यहाँभित्र पनि केही छ कि भनी देवताका पादपीठतिर आँखा लगाएर हेर्दा ने.सं.८२६ को भूपतीन्द्र मल्लको अभिलेख फेला पर्न आयो। अष्टमात्रिका मन्दिरको पश्चिमपट्टि केही प्रस्तरमूर्तिहरूको चाङ् नै रहेछ। ती चाङ्मा कुन मूर्ति कुन देवताको हो भनी कृष्णदाइले जिज्ञासा राख्नुभएपछि त्यतैतिर ध्यान मोडियो। त्यहाँ परित्यक्त अवस्थामा रहेका प्रस्तरका गरूड, सूर्य, भैरव, चतुर्बाहु नारायणलगायत मृन्यय भीमसेनका मूर्तिहरूका चाङै थिए। तीमध्ये एउटा प्राचीन लाग्ने खण्डित प्रस्तर मस्तकमा ध्यान केन्द्रित भयो। सो मस्तक चानचुने थिएन। त्यसको शैली लक्षणलाई हेर्दा लिच्छविकालको हो भन्ने कुरा निश्चितप्रायः देखिन आयो। यति कुराले मनमा घर गरेपछि वाकुपति चाँगुनारायण मन्दिर परिसरमा रहेका सम्पदाहरूमा यो हालसम्मकै सर्वप्राचीन देखिन आयो। यति महत्त्वको कलावस्तुबारे तत्काल जनसमक्ष प्रकाशमा ल्याउन मनको घरले कर गरेपछि अरू कुरा पन्छाएर त्यस दिन त्यहाँ भेटिएका अन्य तीन शिलालेखलाई समेत समेटेर 'भक्तपुर'

भूपतीन्द्र मल्लको ने.सं.८२६ को देव-आसनको अभिलेख

lrq ;ªVof@ 9Ë]cf;gsf]ektLGb|dNnsf]g];*@^ sf]cleny, !#x%& ;]d.lnlk kr]nt g]f/L, efiff g]kfnefiff.

मासिकको यस अङ्कमा प्रकाशमा नआएका यी सम्पदाबारे तल चित्रसहित संक्षिप्त चर्चा गर्ने प्रयास गरेको छु । यसबारेमा थप विस्तृत कुरा आगामी अङ्कमा प्रकाशमा ल्याउने प्रयत्न गर्नेछु । यहाँ सो मस्तकलाई 'लिच्छविकालीन नारायण-मस्तक' नाम दिइएको छ र, मूल विषयको थालनी पनि तल यसैबाट गरौं ।

यो मस्तक विशेष छ । सो मन्दिर परिसरमा रहेका अन्य मूर्ति बनेका ढुङ्गाहरूभन्दा यस मूर्तिको ढुङ्गा अझ केही गहुङ्गो, कडा मास रङको चिल्लो प्रस्तरलेपन गरिएको ढुङ्गाले बनेको छ । लिच्छविकालीन प्रस्तरमूर्तिकलामा पाइने एक खास विशेषता यो पनि हो । मध्यकालीन मूर्तिकलामा अलंकरणको अत्यधिक प्रयोग भएको पाइन्छ जुन यस मस्तकमा देखिंदैन यसैले यो मस्तक सामान्य भएर पनि सुन्दर छ । लिच्छविकालीन प्रस्तरमूर्तिकलामा पाइने यो अर्को विशेषता हो । त्यसैगरी मध्यकालीन मूर्तिहरूमा जस्तो यस मस्तकको पार्श्वभागमा देखाइएको आभामण्डल माथितिर पुरै चुच्चो परेर गएको छैन, गोलाकार नै देखिन्छ (हलुका माथितिरमात्र हो कि होइन भनेजस्तो मात्र छ) । गोलाकार आभामण्डलको प्रयोग पनि लिच्छविकालीन प्रस्तरमूर्तिकलाको अर्को विशेषता हो । यताबाट यो मस्तक लिच्छविकालीन हो भन्ने कुरा निश्चितप्रायः छ । लिच्छविकालीन छैठौं-नवौं शताब्दीतिरका वैष्णवमूर्तिहरूमा देखिने एकनासका सौम्य, सामान्य तर सुन्दर, शालीन एवं शान्त प्रकृतिका मुखाकृतिहरूको छनक यस मस्तकका मुखाकृतिमा मिल्छ । चाँगुनारायण मन्दिरपरिसरका सातौं-आठौं शताब्दीतिरका विष्णुमूर्तिहरूमा पाइने मुखाकृतिलाई भने यसले विशेष सम्झाएको छ । यस आधारमा हामी यस मूर्तिलाई ईस्वीको आठौं-नवौं शताब्दीतिर राख्न सक्दछौं ।

लिच्छविकालीन नारायण-मस्तक

lrq ;aVof !Ilnª5ljsfnLg gf/fo0f-d:ts, !(x@^ ;]d:,
O{;=ef7f]gjf]z tfAbL.

वाकुपति चाँगुनारायण मन्दिरमा प्राप्त यो नै आजसम्म फेला परेका अभिलेख, मूर्तिलगायतका पुरातात्त्विक प्रमाणहरूमध्ये सबैभन्दा प्राचीन देखिन आएको छ । यसले हामीलाई वाकुपति चाँगुनारायण मन्दिरको प्राचीनतालाई कम्तिमा पनि लिच्छविकालको उत्तरार्द्धतिर राख्ने आधार दिएको छ । यसलाई एक महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । कलापारखी विज्ञहरू (Art historians) को ध्यान यतातिर जानु जरूरी छ । यसो भएमा यसबारेमा थप तथ्य कुरा प्रकाशमा आउने आशा गर्न सकिन्छ ।

चाँगुनारायण मन्दिर परिसरमा जस्तै वाकुपति चाँगुनारायण मन्दिरमा पनि यसको सामुन्ने दक्षिणपट्टि उत्तराभिमुख अष्टमात्रिकाको एकछाने मन्दिर छ । चाँगुको छिन्नमस्ता मन्दिरभित्रका उमामहेश्वर, सरस्वती, गणेश, सप्तमात्रिका+महिषासुरमर्दिनी दुर्गाभवानी, भैरव जस्तै यस मन्दिरभित्र पनि उस्तै देवताहरू कत्ति पनि फरक नहुने गरी उस्तै शैली स्वरूपमा उस्तै मुद्रा+आसनमा, एक तहको पेटीमाथि आ-आफ्नो दिशामा फर्केर रहेका छन् । यस मन्दिरमा ती देवताहरू एक तहको ढुङ्गे पेटीमा लश्करै रहेका छन् जसमध्ये पूर्वपट्टि उमामहेश्वर र सरस्वतीको मूर्तिको आसनको ढुङ्गेपेटीको एक खण्डमा यो अभिलेख कुँदिएको छ । तीन पंक्तिमा कुँदिएको यस अभिलेखको दायाँपट्टिका अक्षरहरू र माथिको पहिलो पंक्तिका अक्षरहरू समयको मारले मेटिएर गएकाले पढ्न दुर्बोध भएको छ । पढ्न सकिने जति भाग यस प्रकार छ :

१. (श्रीश्रीजयभू) पतीन्द्रमल्ल प्रभु (?) श्री ३ (?) पाठ (?) व
२. ... ... तया दिन (?) । । सम्वत् ८२६ भाद्रपद वदि ८
३. ... ... (शुभम)स्तु सर्व्वदा । ।

एकले अर्कोलाई उछिन्ने गरी बनाउन लगाएका विश्वश्रेणीका अतुल्य कलाकृतिले राजधानी शहरलाई सुन्दरीकरण गर्ने मल्लकालीन स्वतन्त्र राज्य भक्तपुरका एक प्रसिद्ध राजा भूपतीन्द्र मल्ल हुन् । यो अभिलेख उनैले राख्न लगाएका हुन् । यस मन्दिरमा उनले के राख्न लगाएका हुन् भन्ने कुरा यस अभिलेखमा लेखिएका मुख्य कुरा नै उप्किएर मेटिन गएकाले खुल्न सकेन । यहाँका देवमूर्तिको प्राचीनतातर्फ विचार गर्दा ती मूर्तिहरू उनको समयभन्दा पनि अघिका हुन् भन्ने कुरामा शंका छैन । यसैले ती कलाकृति उनले बनाउन लगाएर राख्न लगाएका होइनन् भन्ने कुरा निश्चित छ । एक तहको ढुङ्गेपेटीमा ती देवता रहेका छन् र अभिलेख पनि तीमध्येको एउटा पत्रमा उत्कीर्ण छ । यताबाट ती देवताहरूका पुरानो पेटी-आसन भत्केबिग्रेका हुनाले उनले ढुङ्गाको नयाँ आसन बनाउन लगाई सोही आसनमा ती देवताहरूलाई बसाल्न लगाएका हुन् भन्ने प्रतीत हुन्छ ।

वाकुपति चाँगुनारायणमन्दिरको उत्तरपट्टिको पाटीको ने.सं. ९९५ को शिलालेख

lrq ;aVof#ll kf6Lsf]g];=((% sf]znfnlv .#^x$(;]d=, lnlk ll g]f/L lnlk k|ef|j t b]gfu/L, efiff ll g]kfnefiff .

हालै वाकुपति चाँगुनारायण मन्दिरको उत्तरपट्टिको पाटी जीर्णोद्धारका क्रममा सो पाटीबाट ने.सं.९९५ (वि.सं.१९३२) को शिलालेख भेटिएको छ। सो शिलालेखको शीर्षमा दायाँ बायाँ सूर्य चन्द्र र मध्यभागमा पलेंटी कसी बसेका चतुर्बाहु महाकाल भैरवको आकृति कुँदिएको छ। सो शिलालेखको मूलपाठ यस प्रकार छ :

मूलपाठ

१. ॐ सुभः।। सम्वत् ९९५ स्रावन वदि ७ रोज २ तौलाछेटोल-
२. या पुनवीर थव स्त्री देवलक्ष्मी प्रजापतिन धर्म्मशाला फ-
३. लेचा दयका थ्वत गांपा सेगु होनेता वु धोमलाचा रो १६ पि वु पा
४. ६ वु दो कर्ष २ थ्व वु नेत्यनायां वालि कायाव वर्ष प्रतिं
५. अछिद्रनं भाद्र सुदि।। पुर्न्यमा षुनु।। फलेचा से गु ल्होने माल
६. सुथा पिदथके माल व न्यनी फलेचा दान यायगु जुल दव-
७. लक्ष्मीया जिव दवतले थमन यायगु देवलक्ष्मीया दिप (?) अजु (?)
८. ज पाचासेली थव फुकिजया पालं पाल अछिद्रन याङाव चोने माल थ्व-
९. गुथ हाने षुनु फुकिज छषां छला वाने माल स्व टोलया देवि
१०. प्रजाति छम्हा थव भेचासिंह विर थ्व विर नेला चोङा व गुथि हा-
११. ङा तयगु जुलो थ्वतेया दृष्टसाछि स्व टोलया टो वाहा टो (?)
१२. लस (?)जहरमुनी वुधाचार्य्य हर्षमुनी वुधाचार्य्य थ्व
१३. गुथि मल्होसा पंच माहापातक लाइ : लिषिति दैव-
१४. ज्ञ वानीनाथ।। शुभ।।।। ।। ।। ।।
१५. पुनविर+पुनविरको आकृति
देवलक्ष्मी+देवलक्ष्मीको आकृति

वाकुपति चाँगुनारायण मन्दिरको उत्तरपट्टि पसलकवलको भित्ताको शिलालेख

lrq ;aVof$ll pQ/kl§sf]kf6Ldf el]6Psf]csf[znfnlv

चित्र साभार : कृष्णगोपाल प्रजापति, अध्यक्ष, श्री वाकुपति चाँगुनारायण मन्दिरमा तामाको छाना छाउने उपभोक्ता समिति।

यस शिलालेखको शीर्षभागको चित्रसहितको संक्षिप्त चर्चा 'भक्तपुर' मासिक २४५/०७४, पृष्ठ ३० मा गरेको थिएँ। सो शिलालेख त्यसबखत पसलको दराजले ढाकिएर रहेको थियो। सो शिलालेख सोही पसलका मान्छेले उठाएर लगेकोले प्रत्यक्ष रूपले अध्ययन गर्न पाइएन। कृष्णदाइले उपलब्ध गराएको सो शिलालेखको चित्र नै अहिले अध्ययनको आधार भएको छ। सो चित्रमा शिलालेखको सम्वत् पुरै पढ्न सकिएको छैन, ९ अङ्क मात्र देखापरेको छ। त्यसपछिको अङ्कको आधाभाग मात्र देखिएको छ जुन नेवारी लिपिको ४ वा ८ मध्ये कुनै एक हुनुपर्छ जस्तो लाग्छ। यसको लिपि नेवारी र भाषा नेपालभाषा रहेको छ। यसको शीर्षमा दायाँ बायाँ कमलका पात र बीचमा भू-स्पर्श मुद्राको ध्यानी बुद्धको आकृति छ। सो शिलालेखको पाठ यस प्रकार छ : ➲➲

ऐतिहासिक परिप्रेक्षमा भक्तपुर : एक दृष्टि

डा. बलराम कायस्थ

सार

सुरुको नाम खोप्रिङ रहेको भक्तपुर किराँतकालीन समयदेखि अस्तित्वमा रहेको एउटा प्राचीन नेवार बस्ती हो । र यो प्राचीन बस्ती लिच्छविकालको प्रारम्भिक समयमा ग्रामको रूपमा स्थापित भई क्रमशः उतरार्द्धतिर द्रङ (व्यापार केन्द्र)को रूपमा विकसित हुँदै आएको देखिन्छ । द्रङको रूपमा विकसित भएको यो भक्तपुर मध्यकालमा आउँदा देश (नगर) मा परिणत भयो । त्यसबेला यसले समग्र नेपालमण्डलकै राजधानी बन्ने सौभाग्य पाएको थियो । राजधानी हुँदा यसले राज्यको प्रत्येक क्षेत्रमा चौतर्फी उन्नति हासिल गरेको थियो । तर मध्यकालको उत्तरार्द्धमा आइपुग्दा नेपालउपत्यका राजनीतिक रूपले विखण्डित भएपछि यो एउटा पृथक् राज्यको राजधानीमै सीमित रहन पुग्यो । र त्यो बचेखुचेको राजनीतिक महत्त्व पनि गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गरेपछि सदाका लागि समाप्त भयो । भक्तपुरबाट टुक्रिएको कान्तिपुर नवीन नेपालको राजधानी बनेपछि भक्तपुर हरेक दृष्टिकोणबाट ओझेलमा पर्दै गयो । यताबाट यसको स्वतन्त्र राजनीतिक अस्तित्वमात्र समाप्त भएन, यहाँको सांस्कृतिक विकासको क्रम पनि सधैंका लागि रोकिन पुग्यो । यो कुरा भक्तपुर र भक्तपुरवासीका लागि दुर्भाग्यपूर्ण रह्यो ।

मूल शव्दावली

खोप्रिङ, युपग्राम, दक्षिण कोलीग्राम, नेपालमण्डल, आनन्ददेव, तलेजु मन्दिर, स्वर्णद्वार, थःने, क्वःने ।

ऐतिहासिक पृष्ठभूमि

भक्तपुर नेपालको एउटा प्राचीन नगर हो । यसको प्राचीनतालाई पुष्टि गर्ने आधारहरूमा – पहिलो, किराँती भाषाबाट आएको यसको पुरानो नाम । दोश्रो, यसको शिरोभाग (दोलाद्री पर्वत) मा अवस्थित चाँगुनारायण मन्दिर । अनि तेश्रो, लिच्छविकालका अभिलेखहरू । जस्तोकि– ऐतिहासिक प्रमाणहरूमा भक्तपुरलाई 'खोपृङग्राम प्रदेशे' भनेर सम्बोधन गरिएको पाइन्छ ।[1] खोप्रिङ शव्दकै अपभ्रंश भइआएको हुनाले उपत्यकावासी स्थानीय नेवारहरू अद्यावधि भक्तपुरलाई ख्वपः भन्ने गर्दछन् । यो खोप्रिङ शव्द संस्कृतेत्तर अर्थात् किराँती

➲➲ मूलपाठ

१. ॐ अद्यतादिः कास्यपगोत्र पुनविर स्त्री २ या विस्वलक्ष्मी न्हु-
२. च्छेलक्ष्मी नामेन धर्म्मसाला जिनमउधार कामनाया वर्षवन्धन (?)
३. धोमल्लाछे तव मोक्ष प्रदत्त पुन नेपालभाषा तौलाछेटोलय चा-
४. ग फले चाय दयकागुलिता धोमल्ला वुस पायन दुता जुलो थ्व वु-
५. या वलसानं चख प्रति यन्यात जकिमता वियमाल पुन्ही पुन्ही
६. जथाशक्ति दान याय माल येप्व वाकि दवगुसेङ ल्होने माल
७. थ्व(?)फलेचास विचार यायगु थ दो कायचा भाद्वन राजविर रा ...
८. थ्व स्वम्हा फुकीस्य विचार यायमाल विचार यातसा परमपुन्य ला-
९. इ मयातसा पातक लाइ थ्वते या साक्षी चन्द्र सुर्य्य जुलो सं ९८(?)...
१०.मीती भाद्रवदि १५ रोज ७ शुभं ।।।।

(पुनविर विस्वलक्ष्मी र न्हुच्छेलक्ष्मीका आकृति)

उक्त दुई शिलालेख केही कालको अन्तरमा पुनवीर र उनका पत्नीहरूले धर्मशाला/पाटी बनाउन लगाएको, त्यसको संभारका लागि गुथिजग्गा राखिदिएको, धर्मशाला/पाटीको जीर्णोद्धार गरी राख्न लगाएका बारेका छन् । तात्कालिक लौकिक एवं धार्मिक-सांस्कृतिक जीवनका बारेमा बुझ्न यी शिलालेख उपयोगी छन् । पुनवीरहरूले वाकुपति चाँगुनारायण मन्दिरको उत्तरतर्फ बनाउन लगाएका र जीर्णोद्धार गर्न लगाएका पाटी, धर्मशालाबारेको इतिहास जान्न यी उपयोगी छन् ।

वाकुपति चाँगुनारायणस्थानमा प्राचीनकालदेखि आधुनिक कालसम्मका अनेक कालखण्डको प्रतिनिधित्व गर्ने, शासकवर्ग र जनवर्गले राखिदिएका अनेक कृतिलाई सम्झाइराख्ने ऐतिहासिक पुरातात्त्विक सामग्री पाइएका छन् । यसले वाकुपति चाँगुनारयणप्रति लोकजीवनको अनवरत् भक्तिभाव एवं सदाकाल रहिआएको धार्मिक-प्रसिद्धिलाई पुष्टि गर्छ । यहाँ अझै अनेक कालखण्डका कलावस्तु एवं अभिलेख प्रकाशमा आउन बाँकी नै छन् । फेला परेका सामग्रीबारेमा पनि बृहत् अध्ययन विश्लेषण हुनु जरूरी छ । अहिलेको यस सानो अध्ययनबाट पनि यस मन्दिरको प्राचीनतालाई हामीले सोचेको कालखण्डभन्दा पनि अघि धकेलेर लाने आधार पाएका छौं । यसलाई एक उल्लेख्य प्राप्तिको रूपमा लिन सकिन्छ ।

भाषाबाट आएको हुनाले किराँतकालीन समयमा नै यहाँ बस्ती बसिसकेको अनुमान हुन्छ ।[२] चाँगुनारायण मन्दिर यहाँ लिच्छविकालको शुरुदेखि नै प्रसिद्ध तीर्थस्थलका रूपमा विकसित हुँदै आउनुले त्यसका छेउछाउ समथर भूमिमा अवश्य पनि मानवबस्ती रहेको सहज अनुमान गर्न सकिन्छ र त्यस्ता मानवबस्तीमा भक्तपुर एउटा प्रमुख बस्ती भएको कुरा अवगत हुन्छ । भक्तपुरमा प्राप्त शिवदेव अंशुवर्माका लिच्छविकालीन अभिलेखहरूबाट पनि त्यतिखेरसम्म भक्तपुर एउटा विकसित व्यापार केन्द्रको रूपमा स्थापित भइसकेको कुरा स्पष्ट रूपले थाहा हुन्छ ।[३] यसरी भक्तपुर नेपाल उपत्यकामा प्रारम्भदेखि नै अस्तित्वमा रहेको एउटा प्राचीन नगर हो भन्ने कुरामा कसैको दुईमत हुन सक्तैन । यद्यपि भक्तपुरलाई **आकारमा सानो, स्वरूपमा जीर्ण, उपत्यकाको कान्छो नगर** आदि भनेर केही वर्षअघिसम्म पनि सरकारी सञ्चार माध्यम विशेषगरेर नेपाल टेलिभिजनले दिनहुँजसो होच्याएर भन्ने गरेको यथार्थता प्रायः सबैले देखे सुनेकै कुरा हो । तर तिनलाई के थाहा कि इतिहासको कुनै कालखण्डमा भक्तपुर समग्र **नेपालमण्डलकै राजधानी** थियो, जुनबेला यसको उच्च राजनीतिक र प्रशासनिक महत्त्वका अतिरिक्त आर्थिक वैभव अनि यसले हासिल गरेको धार्मिक र सांस्कृतिक क्षेत्रको चरम उन्नति । हो, यो कुरा साँचो हो कि ललितपुर र कान्तिपुरमाभन्दा भक्तपुरमा लिच्छविकालका अभिलेखहरू निकै कम पाइएका छन् ।[४] यसबाट त्यसबेला भक्तपुरमा बस्ती केही कम थियो कि भन्ने अनुमान हुन्छ । तर **गोलमाढी टोलको** शिवदेव–अंशुवर्माको वि.सं. ६५१ को अभिलेखमा तलसहित **माखोपृंद्रडको** उल्लेख परेको हुनाले यो बस्ती पनि विकसित भइरहेको थियो भन्ने थाहा पाईन्छ । भक्तपुरको ज्यादा विकास मल्लकालमै भएको हो । त्यसबेला धेरैकालसम्म यहाँ मल्ल राजाहरूको राजधानी रह्यो । यसरी यो ललितपुर, कान्तिपुरको समकक्षतामा आइपुग्यो । स्मरणीय कुरा के छ भने ललितपुर र कान्तिपुरले आफ्नो प्राचीन नाम– **युपग्राम र दक्षिण कोलीग्राम** छोडिसकेको छ भने भक्तपुरले चाहिं **ख्वप:**को रूपमा आफ्नो पुरानो नाम कायमै राखेको छ ।

वर्तमान वस्तुस्थिति

इतिहासविद् सूर्यविक्रम ज्ञवालीज्यूले भक्तपुरलाई घाम पहिले झुल्कने अथवा सूर्य पहिले उदाउने ठाउँ भनेर विवेचना गर्नु भएको छ ।[५] खासाङखुसुङ र हनुमन्ते नदी बीचको उच्च डाँडोमा अवस्थित रहेको हुनाले उनले यस्तो अभिव्यक्ति दिएको बुझिन्छ । वास्तवमा काठमाडौं र पाटनको तुलनामा भक्तपुर अग्लो स्थानमा रहेको छ । यो समुद्र सतहबाट १३३१ मीटर (४३६९फिट) उचाईमा अवस्थित छ । पूर्व पश्चिम एक माइल लम्बाई र उत्तर दक्षिण आधा माइल चौडाई रहेको र कुल क्षेत्रफल ६९२२ रोपनी भएको यो नगर भौगोलिक दृष्टिकोणले सानो छ । यसैकारण समान रूपको धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा बोकेका अन्य दुई नगर काठमाडौं र पाटन आर्थिक विकासका दृष्टिले आधुनिक महानगर बनिसके भने भक्तपुर एउटा पुरानो नगरमै सीमित भएर रहनु परेको छ । तर यसको एउटा सकारात्मक पक्ष के देखिन्छ भने आधुनिकताको प्रभावले विकृत नपारेको र देशमा भित्रिएका असंख्य राजनैतिक, सामाजिक, धार्मिक, आर्थिक परिवर्तनहरूले पनि त्यति असर नपारेको हुनाले यस सुन्दर नगर र यहाँका बासिन्दामा अझै पनि थुप्रै पुराना कुरा, परम्परागत मूल्यमान्यता, सामाजिक रीतिस्थिति, सांस्कृतिक परम्पराहरू प्रचलित रहेको पाइन्छ । यताबाट यसले आफ्नो मौलिक पहिचानलाई आजसम्म पनि जीवन्त राख्न सकेको छ भन्ने तथ्यलाई स्पष्ट पार्दछ ।

प्रशासनिक दृष्टिले हाल भक्तपुर नगर १० वडामा विभाजित रहेपनि मल्लकालीन समयमा भने यो नगर २४ टोलमा विभाजित थियो । त्यसमा पनि मूलतः यहाँ 'थःने' (माथिल्लो टोल) र 'क्वःने' (तल्लो टोल) भन्ने दुई टोल थिए । पाँचतले मन्दिरबाट उत्तरपूर्वतिरको भेकलाई 'थःने' र त्यसभन्दा दक्षिणपश्चिमी भेकलाई 'क्वःने' भन्ने गरिन्थ्यो । स्थानीयताको यो भावना भक्तपुरवासीमा आज पनि देखिन्छ । विशेष गरेर बिस्केटजात्राको अवसरमा भैरवको रथ तान्ने बेलामा भक्तपुरवासीमा स्थानीयताको यो भावना स्वस्फूर्त रूपमा प्रस्फुटन हुने गर्दछ ।[६] यसको स्वरूपका सम्बन्धमा भने काठमाडौं देवीको खड्ग आकारमा, पाटन भगवान विष्णुको चक्र आकारमा भए जस्तै भक्तपुर विष्णुको शंख आकारको छ भन्ने अनुश्रुति प्रचलित रहेको छ ।[७]

आजभन्दा २५० वर्ष पहिले गोरखाका राजा पृथ्वीनारायण शाहले विजय गरेर एकिकृत नेपालमा गाभ्नुभन्दा अघि भक्तपुर एउटा स्वतन्त्र राज्यको राजधानी थियो । त्यसबेला यहाँ मल्ल राजाहरूले शासन गर्दथे । यहाँको धर्म, कला, संस्कृतिको विकासमा तिनले ठूलो योगदान पुर्‍याए । वास्तवमा आज भक्तपुरमा जतिपनि पुराना ऐतिहासिक सम्पदा, धार्मिक, सांस्कृतिक परम्परा, सामाजिक रीतिस्थितिहरू छन्, ती अधिकांश मल्लकालकै देन भएको मान्न सकिन्छ ।

सांस्कृतिक विकास

यसप्रकार किराँतकालमा गाउँबस्तीको रूपमा रहेको भक्तपुरले उत्तरलिच्छवि कालसम्म आइपुग्दा एउटा विकसित व्यापारकेन्द्रको रूप धारण गर्‍यो । त्यही व्यापारकेन्द्र पूर्वमध्यकालदेखि भने मुलुककै राजधानी नगरमा रूपान्तरित भयो । भक्तपुरलाई राजधानी नगरको रूपमा स्थापना गर्ने

संस्थापक शासक राजा आनन्ददेव थिए । उनी विक्रमको तेह्रौं शताब्दीको शुरु समयका शासक थिए । त्यसबेला उनले बाह्र हजार घर निर्माण गर्न लगाई यसलाई राजधानी बनाएका थिए । नगरको मध्य भागमा त्रिपुर दरबार बनाई त्यहींबाट शासन गर्न थाले । भक्तपुरलाई राजधानी बनाउँदा उनले भौतिकशक्तिका साथै तान्त्रिक रूपबाट पनि सुरक्षा प्रदान गर्न नगरलाई यन्त्राकार आकृति प्रदान गरी सो यन्त्रका सम्बद्ध घेरामा तान्त्रिक देवीदेवताहरू स्थापना गर्न लगाएको देखिन्छ ।[८] यस कुराको पुष्टि अद्यावधि नगरका विविध स्थानमा स्थापित अष्टमातृका, दशमहाविद्या, भैरव, गणेश, त्रिपुरासुन्दरी, नवदुर्गा आदि देवीदेवताका आधारमा गर्न सकिन्छ । भक्तपुरको सांस्कृतिक परम्परामा यी देवीदेवताको महत्त्वपूर्ण स्थान रही आएको छ । डेनियल राइटले उल्लेख गरेको वंशावलीमा उनलाई सपनामा नवदुर्गाले दर्शन दिएको र नवदुर्गाकै निर्देशन अनुसार उनले अष्टमातृकागणलाई नगर वरिपरी प्रतिस्थापित गरी शहर बसालेका थिए ।[९] भाषा वंशावलीमा उनले भैरवलाई देशको मध्ये पारी भक्तपुर बनाएको र काशीदेखि अन्नपूर्ण देवीलाई आह्वान गरी शुभ साइतमा यस नगरको निर्माण गरेको उल्लेख छ ।[१०] आज पनि यहाँको स्थानीय जनजीवनमा अष्टमातृका, नवदुर्गा, भैरवहरू देशरक्षा गर्ने, सहकाल ल्याउने, विपत्तिबाट जोगाउने देवताका रूपमा प्रसिद्ध छन् ।

भक्तपुर विस्तृत राज्यको राजधानी हुँदा कान्तिपुर, पाटनसमेत भक्तपुर अन्तर्गत पर्दथे । ती ठाउँहरूको प्रशासनदेखि यावत कुराको रेखदेख भक्तपुरका राजाले गर्दथे । तर सन् १४८१ मा आएर राजा यक्षमल्लको मृत्युपश्चात् भने उनका छोराहरूको कलहपूर्ण नीतिले गर्दा कान्तिपुर र पाटन भक्तपुरबाट विखण्डित हुन पुग्यो । यस विखण्डनले एकातर्फ मल्लवंशको पतनको मार्ग तयार गरिदियो भने अर्कातर्फ यो घटना स्थानीय नेवार समुदायको युगौं पुरानो सांस्कृतिक परम्पराको विकासक्रमलाई रोक्ने पूर्वसंकेत पनि थियो । भक्तपुरका प्रख्यात मल्ल राजाहरूमा जगज्योति मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ल, रणजित मल्ल थिए भने भक्तपुर विस्तृत राज्यको राजधानी छँदा शासन गर्ने प्रख्यात राजाहरूमा जयस्थिति मल्ल, यक्ष मल्ल आदि थिए । यी राजाहरूले आश्चर्यलाग्दा कला र वास्तुकलाद्वारा यस नगरको श्री शोभा वृद्धि गर्नुका अतिरिक्त यहाँको इतिहास, धर्म, संस्कृतिको उत्थानमा पनि महत्त्वपूर्ण योगदान दिएका थिए । जस्तै– उदाहरणका निम्ति राजा जयस्थिति मल्लले सामाजिक सुदृढिकरणका लागि यहाँको परम्परागत समाजलाई हिन्दूधर्मअनुसार पुनर्व्यवस्थित गरेका थिए । उनले बसालेकै सामाजिक थिति, नीतिनियम र जातपातका आधारमा अद्यावधि यहाँको नेवार समाज चल्दै आएको छ । त्यस्तै राजा यक्षमल्लले चारै वर्णका मानिसहरूको सहयोग लिइ भक्तपुरलाई सामरिक दृष्टिले एउटा मजबुत गढमा परिणत गरे । अनि कुनै राजाले यहाँ देवाली पूजा र नवदुर्गा नाचको परम्परा बसाली दिए भने कुनैले बिस्केटका अवसरमा भैरव भद्रकालीको रथयात्राको प्रचलन शुरु गरे । कुनैले गाईजात्रा त कुनैले इन्द्रजात्रा जस्ता अनेकौं किसिमका सांस्कृतिक परम्परालाई प्रचलनमा ल्याए । कुनैले भइरहेकै जात्रालाई भव्यता दिन त्यसमा अनेक विधिविधान सहितका नयाँ नयाँ उपजात्राहरू थपेर सांस्कृतिक परम्परालाई निरन्तरता दिने कार्य गरे । कला र वास्तुकलाका क्षेत्रमा पनि त्यतिखेर निक्कै भव्य देखिने दरबार र चोकहरू, विविध शैलीका मठमन्दिरहरू निर्माण भए । अद्यापि नगरका विविध स्थानमा रहेका कलात्मक प्रवेशद्वारहरू, देवदेवीका मूर्तिहरू, पाटीपौवा, सर्वसाधारणका मौलिक घर, ढुंगेधारा, मण्डप, पोखरी आदिले के कुरा स्पष्ट पार्दछ भने भक्तपुर वास्तवमै सुन्दर कलाकारिताको उत्कृष्ट नमूना शहर रहेको पुष्टि हुन्छ । भक्तपुरको मुख्य आकर्षणस्थल दरबारक्षेत्र हो । दरबारक्षेत्रमा रहेको एउटा स्वर्णद्वार मात्र देख्न पाउँदा पनि पश्चिमेली पर्यटकहरू आधी संसार घुमेजतिको आनन्द अनुभूति गर्दछन् । वास्तवमा यसमा रहेको सूक्ष्म कलाकारिता संसारमै बेजोड मानिन्छ । पछिल्लो मल्लकालमा बनेको यो स्वर्णद्वार शाक्ततन्त्रकी आराध्यदेवी तथा मल्ल राजाहरूका ईष्टदेवी तलेजु मन्दिर रहेको मूलचोक प्रवेश गर्ने प्रमुख प्रवेशद्वार हो ।[११] यसैकारण स्वर्णद्वारको ठीक सामु अग्लो प्रस्तर स्तम्भमाथि आफ्ना ईष्टदेवी तलेजुभवानीप्रति स्तुति गर्दै रहेका राजा भूपतिन्द्र मल्लको सजीव ढङ्गको सुनको शालिक अद्यापि देख्न सकिन्छ । मल्लकालमा छिमेकी राज्यका मल्ल राजाहरू पनि तलेजुको दर्शन गर्न बेलाबेलामा यहाँ आइरहने गर्थे ।

भक्तपुर भौगोलिक रूपले काठमाडौं र पाटनदेखि अलि टाढा पर्ने भएको हुनाले यहाँ जुन गतिमा आर्थिक उन्नति, प्रगति हुनुपर्ने हो, त्यो हुन सकिरहेको छैन । काठमाडौं र पाटन अन्तरराष्ट्रिय व्यापारिक शहरका रूपमा देखिएकाले त्यहाँ तीव्र गतिमा आर्थिक उन्नति प्रगतिहरू भए, विकास निर्माणका गतिविधि संचालन भए, बाह्य जगतको प्रभावले आधुनिकता भित्रिए । तर त्यस किसिमको आधुनिकता भक्तपुरमा भित्रिएन । यो एउटा पुरानो बस्तीकै रूपमा रहेको छ । तर यसबाट यहाँको कला संस्कृतिको संरक्षणका क्षेत्रमा भने फाइदा पुर्‍याएको देखिन्छ अर्थात् आधुनिकताको विकृतिले त्यति प्रभाव नपारेको हुनाले भक्तपुरवासीका जुन प्राचीनतम् मूल्यमान्यता, सामाजिक परम्परा, सांस्कृतिक निधिहरू थिए, ती जिउँदो रूपमै रहे । वास्तवमा अधिकांश किसान (ज्यापू) हरू रहेको यस नगरका बासिन्दाहरूको पहिरन, खानपिनदेखि दैनिक क्रियाकलाप,

सामाजिक रीतिस्थिति, परम्परागत चाडपर्वहरूमा समेत कुनै परिवर्तन आएन। उनीहरू पहिलेकै ढाँचामा चल्दै रहे। (यद्यपि परिवर्तन भन्ने कुरा समयपरिस्थितिको बदलावसँगै मानिसमा देखापर्ने कुरा हुन्। यसर्थ यो प्राकृतिक छ, तथापि जुन गतिमा परिवर्तन हुनुपर्ने हो, त्यो यहाँ छैन) यसैले काठमाडौं र पाटनमा आधुनिक परिवेश र त्यसको विकृतिले आफ्नो मौलिकपन क्रमशः लुप्त हुँदै गएको परिप्रेक्षमा त्यसविपरित यहाँको सामाजिक जनजीवनमा भने युगौं पुरानो सभ्यताको झलक पाइन्छ, शहरको प्राचीनता पनि त्यतिकै सुरक्षित छ। यसर्थ यहाँको हरेक ढुंगाको टुक्राले इतिहास पल्टाउँछ भने सडकको हरेक मोडले प्राचीन स्मारक र युगौं पुरानो शिल्पकलातिर लैजान्छ। नेपाल राष्ट्रको मात्र नभएर पूर्वीय देशहरूको कलाको एउटा सर्वोकृष्ट ढुकुटीको रूपमा रहेको भक्तपुर खुल्ला आकाश मुनिको सङ्ग्रहालय भन्न सुहाउँछ।[१२]

कुनै बेला भक्तपुर ब्यापार व्यवसायकालागि प्रसिद्ध थियो तर हाल यो एउटा पुरानो बस्तीको रूपमा रहेको छ। यहाँका अधिकांश बासिन्दाको मुख्य पेशा खेती किसानी हो। खेती किसानी बाह्रै महिना नहुने हुँदा फुर्सदका बेला उनीहरू कला, शिल्प लगायत अन्य कामधन्दातिर पनि लाग्ने गर्छन्। यस अतिरिक्त यहाँ परम्परादेखि विभिन्न पेशा अँगाल्दै आएका अनेक पेशाकर्मी नेवारहरू पनि रहेका छन्। पढेलेखेका शिक्षित नेवारहरू सरकारी, अर्धसरकारी कार्यालय, अन्तर्राष्ट्रिय तथा गैरसरकारी संघ संस्था, शिक्षण संस्था आदिमा लागेका छन्। तथापि समग्रमा भन्नुपर्दा भक्तपुरको नेवार समाजको प्रमुख आर्थिक आधार भनेको परम्परादेखि चल्दै आएको खेतीपाती अनि वाणिज्य व्यवसाय नै हो।

उपसंहार

यसप्रकार नेपाल उपत्यकाको एउटा प्राचीन नगर भक्तपुर ऐतिहासिक दृष्टिले निकै समृद्ध रहेको देखिन्छ। पूर्वमध्यकालमा यो समग्र मुलुककै प्रमुख राजधानी थियो। यसैले त्यसबेला यसको उच्च राजनीतिक र प्रशासनिक महत्त्व थियो। साथै यो ज्ञान विज्ञानको प्रमुख केन्द्र पनि बनेको थियो। यस अतिरिक्त यसले आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रहरूमा पनि चरम उन्नति हासिल गरेको थियो। यसैले मल्लकाल भक्तपुरको इतिहासमा स्वर्णकाल मानिन्छ। तर आज आएर यो एउटा पुरानो बस्ती झैं लाग्दछ। ब्यापार ब्यवसाय र औद्योगिक विकासका दृष्टिले यो पछाडि परेको छ। तथापि कला संस्कृति, सामाजिक रीतिस्थिति, जात्रा, चाडपर्व जस्ता सांस्कृतिक गतिविधिहरूको संरक्षण र सम्बर्द्धनका दृष्टिले भने अन्य नगरका तुलनामा निक्कै समृद्ध रहेको देखिन्छ। यसैले विद्वानहरू के पनि भन्छन् भने 'वर्ष दिनभरिका दिनहरू भन्दा यहाँ मनाइने ठूलो वा सानो सबै किसिमका चाड–पर्वोत्सव र जात्राका दिनहरू बढी छन्।'[१३] त्यस्तै 'यहाँ जति घरहरू छन् त्यति नै मन्दिरहरू छन्, जति मानिसहरू छन् त्यति नै मूर्तिहरू छन्'[१४] भनी अंग्रेज विद्वान विलियम कर्कपेट्रिकले आफ्नो प्रसिद्ध पुस्तक 'एन एकाउन्ट अफ दि किङ्डम अफ नेपाल' मा धेरै पहिले (उन्नाइसौं शताब्दीको प्रारम्भमै) उल्लेख गरेको भए पनि त्यो स्थिति आजसम्म कायमै रहेको पाइन्छ। अस्तु !

पाद टिप्पोट

१) देउपाटनको मानदेवको पालाको रत्नसंघले राखेको शिवलिङको अभिलेख– धनवज्र वज्राचार्य (सं.), इतिहास संशोधनको प्रमाणप्रमेय पहिलो भाग, ललितपुरः जगदम्बा प्रकाशन, वि.सं. २०१९, पृ. २६४।

२) मेचीदेखि महाकाली भाग २, काठमाडौंः श्री ५ को सरकार, संचार मंत्रालय, सूचना विभाग,वि.सं. २०३०,पृ. ६२९।

३) धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, काठमाडौंः ने.ए.अ.केन्द्र, त्रि.वि., वि.सं. २०३०, पृ. २४९–२५०।

४) चाँगु, अनन्तलिंगेश्वर, थिमी र बोडेमा प्राप्त अभिलेखहरूलाई छोड्ने हो भने भक्तपुर नगरभित्र जम्मा तीनवटा मात्र लिच्छविकालीन अभिलेख पाइएका छन्। ती अभिलेखहरू शिवदेव अंशुवर्माले राखेका हुन्। जस्तोकि–मिति नखुलेको कुम्हालेटोलको अभिलेख, वि.सं. ६५१ को गोलमाढीटोलको अभिलेख अनि वि.सं. ६५१ कै तुलाछेंटोलको अभिलेख।

५) सूर्यविक्रम ज्ञवाली, भादगाउँका केही नामहरू, रोलम्बा, ललितपुरः जोशी रिसर्च, सन १९८२, पृ. १३।

६) बलराम कायस्थ, मध्यकालीन भक्तपुर, काठमाडौंः रत्न पुस्तक भण्डार, वि.सं २०७५, पृ. ७।

७) नंदनंदन सनाढ्य, नेपालके पूजास्थल और पर्व, दिल्लीः शिखर प्रकाशन, सन् १९८४, पृ. ८४।

८) पुरुषोत्तमलोचन श्रेष्ठ, भक्तपुरमा तान्त्रिक शक्तिको युग (अप्रकाशित विद्यावारिधि शोध प्रबन्थ), मानविकी तथा सामाजिक शास्त्र संकाय,त्रि.वि., काठमाडौंः वि.सं. २०५०, पृ. ७९।

९) डेनियल राइट, हिस्ट्री अफ नेपाल, काठमाडौंः एन्टिक्वेटेड बुक पब्लिसर्स, सन् १९७२, पृ. १६३।

१०) देवीप्रसाद लम्साल(सं.), भाषा वंशावली भाग २, काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. २०।

११) स्थलगत अध्ययन र प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारीको आधारमा।

१२) मेचीदेखि महाकाली–भाग २, पादटिप्पोट नं. २, पृ. ६३८।

१३) टिवर सल्केज, वीण्डो अन नेपाल, लण्डनः रबर्ट हेल लिमिटेड, सन् १९५९, पृ. १३७।

१४) विलियम कर्कपेटिक, एन एकाउन्ट अफ दि किङ्डम अफ नेपाल, न्यू दिल्लीः मञ्जुश्री पब्लिसिङ हाउस, सन् १९६९, पृ. १८८।

पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो।

भक्तपुर हनुमानघाटको ऐतिहासिक माघ धलं (व्रत)

ओम धौभडेल

ऐतिहासिक तथा सांस्कृतिक नगर भक्तपुर विश्व सम्पदा सूचीमा सुचिकृत विश्वकै एक अनुपम नगर हो । यहाँ रहेका प्रशस्त मठ मन्दिर, देवालय, शिवालय, दरबार, सत्तल, पाटी, चोक, डवली, ढुङ्गेधारा, पोखरी, दह आदिको यसमा महत्त्वपूर्ण भूमिका रहेको छ । यसमध्ये भक्तपुरको हनुमानघाट तीर्थ पनि एक महत्त्वपूर्ण सम्पदा हो । भक्तपुरको मुलबस्ती उत्तरतर्फ खासाङखोला र दक्षिणतर्फ हनुमन्ते खोलाले घेरिएको बीचमा शंख आकारमा बसेको छ । यसमध्य हनुमन्ते खोला दक्षिण पूर्वबाट भद्र र उत्तर पूर्वबाट वीरा (तव्याखुसी) नामका दुई खोलाहरू बग्दै हनुमान घाट पुगेपछि जमिन मुनिबाट उत्पति भएको तसमा नदीसँग मेल भई त्रिवेणीलाई एक पवित्र धार्मिक, सांस्कृतिक तीर्थको रूपमा लिने गरिन्छ । जसलाई स्थानीय भाषामा खोन्हे भनिन्छ जुन खोन्होदोको अपभ्रंष रूप हो । त्यसो त किराँतकालीन भक्तपुर सहरकै नाम खोप्रिङ हुनु अनि भक्तपुरलाई उत्तरतर्फबाट घेरिएको नदीको नाम खासाङखुसुङ हुनु, दक्षिणतर्फको यो घाट खोन्हे हुनु संयोगमात्र हुनसक्छ । तर त्यहिँ खोन्हे वरपरको ठाउँका नामहरू समेत खाँपी, खँला, खोरचा, खचाँबाट सम्वोधन भएको सन्दर्भमा यता खो र ख शब्दमा गहिरो अर्थ लुकेको अवश्य देखिन्छ । ऐतिहासिक महत्त्वको हनुमानघाटको प्रमाणित ईतिहासको अभावलाई यस्ता गहन एवम सूक्ष्म अध्ययनले अवश्य टेवा पुग्छ ।

धार्मिक एवम् सांस्कृतिक महत्त्वले भरिएको यो पवित्र घाटमा वर्षभरि जसो विभिन्न तिथि पर्वहरूमा पूजा, मेला तथा धार्मिक व्रतहरू हुने गर्दछ । एकादशी, पुर्णिमा, औंसी, संक्रान्ति, ग्रहण लगायतका समयमा यहाँ ठूलो मेला लाग्छ । यसमध्ये चन्द्रमानअनुसार छ्यालापुन्हि (मिला पुन्हि) देखि सिपुन्हि एक महिनासम्म यहाँ माधव नारायणलाई समर्पण गरी माघ व्रत धलं बस्ने परम्परा अत्यन्त महत्त्वपूर्ण छ । यो व्रत कसरी एवम् कुन विधिबाट सम्पन्न हुन्छ, त्यो महत्त्वपूर्ण हुन आउँछ । त्यसो त व्रतको लागि तयारी पौष कृष्ण चतुर्दशीबाट नै भइसकेको हुन्छ । त्यसदिन व्रत बस्न चाहनेहरूको सङ्ख्या एकिन गर्नेदेखि पुरुष एवम् महिलाहरूले हात खुट्टाका नङ काटी शुद्ध हुनुपर्ने चलन छ । भोलिपल्ट छ्यालापुन्हिको दिन ती व्रतालु सबै हनुमानघाटको त्रिवेणीमा जम्मा हुन्छन् । कतिपय श्रद्धालु पुरुष व्रतालु घरदेखि नै सिलाम्व तुले गरी यहाँ आइपुग्छन् । त्रिवेणीमा स्नान गरी शुद्ध भैसकेपछि माधवनारायणलाई जलप्रवाहगरी शंखजल ग्रहण गर्दछन् । यसपछि व्रत बस्नेहरूले अरुलाई छुनु हुँदैन । यता ब्राम्हणबाट विधिपूर्वक यज्ञ सुरु गरिन्छ । यस दिनको व्रत बस्ने महिला पुरुष सबै लामवद्ध भई टौमढीस्थित तीलमाधव नारायण चोकमा पुग्छन् । जहाँ सबैभन्दा अगाडि ब्राम्हण र माधवनारायण त्यसको पछाडि व्रतालु पुरुषहरू टाउकोमा सहस्रधारा राखी हातमा शंख फुकेको अवस्थामा हुन्छन् भने सबैभन्दा पछिल्तिर व्रतालु महिलाहरू पूजाका सामानका साथै "माधव नारायण" "माधव नारायण" जपिरहेका हुन्छन् । चोकको पूर्वी ढोका भई बाहिरिने क्रममा टौमढीस्थित जोरगणेश हुँदै क्वाछे, चासुखेल भई पुनः हनुमानघाट पुगेपछि पालम गरी सो दिनको व्रत सम्पन्न हुनपुग्छ । यसरी प्रत्येक दिन टौमढीस्थित तीलमाधव नारायण दर्शन गर्ने क्रममा विशेष दिनहरूमा ठाउँ ठाउँमा पुग्ने परम्परा छ । जस्तै माघ कृष्ण औसीको दिन वंशगोपाल र इनाचो पुगी त्यहाँ रहेको नारायण दर्शन गरिन्छ । श्रीपन्चमीको एक दिन अगावै आईतबार वा विहीबारको दिन भक्तपुर लायकुस्थित तलेजु भवानी दर्शन गर्ने क्रममा थन्थु दरबार (भक्तपुर नगरपालिका कार्यालयको पुरानो भवन) को मूलढोका भई सिद्धि चोक प्रवेश गर्दछन् । त्यहाँबाट बगैंचा हुँदै बेको चोक पुग्छन् । अचेल बेको चोक प्रवेश गर्ने ढोका बन्द गरिएको हुँदा सिद्धिचोक परिक्रमा गरी पुनः फर्की स्वर्णढोका हुँदै मूलचोक पुगी पूजाआजा गर्छन् । त्यसपछि पुनः स्वर्णद्वार भई फिर्ता हुन्छन् र लायकुस्थित केदारनाथ परिक्रमा गरी ईटाछेँस्थित माधवनारायण (ख्वाखलीहरूको दत्त) दर्शन गर्न पुग्छन् । त्यसपछि सहस्रधारा निकाली पुनः हनुमानघाट फिर्ता भई पालम गरी त्यस दिनको व्रत समापन गरिन्छ । त्यस्तै श्रीपञ्चमीको दिन हनुमानघाटको नित्यव्रत सकेपछि माधवनारायणसहित सम्पूर्ण व्रतालुहरू सूर्यमढी स्थित वाकुपति नारायण दर्शन गर्न पुग्छन् । त्यतिबेला पुरुषहरूले सहस्रधारा आरम्भ गरेको हुँदैन । वाकुपति दर्शन गरेपछि सहस्रधारा हाली तुलाछेँ जगन्नाथ, नारायण दर्शन गर्न पुग्छन् । त्यसपछि पुनःसहस्रधारा निकाली हनुमानघाट पुग्छन् र सबै व्रतालु पैदल नै पनौती पुग्छन् । त्यहाँ एक रात बास बसेपछि भोलिपल्ट सबै व्रतालु पनौतीस्थित खोन्हे (त्रिवेणी) मा जम्मा हुन्छन् । त्यस समय पुरुषहरू ईन्द्रेश्वर महादेव मन्दिर परिसरबाट सिलाम्व तुले गरी त्रिवेणी पुग्छन् । सबै व्रतालुहरू पनौती देश परिक्रमा गर्न

पुग्छन् । स्थानीय वहालमा पुगेपछि सहस्रधारा निकाली पुन:पनौतीको खोऱ्हे फर्केपछि पालम गरी व्रत समापन गरिन्छ ।

त्यस्तै माघ शुक्ल दशमीको दिन सबै व्रतालुहरू पैदल हिँडेर ग्वल (देवपटन पशुपति) जान्छन् । त्यहाँ आर्यघाटमा सहस्रधारा राखी दक्षिण ढोकाबाट पशुपतिनाथ दर्शन गर्न पुग्छन् । त्यसपछि पश्चिम ढोकाबाट बाहिरिने क्रममा जयवागेश्वरी स्थित ताम्रेश्वरमा पुगेपछि पालम गर्छन् । त्यस्तै माघ शुक्ल द्वादशीको दिन हनुमानघाटको नित्यव्रत सकाएपछि सबै व्रतालुहरू पैदल चाँगुनारायण दर्शन गर्न पुग्छन् । त्यहाँ स्थित शंखदहमा सहस्रधारा निकालिन्छ र चाँगु नारायण दर्शन पश्चात पुन: हनुमानघाट पुगी पालम गर्छन् । माघ शुक्ल त्रयोदशीको दिन नित्य धलं पश्चात दैनिक झैँ टौमढी पुगी तीलमाधव नारायण दर्शन गरिन्छ । र तत्पश्चात चण्डीका, जोर गणेश, सिद्धिलक्ष्मी हुँदै क्वाछेँ पुगेपछि त्यहाँ रहेको फटेकेश्वर महादेव परिक्रमा गरी टिवुक्छेँ हुँदै चासुखेलको च्वाँसानारायण दर्शन गर्न पुग्छन् ।

र अन्तमा हनुमानघाट फर्की पालम गर्छन् । माघ शुक्ल चतुर्दशीका दिन दैनिक व्रत पश्चात तिलमाधव दर्शन गर्न पुग्छन् । त्यसपछि तीलमाधव नारायण चोकको पश्चिम ढोकाबाट बाहिरिने क्रममा ग:हिति स्ववुंगु भैरव, बोलाछेँ, नासमना, इटाछेँ, लायकु, चाँछे, भोलाछेँ, तचपाल, गोल्मढी, सुकुलढोका, क्वाछेँ, हुँदै पुन:तीलमाधव नारायण चोक प्रवेश गर्दछन् । र सहस्रधारा निकाली हनुमानघाट पुगेर पालम गर्छन् । व्रतको अन्तिम दिन सिपुन्हिको दिन सम्पूर्ण नियमित व्रतालुहरू र अरु व्रत बस्न चाहनेहरू सँगै बसी सामुहिक व्रतमा रहन्छ । पुरोहित ब्राम्हणबाट विधिपूर्वक यज्ञ गरी विधिपुर्वक अर्थात फागुन कृष्ण प्रतिपदाको दिन व्रतालु सबै सूर्यविनायक गणेश कहाँ पूजाआजा गरी प्रसादको रूपमा समे ग्रहण गरी खान्छन् । त्यसपछि आ–आफ्नो परिवार नातेदार, साथीभाइ छरछिमेकीहरूलाई माधवनारायणको फूल प्रसाद वितरण गर्ने गर्छन् ।

वास्तवमा माघ धलं वा व्रतको सन्दर्भमा भक्तपुरको हनुमानघाट तीर्थमा जुन विधिपूर्वक व्रत बस्ने परम्परा छ । यो त्यति प्रकाशमा आउन सकेको छैन । तर ऐतिहासिक आधारहरूलाई मात्र आधार बनाएर अध्ययन गर्ने हो भने भक्तपुरमा यो व्रतको चलन धेरै अगाडि नै भैसकेको ज्ञात हुन्छ । विशेषगरि भक्तपुरको हनुमानघाटमा एक महिनासम्म हुने यस माधवनारायण व्रतको सम्वन्ध भक्तपुर टौमढीस्थित तीलमाधवनारायण मन्दिरसँग भएको आधारलाई केलाउने हो भने पनि यसको पुष्टि हुन्छ । तीलमाधवनारायण रहेको ठाउँ कुनै समय नगरको बाहिरी सीमा रहेको ज्ञात हुन आउँछ । टौमढी अलि होचो परेको हुनाले त्यसभन्दा माथिल्लो भेगबाट बगेर आउने पानीको निकासको रूपमा कुनै समय यहाँ एउटा सानो कुलो बग्दथ्यो । जसलाई तत्कालीन समयमा तीलमक भनिन्थ्यो । जुन आजकलको तीलमाधवनारायण मन्दिर अगाडि भएर चलाखुतर्फ बग्दथ्यो । र सोझै चुपिंघाटमा मिल्न पुग्थ्यो । यहि कुलो अर्थात तीलमक सँगैको नारायण नै तीलमक माधव नारायण हुँदै पछि तील माधव नारायण बन्न पुगेको भाषा विज्ञानले पनि धेरै हदसम्म जायज छ । यो मन्दिरको जीर्णोद्धार कार्य लिच्छवि राजा आनन्ददेवले नेंस २८३ तिर गरेको प्रमाण सोही मन्दिर अगाडिको गरुडस्तम्भबाट थाहा पाउन सकिन्छ । यसबाट पनि भक्तपुर हनुमानघाटको माघ धलं नौसय वर्षभन्दा पुरानो हो भन्ने देखिन आउँछ । पछि जयस्थिति मल्लपछि राज्य संचालन गरेका उनका छोराहरू जयधर्ममल्ल र जयज्योर्ति मल्लका संयुक्त शासन कालमा ने.स. ५२८ मा भक्तपुर वाकुपति नारायणको गरुड स्तम्भमा स्पष्टसँग उल्लेख भएको माघ व्रत गोष्ठिले तत्कालीन समयमा माघ व्रत जस्ता विविध सांस्कृतिक मेलाहरू संचालन गर्न गुथिको व्यवस्था भएको देखिन्छ । यसमध्ये माघ व्रतको लागि भनी ने.सं. ७२२ देखि हनुमानघाटमा अझ व्यवस्थित रूपमा माधवनारायण धलं अर्थात माघ व्रत चलेको स्पष्ट हुन्छ । यता मल्लकालमा अर्थात रणजित मल्लको समयमा ने.स. ८४९ मा उनका छोरा अजित सिंह मल्ल समेतको अगुवाईमा माघ व्रत बसेकोबाट हनुमानघाटमा हुने माघ व्रतमा राजकीय तहबाट समेत यसमा चासो लिएको पुष्टि हुन्छ । यसका जग्गा जमिनहरू अलपत्र परेपछि बन्द हुन पुगेको धलं पुन: २०४२ सालदेखि हालसम्म निरन्तर चल्दै आएको छ ।

वास्तवमा भक्तपुर हनुमानघाट धलं अत्यन्त कठोर व्रतको रूपमा लिइन्छ । हनुमानघाटको धलं बस्नेहरू अरुलाई नछुनेदेखि बाटोमा हिँड्दा अरुको छायाँसमेत पर्न दिनु हुँदैन । र व्रतबस्नेहरूलाई कुनै चिजविज दिन परे उक्त व्यक्तिले समेत त्रिवेणीमा स्नान गरी नङ छुवाउनु पर्छ । यस्तो कठोर हनुमानघाटको धलंलाई व्यवस्थित गरी प्रचार प्रसार गर्नु आवश्यकता हुन आउँछ ।

सन्दर्भ स्रोतहरू

१. नेपाल महात्म्य २. ख्वपया बाहाबही ३. भक्तपुर शिलालेख सूची ४. पासुका वर्ष ६ अङ्क ४ पूर्णाङ्क ६४ ५. वागीश्वरीदेखि ब्रम्हायणीसम्म

एन्जेलो ब्राक्सतोन हर्नडोन : अश्वेत कम्युनिष्ट नेता

धीरेन्द्रमान बिजुक्छेँ

सन् १९१३ मे महिनाको ६ तारिखको दिन संरा अमेरिका स्थित एट्लान्ता राज्यको वायोमिङ (Wyoming) भन्ने ठाउँमा ऐन्जेलो ब्राक्सतोन हर्नडोन (Angelo Braxton Herndon) को जन्म भएको थियो। उनको पिता पाउल हर्नडोन (Paul Herndon) थिए भने माता ह्याटी हर्नडोन (Hattie Herndon) थिइन्।

ऐन्जेलो हर्नडोनको परिवार ठूलो र गरिव थियो। उनको परिवारका सदस्यहरू सबै खानीमा काम गर्थे। अमेरिकामा के भन्ने चलन थियो भने एकचोटिको खानी मजदुर सधैंको खानी मजदुर।

दास प्रथा आजभन्दा ५/६ हजार वर्ष पहिले प्रचलनमा आएको थियो। वर्गको उदयसँगै राज्यको विकास भएपछि दास युग अथवा दास प्रथा अस्तित्वमा आएको थियो। दास प्रथामा दासहरूलाई मान्छेको रूपमा नै गनिंदैनथ्यो। तिनीहरूलाई लेख-पढ गर्ने जस्ता मौलिक अधिकार र मतदान गर्ने, चुनावमा उठ्ने जस्ता राजनैतिक अधिकार दिईंदैनथ्यो। उनीहरूको काम, कर्तव्य र धर्म भनेकै आ-आफ्ना दास मालिकहरूको सेवा गर्नु, अह्राएको काम गर्नु, तिनीहरूको खतन-पतनमा बाँच्नु थियो। बेलायत र अमेरिकामा दास प्रथा उन्मूलन भएको घोषणा भए तापनि अमेरिकामा दास व्यापार फस्टाएको थियो। अतः, दास व्यापार पनि साम्राज्यवादको एउटा हिस्सा बनेको थियो। अब्राहम लिंकनले सरा अमेरिकामा दास प्रथा र व्यापारमाथि प्रतिवन्ध लगाएको घोषणा गरे तापनि अफ्रो-अमेरिकी अश्वेतहरूलाई श्वेत दास व्यापारीहरू वा विशेषगरी शासक श्वेतहरूबाट अति नै नराम्रो व्यवहार हुन्थ्यो। त्यसैगरी, कानून मै भेदभाव थियो ।

पाउल हर्नडोनले कुनै व्यापार-व्यवसाय गरेनन्। उनका छोराहरूलाई आफूहरू ठूलो भएपछि खानी मजदुर हुने कुरो प्रष्टै थाहा थियो। उनी बिहानदेखि साँझ अबेरसम्म खानीमा काम गर्थे। उनको जीउमा र लुगामा खानीको धूलै धूलो लागेको हुन्थ्यो। छोराहरूलाई बाबुको यो दिनचर्या सामान्य लागिसकेको थियो।

त्यसबेला, अधिकांश मजदुर वर्गको परिवारले कुनै न कुनै जुक्ति लगाएर खानीको काम छोडी सफा सुकिला लुगा लगाएर अफिसको टेबुलमा बस्दै काम गर्ने इच्छा गर्थे। त्यस्मा पाउल हर्नडोनको परिवार अपवाद हुने कुरै भएन। बुबा, आमा, दाइहरू जस्तोसुकै दुःखजिलो गरेर भएपनि एन्जेलो हर्नडोनलाई हाईस्कुल र कलेजमा पढाउन दृढ संकल्पित थिए। तिनीहरूलाई के कुरो राम्ररी थाहा थियो भने निकै मिहिनेतले पढ्ने अनि बुद्धि, धैर्य र राम्रो चरित्र हुनेहरू जिन्दगीभर कमारो हुनुपर्दैनथ्यो।

एन्जेलो हर्नडोन सानो छँदा नै निमोनियाबाट उनका पिता पाउलको मृत्युभयो। ६ जना छोराहरू र दुई जना छोरीहरूको ठूलो परिवारलाई हेर्ने जिम्मा माता ह्याटी हर्नडोनको काँधमा आइपऱ्यो। सबैले सकेको सबथोक गरे। आमा धनी गोराहरूको घरमा काम गर्थिन्। एन्जेलोको एकजना दाजूले स्टिल कारखानामा काम पाए। एन्जेलोले चाहिँ त्यति कै फेला परेको हप्ताको २ वा ३ डलर पाउने अह्राएको काम गर्नु पर्ने काम पाए। खानलाई नै नपुग्ने तलब हुँदाहुँदै पनि दाजु र काकाहरूले एन्जेलोलाई हाइस्कुल र कलेजमा पढ्न पठाउन चाहना गर्थे। तर, अलिकति तलबबाट जीवन जेनतेन चल्नाले जस्तै दुःख गरेर काम गरे तापनि हाइस्कुल र कलेजमा पढ्न पठाउन नसकिने भयो। उनी १३ वर्षमा टेके।

एन्जेलो बाल मजदुर

सन् १९२६ मा एन्जेलो आफ्नो दाजु लिओको साथमा लेक्सिन्तन, केन्टुकी तर्फ लागे। त्यहाँ कोइला खानीहरू थिए। तिनीहरूले एउटा सानो कोइला खानीमा काम पाए। त्यस्को स्वामित्व शक्तिशाली दि बारदेलेबेन (DeBardeleben) कोइला निगमको थियो। १३ वर्षको एन्जेलोले बाल मजदुरको रूपमा कोइला गाडीमा राखेर ओसार्ने काम गरे। त्यसबेला बालकहरूलाई मजदुरी काममा लगाउनु हुँदैनथ्यो भन्ने कुरा सोचिंदैनथ्यो। काम पाए पछि भयो।

तिनीहरूले ठेक्कामा काम गर्न थाले। एउटा मजदुरले निश्चित परिमाणको ठेक्का लिन्थ्यो। त्यस्को मातहतमा रहेर अन्य थुप्रै मजदुरहरूले काम गर्थे। आफूले कतिजना मजदुरहरूलाई काममा लगाएको हो त्यस अनुसार नै त्यस ठेकेदारले ज्याला तोक्थ्यो। यो त एकजना मजदुरले अरु मजदुरहरूलाई छिट् छिटो काम गर्न लगाउने चालबाजी थियो भने यस्ले मजदुरहरू बीच विभाजनको रेखा कोर्थ्यो। यसैगरी, व्यवस्थापकहरूलाई व्यवस्थापन गर्न झन्झट र धनराशी खर्चिनु परेन।

एन्जेलोले दुई जना मिलेर साबिलले कोइला गाडामा राख्ने काम गर्थे। तिनीहरूले प्रत्येक तोकिएको परिमाणमा ३५

डलर पाउँथे । एउटा तोकिएको परिमाण दुई हप्ताको हुन्थ्यो । सालाखाला तिनीहरू एक दिनमा १०–१२ घण्टा काम र कहिलेकाँही १४ घण्टा काममा जोतिनु पर्थ्यो । त्यसदेखि बाहेक, यातायातको व्यस्था नहुनाले मजदुरहरूलाई कोइला खानी क्षेत्रबाट काम गर्ने ठाउँसम्म ३–४ माइल हिंड्नु पर्थ्यो । त्यसवापत तिनीहरूहले एक पैसा पनि पाउँदैनथे ।

नुहाई धुवाई, विद्यालय, डाक्टर, अस्पताल, बीमा र अन्य सुविधाहरूको लागि भनेर १० वा १५ डलर घटाइन्थ्यो । मजदुरहरू आफैले कोइला खानीमा काम गर्नलाई चाहिने सरसाम्रगीहरू कोइला खानीको पसलबाटै किन्नुपर्थ्यो ।

पसलमा बस्नेहरूले ओसारेको कोइला जोखेर प्रति भाँडोको पैसा मजदुरहरूलाई दिन्थे । तिनीहरूले भाँडोमा निकै नै ठगी गर्थे । त्यतिले नपुगेर तिनीहरूले तौलमा पनि मजदुरहरूलाई लुट्नसम्म लुट्थे । जोख्ने मान्छेहरूलाई कम्पनीले पहिल्यै किनी राखेको हुन्थ्यो । सबै मजदुरहरूलाई शोषण भएको कुरो थाहा थियो । यद्यपि, मजदुरहरू सङ्गठित थिएनन् । तिनीहरू जतिसुकै कराए पनि केही लाग्दैनथ्यो ।

कम्पनी नगर

कोइला खानीका मजदुरहरू कम्पनी नगरमा बस्थे । कम्पनी नगर त्यति राम्रो थिएन । घरहरू काठले जसोतसो बनाइएका एक तले हुन्थे र इँटाले नछापेको वा पिच नगरेको धूलो उड्ने र वर्षा याममा हिलो मैलो हुने सडक हुन्थ्यो । ती मजदुरहरूले कहिलेकाँही जस्तोसुकै कमसल खाना पनि ठीक्कै मानेर खान बाध्य हुन्थे ।

कोइला खानीको सुरक्षा व्यवस्था त कामै नलाग्ने थियो । खतराबाट बच्नलाई भाग्ने बाटो मजदुरहरूको कार्य स्थलबाट निकै टाढा थियो । खानीमा चट्टानहरू नखस्ने गरी टेको दिन पुग्ने गरी कहिल्यै काठ वा दलिन हुँदैनथ्यो ।

कोइला ओसार्ने गाडाहरूमा पुग्दो ग्रिज हुँदैनथ्यो । गाडा चिप्लिएर ट्याकमै गाडा पल्टिन्थ्यो । त्यसबाट दुर्घटना हुने गर्थ्यो ।

एक दिनको कुरो हो, एन्जेलो खानीमा काम गरिरहँदा कममात्र ग्रिज राखेको कोइला ओसार्ने गाडा चिप्लिएर ट्याक मै पल्टियो । उनको दायाँ हातको छाला चोइटियो र मासुको ठूलो डल्लै गयो ।

त्यस खानीमा लागु भएको जिम क्रउ व्यवस्था (Jim Crow System) अर्थात जातीय विभेदको कानुनी व्यवस्थाले त्यहाँका मजदुरहरूलाई सताउनसम्म सताउँथ्यो । अफ्रिकी अमेरिकी अश्वेत मजदुरहरू र श्वेत मजदुरहरू बीच कहिलेकाँही मात्र भेट हुने गर्थ्यो । साँच्चै भन्ने हो भने गोरा मजदुर र काला मजदुरहरूको लागि छुट्टाछुट्टै आवासको व्यवस्था थियो । खानीमा गोरा जातिका मजदुरहरू दक्षिणी भेगमा काम गर्थे भने काला जातिका मजदुरहरू उत्तरी भेगमा काम गर्थे । योग्य हुँदाहुँदै काला जातिका मजदुरहरूले पैसा अलि बढी आउने इलेक्ट्रिसियन, सर्भेयर जस्ता पदहरूमा कहिल्यै काम गर्न पाउँदैनथे । तिनीहरूलाई कोइला ओसार्ने, कोइला खन्ने, चट्टान फोड्ने जस्ता गाह्रो ज्यामी काम मात्र दिन्थ्यो । काला जातिका मजदुरहरूलाई खतरनाक ठाउँमा बसेर गाह्रो काम गर्नु पर्थ्यो ।

काला जातिका मजदुरहरू तीन चार फिट गहिराईमा काम गर्थे । तिनीहरूले घुँडामा नरम गड्डा लगाएर अक्सर निहुरेर काम गर्नु पर्थ्यो ।

धेरै पैसा कटाउने व्यवस्था

एकदिन कम्पनीले एक टन कोइलामा ४२ देखि ३१ सेन्ट तलबमा कटाउने सूचना जारी गऱ्यो । यसको कारण मजदुरहरूको सुविधामा धेरै खर्च भएको देखाइयो । यो सूचना मजदुरहरूलाई खपिनसक्नु भयो । यद्यपि, मजदुरहरूको हक हितको लागि लड्ने र मजदुरहरूलाई सङ्गठित गर्ने कुनै सङ्गठन थिएन । केही गोरा जातिका मजदुरहरू र काला जातिका मजदुरहरूले त्यहाँ काम गर्न छोडे ।

यसरी काम छोड्नेमा एकजना एन्जेलो हर्नडोन पनि थिए । के गर्ने कसो गर्ने उनलाई केही थाहा थिएन ।

ब्रिमिङघममा एन्जेलोका नाता कुटुम्बहरू बस्थे । त्यहाँ थुप्रै कोइला खानीहरू पनि थिए । त्यसो भएर, उनी आफ्नो दाइ लिउसँग त्यसतर्फ गए । त्यहाँ लामो समयसम्म उनले काम पाउन सकेनन् । उनी बेरोजगार एन्जेन्सीमा गए र दैनिक ३ डलरको काम पाउने भनी सगाअरोडान जिल्ला, गाडिसेन, अला भन्ने ठाउँको गुड इयर रबर कम्पनीका मान्छेहरूले तिनीहरूलाई ट्रकमा राखेर लगे । त्यहाँ पुग्दा ती कम्पनीका मान्छेहरूले तिनीहरूलाई दिनको १.७५ डलर मात्र पाउने जानकारी दिए । तिनीहरू त्यहाँ सिमेन्ट, कंक्रिट र बालुवा मुछ्ने र जग हाल्ने ज्यामी काममा गोरु जस्तै रात दिन लाग्थे । तिनीहरू सास फेर्नै गाह्रो पालमा सुत्थे र बासी र कुहेको खानेकुरा खान्थे ।

पहिलो हप्ताको अन्तमा, मजदुरहरू पारिश्रमिक पाउन लाइनमा उभिन्थे । ज्याला दिने ठाउँको वरपर प्रहरी र कम्पनीका गार्डहरू बसेका हुन्थे ।

ज्याला दिने नाइके बाहिर आएर मजदुरहरूले कमाएको सबै कुरा यातायात र खानामा सकिएकोले ज्याला दिन पैसा नभएको बतायो । मजदुरहरू रिसले मुर्मुरिए । तिनीहरूले ज्याला वितरण गर्ने कार्यालयमा घेरा हाले । प्रहरी र कम्पनीका गार्डहरूले तिनीहरूलाई त्यहाँबाट हटाए । गुड इएर कम्पनीले तिनीहरूलाई ब्रिमिङघममा पठाउन आनाकानी गर्दै थियो । अब

के गर्ने र कसो गर्ने एन्जेलोलाई थाहै भएन ।

आफ्नो दाइ लिओसँग एन्जेलोले अनुनय विनय गरे । उनी भाडा तिर्न नपर्ने गरी ब्रिमिङघम पुगे र त्याहाँको खानी वरिपरि चक्कर लगाए । अन्तमा, उनले तेनेसी कोइला, फलाम र रेलमार्ग कम्पनीको दोसेना कोइला खानीमा काम पाए ।

अलाबामाका प्रमुखहरू

तेनेसेको कोइला र फलाम कम्पनीका मजदुरहरूले हडताल गर्न शुरुगरे । उत्तर अमेरिकाको दक्षिणी क्षेत्रमा नयाँ बिहानी उदाउँदै थियो । टि.सि.आई.ले सबैजसो अलाबामा राज्यमाथि नियन्त्रण जमाएको थियो । यसले स्टिल कारखाना र कोइला खानी अनि रेल मार्ग र सबै किसिमका सहायक वनस्पतिहरू माथि अधिपत्य नै कायम गरेको थियो । त्यसैगरी, अलाबामा राज्यका अधिकांश अधिकारीहरूलाई आफ्नो वसमा पारेका थिए । त्यस राज्यको राजनीतिलाई आफ्नो मुठ्ठी राखेको थियो ।

यस्ले जिम क्रउइज्मलाई श्रृङ्गार पतार गरेर सुन्दर बनाएको थियो । यसको छायाँ त उद्योग, कल कारखाना, विद्यालय, सरकारी कार्यालय, न्यायालय र चर्चका मंचहरूमा समेत परेको थियो ।

तेनेसेको कोइला र फलाम कम्पनी त मजदुर संघहरूको धर्ना, हडताल र अन्य आन्दोलनका गतिविधिहरू विरुद्ध लड्नेमा अग्रिम मोर्चा मै थियो । त्यस कम्पनीमा आन्तरिक युनियनको बन्दोबस्त थियो । त्यस आन्तरिक युनियनले मजदुरहरूलाई धोखा त दिन्नथ्यो । जेभएपनि, कम्पनीले राख्ने कोइला जोख्ने मान्छे चाहिँ चुनावबाट नै चुनिएको हुन्थ्यो ।

दोसेन कोइला खानीमा एन्जेलोले ट्रान्सफोमेसन लाइन बनाउने, तार काट्ने ज्यामी काम गरे । उनले प्रतिदिन २.७८ डलर पाउँथ्यो । यद्यपि, त्यसमा पनि यताउता भनेर कटाउँथ्यो ।

सङ्गठनको शक्ति

त्यहाँ काम गर्दागर्दै एन्जेलोले पहिलो पटक शोषण, अन्याय-अत्याचारविरुद्ध मजदुहरूको हक-हितको लागि मजदुरहरूको सुदृढ सङ्गठन र उनीहरूमा बलियो एकता हुनुपर्ने कुरो सिके ।

त्यसभन्दा अघि कहिल्यै कामबाट हात धुनु नपरेका मजदुरहरू काम नपाएर सडक सडकमा भौंतारिन वाध्य भए । काम पाएका मजदुरहरूको पनि ज्याला दिनदिनै घट्दै थियो । तिनीहरूले पारिश्रमिक भएको खाम पाउँदा खाली कागज पाउने गर्थे । यस्को मतलव के भने आपूर्ति र खानाको लागि तिनीहरूको ज्याला कम्पनीले लिइसकेको थियो ।

एन्जेलोले कम्युनिष्टबारे सोधखोज गर्न थाले । तेनेसे कोइला र फलाम कम्पनी र ब्रिमिङघम भरि नै जिम क्रउ व्यवस्थापूर्ण रूपमा लागु भएको थियो । यसबाट एन्जेलोको मन असन्तुष्टिले सधैं जलिरहन्थ्यो । तर, उनलाई यस्को विरुद्ध के कसरी संघर्ष गर्ने केही थाहा थिएन । उनका आमा-बाबु र काका-बाजेहरू कट्टरपन्थी रिपब्लिकन थिए । तिनीहरूले बेलाबेलामा उनलाई के सुनाउने गर्थे भने अब्राहम लिंकनले दासहरूलाई मुक्त गरेका थिए । अब्राहम लिंकन रिपब्लिकन पार्टीका थिए । त्यसोभएर तिनीहरूले त्यस रिपब्लिकन पार्टीको हितमा काम गर्नुपर्ने कुरो उनलाई बताउँथे ।

हरेक दुई दुई हप्तामा उनले दक्षिणमा कहिँ कतै हत्या भएको पढ्थे । वाशिङ्गटनमा रिपब्लिकन पार्टी नै सरकारमा थियो । त्यस्ले काला मजदुरहरूको हितमा कुनै काम गरेन ।

केही धार्मिक मान्छेहरूले ईश्वरमा विश्वास गर्न र सबै कुरो ठीकठाक हुन्छ भन्छन् । यद्यपि उनले तिनीहरूको कुरोमा विश्वास गर्दैनथे । उनले कालाहरू स्वर्गमा जानुको कुनै औचित्य नभएको र कालाहरूले स्वर्गमा पनि गोराहरूको पाउ मोल्ने र जुत्ता टल्काउने मात्र काम पाउँथे भनी सोच्थे ।

एन्जेलोले बेरोजगार परिषद्को पहिलो बैठकमा भाग लिए र कम्युनिष्ट पार्टीका केही सदस्यहरूसँग भेटघाट गरे । उनको लागि केही कम्युनिष्टहरूसँग भेट भएको दिन आफ्नो जन्म दिन वा जीवनका अन्य कुनै दिनभन्दा ठूलो थियो ।

दक्षिणका मजदुरहरू त्यस्तो विधि लेख पढ् गर्दैनथे । त्यसोभएता पनि, तिनीहरूले एक कान दुई कान मैदान भने जस्तै समाचार सम्प्रेषण गर्ने अनोठो विधि विकास गरेका थिए । त्यसैको माध्यमबाट तिनीहरूले त्यस नगरमा कम्युनिष्टहरू थिए भन्ने कुरो थाहा पाए । पत्र-पत्रिकाहरूमा कम्युनिष्टहरू विदेशी हुन्, हत्या हिंसामा विश्वास गर्नेहरू हुन् आदि झूटा टीकाटिप्पणीहरू छापेका कुराहरू कालाजातिका मजदुरहरूले गरेको सुन्दा एन्जेलोलाई बेमज्जा हुन्थ्यो । जेभएपनि, उनले तिनीहरूको कुरालाई वास्ता गर्दैनथे । उनले कम्युनिष्टहरू बारे बुझ्दै गए । पछि उनले प्रष्ट के बुझे भने मजदुरहरू सङ्गठित हुनुपर्ने, तिनीहरू बीच बलियो एकता हुनुपर्ने, मजदुरहरूको कुनै मालिक नहुने, काला जातिका मजदुरहरूले गोरा जातिका मजदुरहरू समान अधिकार पाउनु पर्ने कुरामा निकै जोड् दिन्थे । कम्युनिष्टहरूका यी सबै कुराहरू उनलाई मनपरे । लामो समयदेखि उनले कम्युनिष्ट नेताहरूलाई भेट्न पाएका थिएनन् ।

एन्जेलो हर्नडोन र वर्गीय संघर्ष

सन् १९५० जुन महिनाको एकदिन केही पर्चाहरू लिएर उनी कोठामा फर्कंदै थिए । बेरोजगार परिषद्ले ब्रिमिङघममा पर्चा छरेको थियो । पर्चामा लेखिएको थियो :

'लड्ने वा भोकभोकै मर्ने ?' त्यस्मा सारा मजदुरहरूलाई जनसभामा सहभागी हुन आह्वान गरिएको थियो ।

उनी भित्र कुनैपनि हालतमा जनसभामा सहभागी हुनैपर्ने विचार आयो । उनले मनमनै भने 'यो युद्ध हो ! यस्मा सहभागी हुनु मेरो अधिकार हो ।' उनी त्यहाँ पुग्दा एक जना गोरा जातिका मजदुर नेता बोलिरहेका थिए । लडेरमात्र मजदुरहरूले केही पाउँछन् र काला जातिका मजदुर र गोरा जातिका मजदुरहरू एक हुनुपर्छ भन्ने त्यस गोरा मजदुर नेताको भनाईबाट उनी निकै प्रभावित भए । त्यस नेताले ब्रिमिङघमका काला जातिका मजदुरहरूको दयनीय अवस्थाको वर्णन गरे । त्यसपछि एकजना काला जातिका मजदुर नेताले बोले । यसरी काला मजदुर र गोरा मजदुर बीचको एकता देखेर एन्जेलो हर्नडोन मनमनै खुशी भए । यस्तो एकताको पक्षमा उनी पहिल्यैदेखि थिए ।

जनसभा सकिएपछि उनी ती मजदुर नेताहरू भएको ठाउँमा गई आफ्नो नाम दिए । त्यस दिनदेखि उनी मजदुर आन्दोलनमा अन्तसम्म लागे । त्यस्को केही दिनपछि उनी बेरोजगार परिषद्मा आवद्ध भए । त्यसपछि उनी कम्युनिष्ट पार्टीमा संलग्न भए । उनले आफ्नो हातमा आए जतिका मजदुर संघर्षका सबै पुस्तकहरू अध्ययन गरे । उनले अझ प्रष्टसित संघर्षका बाटाहरू देखे ।

शुरु शुरुमा एन्जेलो हर्नडोनले डि प्रिस्त, दुबोइस र वाल्टर ह्वाइत जस्ता नेताहरू कम्युनिष्ट पार्टीमा हुनुपर्ने र त्यसोभएपछि मात्र चाहिने समर्थकहरू जुटाउन सकिन्थ्यो भनी सोच्थे । डि प्रिस्त र अन्य नेताहरू दास मालिकहरूको पक्षमा र मजदुरहरूविरुद्ध निकै संघर्षहरू गरिसकेकाहरू थिए भन्ने कुरा उनले बुझेका थिएनन् । ती नेताहरूले जातिवाद व्यवस्थाविरुद्ध लड्ने कुरामा विश्वास गर्दैनथे । तिनीहरू पूँजीवादी व्यवस्था र यस्को संरक्षणमा लागेका थिए । यसबाट तिनीहरू साँच्चिनै जातिवाद र असमानताको पक्षमा थिए भन्ने कुरो प्रष्ट भयो । ब्रिमिङघममा ओस्कार आड्म्स र अरु मजदुर नेताहरूले दिएका प्रवचनहरू सुनेर डि प्रिस्त जस्ता प्रतिकृयावादी नेताहरू पनि कम्युनिष्ट पार्टीमा हुनुपर्ने भन्ने उनको हास्यास्पद विचारबाट उनी मुक्त भए ।

गलत नेताहरूका अपराधपूर्ण कार्यहरू

ब्रिमिङघममा कम्युनिटी चेस्ट ड्राइभ (Community Chest Drive) राखियो । यो बेरोजगारहरूको परिषद् थियो । गोरा मजदुरहरू र काला मजदुरहरू अनि केहीले स्वेच्छाले बेरोजगारहरूलाई बेरोजगार भत्ताको बन्दोबस्त गराउन केही आर्थिक सहयोग गरे । गोरा मजदुर र काला मजदुरहरूको पारिश्रमिकमा बेरोजगार भत्ताको लागि तिनीहरूको पारिश्रमिकबाट केही रकम कटाइन्थ्यो । गोरा मजदुरहरूले पाउने राहतको आधामात्र काला जातिका मजदुरहरूले पाउँथे ।

बेरोजगार परिषद्ले गोरा मजदुर र काला मजदुहरूलाई समानरूपले प्रत्येक व्यक्तिलाई प्रदान गरिने उदार रकम र आर्थिक सहयोगबाट झगडाको बीउ रोप्यो । तिनीहरूले क्यापितोल पार्कमा एउटा बैठक बोलाए, र एन्जेलो हर्नडोनहरू समाधि स्थलको चारैतिर भेला भए । भेलामा गोरा मजदुर र काला मजदुर गरी ५०० जति थिए । तिनीहरू परिषद्को प्रधान कार्यालयतर्फ प्रदर्शन गर्दै गए । झण्डै १०० जना जति प्रहरी थिए । परिषद्का पदाधिकारीहरूले काला जातिका मजदुरहरू कृषितर्फ लाग्नु नै श्रेयस्कर हुने बताए । तिनीहरूले काला जातिका मजदुरहरू कृषि कार्यमा लागेपछि मात्र गोरा जातिका मजदुरहरूले अझ बढी राहत पाउने कुरोमा जोड दिए ।

वास्तवमा, नेताहरूले ब्रिमिङघमको चारैतिर कपास खेतीमा काम गर्ने स-साना किसान, खेताला र जोताहाहरू आफ्ना भूमि भण्डार गुमाउँदै भोक भोकै मरिरहेका थिए । त्यसैगरी, काम पाउने आशाले हजारौं हजार शहरतिर ओइरिएका थिए ।

कालाहरूको पत्रिका ब्रिमिङघम रिपोर्टरका सम्पादक ओस्कर आडम थिए । उनले के कुरो बोले भने काला मजदुरहरू बेरोजगार परिषद्का नेताहरूको पछि लाग्न नहुने र गोरा मजदुर नेताहरू, पदाधिकारीहरू कहाँ विनम्रपूर्वक जानुपर्ने र आफूहरूलाई चाहिने जति कुराहरू तिनीहरू सँगै माग्नु पर्ने र तिनीहरूले भन्या जस्तै गर्नुपर्ने कुरोमा जोडदिए ।

आडमले भने 'हामी कालाहरू सामाजिक समानता चाहँदैनौं ।' आडमको यो कुरो सुनेर एन्जेलो रिसले मुर्रिमुरिए । उनले मनमनै भने : 'ओस्कार आडम, हामी कालाहरू सामाजिक र अन्य सबै किसिमको समानताको पक्षपाति हौं । ईश्वरको यस हरियाली धर्तीमा हामीलाई कममात्र दिने हरेक कुरोमा सन्तुष्ट हुनुपर्ने कुनै कारण नै छैन ।'

पार्टी पंक्तिमा धोखेबाजहरू

प्रतिष्ठित अश्वेत नेताहरूको भरमा अश्वेत अफ्रो-अमेरिकी नागरिकहरूको समानता र हक हीतको लागि लड्ने कुरोमा विश्वास गर्न नसकिने भयो । ओस्कर आडम र उनी जस्ता मान्छेहरू त व्यापक अश्वेत अफ्रो-अमेरिकीहरूका प्रमुख शत्रुहरू मध्यमा गनिए । सबैभन्दा डरलाग्दो कुरो के भने तिनीहरू अश्वेत अफ्रो-अमेरिकीहरूको संघर्ष भित्रै रहेर कालाहरू कै विरुद्ध भित्रभित्रै गतिविधि गर्दै थिए भने कतिपय कालाहरूले तिनीहरूलाई आफ्नै मान्छे भन्ने ठानेका थिए ।

ओस्कार आडम जस्ता छद्मभेषी नेताहरूले

कम्युनिष्टहरूलाई विदेशी वा पराईहरू भन्थे र दक्षिणमा कम्युनिष्ट योजना स्वीकार्य हुनै नसक्ने भन्ने गर्थे। यद्यपि, कम्युनिष्ट पार्टीका सच्चा नेता र बेरोजगार परिषद्का सच्चा नेताहरूको कुरो र व्यवहार एउटै हुन्थ्यो। उनीहरू ओस्कार आडमहरू जस्तै आफूलाई अश्वेत भन्दै अश्वेतहरूको प्रतिनिधित्व गर्दै अश्वेतहरूविरुद्ध नै भित्रभित्रै खेदो खन्ने नक्कली नेताहरू थिएनन्। उनीहरू काला मजदुरहरूसँग घुलमिल हुन्थे। उनीहरूले काला जातिका मजदुरहरू कै भाषा बोल्थे।

एन्जेलो हर्नडोनहरूले दक्षिणका गोरा मजदुर र काला मजदुरहरू बीच समानता र एकता ल्याउने एक मात्र पार्टी कम्युनिष्ट पार्टी भएको कुरो महसुस गरे। सबैजना समान हुनुपर्छ भन्ने न्यायपूर्ण कार्यक्रम ल्याउने एकमात्र सिद्धान्त कम्युनिष्ट सिद्धान्त र एकमात्र पार्टी कम्युनिष्ट पार्टी हो भनी बुझे।

विषमताविरुद्धका कार्यहरू

कम्युनिष्ट पार्टी र बेराजगार परिषद्लाई निकै जटिल अवस्थामा काम गर्नु थियो। एन्जेला हर्नडोनहरूले केन्द्रीय कार्यालयको लागि सानो घरको व्यवस्था गरे। तर, प्रहरीले त्यस कार्यालयको भवनमाथि आक्रमण गऱ्यो र त्यस्लाई बन्द गर्न लगायो। तिनीहरूले एक एक पैसा गरेर चन्दा उठाए। तिनीहरूले त्यस्को अनुलिपि राखे। तिनीहरूले एउटा निजी घरमा पुरानो र टुटे फुटेको हाते-यन्त्रको व्यवस्था गरे। गुप्तचर र प्रहरीको आँखा छलेर तिनीहरूले निकै गोप्य रूपले काम थाले। तिनीहरूले राती ढोका ढोकामा गई पर्चा छरे। त्यसैगरी, कारखानाहरूमा काम गर्ने कम्युनिष्ट पार्टीका केही सदस्यहरूले कारखानाहरूका मजदुरहरूका हात हातमा सुटुक्क पर्चा पुऱ्याउँथे।

कहिलेकाँही, एन्जेलो हर्नडोनहरूले जनसभामा सहभागी हुने आह्वान गरेको पर्चाहरू छर-छिमेकमा पनि आधा घण्टा अघि मात्र बाँड्ने गर्थे। ती जनसभाहरूमा एकजना वक्ताले मात्र केही शब्दहरू बोल्ने गर्थे। प्रहरी आएर उक्त जनसभाहरू बिथोल्नुभन्दा अगाडि नै आयोजकहरूले पत्रिका र पर्चाहरू बाँड्न सकाउँथे।

कारखानाका पूँजीपति मालिकहरू भयभित हुन्थे र कु क्लक्स क्लान (Ku Klux Klan) का मानिसहरू यताउता दौडधुप गर्थे। तिनीहरू विशेष गरेर कालाहरूको बस्ती बस्तीका सडकहरूमा परेड खेल्दै कम्युनिष्टहरूसँग नलाग्न धम्की दिन्थे। तिनीहरूले 'साम्यवादलाई नष्ट गर्नुपर्छ। असल कालाहरूको लागि अलाबामा राम्रो ठाउँ हो , तर सामाजिक समानताको नारा ओराल्ने कालाहरूको लागि नराम्रो ठाउँ हो' भनी लेखिएका पर्चाहरू छर्थे।

सन् १९३० जुन महिनामा एन्जेलो हर्नडोन शिकागोमा हुने राष्ट्रिय बेरोजगार सम्मेलनमा प्रतिनिधि चुनिए। त्यस्को लागि उनी ब्रिमिङघममा आफ्ना नाता कुटुम्वहरू कहाँ बस्दै थिए। तर, उनका नाता कुटुम्बहरू कम्युनिष्ट विरोधी काला नेताहरूको प्रभावमा थिए। तिनीहरूले एन्जेलोलाई राष्ट्रिय बेरोजगार सम्मेलनमा भाग लिन जाने हो भने तिनीहरू कहाँ कहिल्यै नआउन भने। यसबाट उनलाई निकै बिझ्यो। एका बिहानै उनी त्यहाँबाट हिंडे। हिडेको बेला उनले त्यहाँ ढोकामै कु क्लक्स क्लानले छरेको पर्चा भेट्टाए। उनी रड-एक किसिमको गाडामा बसेर शिकागोतर्फ प्रस्थान गरे।

विश्व आन्दोलन

शिकागो शहरमा एन्जेलो हर्नडोनले पहिलो पटक क्रान्तिकारी मजदुर आन्दोलनको विषयमा व्यापक दृष्टिकोण प्राप्त गरे। उनले हरेक राज्यबाट आएका मजदुर नेताहरूसँग भेटघाट गरे। उनले अन्य देशहरूमा त्यस्तै सङ्गठनहरूको त्यस्तै कामको विषयमा सुने। पहिलो पटक उनले मजदुर वर्ग कतिको बलियो र शक्तिशाली भनी थाहा पाए। ब्रिमिङघममा उनी र केही मजदुरहरू मात्र कम्युनिष्ट आन्दोलनमा लागेका होइनन्। त्यस आन्दोलनमा लाग्नेहरूको सङ्ख्या हजारौं, लाखौं, करोडौं र अर्बौं छन् भन्ने यथार्थ उनले थाहापाए।

एन्जेलोलाई आफ्नो परिवारले नफर्कनु भनेको थियो। वास्तवमा सङ्गठन नै उनको परिवार थियो। उनले विश्वको हरेक कुना कुनामा उनका दाजुभाइ, दिदी-बहिनीहरू भएको अनूभूति गरे। विश्वका सबै शोषित-पीडित, हेंलाहोचो गरिएकाहरू मुक्ति र समानताको लागि लड्दै थिए। फाल्तोन टावर अर्थात जेलको करेन्ट जडान गरेको मेच र हथकडी र नेलको धम्की दिंदापनि त्यस्तो अन्तर्राष्ट्रिय भावना र क्रान्तिप्रतिको आशाको दियोलाई उनले जस्तोसुकै कठीन दिनहरूमा पनि निभ्नै दिएनन्।

ब्रिमिङघममा एन्जेलो हर्नडोनले गोप्यढंगले खानी भित्रका मजदुरहरू बीच सङ्गठन बनाए। साथै उनले निकै परिश्रमपूर्वक आफ्नो अध्ययनलाई अघि बढाए। युवा गोरा नेता ह्यारि सिम (Harry Simm) को निर्देशनमा उनले युवा कम्युनिष्ट लिगमा काम गरे। पछि, केनटुकी खानी मजदुरहरूको हडतालको सिलसिलामा ह्यारि सिमले मजदुर वर्गको लागि आफ्नो ज्यान अर्पण गरे।

कल कारखाना, खानी र उद्योग मालिक वा पूँजीपतिहरूले कानून आफ्नो हातमा लिएर आफैले मजदुरहरूको हत्या गर्ने सजायँसम्म दिने कार्यको विरुद्ध चट्टानुगामा एउटा सम्मेलन भयो। त्यस सम्मेलनले कालाहरूको अधिकार संघर्ष लिगको पहिलो सभाको लागि प्रतिनिधिहरू छनौट गऱ्यो। त्यो सभा सन् १९३० मा चट्टानुगास्थित सेन्ट् लुइसमा भयो।

(क्रमशः)

इतिहास

कथाबाट सुरु भएको नेवार साहित्य

प्रेमशान्ति तुलाधर

भूगोल कुनै पनि मुलुकको अस्थिपञ्जर हो भने, जनता प्राण । मुलुकको अस्थिपञ्जर र प्राणलाई जोडेर जीवन्त बनाउँछ- भाषा, साहित्य, संस्कृति र परम्परालगायतले ।

करिब सवासय जात-जाति रहेको नेपालमा प्राय: सबैजसो जात-जातिका आ-आफ्नै भाषा पनि छन् । कतिपय जात-जातिका भाषामा आफ्नै साहित्य पनि छन् । नेपालको अस्थिपञ्जरलाई जीवन्त बनाउन धेरै तत्त्वमध्ये एक हो - यहाँ बोलिने विविध भाषा र तिनमा लेखिएका साहित्य । यस्तै यहाँको धर्म-संस्कृतिसँग प्रत्यक्ष सम्बन्ध गाँसिएको तथा लामो साहित्यिक इतिहास बोकेको एक भाषा नेवार समुदायले बोल्ने नेपालभाषा पनि हो ।

नेपालभाषा साहित्यको चर्चा गर्दा नेवार समुदायबारे जानकारी हुनु जरुरी छ । यस समुदायको उत्पित्तबारे विद्वानका भिन्नाभिन्नै राय भए पनि आजका नेवार कुनै जात वा रगत विशेषका होइनन् भन्नेमा सबै सहमत छन् । इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार (हेर्नुस्, *नेपा: नेवा: व नेवा: भाय्*, नेसं १०८९) मंगोल नश्लका नेवाङ, नेवाहाङ वा नेवा: भनिने मानिस नै नेवारको आदिम पुर्खा हुन् । उनीहरूले बोल्ने भाषा नै नेपालभाषाको प्राचीनत्तम अस्तित्व हो र बाग्मती नदी वरपर रहेका उपत्यका नै नेवारको आदिमस्थल हुन् । प्राध्यापक माणिकलाल श्रेष्ठका अनुसार (हेर्नुस्, *नेवार भाषासम्बन्धी केही तथ्य*, २०३८) नेवारको बसोबास भएको यस क्षेत्रमा विभिन्न कालखण्डमा अनेक स्थानबाट विविध धर्म, संस्कृति र नश्लका मानिस आए । गोपाल, किराँत, लिच्छवि, बर्मन, तिरहुत, मल्ल, शाक्य, कोलिएलगायत समुदायका मानिस यस क्षेत्रमा आइबसे र कालानतरमा यहाँका आदिवासीसँग मिसिन गई नेवार बने । आज यिनीहरूबीचको साझा तत्त्व भनेकै भाषा हो । यस आधारमा नेवार भाषाबाट एकबद्ध भएको भाषिक समुदाय हो ।

नेपालभाषा साहित्य

तेजरत्न कंसाकारले *'नेपालभाषा व भाषाविज्ञान'* मा यो भाषालाई तिब्बती बर्मी (भोट बर्मेली) भाषा परिवारअन्तर्गत पर्ने लिखित परम्परा भएका ६ वटामध्ये एक भाषा मानेका छन् । लिखित परम्परा भएका भोट बर्मेली परिवारका भाषामा नेपाल, तिब्बती, बर्मेली, मणिपुरी, लिम्बु र लेप्चा पर्छन् । प्राचीन अभिलेखहरूमा यस भाषालाई नेपालभाषा भनेर नै सम्बोधन गरिएको छ । यस भाषा-साहित्यको इतिहासलाई तीन कालमा विभाजन गरी अध्ययन गर्न सकिन्छ- प्राचीन, माध्यमिक र आधुनिककाल ।

प्राचीन काल

नेपालभाषा साहित्यमा सन् ८७९ देखि १८४७ सम्मको कालखण्डलाई प्राचीन कालको रूपमा लिइन्छ । यसबेला लेखिएका विभिन्न प्राचीन अभिलेख र पुस्तकमा नेपालभाषाको प्रयोग भएको पाइन्छ ।

नेपालमा अभिलेखको परम्परा लिच्छविकालदेखि सुरु भएको मानिन्छ । त्यसबेलाका अभिलेखको भाषा मूलत: संस्कृत भए पनि कतिपय हालसम्म प्रचलित नेपालभाषाका शब्द पनि प्रयोग गरिएको पाइन्छ । यस आधारमा लिच्छविकाल अगाडि नै नेपालभाषा जनभाषाको रूपमा रहेको भाषा वैज्ञानिकको ठहर छ ।

१२ औं सदीमा आएर विभिन्न शिलापत्र, ताम्रपत्र, ताडपत्रलगायतमा नेपालभाषाको प्रयोग हुन थाल्यो । ललितपुरको कुबहालस्थित सन् १११५ को *'मणिधरजैव महाविहार आर्य संघको नियमसम्बन्धी गोष्ठीपत्र'* नेपालभाषाको पहिलो लिखितपत्र हो । उत्कीर्ण पत्रमा भने सन् ११७३ को साँखु बज्रयोगिनीस्थित *'राजा रुद्रदेवको स्तम्भाभिलेख'*मा यसको प्रयोग भएको छ ।

१४ औं शताब्दी अर्थात् राजा जयस्थिति मल्लको शासनकालदेखि तत्कालीन आवश्यकता तथा शासकहरूको अभिरुचिअनुसार संस्कृतका प्रचलित ग्रन्थलाई नेपालभाषाबाट टीका, अनुवाद गर्ने परम्पराको थालनी भयो । यस्ता ग्रन्थ सबै हस्तलिखित रूपमा छन् ।

त्यसबेला नेपालभाषामा टीका, अनुवाद भएका चिकित्सासम्बन्धी ग्रन्थमध्ये *'विचित्र कौटुक'* (१३७३), *'हरमेखला'* (१३७४), *'औषध सर्वस्व'* आदि प्रमुख हुन् ।

सन् १३७९ मा *'नारद संहिता'*लाई नेपाल भाषामा अनुवाद गरिएको छ । यसबाहेक अरू पनि न्यायशास्त्रसम्बन्धी सानातिना ग्रन्थ नेपालभाषामा निस्किएका छन् । *'नारद संहिता'*लाई विश्वकै एक प्राचीन न्यायशास्त्रसम्बन्धी पुस्तक मानिन्छ ।

शब्दभण्डारअन्तर्गत भने नेपालभाषामा सन् १३८० मा लेखिएको *'अमरकोश'*बाहेक १० वटा अन्य अमरकोशका टीका पनि फेला परेका छन् । नेपालभाषामा लेखिएका इतिहाससम्बन्धी प्राचीन ग्रन्थमध्ये सन् १३८८ तिर लेखिएको *'गोपालराज वंशावली'*लाई नेपालभाषाको पहिलो मौलिक ग्रन्थ मानिन्छ । त्यसबेला ज्योतिषसम्बन्धी *'दशाफल'* (१३९८), *'भास्वतीकरण'* (१४०७), *'केरलीयशास्त्र'* (१४०३), *'ज्योतिराजकर्ण'* (१४२७) लगायत पनि नेपालभाषामा लेखिएका थिए ।

नेपालभाषाका अभिलेख ग्रन्थमध्ये सबैभन्दा बढी कर्मकाण्ड र पूजाविधिसम्बन्धी छन् । यिनीहरूमा *'दशकर्म पद्धति'* (१४९७) प्रमुख रहेको छ । यसैगरी पशु चिकित्साबारे लेखिएको *'अश्व आयुर्वेद शास्त्र'* (१७२९) *'अश्व लक्षणम्'* (१८०२), *'अश्व वैद्यम् शास्त्र'* (१५९२) लगायतलाई पनि प्राचीनतम् नेपालभाषा ग्रन्थ मानिन्छ ।

त्यसबेला लेखिएका वास्तुशास्त्रसम्बन्धी जति पनि पुस्तक भेटिएका छन्, सबैजसो मौलिक लेखन छन् । प्राचीनकालमै कामशास्त्र, संगीतशास्त्र, धनुशास्त्र, वाद्यशास्त्र, गणित, रत्नपरीक्षालगायत नेपालभाषामा लेखिएका धेरै ग्रन्थ फेला परेका छन् ।

जनकलाल वैद्यका अनुसार (हेर्नुस्, नेवारभाषाया काव्य सृजना प्रवृत्ति, ने सं १११६) नेपालका प्राचीन ग्रन्थहरूमा संस्कृतपछि सबभन्दा बढी नेपालभाषामा लेखिएका ग्रन्थ फेला परेका छन् ।

नेपालभाषामा साहित्य

अभिलेख र वाङ्मय ग्रन्थ रचनामा प्रयोग भएको नेपाल भाषा १६ औं शताब्दीमा आएर विशुद्ध साहित्य सिर्जनामा पनि प्रयोग भएको पाइन्छ । सन् १५०५ मा रचित पाँच सय पेजको *'भागवत पुराण'* लाई नेपालभाषाको सबभन्दा पुरानो साहित्यिक कृति मानिन्छ । नेपालभाषा साहित्यलाई दुई कालमा विभाजन गर्न सकिन्छ– मल्लकाल र उत्तर मल्लकाल ।

इतिहासकारका अनुसार उपत्यकामा मल्लहरूको शासन रहेको सन् १५०५ देखि १७६८ सम्मलाई मल्लकाल मानिन्छ । नेपालभाषा साहित्यका लागि राजा जयस्थिति मल्लको (१४ औं शताब्दी) राज्यकालदेखि १७ औं शताब्दीसम्मको समयावधिलाई स्वर्ण युग मानिन्छ ।

राज्यको आर्थिक समृद्धि, राजनीतिक स्थिरता तथा साहित्य, संस्कृतिप्रति शासकको तन्मयता नै नेपालभाषा सम्मुन्नत हुनुको मूल कारण रहेको छ । यसबाहेक विद्यापति, जयदेवजस्ता महान् स्रष्टाको प्रभाव नेपालमण्डलमा पनि परिसकेको देखिन्छ । मल्लकालमा विशेषगरी कथा, काव्य र नाटक विधाको उदय भएको देखिन्छ ।

नेपालभाषा साहित्यमाथि हालसम्मका अध्ययनले कथालाई नेपालभाषाको पहिलो लिखित साहित्यका रूपमा देखाएका छन् । यस भाषामा लेखिएको *'भागवत पुराण'* (१५०५) लाई पहिलो कथा साहित्य मानिन्छ । १६ औं शताब्दीमा नै नेपाल भाषामा कथा लेखन सुरु भए पनि १७ औं सदीमा मात्र कथा–साहित्यको विकास भएको पाइन्छ । प्राचीनकालमा लेखिएकामध्ये धेरैजसो कथा धार्मिक छन् भने नीतिपरक तथा लौकिक कथा पनि केही मात्रामा लेखिएका छन् । धार्मिकमा स्वस्थानी, विचित्रकर्णिकावदान, नीतिपरकमा तन्त्राख्यान, हितोपदेश र लौकिक कथामा बत्तीस पुतलिका, शुकबहत्तरी, वेताल पंचविंशति आदि प्रमुख छन् । धेरै कथाहरू अनुदित भए पनि नेपालमण्डलका सामाजिक र सांस्कृतिक परिवेशलाई मनन् गरी लेखिएका छन् ।

प्राचीनकालका काव्य विभिन्न राग र तालमा लेखिएका गीत नै हुन् । कान्तिपुरका राजा महेन्द्र मल्ल (१५६१–१५७४) लाई नेपालभाषाको पहिलो ज्ञात कवि मानिन्छ भने सन् १५७२ मा रचिएको *'पनमति जुगपति'*लाई पहिलो गीत मानिएको छ ।

यसबेलाका काव्य सर्जकमा राजाहरू प्रताप मल्ल, सिद्धिनरसिंह मल्ल, श्रीनिवास मल्ल, जगतप्रकाश मल्ल, जयप्रकाश मल्ल प्रमुख हुन् भने रानीहरूमा ऋद्धिलक्ष्मी, भुवनलक्ष्मी, वृद्धिलक्ष्मी प्रमुख छन् । जनसाधारण सर्जकमा जगतकेशरी, केशव उदासलगायतलाई प्रमुख मानिन्छ । धर्म, शृंगार र देशप्रेम प्राचीन नेपालभाषा काव्यका मूलभूत प्रवृत्ति हुन् ।

मल्लकालमा नाटकको पनि प्रशस्त विकास भएको पाइन्छ । स्वयं राजाहरू जगत्प्रकाश मल्ल, सिद्धिनरसिंह मल्ल, श्रीनिवासमल्ल, भूपतीन्द्र मल्ल, रणजित मल्ल, जयप्रकाश मल्ल लगायतले थुप्रै नाटक लेखेका छन् । *'कार्तिक नाच'*, *'दशअवतार नाटक'* यसै समयमा रचिएका हुन् । सिद्धिनरसिंह मल्लको *'एकादशीव्रत'* (१६३३) तथा जगतप्रकाश मल्लको *'मूलदेवशशिदेवोपाख्यान '* (१६७०) क्रमशः नेपालभाषाका पहिला एकांकी र पूर्णाकी नाटक हुन् ।

नेपालभाषा साहित्यमा मल्लकालको अन्त्यपछि र राणाकालको सुरुवातपूर्व अर्थात् सन् १७६९ देखि १८४७ सम्मका अवधिलाई उत्तर मल्लकालीन अवधि मानिन्छ । मल्लशासनको अन्त्यसँगै नेपालभाषाको सट्टा खस नेपाली भाषा तथा नेपाल लिपिको सट्टा देवनागरी लिपिलाई प्रचलनमा ल्याइयो । यस समय पनि ज्ञातअज्ञात कविले पहिलेकै परम्परामा केही स्तुति, भजन, मुक्तक तथा गीतिकथा लेखेर नेपालभाषाको साहित्यिक गतिलाई निरन्तरता दिए । सुन्दरानन्द र अमृतानन्द यस समयमा देखापरेका ज्ञात कविहरू हुन् । नाटकमा राजेन्द्र विक्रमशाहद्वारा रचित *'महासत्वपाख्यान'* तथा अमृतानन्द बन्देबाट रचित *'हनुमान नाटक'* उल्लेख्य छन् भने कथामा पहिलेजस्तै जातक अवदान पुराणमा आधारित कथाको रचना भएको पाइन्छ ।

माध्यमिक काल

नेपालभाषा साहित्यको माध्यमिक काल भन्नाले जंगबहादुरको शासनकालदेखि १९९७ सालको राजनीतिक काण्डसम्मको समयावधि पर्न आउँछ । माध्यमिक काललाई पनि पूर्वपुनर्जागरण काल र पुनर्जागरण काल गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

सन् १८४८ देखि १९०८ सम्मलाई पूर्वपुनर्जागरण काल मानिन्छ । यस समयावधिमा नेपालभाषा साहित्यको मूलधार काव्य नै रह्यो । यस अवधिमा काव्य सिर्जना गर्ने ज्ञात कविहरूमा तत्कालीन भाइभारदार नै थिए । सन् १८४७ को भयानक कोतपर्वले तत्कालीन भाइभारदारमा डर, त्रास तथा आपसी वैमनस्यता उब्जायो । दरबारमा भएका सन्त महन्तहरूको प्रभावले

उनीहरूलाई इहलोकको भन्दा परलोकको मुक्ति मोक्षतिर आशक्त बनायो। फलतः ती भाइभारदारबाट सन्त परम्पराका काव्य रचना भए। यस्ता काव्य सिर्जना गर्नेमा स्वामी अभयानन्द, हरिभक्त माथेमा, मानलाल मास्के, बखतबहादुरलगायत प्रमुख छन्।

इन्द्रजात्रा, गाईजात्राजस्ता पर्वमा, प्रहसन र नाटक देखाउने प्रचलन रहे पनि तिनलाई लिखित रूपमा राख्ने चलन नहुँदा त्यस अवधिमा लेखिएका कुनै पनि नाटक फेलापरेका छैनन्। कथा विधामा पुरानै आख्यान, अवदान, पुराणको पुनरावृत्ति भएको पाइन्छ। तत्कालीन राजनीतिक परिस्थितिका कारण यस समयमा साहित्य सिर्जनामा एक प्रकारको उदासीनता रहेको पाइन्छ।

सन् १९०९ देखि १९३९ सम्मलाई नेपालभाषा साहित्यको पुनर्जागरण काल मानिन्छ। यस समयावधिमा नेपालभाषाले प्रत्यक्ष रूपमै राज्यबाट दमन खेप्नुपरेको थियो। तत्कालीन राणा प्रधानमन्त्री चन्दशमशेरले सन् १९०६ मा नेपालभाषाको प्रयोग अड्डा–अदालतमा अमान्य गरिदिए भने पुस्तक लेखन र प्रकाशनमा पनि प्रतिबन्ध लगाए। एकातिर राज्यबाट नेपालभाषा साहित्यलाई निष्क्रिय तुल्याउने काम भयो भने अर्कोतिर तत्कालीन ग्रन्थमा चलनचल्तीको भाषाको प्रयोग नभई पुरानै भाषा र लिपि प्रयोग हुँदा जनसमुदायबाट नेपालभाषा साहित्य टाढिँदै गएको थियो। त्यही विषम परिस्थितिमा नेपालभाषाको पुनर्जागरण अभियान सुरु भयो। तत्कालीन आर्य समाज प्रचार अभियान, लाइब्रेरी पर्व, दरबार स्कुलको स्थापनाजस्ता जागरणका क्रियाकलापले नेपाल मण्डलका युवालाई निकै प्रभाव पारेका थिए। भारतमा भारतेन्दु हरिश्चन्द्रको नेतृत्वमा भएको पुनर्जागरण अभियानले पनि युवामा आफ्नो मातृभूमि तथा मातृभाषाप्रति केही गर्नुपर्छ भन्ने भावना जगायो। फलतः यस्ता जागरण अभियानबाट अभिप्रेरित युवाले मरणान्त स्थितिमा रहेको नेपालभाषालाई ब्युँताउने काम गरे। पुनर्जागरण अभियानको अग्रपंक्तिका महापुरूषहरू हुन्, निष्ठानन्द बज्राचार्य, महाकवि सिद्धिदास अमात्य, मास्टर जगतसुन्दर मल्ल, कवि योगवीर सिंह, शुक्रराज शास्त्री धर्मादित्य धर्माचार्य आदि। निष्ठानन्द बज्राचार्यले देवनागरी लिपिमा *'एकविंशति प्रज्ञापारमिता'* (सन् १९०९) ग्रन्थ मुद्रित रूपमा प्रकाशित गरी मुद्रण परम्पराको थालनी गरे। *'ललितविस्तर'* (सन् १९१४) जस्ता महायानी बौद्ध ग्रन्थ अनुवाद गरी बोलीचालीको भाषामा साहित्य रच्ने परम्पराको आरम्भ गरे। कवि सिद्धिदासले विविध विधा तथा विविध विषयका ५० भन्दा बढी पुस्तक लेखी नेपालभाषालाई संख्यात्मक तथा गुणात्मक रूपले समृद्ध गर्नमा सहयोग पुऱ्याए। आर्य समाजबाट प्रभावित योगवीर सिंहले सामाजिक, धार्मिक, आर्थिक, भाषिक सुधारका कविता लेखी समाजलाई सजग र सचेत तुल्याउने चेष्टा गरी नेपालभाषा पुनर्जागरणको शंखनाद गरे। मास्टर जगतसुन्दर मल्लले मातृभाषाको माध्यमबाट शिक्षाको शुभारम्भ हुनुपर्ने जिकिरमात्र नगरी, आफैले स्कूल खोलेर यसको प्रयोगसमेत गरे। धर्मादित्य धर्माचार्यले नेपालभाषामा *'बुद्ध धर्म'* पत्रिका प्रकाशित गरी पत्रिका परम्पराको थालनी गरे। शुक्रराज शास्त्रीले *'नेपालभाषा व्याकरण'* (सन् १९२८) लेखी नेपालभाषालाई स्तरीय बनाउने चेष्टा गरे।

पुनर्जागरण कालमा सबभन्दा बढी विकास भएको विधा काव्य हो। *सत्यसती, सज्जन हृदयाभरण, सिद्धिरामायण, योगसुधा, थुलिंचा* यस समयावधिमा रचिएका काव्य हुन्। गद्य विधातर्फ *ललित विस्तर, इसपं दय्कूगु बाखं, नेपालभाषा व्याकरण, नेपालभाषा वर्णमाला* रहेका छन्। उपदेशनीति माध्यमिक कालको मूलभूत प्रवृत्ति रहेको छ।

आधुनिक काल

सन् १९४० पछिको अवधिलाई नेपालभाषा साहित्यको आधुनिक काल मानिन्छ। यस अवधिमा नेपालभाषा साहित्यमा स्पष्ट रूपले नयाँ–नयाँ आयाम देखापरेका तथा नयाँ–नयाँ साहित्यिक विधा भित्रिएका हुनाले आधुनिक काल मानिएको हो। यस समयमा आएर नेपालभाषाका काव्य, कथा, नाटक आदिमा आधुनिक प्रवाह भित्रियो भने उपन्यास, निबन्ध, समालोचनाजस्ता नयाँ विधा पनि देखापर्न थाले। आधुनिक कालको साहित्यले पनि विभिन्न चरण पार गरेर अहिलेको अवस्थामा आइपुगेकाले यसलाई पनि विभिन्न चरणमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ।

सन् १९४० ताकाको नेपालभाषा साहित्यलाई संक्रमणकालीन साहित्यसमेत भनिन्छ। त्यसबेला राणा शासकको दमन–शोषण तीब्र हुँदै गएको थियो भने तत्कालीन युवाले राणाविरोधी गतिविधि सञ्चालन गर्न नेपाल नागरिक समिति, प्रजापरिषद्जस्ता पार्टी भूमिगत रूपमा खोलेका थिए। फत्तेबहादुर सिंहले मातृभाषामाथि भएको शोषण–दमनको पर्दाफास गर्दै भाषा–सेवामा समर्पित हुन आह्वान् गरी भूमिका लेखिएको *'नेपाली विहार'* जस्ता कवितासंग्रह प्रकाशित गरे। यसै संग्रहमा कवि सिद्धिचरणका *वर्षा, गंगु खुसी* जस्ता क्रान्तिकारी चेत भएका कविता छापिए। यस समयको मूलभूत साहित्यिक प्रवृत्ति छायावाद, स्वच्छन्दवाद रह्यो।

सन् १९४१ देखि १९४५ सम्मको अवधिलाई जेलकाल तथा निर्वासन काल मानिन्छ। तत्कालीन राणा शासकले आफ्नो शासन सत्ता बचाउन राजनीतिमा संलग्न युवालाई मात्र नभई शैक्षिक, साहित्यिक गतिविधिमा संलग्न सबै युवालाई जेल चलान गरे। यसै क्रममा कवि चित्तधर 'हृदय'लगायत *नेपाली विहार* पुस्तकका सम्पादक फत्तेबहादुर सिंह तथा उक्त संग्रहमा कविता छापिएका कवि सिद्धिचरण श्रेष्ठ, योगवीर सिंह जेलमा परे। जेलमा परेका सर्जकले आफूहरूले मात्र लेख्ने गरेनन्, राजनीतिक कारण जेलमा परेका युवालाई समेत साहित्यतिर उन्मुख गराए। फलतः कारागार नेपालभाषाको निमित्त साहित्य साधनागार बन्यो। जेलकाल नेपालभाषा काव्यको अत्यन्त उर्वर काल मानिन्छ। छायावाद, स्वच्छन्दवाद यस समयको मूलभूत काव्य

प्रवृत्ति रहेको छ ।

एकातिर साहित्यिक गतिविधिमा लागेका सर्जकलाई जेल यातना दिइयो भने अर्कोतिर किंदोल विहारमा आफ्नो मातृभाषाबाट धर्म देशना गर्ने आठ भिक्षुलाई सन् १९४४ मा देश निकाला गरियो । यी निष्काशित भिक्षुको सहयोगको निमित्त भारतको सारनाथमा धर्मोदय सभा (नेसं १०६५)को स्थापना भयो । यही संस्थामार्फत यी भिक्षुले धार्मिक पुस्तक लेख्नुका साथै धर्मोदय पत्रिका प्रकाशित गरी नेपालभाषाको आधुनिक साहित्य निमार्णमा ठूलो सहयोग पुऱ्याए ।

पूर्वप्रजातन्त्र काल (सन् १९४६-१९५०)को सबैभन्दा ठूलो उपलब्धि भनेको जेलमा रचिएका कृतिको प्रकाशन तथा नयाँ-नयाँ साहित्यिक विधाको सूत्रपात हो । चित्तधर 'हृदय'को *सुगत सौरभ,* धर्मरत्न यमीको *अर्हतनन्द* जस्ता महाकाव्यको प्रकाशन भयो । आधुनिक कथा (मोर्डन सर्ट स्टोरी)को सूत्रपात चित्तधर 'हृदय' को *'खुपु बाखंचा'*बाट भयो । आधुनिक एकांकी नाटकको सुरुवात पनि चित्तधर 'हृदय'को *'शाक्यानी'*बाट भयो । समालोचनाको शुभारम्भ रत्नध्वज जोशीको *'धर्मोदयया कहानी'* नामक लेखबाट भयो भने उनकै *'च्वयगु छाय्'* जस्ता विचारप्रधान निबन्धबाट नेपालभाषामा पनि आधुनिक निबन्धको थालनी भयो ।

प्रजातन्त्रकाल (सन् १९५१-१९६४)को खुला वातावरणले लेखकमा जाँगर र उत्साह ल्यायो । उनीहरूलाई अरू देशका साहित्यसित परिचित हुने मौका दिलायो । भाषा साहित्य उत्थानका निमित्त च्वसापासा, नेपालभाषा परिषद्, साहित्य मन्दिरलगायत संघसंस्था स्थापना भए भने *थौंकन्हे, नेपाल, पासा*जस्ता पत्रपत्रिका प्रकाशनमा आए । फलतः साहित्यमा विविधता र व्यापकता देखियो ।

काव्य विधामा स्वच्छन्दवादी धाराको स्पष्ट रूपले विकास भयो । यस धाराको नेतृत्व कवि सिद्धिचरणले गरे । हरिकृष्ण श्रेष्ठ, नारायणदेवी, दुर्गालाल, चित्तरञ्जन नेपालीजस्ता स्रष्टाले यसलाई आत्मसात् गरे । स्वच्छन्दवादी धाराको अतिरिक्त बहिर्मुखी प्रवृत्ति समष्टिगत भावना उद्बोधन गर्ने केदारमान 'व्यथित'को *छ्वास,* रेवतिरमणानन्दको *मलख* जस्ता काव्य देखापर्न थाले । धुस्वाँको *मिसा* (सन् १९५४) उपन्यासको प्रकाशनले नेपालभाषामा पनि उपन्यास विधाको पदार्पण भयो । यसै दशकमा हेमलाल जोशी, सुदर्शन श्रामणेर, सत्यमोहन जोशीले ऐतिहासिक नाटकको थालनी गरे भने ईश्वरानन्द श्रेष्ठाचार्यले इब्सनवादी नाटक लेखी नेपालभाषामा समस्यामूलक नाटकको आरम्भ गरे । गिरिजाप्रसाद जोशी, वासुशशी आदि यस विधामा कलम चलाउने अरु नाटककार हुन् ।

निबन्ध विधामा रत्नध्वजका विषयपरक निबन्धका पुस्तकबाहेक प्रेमबहादुरको *न्हूपुखू* जस्ता आत्मपरक निबन्धसंग्रह देखापरे । मोतिलक्ष्मी उपासिका, ठाकुरलाल मानन्धर, तेजेश्वर बाबु ग्वंगः, फणिन्द्ररत्न बज्राचार्य, तिलकप्रकाश कायस्थ, स्वयम्भुलाल श्रेष्ठ, कृष्णचन्द्रसिंह प्रधानआदि यस समयका प्रमुख निबन्धकार हुन् ।

समालोचनामा माधवलाल कर्माचार्य, कमलप्रकाश मल्ल, माणिकलाल श्रेष्ठ, नर्वदेश्वर प्रधान जस्ता स्रष्टाले पाश्चात्य समीक्षा पद्धति नेपालभाषा साहित्यमा भित्र्याउने काम गरे । कथामा पूर्ण पथिक, पूर्णदास श्रेष्ठ, माधवलाल कर्माचार्य, प्रकाशकुमारी, तीर्थलाल नघःभनि, आशाराम शाक्य जस्ता कथाकारका आदर्शवादी, सामाजिक, मनोवैज्ञानिक यथार्थवादका कथा देखापर्न थाले ।

पञ्चायत काल (सन् १९६५-१९९०)मा राज्यले एक देश, एक भाषाको नीति अपनाई रेडियो नेपालबाट प्रसारण हुँदै आएको नेपालभाषाको समाचार, *जीवन दबूजस्ता* कार्यक्रम हटाइदियो । पुस्तक प्रकाशन तथा साहित्य सम्मेलन जस्ता कार्यक्रमलाई रोक लगाइयो । पञ्चायती शासनको दमनको विरोधमा नेवार समुदायले टोलटोलमा साहित्य सम्मेलन गरी भाषिक आन्दोलन सुरु गरे । यस्ता साहित्य सम्मेलनले नयाँ लेखक जन्मायो । पुरानालाई परिमार्जित हुने मौका दियो । फलतः नेपालभाषा साहित्य विद्रोही साहित्य (प्रोटेस्ट लिटेरेचर)को रूपमा झन् अगाडि बढ्न थाल्यो । आक्रोश र व्यंग्य नै तत्कालीन साहित्यको मूलभूत प्रवृत्ति बन्न पुग्यो ।

आधुनिक कविता तथा प्रगतिवादी प्रवाह यसै समयमा नेपालभाषामा पनि भित्रियो । पूर्ण वैद्य, आनन्द जोशी, बुद्ध सायमि, योगेन्द्र प्रधान, श्यामसुन्दर सैंजु, रमेश मधु, सत्यभामा, नातिबज्र, नर्मदेश्वरप्रधान, भगतदास श्रेष्ठ, त्रिरत्न शाक्य आदि यस प्रवृत्तिका कवि हुन् ।

कथामा मथुराकृष्ण सायमि, हितकरवीर सिंह, हरिकृष्ण रञ्जितकार, राजा शाक्य, सुवर्ण केशरी, श्यामदास प्रजापति, भूषणप्रसाद श्रेष्ठ, मोतिलक्ष्मी शाक्य, मंगलदेवी स्थापित, रेवती राजभण्डारी जस्ता कथाकार देखापर्न थाले । सामाजिक कुरीति, सुधारका सन्देश दिने कथा मात्र नभई मनोवैज्ञानिक चेतले प्रभावित कथा पनि देखिन थाले ।

लघुकथा, विम्बात्मक कथा पनि प्रचलनमा आए । उपन्यासमा पनि धुस्वाँ सायमिका साथै धर्मरत्न यमि, ईश्वरानन्द श्रेष्ठाचार्य, जगदीश चित्रकार, रत्नबहादुर सायमि, गिरिजाप्रसाद जोशी, चिनियालाल बज्राचार्य रामशेखर नकमी जस्ता स्रष्टा अग्रसर भए । प्रवृत्तिगत रूपले यस समयमा फ्रायडवाद, प्रगतिवाद मात्र नभई, विसंगतिवाद, अस्तित्ववाद दर्शनले प्रभावित उपन्यास पनि देखापर्न थाले । नाटकमा दुर्गालाल श्रेष्ठ, विजयबहादुर मल्ल, दिनेश भुजु, राजभाइ जकःमि, पुष्पबहादुर चित्रकार, गणेशराम लाछि आदि तथा निबन्धमा पद्मरत्न, पूर्णबहादुर वैद्य, मंगलप्रसाद स्यस्यः, रमेशकाजी स्थापित, जस्ता प्रगतिवादी स्रष्टा देखापरे । बालगोपाल श्रेष्ठ, मल्ल के सुन्दर, जुही सुवाल, सौरभ शाक्य, पूर्ण ताम्राकार आदि यस विधामा हात बढाउने अरु

निबन्धकार हुन् । यस समयमा विकास भएको एक महत्त्वपूर्ण विधा हास्यव्यंग्य पनि हो । सूर्यबहादुर पिवाः, रामशेखर नकमी, पद्मरत्न तुलाधर, श्रीकृष्ण अणु, ध्रुवनारायण कायष्ठ, हृदयप्रसाद मिश्र, केशरत्न शाक्य आदि यस प्रवृत्तिका सर्जक हुन् ।

बहुदलीय व्यवस्थापछि (सन् १९९१ देखि हालसम्म) पश्चात् पनि पञ्चायत कालमा लादेको एक देश, एक भाषा नीतिमा कुनै परिवर्तन आएन । फलतः यस भाषामा पनि धेरै भाषिक विचलन देखापर्न थाल्यो । नयाँ पुस्ताले आफ्नो मातृभाषा नेपालभाषा बोल्न छाड्दै गए । यहीअनुरूप २००७ सालको प्रजातन्त्रपश्चात् नेवार समुदायमा आफ्नो भाषा साहित्य विकासका निमित्त जुन उत्साह र जोश तत्कालीन युवामा उब्जिएको थियो, त्यस्तो जोश र उत्साह पछिल्ला यी राजनीतिक परिवर्तनले उब्जाउन सकेनन् ।

बरु साइबर संस्कृतिको विकास तथा भूमण्डलीकरणको प्रभावले नेपालभाषा साहित्यको घेरालाई पहिलेभन्दा बृहत् र व्यापक बनाइदियो । यही अनुरूप उत्तरआधुनिकतावादको प्रभाव नेपालभाषा साहित्यमा यथेष्ट देखापर्न थाल्यो । फलतः नेपालभाषा साहित्य निश्चित समाजको निश्चित समस्यामा मात्र केन्द्रित नरही आजको नयाँ प्रविधि तथा परिवेशले ल्याएका समस्या जस्तै : बिदेसिने नेपालीको रेमिट्यान्सको सट्टा कफिन भित्रिने व्यथा, अनियन्त्रित बसोबासका कारण यहाँका आदिवासी आफ्नै आदि भूमिबाट विस्थापित हुनुपर्ने समस्या, आफ्नो सांस्कृतिक परम्पराबाट विचलन हुनुपर्ने आप्रवासीको पीडा, सहरीकरणको अनियन्त्रित बसोबासले काठमाडौंलाई कंक्रिटको जंगलमा परिणत हुने त्रास मात्र नभई टेस्टट्युब बेबी, सेरोगेसी, नीलहिरालगायत नयाँ-नयाँ विषय तथा समस्यालाई लिएर लेखिएका थुप्रै कविता, कथा, निबन्ध देखापर्न थाले । निबन्ध र कथा लेखनमा अन्तर विधात्मक सिद्धान्तको प्रयोग देखापर्न थाल्यो भने उपन्यासमा बहुनायकलाई समावेश गर्ने काम केदार सितुले *स्वम्हम मनू* उपन्यासमा गरे । मल्ल के सुन्दरले *'व लँपु थ्व पलाः'* नामक उपन्यास लेखी बौद्ध दर्शन तथा मार्क्सवादी दर्शनजस्ता दुई विपरीत ध्रुवीय दर्शनलाई समन्वय गरेर देखाउने चेष्टा गरे । नेपालभाषामा पनि जासुसी उपन्यास भित्र्याउने काम राज सायमि जस्ता स्रष्टाबाट भए भने कथा विधामा सुलोचना मानन्धर, सरस्वती तुलाधर, लोचनतारा, रीना बनिया, शरद कसाः नारद बज्राचार्य, मनदेवि तन्दुकार, आदि जस्ता स्रष्टा देखापरे । एक भाषा, एक जाति, एक संस्कृति, एक धर्मले नकिच्नु सबै जाति, सबै भाषा, सबै संस्कृतिलाई उठ्न दिनू भन्ने बहुलवादी समावेशी तथा पहिचानको स्वर प्रत्येकजसो स्रष्टाको रचनामा घन्किन थाल्यो । यस्ता स्वर विशेषतः ०६२ सालको राजनीतिक परिवर्तनपछि अझ बुलन्द भएको छ भने विशेषतः काव्यमा उठ्ने गरेका छन् ।

श्रीराम श्रेष्ठ, सुधीर ख्वबि, नवीन चित्रकार, सुदन खुसः, मोहन दुवाल, नारद बज्राचार्य, सुरेश किरण, शाक्य सुरेन, राजभाइ जकःमि, प्रतिसरा सायमि, माधव मूल, पुष्पराज राजकर्णिकार, केशवमान शाक्य, वसन्त महर्जन, रजनी मिला, ईश्वरी मैयाँ, सुरेन्द्र तुलाधर, रामेश्वर जलन, अगिव बनेपाली आदि यस्ता स्वरका हिमायती कवि हुन् ।

निबन्धतर्फ यस समयमा आएर विशेषगरी नियात्रा बढी देखिन थाले । आर मानन्धर, लक्ष्मण राजवंशी, विमल प्रभा, सुलोचना मानन्धर, पुष्पराज राजकर्णिकार, घनश्याम राजकर्णिकार आदि यस प्रवृत्तिका निबन्धकार हुन् । पहिलेभन्दा यस समयमा नारी स्रष्टा पनि बढी देखापर्न थाले । उनीहरूले पनि आफ्नो कथा, कवितामार्फत पुरुषको दासता र अधिनायकताको विरोधमा नारी मुक्ति, नारी अस्मिता र नारी सशक्तीकरणका निमित्त स्वर बुलन्द पारेका छन् ।

अढाई वर्षअघिको महाभूकम्प तथा त्यसको केही महिनापछि भारतबाट भएको नाकाबन्दीले नेपाली जनतामा जुन त्रासदपूर्ण विपद ल्याएको थियो त्यस्ता अभिघातलाई बोध गराउने थुप्रै कविता, कथा, निबन्ध नेपालभाषामा पनि सिर्जना भए ।

बालसाहित्य क्षेत्रमा पनि शान्तदास मानन्धर, राजभाइ जकअमि, मीना बज्राचार्य, जलेश्वरी श्रेष्ठजस्ता स्रष्टाले अग्रसरता देखाए । उपन्यास र नाटक विधामा पुरुष लेखकको मात्र आधिपत्य रहेकामा शशिकला मानन्धर, अपर्णा प्रधान, प्रकाशकुमारीजस्ता नारी सर्जकले महिलाको उपस्थिति सशक्त रूपले देखाएका छन् । ज्ञानकाजी मानन्धरले प्राचीन आख्यान पुराणलाई नाटकका रूपमा उजागर गर्ने काम गरे । काव्यमा गजल, हाइकुलगायतको संख्यात्मक तथा गुणात्मक वृद्धि भएको छ । भूषणप्रसाद श्रेष्ठ गजल विधाका उलेख्य नाम हो । हाल लघुकथा लघुउपन्यासमा स्रष्टाको ध्यान बढी गएको छ । मथुराकृष्ण सायमिको चार भागसम्म प्रकाशित *माकुगु विष* लघु उपन्यास तथा गोविन्द श्रेष्ठ, विमल ताम्रकार, कृष्णभक्त बोदेका लघुकथा यसका उदाहरण हुन् । त्यस्तै साहित्यबाहेक नेवार समुदायका भाषा-धर्म, संस्कृति तथा कलासम्बन्धी सोच र खोजमूलक कृति पनि धेरै देखापर्न थाले भने नेपालभाषा साहित्यको इतिहास लेख्ने प्रयास पनि यसै कालमा भएको छ ।

आधुनिक कालमा आएर नेपालभाषा साहित्यमा नयाँ प्रयोग भित्रिनुका साथै नयाँ विधा र विषयले स्थान पाएका छन् । नेपालभाषामा एउटै विधामा प्रतिबद्ध भई कलम चलाउनेभन्दा सबै विधामा हात बढाउने स्रष्टा नै बढी छन् ।

(२०७४ भाद्र ३१ गते पाटनमा सम्पन्न प्रथम नेपालभाषा साहित्य सम्मेलनका क्रममा प्राध्यापक तथा नेपालभाषा साहित्यको इतिहास लेखिका तुलाधरले दिएको मन्तव्यको सम्पादित रूप ।)

(यसमा पूर्णता नभए पनि अध्येताहरूकालागि जानकारीमूलक हुने आशाले नागरिक (२०७४ असोज ७) बाट साभार -'भक्तपुर')

भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

मिति २०७६ पुस ११ गते शुक्रबार

उपस्थिति

१. प्रमुख श्री सुनिल प्रजापति	उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी	ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री	ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला	ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा	ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल	ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य	ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल	ऐ
९. वडाध्यक्ष श्री उकेश कवां	ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली	ऐ
११. वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व	ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा	ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल	ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)	ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)	ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला	ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल	ऐ
१८. सदस्य सचिव श्री दिपक कोइराला	ऐ

निर्णयहरू

नेपाल भ्रमण वर्ष

नेपाल भ्रमण वर्ष २०२० भव्यताका साथ सम्पन्न गर्न यस नगरपालिकाको आयोजनामा यही २०७६ पुष १५ गते (December 31, 2019) सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा र २०७६ पुष १६ गते (January 1, 2020) भ्रमण वर्ष शुभारम्भसहित स्वागत, प्रभातफेरी तथा सांस्कृतिक कार्यक्रम गर्ने निर्णय गरियो ।

जग्गाको दररेट

२. भक्तपुर नगरपालिकाद्वारा संचालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना क्षेत्रका जग्गाहरूको २०७६।०७७ का लागि मूल्यांकन दररेट समायोजनसम्बन्धी तुमचो दुगुरे चोखा जग्गा एकीकरण सहयोग समितिको सिफारिस बमोजिम नयाँ दररेट कायम गर्ने निर्णय गरियो :

आ.व. २०७६/०७७ का लागि निर्धारित जग्गा मूल्यांकन दररेट **(पृष्ठ २९ र ३० मा)**

शैक्षिक ऋण

यस भक्तपुर नगरपालिकाद्वारा आ.व. २०७६/०७७ का लागि उच्च शिक्षा अध्ययनका लागि शैक्षिक ऋण प्रदान गर्न सार्वजनिक सूचना प्रकाशित भए अनुसार निर्धारित समयावधिमा आवेदन दिएका नगरवासी विद्यार्थीहरूलाई यही २०७६ पुष १० र ११ गते नगरपालिका भवनमा अन्तरवार्ता लिएको आधारमा निजहरूलाई शैक्षिक ऋण प्रदान गर्ने निर्णय गरियो :

शैक्षिक ऋण प्राप्त गर्नका लागि छनौट गरिएका योग्य उम्मेदवार विद्यार्थीहरूको नामावली

क्र.सं.	नाम	वडा नं.	अध्ययनको विषय
१	जुहेल फाँजु	१	बि.ई. कम्प्युटर
२	अर्पना कोजु	१	स्नात्तकोत्तर
३	रवि शिल्पकार	१	आर्किटेक्चर इन्जिनियरिङ्ग
४	जीना राजलवत	१	बी.बी.ए.
५	रोमन शिल्पकार	१	कम्प्युटर इन्जिनियर
६	मुनु कोजु	२	BPT
७	एलिशा कोजु	२	ब्याचलर इन नर्सिङ्ग साइन्स
८	रबिना सुवाल	२	बी.एन.नर्सिङ्ग
९	आशिस खर्बुजा	२	एम.बी.बी.एस.
१०	अक्रिल बखाद्यो	२	बी.आई.टी. HONS
११	श्रेयस्का सुवाल	२	आर्किटेक्चर
१२	रादिल कोजु	२	सी.एस.आइं.टी.
१३	शीला दुवाल	२	Bachelors in civil Eng
१४	अनिस सुलु	२	सिभिल इन्जिनियरिङ्ग
१५	रसिक बासुकला	२	सिभिल इन्जिनियरिङ्ग
१६	मोनिका शिल्पकार	२	फार्मेसी
१७	विक्रम वैद्य	२	सिभिल इन्जिनियरिङ्ग
१८	सतिस प्रजापति	२	बी.एस.सी.आई.टी.
१९	मनिषा बासुकला	२	बी.आई.टी.
२०	रुवि धुख्वा	३	B.V.Se & AH
२१	अनुषा बज्राचार्य	३	कम्प्युटर इन्जिनियरिङ्ग
२२	सुमन वैद्य	३	बी.बी.एस.
२३	पुजन चगुठी	३	सिभिल इन्जिनियरिङ्ग
२४	ऐन्जल भूजू	३	एम.एफ.सी.
२५	विक्रम सैंजु	३	सिभिल इन्जिनियरिङ्ग
२६	निश्चल शिलाकार	३	Bsc Mit, Radiology
२७	सरु बखुन्छें	३	बी.बी.ए.
२८	प्रिया चौगुठी	३	सिभिल इन्जिनियरिङ्ग
२९	आयुष्मा श्रेष्ठ	३	पि.बी.बी.एन.
३०	विजेश्ना जोशी	४	बी.बी.एम.
३१	सुन्दर तमखु	४	कम्प्युटर इन्जिनियरिङ्ग
३२	राजेन्द्र शिल्पकार	४	M.D.
३३	विवेक त्वाती	४	बी.एस.सी. CSIT
३४	प्रज्ञा दुवाल	४	कानून स्नातक तह
३५	जेनिश त्वायना	४	कम्प्युटर इन्जिनियरिङ्ग
३६	प्रतिमा प्रजापति	४	बी.एस.सी. नर्सिङ्ग
३७	रोजिना सुवाल	४	सिभिल इन्जिनियरिङ्ग
३८	रुबिना नागाजु	४	सिभिल इन्जिनियरिङ्ग
३९	लुनिभा त्वायना	४	स्नातक तह
४०	सन्दिप फसिकव	५	सिभिल इन्जिनियरिङ्ग
४१	रोनिश माक	५	बी.ए.एल.एल.बी.
४२	रोशिक जधारी	५	संगीत

४३	सुबिना न्हुछे	५	आर्किटेक्ट इन्जिनियरिङ्ग
४४	निया कयटी	६	सिभिल इन्जिनियरिङ्ग
४५	अनिता सुवाल	६	स्नातक तह नर्सिङ्ग
४६	जोनरिड खोतेजा	६	बी.टी.टी.एम
४७	दिपज्योति दिस्ती	६	सिभिल इन्जिनियरिङ्ग
४८	रबिना कयटी	६	नर्सिङ्ग स्नातक
४९	प्रविन त्वाना	६	सिभिल इन्जिनियरिङ्ग
५०	अनु त्यात	६	इन्जिनियरिङ्ग
५१	कृषा सुवाल	६	Bachelor of Dental Surgery
५२	निरोज कुम्पाख	६	रेडियोग्राफी
५३	रोहण कजु	६	कम्प्युटर इन्जिनियरिङ्ग
५४	रकी सुवाल	६	कम्प्युटर इन्जिनियरिङ्ग
५५	रितु दुवाल	६	इन्टेरियर डिजाइन
५६	मनिता तचामो	६	बी.डी.एस.
५७	विमल कुम्पाख	६	BCIS
५८	विकेश कोण्डा	६	बी.बी.एस.
५९	प्रज्वल गोसाई	७	इलेक्ट्रिकल इन्जिनियरिङ्ग
६०	कृष्णराम साख	७	सिभिल इन्जिनियरिङ्ग
६१	सुस्मिता तचामो	७	बी.एस.सी नर्सिङ्ग
६२	रुकेश धोजु	७	सिभिल इन्जिनियरिङ्ग
६३	सुजन रंजितकार	७	बी.एच.एम.
६४	राज तचामो	७	एम.बी.बी.एस.
६५	दिनेश गोसाई	७	बी.डी.एस.
६६	नम्रता माकजु	७	एम.बी.बी.एस.
६७	सुवास दुवाल	७	Environmental Engineering
६८	अञ्जु किसी	८	इन्जिनियर डिजाइन
६९	किरण गोसाई	८	स्नातकोत्तर तह
७०	मनिसा खायमली	८	होटल व्यवसाय
७१	श्रीजल सांयजु	८	एन्थोम्यूजिकोलोजी
७२	अनिस खायमली	८	
७३	अन्जन प्रजापति	९	कम्प्युटर इन्जिनियरिङ्ग
७४	मनिषा ह्योंगोजु	९	बी.एण्ड नर्सिङ्ग
७५	लुनिभा प्रजापति	९	कम्प्युटर इन्जिनियरिङ्ग
७६	रामकुमारी प्रजापति	९	एम.फिल.नेपाली
७७	रन्जना ज्याख्व	९	Charterd Accountant (CA)
७८	विनय गोसाई	९	बी.बी.एस.
७९	इन्दिरा कासिछ्वा	९	कम्प्युटर इन्जिनियरिङ्ग
८०	प्रविण नखेतुरु	९	वि.एस.सी.सी. एस.आई.टी.
८१	अनिशा श्रेष्ठ	९	बि.एन.नर्सिङ्ग
८२	अरुण प्रजापति	९	कम्प्युटर इन्जिनियर
८३	प्रविण चोलेख्व	९	बी.एस.सी.आईटी
८४	आकृति श्रेष्ठ	१०	बी. फार्मेसी
८५	आभाष गणेश	१०	बी.सी.ए.
८६	ईशा मुस्याख्व	१०	बी.आर्क
८७	आशिष विक्रम दुवाल	१०	बी.ई.सिभिल इन्जिनियरिङ्ग
८८	मुकेश मुस्याख्व	१०	BIT
८९	राजिव सुवाल	१०	Mountaineering
९०	राम सिमाछ्वा	१०	कम्प्युटर इन्जिनियरिङ्ग
९१	प्रनिस सुवाल	१०	सिभिल इन्जिनियरिङ्ग

समितिका निर्णयहरू अनुमोदन

विभिन्न समितिको निम्न निर्णयहरू अनुमोदन गरियो:

विपद व्यवस्थापन समिति

मिति २०७६।६।१६ गते

१. विपद व्यवस्थापन न्यूनिकरणको लागि भक्तपुर नगरपालिका वडा नं. १, २, ३, ६, ७ र १० को लागि ४ वटा डुंगा र न्याफ्टिङ्ग १ (एक) थान खरिद गर्ने निर्णय गरियो ।

निर्माण समिति

मिति : २०७६।०९।०८

	उपभोक्ता समिति अनुमोदन								
१	सडक बत्ती जडान कार्य	२	उ.स.अ.:रीतामैया सुवाल	उ.स.स. :रत्नकाजी नायोभारी					
२	सडक बत्ती जडान कार्य	५	उ.स.अ. :गोविन्द तमखु	उ.स.स. : बलराम न्हिसुतु					
३	सडक बत्ती जडान कार्य	७	उ.स.अ.:रामचन्द्र दुमरू	उ.स.स. : हरिरत्न गोर्खाली					
४	सडक बत्ती जडान कार्य	६	उ.स.अ.:बाबुकाजी खर्बुजा	उ.स.स. : सीतादेवी नेपाली					
५	भार्वाचो तंचादेखि महालक्ष्मी पाटीसम्मको बाटोमा ईंटा छपाइ कार्य	१	उ.स.अ.: बलराम पांती	उ.स.स. : श्यामकृष्ण खत्री					
६	नित्यनाथ नासद्यो मर्मत तथा पुन: निर्माण कार्य	१०	उ.स.अ. :सरोज सुवाल	उ.स.स.: जितेन्द्र मुनंकर्मी					
७	क्वाठण्डौ पोखरीको दक्षिणतर्फ बाटोमा ईंटा छपाइ कार्य	१०	उ.स.अ.:कृष्णगोपाल लवजू	उ.स.स. : ज्ञान कुमार मगजू					
	पेश्की फछ्र्यौट सम्बन्धमा								
१	जि.प्र.का हुँदै दरबार क्षेत्र जाने उकालो बाटो दायाँबायाँ पेटी निर्माण कार्य	२	२,८७८,८३५।४०		१,३९३,८४२।२७	१,३३२,४३६।५	९००,०००।००	४७७,८९०।९४	नपा	रू. ४५,४५५।०० पे.फ. भई कार्य सम्पन्न भइसकेको
	भुक्तानी सम्बन्धमा								
१	ब्रम्हायणी बहु उद्देश्यीय भवनको fourth Floor मा दाची अप्पा, Plaster	९	शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडिङ्ग प्रा.लि. लाई		७४१,४५८।५२			५२९,७५७।४७		
	अन्य								
	विपद व्यवस्थापन अन्तर्गतको कार्यक्रमहरूमध्ये मिति २०७६/०९/०१ मा स्वीकृत ल.ई. अनुसार विद्यार्थी निकेतन माविलाई रू. १ लाख र शारदा माविलाई रू. १ लाख निकासा दिने निर्णय गरियो ।								

विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. यस नगरपालिकाको पुरानो नगर क्षेत्रमा ट्रिपर लगायत भारी सवारी साधन निषेध, मिनी ट्रकलगायतका मझौला गाडीहरू साँझदेखि विहानसम्म निश्चित समयावधिमा मात्र पुरानो नगर क्षेत्रमा **प्रवेश अनुमति** दिने तथा नगरको नयाँ एवं पुरानो बस्तीमा ट्राफिक व्यवस्थापन गर्ने विषयमा सम्बन्धित सरोकारवाला पक्षहरूबीच छलफल गरी सोही बमोजिम निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख. यस नगरपालिकाका जनप्रतिनिधिहरूका लागि पोशाक सुविधाको लागि आ.व.२०७६/०७७ को बजेटमा व्यवस्था गरे बमोजिम यस नगरपालिकाको आयोजनमा यही २०७६ चैत्र ४ देखि ८ गतेसम्म हुने भक्तपुर महोत्सवको पूर्व सन्ध्यामा सबै जनप्रतिनिधिहरूलाई नियमानुसार **पोशाकको बन्दोबस्त** गर्ने निर्णय गरियो ।

ग. यस नपाका कार्यपालिका सदस्य रोशनमैया सुवालले नपाको आयोजनामा मिति २०७६ मंसिर ७ गते सम्पन्न अपाङ्गता भएका व्यक्तिहरूको लागि नाक, कान तथा घाँटी, हाडजोर्नी, जनरल फिजिसियन र आँखाको स्वास्थ्य शिविर तथा अपाङ्गता भएका व्यक्तिहरूको बेसबल र दौड खेलकुद प्रतियोगिताको लागि लिएको रु.३,००,०००। पेश्की लिएकोमा रु.३,६८,२२७।- खर्च भएको बिल भर्पाइ पेश भएको समर्थन गरी नपुग रकम रु.६८,२२७।- **भुक्तानी** गरीएको बैठकबाट अनुमोदन गरियो ।

घ. नपाका विभिन्न समयमा खाजा उपलब्ध गराएवापत भ:छे खाजा घरलाई रु.१४,०६०।- दिव्य स्वीटसलाई रु. २८,१५६।-, र ब्रदर्श क्याफेलाई रु.३७,९७०।- **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. वडा नं २ का वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलाले **बृद्ध भत्ताको** पहिलो किस्ता वितरण गर्न रु.६९,४५,६००।- लिई रु.६७,०५,६००।- वितरण गरी बाँकी रु.२,४०,०००।- बैंक दाखिला गरेको बैंठकमा जानकारी गराइयो ।

च. नपाको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमको जलपान खर्च रु.६९,८३४।- सहकारीका व्यवस्थापकहरूको दुई दिने तालिमको जलपान खर्च रु.३०,३८४।-, र नेपाली सेनालाई मायाको चिनो वितरण गर्ने कार्यक्रमको जलपान खर्च रु.१४४६।- गरी जम्मा रु.१,०१,५६४।- सूर्यविनायक भेनुलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ. भक्तपुर नपाको स्थापना दिवसको अवसरमा आयोजित खेलकुद कार्यक्रममा आवश्यक मेच उपलब्ध गराए वापत रु.२,६५०।- भक्तपुर टेन्ट हाउसलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज. निवेदक बालकृष्ण सुवालको भ.न.पा. साविक वडा नं. १२ बाट हाल कायम भ.न.पा.वडा नं. ४ स्थित कि.नं. १६०४ क्षे.फ. ०-४-०-२ भएको जग्गामा ९"X१२" पिलर साइजमा दुई तला नक्सा पास गरेकोमा हाल थप दुई तला निर्माण कार्य गर्न तला थप नक्सा पेश भएको सम्बन्धमा साविक पास नक्सामा पूर्वबाटोतर्फ क्यान्टिलेभर राखी पास भएकोमा हाल तला थप नक्सामा समेत सोही अनुसार क्यान्टिलभर राखी नक्सा पेश भएको सम्बन्धमा फिल्ड निरीक्षण गर्दा साविक मापदण्डमा १.० मी. सम्म क्यान्टिलेभर राख्न पाउने व्यवस्थाअनुसार पहिलो तलामा क्यान्टिलेभर राखी नक्सा पास भई निर्माणसमेत भइसकेको हुँदा हाल तला थप नक्सा पेश भएको हुँदा साविक मापदण्डअनुसार नै क्यान्टिलेभर दिई पेश नक्साअनुसार जम्मा चार तला, तला थप नक्सा पास स्वीकृति दिन निर्माण समितिबाट सिफारिस भई आएअनुसार **स्वीकृति** दिने निर्णय गरियो ।

मिति २०७६ पुस १३ गते आइतबार

निर्णयहरू

भ्रमण वर्ष

नेपाल भ्रमण वर्ष २०२० लाई भव्यताकासाथ सम्पन्न गर्न यस भक्तपुर नगरपालिका पर्यटन प्रवर्द्धनसम्बन्धी नीतिगत निर्णय र आवश्यक समन्वय गर्न नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा ४३ सदस्यीय नेपाल भ्रमण वर्ष २०२० भक्तपुर नगरपालिका सहजीकरण समिति गठन गर्ने निर्णय गरियो :

तपसिल

क्र.सं.	नाम थर	पद
१	भक्तपुर नगरपालिका प्रमुख श्री सुनिल प्रजापति	अध्यक्ष
२	भक्तपुर नगरपालिका उपप्रमुख श्री रजनी जोशी	सदस्य
३	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं १ श्री श्यामकृष्ण खत्री	सदस्य
४	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं २ श्री हरिप्रसाद बासुकला	सदस्य
५	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं ३ श्री राजकृष्ण गोरा	सदस्य
६	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं ४ श्री कुमार चवाल	सदस्य
७	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं ५ श्री प्रेमगोपाल कर्माचार्य	सदस्य
८	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं ६ श्री हरिराम सुवाल	सदस्य

९	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं ७ श्री उकेश कवां	सदस्य
१०	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं ८ श्री महेन्द्र खायमली	सदस्य
११	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं ९ श्री रविन्द्र ज्याख्व	सदस्य
१२	वडाध्यक्ष भक्तपुर नगरपालिका वडा नं १० श्री लक्ष्मीप्रसाद ह्यौमिखा	सदस्य
१३	नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल	सदस्य
१४	नगर कार्यपालिका सदस्य श्री सुनिता अवाल	सदस्य
१५	नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु	सदस्य
१६	नगर कार्यपालिका सदस्य श्री सरिना द्योला	सदस्य
१७	नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल	सदस्य
१८	प्रमुख प्रशासकीय अधिकृत श्री दीपक कोइराला	सदस्य सचिव
१९	प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, भक्तपुर	सदस्य
२०	प्रहरी उपरीक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर,भक्तपुर	सदस्य
२१	गणपति श्री शिवप्रसाद पौडेल, वीरदल गण सुर्यविनायक व्यारेक	सदस्य
२२	प्रहरी उपरीक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल भक्तपुर	सदस्य
२३	कार्यालय प्रमुख श्री सरस्वती सिंह, राष्ट्रिय कला सङ्ग्राहलय एवं स्मारक संरक्षण तथा दरबार हेरचाह कायालय	सदस्य
२४	अध्यक्ष श्री रामप्रसाद प्रजापति, भक्तपुर उद्योग वाणिज्य संघ	सदस्य
२५	कार्यालय प्रमुख श्री आनन्दप्रसाद कर्माचार्य,गुठी संस्थान, भक्तपुर	सदस्य
२६	कार्यालय प्रमुख श्री राजकुमार रमण, नेपाल विद्युत प्राधिकरण, भक्तपुर	सदस्य
२७	कार्यालय प्रमुख श्री मोहन सिं लामा, स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय	सदस्य
२८	प्रमुख श्री गौतमप्रसाद लासिवा, पर्यटक सेवा तथा सूचना केन्द्र,भक्तपुर नपा	सदस्य
२९	अध्यक्ष श्री रामसुन्दर भेले, भक्तपुर पर्यटन विकास समिति	सदस्य
३०	पर्यटक प्रहरी प्रमुख श्री रश्मिला पहिजु, भक्तपुर	सदस्य
३१	अध्यक्ष श्री विश्वराम दुवाल, मुद्रण व्यवसायी संघ भक्तपुर/ भक्तपुर साना तथा मझौला व्यवासी संघ	सदस्य
३२	अध्यक्ष श्री मनोजकुमार थापा, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा भक्तपुर	सदस्य
३३	अध्यक्ष श्री पुष्कर बुढाथोकी, पत्रकार महासंघ भक्तपुर	सदस्य
३४	अध्यक्ष श्री बीरेन्द्र जति, भक्तपुर घरेलु तथा साना उद्योग संघ	सदस्य
३५	अध्यक्ष श्री रवीन्द्र श्रेष्ठ, भक्तपुर पर्यटन सद्भाव संघ	सदस्य
३६	अध्यक्ष श्री तुल्सीराम धुख्वा, भक्तपुर कुखुरा पालक व्यवसायी संघ	सदस्य
३७	अध्यक्ष श्री सत्यराम सुवाल, भक्तपुर होटल व्यवसायी संघ	सदस्य
३८	संयोजक श्री दिपेशराज शर्मा, भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समिति	सदस्य
३९	शाखा प्रमुख श्री दामोदर सुवाल, भनपा प्रशासन शाखा	सदस्य
४०	शाखा प्रमुख श्री राम सुन्दर सुजखु, भनपा लेखा शाखा	सदस्य
४१	शाखा प्रमुख श्री रामगोविन्द श्रेष्ठ, भनपा योजना तथा सम्पदा शाखा	सदस्य
४२	शाखा प्रमुख श्री दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन शाखा	सदस्य
४३	शाखा प्रमुख श्री रोशना न्याईच्याई, भनपा जिन्सी शाखा	सदस्य

पदयात्रा र सभा

क. नेपाल भ्रमण वर्ष २०२० को पूर्वसन्ध्यामा यस नगरपालिकाको आयोजनामा यही २०७६ पुष १५ गते दिनको ३:३० बजे भक्तपुर दरबार क्षेत्रबाट शुरु हुने सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा कार्यक्रममा अतिथिहरू आमन्त्रण गरी सभा गर्ने ।

ख. यस नगरपालिकाको आयोजनामा नेपाल भ्रमण वर्ष २०२० को पूर्वसन्ध्यामा यही २०७६ पुष १५ गते हुने सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा र नेपाल भ्रमण वर्षको शुरुवाती दिन २०७६ पुष १६ गते हुने प्रभातफेरी कार्यक्रम एवं भक्तपुर महोत्सव – २०७६ बारे जानकारी दिन पुस १४ गते पत्रकार भेटघाट आयोजना गर्ने निर्णय गरियो ।

विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. यस नगरपालिका वडा नं. ६ स्थित देकोचामा अरनिको सभाभवन निर्माणसम्बन्धी विस्तृत नक्सा डिजाइन र लगत इष्टिमेट नेपाल सरकार शहरी विकास तथा भवन विभागमा पत्राचार गरी बजेट व्यवस्थापन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

ख. यही २०७६ माघ २ गते २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको मूल समारोह भक्तपुर दरबार क्षेत्रमा आयोजना गर्ने गृह मन्त्रालयबाट निर्णय भएअनुसार नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा व्यवस्थापन उपसमिति गठन गर्ने

निर्णय गरियो ।

मूल समारोहको कार्यक्रम २०७६ माघ २ गते, विहीबार, भक्तपुर दरबार क्षेत्रमा गर्ने ।

सचेतना न्याली सरस्वती विद्यागृहको चउर, कमलविनायक र भाज्या पुखुमा जम्मा भई दरबार क्षेत्रमा पुग्ने ।

भक्तपुर महोत्सवको "लोगो"

यस नगरपालिकाको आयोजनामा यही २०७६ चैत्र ४ गतेदेखि ८ गतेसम्म हुने भक्तपुर महोत्सव – २०७६ को औपचारिक 'लोगो' देहाय बमोजिम गर्ने निर्णय गरियो । पारित गरिएको लोगो–

मिति २०७६ पुस २८ गते सोमबार

निर्णयहरू

योजना छनौट

समपूरक र विशेष अनुदान सम्बन्धी निम्न योजना छनौट गरी संघ सरकार र प्रदेश सरकारमा पठाउने निर्णय गरियो :

निर्णय नं. क

आगामी आ.व. २०७७/७८ का लागि राष्ट्रिय योजना आयोग र नपाको संयुक्त लगानीमा समपुरक बजेट अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमका स्वीकृत योजनाहरू पठाउने निर्णय गरियो ।

तपसिल

क्र.सं.	योजनाको नाम	वडा नं.	स्वीकृत ल.ईं रकम
१	ख्वप अस्पताल भवन निर्माण कार्य	९	९,८४,५३,८४४।३१
२	आधुनिक प्रविधि उपयोग गरी फोहोर मैला व्यवस्थापन निर्माण कार्य	८	९,३२,१५,३२९।११
३	आदर्श आजाद माध्यमिक विद्यालय भवन निर्माण कार्य	७	९,६९,४३,२३०।५६
	जम्मा		२८,८६,१२,४०३।९८
अक्षरूपी :अठ्ठाइस करोड छ्यासी लाख बाह्र हजार चार सय तीन रूपैया अन्ठानब्बे पैसा ।			

निर्णय नं. ख

आगामी आ.व. २०७७/७८ का लागि राष्ट्रिय योजना आयोग र नपाको संयुक्त लगानीमा विशेष बजेट अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमका स्वीकृत योजनाहरू पठाउने निर्णय गरियो:

तपसिल

क्र.सं.	योजनाको नाम	वडा नं.	स्वीकृत ल.ईं रकम
१	लिवाली क्षेत्रमा पीच कार्य (दोस्रो चरण)	८	४,९७,६८,६३८।०८
२	कमलविनायक क्षेत्रमा पीच कार्य (दोस्रो चरण)	१०	४,१७,९१,५८५।९५
३	च्याम्हासिंहदेखि चोकन्तिलासम्म पीच चौडा गर्ने कार्य	९	४,४३,५३,४७७।२१
	जम्मा		१३,५९,१३,७०१।२४
अक्षरूपी : तेह्र करोड उनान्साठ्ठी लाख तेह्र हजार सात सय एक रूपैयां चौबिस पैसा ।			

निर्णय नं. ग

आगामी आ.व २०७७/७८ का लागि प्रदेशन नं. ३ सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय र नपाको संयुक्त लगानीमा समपूरक बजेट अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमका स्वीकृत योजनाहरू पठाउने निर्णय गरियो :

तपसिल

क्र.सं.	योजनाको नाम	वडा नं.	स्वीकृत लागत रु.
१	बाराही पुल निर्माण कार्य (दोस्रो चरण)	३	१,९९,५६,२४४।३१
२	गय:भिंचो पुल हुँदै आदर्श बस स्टपसम्म पीच कार्य (दोस्रो चरण)	७	१,९९,७०,८०५।८२
३	भार्वाचो बस पार्कमा ढलान तथा इन्टरलकिङ ब्लक छाप्ने कार्य	१	१,९९,०४,१२८।८५
	जम्मा		५,९८,३१,१७८।९८
अक्षरूपी : पाँच करोड अन्ठानब्बे लाख एकतीस हजार एक सय अठ्ठार रूपैयाँ अन्ठानब्बे पैसा ।			

निर्णय नं. घ

आगामी आ.व २०७७/७८ का लागि प्रदेशन नं. ३ सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय र नपाको संयुक्त लगानीमा विशेष बजेट अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमका स्वीकृत योजनाहरू पठाउने निर्णय गरियो :

तपसिल

क्र.सं.	योजनाको नाम	वडा नं.	स्वीकृतलागत रु.
१	पार्किङ स्थल निर्माण कार्य (भेलुखेल)	५	१,०७,१०,५६०।६७
२	काल्हाचादेखि चम्पकेश्वर हुँदै भुलाँचासम्म बाटो पीच कार्य	४	९२,६८,२०९।१६
३	पाइप लाइन बाटो ब्लक छाप्ने कार्य	१०	१,६८,५३,७९४।६४
	जम्मा		३,६८,३२,५६४।४७
अक्षरुपी : तीन करोड अठसठ्ठी लाख बत्तीस हजार पाँच सय चौसठ्ठी रुपैयाँ सत्चालिस पैसा ।			

निर्णय नं. ङ

आ.व २०७६/७७ का लागि प्रदेशन नं. ३ सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय र नपाको संयुक्त लगानीमा समपूरक बजेट अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमका स्वीकृत योजनाहरूको बोलपत्र आह्वानका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो :

तपसिल

क्र.सं.	योजनाको नाम	वडा नं.	स्वीकृत लागत रु.
१	बाराही पुल पुन:निर्माण कार्य	३	१,९९,९७,८०७।००
२	गय:भिन्द्यो हुँदै आदर्श बस स्टपसम्म पीच कार्य	७	१,९९,९१,४१७।४१

निर्णय नं. च

आ.व २०७६/७७ का लागि राष्ट्रिय योजना आयोग र नपाको संयुक्त लगानीमा समपूरक बजेट अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमका स्वीकृत योजनाहरूको बोलपत्र आह्वानका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो :

तपसिल

क्र.सं.	योजनाको नाम	वडा नं.	स्वीकृत लागत रु.
१	राम मन्दिर पुल पुन:निर्माण कार्य	४	५,७१,३८,४५९।८३
२	ढाला खुसी पुल पुन:निर्माण कार्य	१	५,७१,३८,४५९।८३

निर्णय नं. छ

आ.व २०७६/७७ का लागि राष्ट्रिय योजना आयोग र नपाको संयुक्त लगानीमा विशेष बजेट अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमका स्वीकृत योजनाहरूको बोलपत्र आह्वानका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो :

तपसिल

क्र.सं.	योजनाको नाम	स्वीकृत ल.ई.
१	लिबाली रिटेनिङ्ग वाल निर्माण कार्य	२,१७,८८,०३७।२७
२	शहीद स्मृति खेल मैदान भवन निर्माण कार्य	६,३२,७७,०६०।४१
३	कमलविनायक बाल उद्यान निर्माण कार्य	९१,१६,६०३।७२
४	देगमनादेखि बाराही पुलसम्म ढुङ्गा छपाइ कार्य	१,११,५६,१८९।९१
५	सोलार बत्ती तथा सोलार ब्याक अप सिस्टम निर्माण कार्य	१,४९,४८,८५९।९०

निर्णय नं. ज

आ.व २०७६/७७ का लागि प्रदेशन नं. ३ सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत सांसद कोष बजेट अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमका स्वीकृत योजनाहरूको बोलपत्र आह्वानका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो :

तपसिल

क्र.सं.	योजनाको नाम	ल.ई.
१	दोका फल्चादेखि बाराही पीठसम्म ढुङ्गा छपाइ कार्य	६६,४४,६२३।१०
२	राम मन्दिरदेखि तालाक्वसम्म ढुङ्गा छपाइ कार्य	४९,६७,१५९।१०
३	साकोठादेखि लायकुसम्म ढुङ्गा छपाइ कार्य	४३,८०,१८२,६२
४	सृजनानगरदेखि सल्लाघारीसम्म बाटो पीच कार्य	२८,३८,०१७।२६
५	आदर्शदेखि वासिकचासम्म बाटो सुधार कार्य	२९,९६,२९२।६०

निर्णय नं. झ

१	वडा नं. ४, राममन्दिरदेखि अरनिको राजमार्गसम्म (Package I) को (राम मन्दिरदेखि भुलांचासम्म र राममन्दिरदेखि सूर्यबिनायक चोकसम्म) बाटो मर्मत कार्य (Patch Work) सिलवन्दी दरभाउपत्र/कोटेशनमा सबैभन्दा कम कबोल अङ्क रू.३,४५,३०४।३८गर्ने गंगामाया निर्माण सेवा प्रा.लि. भएकोले स्वीकृत गर्ने निर्णय गरियो ।
२	वडा नं. ४, ७ र ८, राममन्दिरदेखि अरनिको राजमार्गसम्म (Package II) (राम मन्दिरको ग:हिटीदेखि बाराही पुलसम्म), लिवाली क्षेत्रमा र जगातीदेखि वासिकचासम्मको बाटो मर्मत कार्य (Patch Work) सिलवन्दी दरभाउपत्र/कोटेशनमा सबैभन्दा कम कबोल अङ्क रू.२,४८,७९१।०६ गर्ने गंगामाया निर्माण सेवा प्रा.लि. भएकोले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ञ.

१	वडा नं. ७ स्थित महेश्वरी खेल मैदानमा माटो परीक्षण (Soil Test) कार्यको सिलवन्दी दरभाउपत्र/कोटेशनमा सबैभन्दा कम कबोल अङ्क रू. १,५५,७१४।०० गर्ने सोइल टेक् कन्सल्टेन्सी प्रा.लि. भएकोले स्वीकृत गर्ने निर्णय गरियो ।
२	वडा नं. ३ स्थित बाराही पुल निर्माणको लागि माटो परीक्षण (Soil Test) कार्यको सिलवन्दी दरभाउपत्र/कोटेशनमा सबैभन्दा कम कबोल अङ्क रू. १,४०,५७२।०० गर्ने सोइल टेक् कन्सल्टेन्सी प्रा.लि. भएकोले स्वीकृत गर्ने निर्णय गरियो ।

भूकम्प सुरक्षा दिवस

भूकम्प सुरक्षा राष्ट्रिय दिवस सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :-

१. च्याली हुने स्थान: लामगाल पुखु : मध्यान्ह १२:०० बजे

ख्वप कलेजबाट भूकम्प सम्बन्धी गीत र गीतिनाटक तथा नेपाल स्काउटबाट प्रकोप प्रतिकार्य सम्बन्धी प्रस्तुती ।

च्यालीको स्वरूप :

१. धिमेबाजा - श्वेत भैरव बाजा खल :, भ.न.पा. ८
२. बाँसुरी बाजासहित लाखे प्याखँ - पासा पुचः समूह
३. माक प्याखँ - लचा गणेश समूह
४. मूल समारोह ब्यानर र ब्यानरसँगै भनपा प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा मूल समारोह र व्यवस्थापन उपसमितिका पदाधिकारीहरू/जनप्रतिनिधिहरू
५. नेपाली सेनाको ब्याण्ड बाजा
६. वागीश्वरी स्कूलको NCC टोली
७. नेपाल प्रहरीको ब्याण्ड बाजा
८. स्काउटका विद्यार्थीहरू
९. सशस्त्र प्रहरीको ब्याण्ड बाजा
१०. विद्यार्थीहरू
११. युवा/व्यवसायी/स्थानीय जनता
१२. नगरपालिकाका कर्मचारीहरू (भ.न.पा. वडा नं. ६ देखि १० सम्मका)
१३. नेपाल रेडक्रस सोसाइटीका पदाधिकारीहरू ।

२. च्याली हुने स्थान: भाज्या पुखु

नेपाल रेडक्रस सोसाइटीबाट 'मालाको बिहे' नाटक र भक्तपुर नगरपालिकाबाट आगलागी प्रतिकार्यसम्बन्धी प्रस्तुति ।

च्यालीको स्वरूप :

१. धाँबाजा - श्रीनाथ हैमा धाँबाजा खल :, भ.न.पा. १
२. बाँसुरी बाजासहित लाखे प्याखँ - खिछँ दाफा भजन समूह
३. माक प्याखँ - गणेश दाफा भजन समूह
४. मूल समारोह ब्यानर र ब्यानरसँगै भनपा उपप्रमुख रजनी जोशीको नेतृत्वमा मूल समारोह र व्यवस्थापन उपसमितिका पदाधिकारीहरू/जनप्रतिनिधिहरू

५. नेपाली सेनाको ब्याण्ड बाजा
६. सैनिक आवासीय महाविद्यालय र श्री पद्म माध्यमिक विद्यालयको NCC टोली
७. नेपाल प्रहरीको ब्याण्ड बाजा
८. स्काउटका विद्यार्थीहरू
९. सशस्त्र प्रहरीको ब्याण्ड बाजा
१०. विद्यार्थीहरू
११. युवा/व्यवसायी/स्थानीय जनता
१२. नगरपालिका कर्मचारीहरू (भ.न.पा. वडा नं.१ देखि ५ सम्मका)
१३. नेपाल रेडक्रस सोसाइटीका पदाधिकारीहरू ।

जिम्मेवारी

ञ्याली शुरु हुने स्थानमा साउण्ड सिष्टम र पानीको व्यवस्था – उद्योग वाणिज्य संघ

ञ्याली व्यवस्थापनमा संयोजन

भाज्या पुखू

१. श्यामकृष्ण खत्री – भ.न.पा.
२. विशाल गुरुङ्ग – NSET
३. धर्म कार्की – रेडक्रस
४. पवन बल्ल– स्काउट

लामगाल पुखु

१. रविन्द्र ज्याख्व – भनपा
२. विष्णु हड्खले – NSET
३. परशुराम पाण्डे – रेडक्रस
४. शिवकुमार त्वायना – स्काउट

आय व्यय र पुस्तक सार्वजनिकीकरण

भैरवनाथ मन्दिर जीर्णोद्धार सम्पन्न भएको आर्थिक हिसाब तथा पुस्तक सार्वजनिकीकरण पुस २९ गते टौमढीमा गर्ने ।

तुमचो दुगुरे चोखाको

बिक्री गर्ने जग्गा र थप जग्गाको आयोजनाको स्वीकृत मूल्य तालिका (आ.व. २०७०/०७१)

विवरण	बाटोको विवरण															कैफियत
	च्याम्हासिंहबाट ताथली जाने बाटो	च्याम्हासिंहबाट कमल विनायक जाने बाटो	कमल विनायक प्लानिङको बाटो	१२ मिटर	११ मिटर	९ मिटर	८ मिटर	७ मिटर	६ मिटर	५ मिटर	४ मिटर	३ मिटर	२ मिटर	१ मिटर	साविक	
प्रतिशत (थप/घट)				९	६	०	(३	(६	(९	(१२	(१५	(१८	(२१	(२४	(२७	
१८ देखि १८।५० मि. सम्म																
समूह क	नक्सा नं. १ र २ (नक्सा नं. ३ र ४ को भन्दा ३० % बढी च्याम्हासिंह ताथली पिच बाटोमा समुह ख अनुसार, कमलविनायक प्लानिङमा समूह ग अनुसार)															
मूल्य (प्रति आना) रू.	१,६७५,०००	**१,९००,०००**	९००,०००	१,०९८,१७५	१,०६७,९५०	१,००७,५००	९७७,२७५	९४७,०५०	९१६,८२५	८८६,६००	८५६,३७५	८२६,१५०	७९५,९२५	७६५,७००	७३५,४७५	
मूल्य (प्रति व.मि.) रू.	५२,६८०	५९,७५६	२८,३०५	३४,५३८	३३,५८८	३१,६८६	३०,७३६	२९,७८५	२८,८३५	२७,८८४	२६,९३३	२५,९८३	२५,०३२	२४,०८२	२३,१३१	
समूह ख	नक्सा नं. ३ र ४ को लागि															
मूल्य (प्रति आना) रू.	१,६७५,०००	१,६७५,०००	८५७,१४३	८४४,७५०	८२१,५००	**७७५,०००**	७५१,७५०	७२८,५००	७०५,२५०	६८२,०००	६५८,७५०	६३५,५००	६१२,२५०	५८९,०००	५६५,७५०	
मूल्य (प्रति व.मि.) रू.	५२,६८०	५२,६८०	२६,९५८	२६,५६८	२५,८३७	२४,३७४	२३,६४३	२२,९१२	२२,१८०	२१,४४९	२०,७१८	१९,९८७	१९,२५६	१८,५२४	१७,७९३	
समूह ग	नक्सा नं. ५ (नक्सा नं. ३ र ४ को भन्दा ५ % बढी)															
मूल्य (प्रति आना) रू.			**९००,०००**	८८६,९८८	८६२,५७५	८१३,७५०	७८९,३३८	७६४,९२५	७४०,५१३	७१६,१००	६९१,६८८	६६७,२७५	६४२,८६३	६१८,४५०	५९४,०३८	
मूल्य (प्रति व.मि.) रू.			२८,३०५	२७,८९६	२७,१२८	२५,५९३	२४,८२५	२४,०५७	२३,२८९	२२,५२२	२१,७५४	२०,९८६	२०,२१८	१९,४५१	१८,६८३	
समूह घ	नक्सा नं. ६ (नक्सा नं. ३ र ४ को भन्दा ५ % छुट)															
मूल्य (प्रति आना) रू.			८१४,२८६	८०२,५१३	७८०,४२५	७३६,२५०	७१४,१६३	६९२,०७५	६६९,९८८	६४७,९००	६२५,८१३	६०३,७२५	५८१,६३८	५५९,५५०	५३७,४६३	
मूल्य (प्रति व.मि.) रू.			२५,६१०	२५,२३९	२४,५४५	२३,१५५	२२,४६१	२१,७६६	२१,०७१	२०,३७७	१९,६८२	१८,९८७	१८,२९३	१७,५९८	१६,९०३	
समूह ङ	नक्सा नं. ७ (नक्सा नं. ३ र ४ को भन्दा १५ % छुट)															
मूल्य (प्रति आना) रू.	१,४२३,७५०		७२८,५७१	७१८,०३८	६९८,२७५	६५८,७५०	६३८,९८८	६१९,२२५	५९९,४६३	५७९,७००	५५९,९३८	५४०,१७५	५२०,४१३	५००,६५०	घघघघघ	
मूल्य (प्रति व.मि.) रू.	४४,७७८		२२,९१४	२२,५८३	२१,९६१	२०,७१८	२०,०९६	१९,४७५	१८,८५३	१८,२३२	१७,६१०	१६,९८९	१६,३६७	१५,७४६	१५,१२४	
समूह च	नक्सा नं. ८ (नक्सा नं. ३ र ४ को भन्दा ४० % छुट र पिच बाटोमा २५ % छुट)															
मूल्य (प्रति आना) रू.	१,२५६,२५०			५०६,८५०	४९२,९००	४६५,०००	४५१,०५०	४३७,१००	४२३,१५०	४०९,२००	३९५,२५०	३८१,३००	३६७,३५०	३५३,४००	३३९,४५०	
मूल्य (प्रति व.मि.) रू.	३९,५१०			१५,९४१	१५,५०२	१४,६२४	१४,१८६	१३,७४७	१३,३०८	१२,८७०	१२,४३१	११,९९२	११,५५३	११,११५	१०,६७६	

कर्नर जग्गाको थप मूल्यांकन		
११ मि.	१०।०	प्रतिशत
९ मि.	८।०	प्रतिशत
८ मि.	७।०	प्रतिशत
७ मि.	६।५	प्रतिशत
४/५ मि.	४।५	प्रतिशत
दक्षिण मोहडा	२।०	प्रतिशत
खुला क्षेत्र र कार्यालयसँगै	३।०	प्रतिशत

जग्गाको गहिराई अनुसार थपघट हुने प्रतिशतको विवरण

१८ मि. भन्दा कम	३	प्रतिशत	थप
१८ देखि १८।५० मि. सम्म	०	प्रतिशत	
१८।५० देखि २१।०० मि. सम्म	३	प्रतिशत	घट
२१।०० देखि २३।०० मि. सम्म	६	प्रतिशत	घट
२३।०० भन्दा बढी	९	प्रतिशत	घट

जग्गालाई थपेर दिंदा १० प्रतिशत छुट

घरलाई थपेर दिंदा १५ प्रतिशत छुट (नक्सा स्वीकृत भएमा मात्र)

बिक्री गर्ने जग्गा र थप जग्गाको आयोजनाको स्वीकृत मूल्य तालिका (आ.व. २०७६/०७७)

विवरण	बाटोको विवरण															
	च्याम्हासिंहबाट ताथली जाने बाटो	च्याम्हासिंहबाट कमल विनायक जाने बाटो	कमलविनायक प्लानिङको बाटो	१२ मिटर	११ मिटर	९ मिटर	८ मिटर	७ मिटर	६ मिटर	५ मिटर	४ मिटर	३ मिटर	२ मिटर	१ मिटर	साविक
प्रतिशत (थप/घट)				९	६	०	(३	(६	(९	(१२	(१५	(१८	(२१	(२४	(२७
समूह क	नक्सा नं. १ र २ (नक्सा नं. ३ र ४ को भन्दा ३० % बढी च्याम्हासिंह ताथली पिच बाटोमा समूह ख अनुसार, कमलविनायक प्लानिङमा समूह ग अनुसार)														
मूल्य (प्रति आना) रू.		२,५००,०००	१,५००,०००	२,०५४,६५०	१,९९८,१००	१,८८५,०००	१,८२८,४५०	१,७७१,९००	१,७१५,३५०	१,६५८,८००	१,६०२,२५०	१,५४५,७००	१,४८९,१५०	१,४३२,६००	१,३७६,०५०
मूल्य (प्रति व.मि.) रू.	०	७८,६२६	४७,१७६	६४,६२०	६२,८४१	५९,२८४	५७,५०६	५५,७२७	५३,९४९	५२,१७०	५०,३९२	४८,६१३	४६,८३५	४५,०५६	४३,२७७
समूह ख	नक्सा नं. ३ र ४ को लागि														
मूल्य (प्रति आना) रू.	२,५००,०००	२,५००,०००	१,४२८,५७१	१,५८०,५००	१,५३७,०००	१,४५०,०००	१,४०६,५००	१,३६३,०००	१,३१९,५००	१,२७६,०००	१,२३२,५००	१,१८९,०००	१,१४५,५००	१,१०२,०००	१,०५८,५००
मूल्य (प्रति व.मि.) रू.	७८,६२६	७८,६२६	४४,९२९	४९,७०८	४८,३३९	४५,६०३	४४,२३५	४२,८६७	४१,४९९	४०,१३१	३८,७६३	३७,३९५	३६,०२७	३४,६५८	३३,२९०
समूह ग	नक्सा नं. ५ (नक्सा नं. ३ र ४ को भन्दा ५ % बढी)														
मूल्य (प्रति आना) रू.			१,५००,०००	१,६५९,५२५	१,६१३,८५०	१,५२२,५००	१,४७६,८२५	१,४३१,१५०	१,३८५,४७५	१,३३९,८००	१,२९४,१२५	१,२४८,४५०	१,२०२,७७५	१,१५७,१००	१,१११,४२५
मूल्य (प्रति व.मि.) रू.			४७,१७६	५२,१९३	५०,७५६	४७,८८३	४६,४४७	४५,०१०	४३,५७४	४२,१३७	४०,७०१	३९,२६४	३७,८२८	३६,३९१	३४,९५५
समूह घ	नक्सा नं. ६ (नक्सा नं. ३ र ४ को भन्दा ५ % बढी)														
मूल्य (प्रति आना) रू.			१,५००,०००	१,६५९,५२५	१,६१३,८५०	१,५२२,५००	१,४७६,८२५	१,४३१,१५०	१,३८५,४७५	१,३३९,८००	१,२९४,१२५	१,२४८,४५०	१,२०२,७७५	१,१५७,१००	१,१११,४२५
मूल्य (प्रति व.मि.) रू.			४७,१७६	५२,१९३	५०,७५६	४७,८८३	४६,४४७	४५,०१०	४३,५७४	४२,१३७	४०,७०१	३९,२६४	३७,८२८	३६,३९१	३४,९५५
समूह ङ	नक्सा नं. ७ (नक्सा नं. ३ र ४ को भन्दा ५ % छुट)														
मूल्य (प्रति आना) रू.	२,१२५,०००		१,२८५,७१४	१,५०१,४७५	१,४६०,१५०	१,३७७,५००	१,३३६,१७५	१,२९४,८५०	१,२५३,५२५	१,२१२,२००	१,१७०,८७५	१,१२९,५५०	१,०८८,२२५	१,०४६,९००	१,००५,५७५
मूल्य (प्रति व.मि.) रू.	६६,८३२		४०,४३६	४७,२२२	४५,९२२	४३,३२३	४२,०२३	४०,७२४	३९,४२४	३८,१२४	३६,८२५	३५,५२५	३४,२२५	३२,९२६	३१,६२६
समूह च	नक्सा नं. ८ (नक्सा नं. ३ र ४ को भन्दा १० % छुट)														
मूल्य (प्रति आना) रू.	१,८७५,०००			१,४२२,४५०	१,३८३,३००	१,३०५,०००	१,२६५,८५०	१,२२६,७००	१,१८७,५५०	१,१४८,४००	१,१०९,२५०	१,०७०,१००	१,०३०,९५०	९९१,८००	९५२,६५०
मूल्य (प्रति व.मि.) रू.	५८,९७०			४४,७३७	४३,५०५	४१,०४३	३९,८१२	३८,५८०	३७,३४९	३६,११८	३४,८८६	३३,६५५	३२,४२४	३१,१९३	२९,९६१

कर्नर जग्गाको थप मूल्यांकन

११ मि.	१०।० प्रतिशत
९ मि.	८।० प्रतिशत
८ मि.	७।० प्रतिशत
७ मि.	६।५ प्रतिशत
४/५ मि.	४।५ प्रतिशत
दक्षिण मोहडा	२।० प्रतिशत
खुल्ला क्षेत्र र कार्यालयसंगै	३।० प्रतिशत

जग्गाको गहिराई अनुसार थपघट हुने प्रतिशतको विवरण

१८ मि. भन्दा कम	३ प्रतिशत	थप
१८ देखि १८।५० मि. सम्म	० प्रतिशत	
१८।५० देखि २१।०० मि. सम्म	३ प्रतिशत	घट
२१।०० देखि २३।०० मि. सम्म	६ प्रतिशत	घट
२३।०० भन्दा बढी	९ प्रतिशत	घट

जग्गालाई थपेर दिंदा १० प्रतिशत छुट

घरलाई थपेर दिंदा २५ प्रतिशत छुट (नक्सा स्वीकृत भएमा मात्र)

नेमकिपाको ४६ औं स्थापना दिवस:

'समाजवादी आन्दोलन पुस्तौं पुस्तासम्म अघि बढ्ने छ'

- नारायणमान बिजुक्छेँ, अध्यक्ष, नेमकिपा

नेपाल मजदुर किसान पार्टीको ४६ औं स्थापना दिवसको अवसरमा नेमकिपाले भक्तपुरको दत्तात्रयमा माघ १० गते खुला जनसभा गऱ्यो ।

उक्त सभामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेमकिपाको स्थापना नभएको भए नेपालको कम्युनिस्ट आन्दोलनमा संशोधनवादी हाबी हुने बताउनुभयो ।

'नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपा नहुँदो हो त कम्युनिस्ट भनिएका सबै दल पूँजीवादी सरकारमा जाने थिए । किसान र मजदुर पक्षको लड्ने कुनै दल बाँकी हुने थिएन', अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

उहाँले नेमकिपा स्थापना नभएको भए कम्युनिस्ट आन्दोलनमा अवसरवाद र अराजकतावादविरूद्ध सैद्धान्तिक सङ्घर्ष गर्ने कुनै दल नहुने बताउनुभयो । पूँजीपति वर्गले अन्तिम दमसम्म पनि श्रमिक वर्गलाई सत्ता नछोड्ने चर्चा गर्नुहुँदै उहाँले मजदुर र किसानले अन्तिम दमसम्म समाजवादी व्यवस्था स्थापनाको निम्ति लड्ने बताउनुभयो ।

'वर्ग सङ्घर्ष भनेको यही हो', उहाँले प्रस्ट पार्नुभयो ।

समाजवादी आन्दोलन एकै पुस्तामा नसकिने चर्चा गर्नुहुँदै बिजुक्छेँले पुस्तौं पुस्तासम्म समाजवादी आन्दोलनलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टी कार्यकर्ता मात्र राजनीतिकरूपमा सचेत भएर नपुग्ने, घर परिवारलाई पनि पार्टीबारे सचेत बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

एमसीसीको नाममा संरा अमेरिकाले दिने रकम वर्षको ११ अर्ब रूपैयाँ हुने चर्चा गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'त्यो धेरै ठूलो रकम होइन । त्यत्तिको लागि भीक्षाटन गर्नु नेपाली कांग्रेस र नेकपाको मगन्ते प्रवृत्ति हो ।'

उहाँले नेमकिपाका कार्यकर्ता, समर्थक र जनसमुदायलाई पार्टी स्थापना दिवसको अवसरमा बधाई ज्ञापन गर्नुहुँदै एमसीसीको विरोधमा सङ्घर्ष गर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका सचिव एवं भक्तपुर क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य प्रेम सुवालले तत्कालीन कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताले जोताहा किसानलाई मोहियानी हकको लागि सङ्घर्ष नगरेकोले देशका सबै जोताहाले मोहियानी हक नपाएको चर्चा गर्नुहुँदै मोहियानी हकको लागि नेमकिपाले गरेको किसान आन्दोलनको प्रतिफलस्वरूप केही जिल्लामा मोहियानी हक सुरक्षित भएको बताउनुभयो ।

सार्वभौमिकता र सिमाना रक्षाको आन्दोलनमा सबै राजनीतिक दल नेमकिपा जत्तिकै इमानदारीका साथ लागेका भए भारतले नेपाली भूमि मिच्ने साहस नगर्ने स्पष्ट पार्नुहुँदै उहाँले देशको भूमि अतिक्रमण गर्दा समेत शासक दल 'कूटनीतिक

hg;efsf ;xefu|x?

प्रयास' र 'कूटनीतिक नोट' भनी मौन बसेको बताउनुभयो ।

नेमकिपाले स्थापनाकालदेखि भ्रष्टाचारविरोधी आन्दोलनलाई जोड दिएको चर्चा गर्नुहुँदै उहाँले देशमा भ्रष्टाचार अझ बढेको र जनताबाट निर्वाचित प्रतिनिधिहरू समेत ठेक्कापट्टामा लागेर देशको ढुकुटी रित्याइरहेको बताउनुभयो ।

शासक दलले ख्वप विश्वविद्यालयको विधेयक अघि नबढाएकोमा विरोध जनाउनुहुँदै सांसद सुवालले भन्नुभयो, 'ख्वप विश्वविद्यालय बनाउन नदिने दलहरू शिक्षाविरोधीहरू हुन् ।'

भूकम्पपीडितलाई सरकारले दिएको अनुदान र ऋणले मान्छे बस्नलायक घर बनाउन नपुग्ने भन्नुहुँदै उहाँले भूकम्पपीडितलाई ऋण दिने समयावधि बढाउनुपर्ने विचार राख्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'सरकारले युरेनियमजस्तो संवदेनशील वस्तु उत्खननको जिम्मेवारी निजी क्षेत्रलाई दिने विधेयक प्रस्तुत गरेको छ । उत्खननका काम सरकारबाटै हुनुपर्छ ।'

नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले संशोधनवाद र अवसरवादले साम्राज्यवादलाई बलियो र कम्युनिस्ट आन्दोलन कमजोर बनाउने बताउनुभयो ।

उहाँले सत्तारूढ दल नेकपा संशोधनवादी पार्टी भएकोले उसका गतिविधिले नेपालको कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशको प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले विदेशीको खुट्टामा उभिएर नभई नेपाली जनताकै खुट्टामा उभिएर समाजमा परिवर्तन सम्भव भएको कुरा देखाएको बताउनुभयो ।

उहाँले नेमकिपाले कोरेको समाजवादी क्रान्तिको बाटोमा नयाँ पुस्ता लामबद्ध भएको र अग्रज पुस्ताको योगदानप्रति गौरव गर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशको प्रदेशसभा सदस्य सृजना सैँजूले एमसीसी गुलियो पोतेको विष भएको चर्चा गर्नुहुँदै संरा अमेरिका स्वतन्त्र देशमा सियो बनेर पस्ने र फाली बनेर निस्कने गरेको बताउनुभयो ।

'नेपाली माटोमा संरा अमेरिकी साम्राज्यवादी स्वार्थ पूरा गराउन दिनुहुन्न', उहाँले भन्नुभयो ।

आत्मनिर्भरताले मात्र कुनै पनि देशको विकास हुने भन्नुहुँदै उहाँले देशको सार्वभौमिकता पैसामा बिक्री गर्नु देशघात भएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय ➲➲

नेपाल मजदुर किसान पार्टीको ४६ औं स्थापना दिवसको अपिल

विस्तारवाद र साम्राज्यवादसामु आत्मसमर्पण गर्ने नीतिको नेमकिपाको विरोध

नेपाल मजदुर किसान पार्टीको स्थापना वि.सं २०३१ माघ १० गते तद्नुसार सन् १९७५ जनवरी २३ मा भएको हो। स्थापनादेखि नै अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को नेतृत्वमा पार्टीले देश र जनताको इमानदारीपूर्वक सेवा गर्दै आएको छ। पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारा हो। पार्टीको तत्कालीन लक्ष्य जनताको प्रजातन्त्र र दीर्घकालीन लक्ष्य समाजवाद हुँदै साम्यवादमा पुग्ने हो।

मजदुर, किसान, बुद्धिजीवी, स-साना उद्योगी र व्यापारी तथा देशभक्त इमानदार पूँजीपतिवर्गको सरकार जनताको प्रजातन्त्र हो। उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण हुने तथा 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' को बन्दोबस्त हुने राजनीतिक व्यवस्था समाजवाद हो। साम्यवादी समाज वर्गविहीन, शोषणरहित र राज्यविहीन हुनेछ भने त्यहाँ समाज पूर्णरूपले बुद्धिजीवीकरण भइसकेको हुनेछ। पार्टीले मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारालाई नेपालको वस्तुगत परिस्थितिअनुसार लागु गर्दै छ।

पार्टीले जमिन जोत्नेलाई वितरण गराउन किसान आन्दोलनलाई जोड दिंदै छ। पार्टीले देशको सार्वभौमिकता र स्वाधीनता रक्षाको लागि भारतीय विस्तारवाद एवम् एकाधिकार पूँजी तथा अमेरिकी साम्राज्यवाद र तिनका दलालविरूद्ध सम्झौताहीन सङ्घर्ष चालू राखेको छ। सरकारमा गएका पार्टीहरूको विस्तारवाद र साम्राज्यवादसामु आत्मसमर्पण गर्ने नीतिको नेमकिपाले विरोध गर्दै छ।

भारतीय विस्तारवाद र एकाधिकार पूँजी अहिले मोदी फासीवादको रूपमा देखिएको छ। मोदी फासीवादले अलग झन्डा, विधान र विशेषाधिकार भएको जम्मु-काश्मीरमाथि हस्तक्षेप गऱ्यो भने नेपालको भूमि लिम्पियाधुरा, कालापानी, लिपुलेकसमेत भारतीय भूमिमा गाभेर नयाँ नक्सा जारी गऱ्यो। पाकिस्तान, बङ्गलादेश र अफगानिस्तानबाट भारत पुगेका मुसलमानबाहेकलाई भारतीय नागरिकता दिने गरी कानुन संशोधन गऱ्यो भने नागरिकता परिचयपत्र जारी गरी लामो समयदेखि भारत बस्दै आएका मुसलमान समुदायलाई भारतबाट निष्काशन गर्ने नीति लिइयो। भारतीय विस्तारवादकै कारण दक्षिण एसियामा युद्धको बादल मडारिरहेको छ। यसको विरोधमा न्यायप्रेमी भारतीय जनता आन्दोलनरत छन्। नेमकिपाले मोदी फासीवादको विरोध गर्दै छ।

अमेरिकी साम्राज्यवादले हिन्द-प्रशान्त रणनीतिअन्तर्गतको (मिलेनियम च्यालेन्ज कर्पोरेसन/कम्पाक्ट) एमसीसीको नाममा नेपाललाई ५५ अर्ब रूपैयाँ सहयोग दिने बहाना बनाई अमेरिकी नेतृत्वको हिन्द-प्रशान्त सैन्य गठबन्धनमा नेपाललाई संलग्न गराउँदै छ। एमसीसी सम्झौतामा सहमति गर्ने नेकाको देउवा सरकार र वर्तमान नेकपाको सरकार दुवै दोषी छन्। अमेरिकी दूतावासले एमसीसी आर्थिक योजना

➲➲ सदस्य राजेन्द्र चवालले हिन्द-प्रशान्त रणनीति र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका पूर्वअध्यक्ष नीरज लवजूले भारतमा चालू नागरिकता संशोधन ऐनविरूद्धको जनआन्दोलनबारे चर्चा गर्नुभएको थियो।

कार्यक्रममा नेक्रावि सङ्घका अध्यक्ष सविन ख्याजूले पनि बोल्नुभएको थियो।

नेपाल मजदुर किसान पार्टीको ४६ औं स्थापना दिवसको अवसरमा विभिन्न जिल्लामा विविध गतिविधिहरू भए। पार्टी नेता, कार्यकर्ता, समर्थक र श्रमजीवी जनताको उपस्थितिमा सम्पन्न कार्यक्रमहरूमा पार्टीका नेता-कार्यकर्ताले नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपाको भूमिकाबारे चर्चा गरे। पार्टी स्थापनामा आयोजित सभा, अन्तरक्रिया, जुलुस र प्रशिक्षण कार्यक्रममा अमेरिकी मिलिनियम च्यालेन्ज कर्पोरेसन(एमसीसी) को विरोध गरे। एमसीसी संरा अमेरिकी सैनिक रणनीति हिन्द-प्रशान्त रणनीति (आईपीएस) कै हिस्सा भएको चर्चा गर्दै वक्ताहरूले एमसीसी नेपालको संसद्बाट पारित भए नेपाली भूमिमा साम्राज्यवादी चलखेल बढ्ने बताए।

भएको, कुनै सैन्य गठबन्धन नभएको स्पष्टीकरण दियो तर यसको सम्बोधन र नेतृत्व हिन्द-प्रशान्त क्षेत्रका अमेरिकी सैन्य कमान्डरबाटै भइरहेको छ। यसरी एमसीसी अमेरिकी सैन्य गठबन्धन नै भएको पुष्टि गर्छ। पाँच वर्षमा ५५ अर्ब रूपैयाँ अमेरिकी सहयोग प्राप्त गर्न अमेरिकी सैन्य गठबन्धनमा संलग्न भई नेपाल सरकारले एमसीसीलाई संसद्बाट पारित गराए नेपाल अमेरिकी सेनाको परेड खेल्ने मैदान बन्नेछ। एमसीसीमा नेपालको संलग्नता असंलग्न सिद्धान्तविपरीत हो। नेमकिपाले एमसीसी संसद्बाट पारित गर्न नहुने र यसलाई अस्वीकार गर्नुपर्ने विषय जोडका साथ उठाउँदै छ।

सरकारले पारमाणविक तथा रेडियोधर्मी पदार्थको व्यवस्थासम्बन्धी विधेयक संसदमा पेश गरेको छ। अहिले पारमाणविक शब्द हटाएर रेडियोधर्मी पदार्थ नियमन गर्ने नाम राखी उक्त विधेयक पारित गर्ने तयारी गरिंदै छ। संयुक्त राष्ट्र सङ्घअन्तर्गतको अन्तर्राष्ट्रिय आणविक ऊर्जा आयोगको संलग्नतामा नेपालको दोलखा, मकवानपुर, मुस्ताङ, दैलेखलगायत जिल्लामा रहेको युरेनियम खानी निजी क्षेत्रबाट उत्खनन गराउने प्रावधान विधेयकमा राखिएको छ। संरा अमेरिकी प्रभावमा परेको उक्त आयोगले निष्पक्ष काम गर्न नसकेको हुँदा विश्वव्यापी विरोध भइरहेको छ। साम्राज्यवादीहरूले नेपालको युरेनियम पैठारी गरी विनाशकारी आणविक हतियार बनाउने र बिक्री गरी संसारमा अशान्ति पैदा गर्नेतर्फ नेपाल सरकार सचेत हुनुपर्ने विषय नेमकिपाले जोडदाररूपमा उठाउँदै आएको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पको निर्देशनमै इरानका सेना कमान्डर कासिम सुलेमानीलाई इराकमा हवाई आक्रमण गरी हत्या गरियो। इरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीले अमेरिकासँग बदला लिने चेतावनी दिंदै छन्। अमेरिकी साम्राज्यवादको कारण तेस्रो विश्व युद्धको खतरा बढ्दो छ। अमेरिकी सरकारको दबाबमा नेपालबाट प्रजग कोरियाको लगानी र श्रमिक फिर्ता पठाइएको गलत छ। नेमकिपाले अमेरिकी साम्राज्यवादको सुरुदेखि विरोध गर्दै आएको हो।

नेकपाको सरकारले जनतालाई सुशासन र विकासको आश्वासनको पोकामात्र बाँड्दै छ। नेपालको कम्युनिस्ट आन्दोलनमा संशोधनवाद, अवसरवाद र भ्रष्टाचारको नमुना नेकपाको वर्तमान सरकार भएको छ। एनसेलको पूँजीगत लाभकर ६१ अर्ब रूपैयाँ, वाइडबडी खरिदमा साढे ४ अर्ब रूपैयाँ, नेपाल ट्रस्टको गोकर्ण रिसोर्टको झन्डै तीन हजार रोपनी जग्गा बहालमा अर्बौं रूपैयाँ भ्रष्टाचारका समाचार केही उदाहरणमात्र हुन्। अख्तियार स्रोतअनुसार १८४८ ठेक्काको ११८ अर्ब रूपैयाँको विकास कार्य अलपत्र अवस्थामा छ भने परिचालन पेश्की २४ अर्ब रूपैयाँ लिएका ठेकेदारहरूले काम नै सुरु गरेका छैनन्। सरकारमा गएका पार्टीका ५६ प्रतिशत जनप्रतिनिधिहरू डोजर र टिपर मालिक, ठेकेदार, म्यानपावर कम्पनीका मालिक भएको जनगुनासो छ। सत्तापक्षका एक सांसदले 'मन्त्रीले घूस नखाए भ्रष्टाचार नियन्त्रण हुने' ठोकुवा गरे। एक बहालवाला मन्त्रीले भने, 'मन्त्रीले घूस नखाए पचास प्रतिशत भ्रष्टाचार नियन्त्रण हुनेछ र सचिव एवम् महानिर्देशकहरूले घूस नखाए सोहीबमोजिम भ्रष्टाचार कम हुनेछ।' प्रधानमन्त्री केपी ओलीले मन्त्री र सचिवहरूको बैठक राखी आफ्नो नाममा समेत भ्रष्टाचार भएको सुन्नमा आएको भनी चिन्ता व्यक्त गरेको सार्वजनिक भयो। नेमकिपाले भ्रष्टाचारविरुद्ध लगातार सङ्घर्ष गर्दै छ। आर्थिक समानता र सामाजिक न्यायको लागि नेपालीको सम्पत्तिको सीमा तोक्ने एवम् विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी प्रावधानको लागि पार्टीले जोड दिंदैछ।

देशको सन्तुलित विकासको लागि पश्चिम नेपालमा सहर विकास गर्नु आवश्यक छ। काठमाडौं उपत्यकामा फोहरमैला, प्रदूषण, सडकजाम, खानेपानीको समस्या र अपराध बढ्दो छ। सरकारले खर्बौं रूपैयाँ खर्च गरी काठमाडौं उपत्यकामा नयाँ सहरहरू विस्तार गर्ने योजना राख्नु देशको सन्तुलित विकासविपरीत हो। देशको सन्तुलित विकास भए खर्बौं रूपैयाँ ऋणको काठमाडौं-बारा द्रुतमार्ग र मेलम्ची खानेपानीलगायत आयोजना आवश्यक हुने छैन। नेमकिपाले देशको सन्तुलित विकासको लागि सडक र संसद्मा आवाज राख्दै आएको छ।

सम्पूर्ण नेपाली जनताको सांस्कृतिक स्तर विकासले मात्र आमूल परिवर्तनको प्रत्याभूति दिलाउन सकिन्छ। यसको लागि सबैको निम्ति गुणस्तरीय शिक्षा आवश्यक छ। सम्पत्ति कुम्ल्याएका कतिपय मानिसको सांस्कृतिक स्तर नउठेको धेरै उदाहरण छन्। सरकारले शिक्षा र स्वास्थ्य सेवासमेत निजीकरण गरेको हुँदा गरिब जनताको जीवन झन् झन् कष्टकर भइरहेको छ। नेपालको वर्तमान परिस्थितिमा विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क व्यवस्था गर्नुपर्ने नेमकिपाको अडान हो।

नेमकिपाको ४६ औं स्थापना दिवस विचार गोष्ठी, अन्तरक्रिया, जनसभा, साहित्य प्रकाशन, सांस्कृतिक तथा खेलकुद आदि गतिविधिका साथ भव्यरूपमा सम्पन्न गर्न हार्दिक आह्वान गर्दछौं।

२०७६ माघ ९ नेपाल मजदुर किसान पार्टी

भक्तपुरमा २२ औं भूकम्प सुरक्षा दिवस मूल समारोहको कार्यक्रम सम्पन्न

भक्तपुर नगरपालिकाको व्यवस्थापकीय जिम्मा र आयोजनामा २२ औं भूकम्प सुरक्षा दिवस मूल समारोहको कार्यक्रम गृहमन्त्री रामबहादुर थापा 'बादल' को प्रमुख आतिथ्यमा माघ २ गते भक्तपुरको दरबार क्षेत्रमा सम्पन्न भयो । गृहमन्त्री थापा 'बादल' ले पानसमा दीप प्रज्ज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभयो ।

गृहमन्त्री रामबहादुर थापाले असुरक्षित निर्माण नै भूकम्पीय क्षतिको मूल कारण भएको बताउनुभयो ।

उहाँले विगतमा विभिन्न समयमा गएको विनाशकारी भूकम्पबाट सिकाएको पाठ स्मरण गर्नुहुँदै सुरक्षा विना सुख र समृद्ध नहुने हुनाले **'भूकम्पबाट सुरक्षित पूर्वाधार, दिगो सुख र समृद्धिको आधार'** मूलनाराका साथ २२ औं भूकम्प सुरक्षा दिवस सम्बन्धी १ महिने कार्यक्रम तय गरिएको बताउनुभयो ।

गृहमन्त्री थापाले 'विगतको भूकम्पको सिकाईबाट आजको दिन आत्मसमीक्षा र सुरक्षित निर्माणको लागि संकल्प गर्ने दिन हो' भन्नुहुँदै अबका दिनमा निर्माण कार्यमा मजबुत हुनु आवश्यक रहेको बताउनुभयो ।

k|d'v cltly u|kdGq /fdaxfb/ yfkf, ;f+b k|d ;jfn, k|d'v ;'lgn k|fklt / k|glgdf0ff k|ws/0fsf sfo{sf/L k|d'v ;'lzn 1jfnL

विपद् व्यवस्थापन नीति, ऐन, नियम, कार्यविधि लागू गरी स्थानीय तह संचालन ऐनमा विपद् व्यवस्थापनका लागि स्थानीय तहको भूमिका स्पष्ट गरिसकेको हुँदा ७५३ वटै स्थानीय तहले भूकम्प प्रतिरोधात्मक संरचना निर्माण र उत्थानशील समाज निर्माणमा विशेष ध्यान दिनुपर्ने उहाँले बताउनुभयो ।

विपद्ले कूल गाहर्स्थ उत्पादनमा १-५ प्रतिशत नोक्सानी गरिरहेको बताउनुहुँदै प्रमुख अतिथि थापाले भूकम्पीय पुन:निर्माणको दिगो व्यवस्थापनका लागि पुनर्निमाण प्राधिकरण गठन भई करिब ७५ प्रतिशत कार्य सम्पन्न भइसकेको जानकारी गराउनुभयो ।

कार्यक्रममा नेमकिपाका संघीय सांसद प्रेम सुवालले काठमाडौँ उपत्यका विश्वकै भूकम्पीय जोखिममा ११ औं स्थानमा रहेको उल्लेख गर्नुहुँदै काठमाडौँ उपत्यकामा बढ्दो जनसङ्ख्या विपद्को हिसाबले चुनौतीपूर्ण भएको बताउनुभयो ।

उहाँले काठमाडौँ उपत्यकाभित्र खानेपानी, फोहोरमैला, अपराध, ट्राफिक जाम र प्रदूषणहरू लगायतका समस्याहरू दिनानुदिन बढ्दै गइरहेको प्रति ध्यानाकर्षण गराउनुहुँदै विपद्को समयमा कमजोर निर्माणकै कारण बढी क्षति हुने गरेको बताउनुभयो ।

पुन:निर्माण प्राधिकरणलगायत विपद्को क्षेत्रमा कार्यरत विभिन्न प्राधिकरण र संस्थाहरूले उल्लेख्य कार्य गर्नुपर्नेमा जोड दिनुहुँदै निर्माण चरणमा प्रभावकारी अनुगमन गरी सुरक्षित निर्माणका लागि तीन तहकै सरकार अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सम्पदा पुन:निर्माण गर्दा पुरानो र मौलिक शैलीलाई ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले ठेक्का मार्फत गरिएका सम्पदा पुन:निर्माण बलियो नहुने भएकोले उपभोक्ता समिति मार्फत गर्दा दिगो हुने तथा अपनत्व कायम हुने बताउनुभयो ।

देशभरि भइरहेको पुन:निर्माण कार्यको प्रमुख दायित्व स्थानीय तहलाई दिनुपर्ने बताउनुहुँदै सांसद सुवालले देशमा सुशासन कायम नहुनुको मुख्य कारण नीतिगत भ्रष्टाचार हो भन्नुभयो ।

उहाँले निर्वाचन क्षेत्र विकास कार्यक्रममा विनियोजित ६ करोड रूपैयाँमध्ये ३ करोड रूपैया अनिवार्य रूपमा ठेक्कामार्फत् काम गराउनु पर्ने बाध्यता रहेकोले संसोधन हुनुपर्ने बताउनुहुँदै सरकारले प्रविधिसहितको संरचना निर्माणमा विशेष जोडदिनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भूकम्प सुरक्षा दिवस, व्यवस्थापन उपसमितिका संयोजक, तथा मूल समारोह समितिका सभापति भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको मूल समारोह भक्तपुरमा गर्न पाउँदा भक्तपुरवासीलाई थप सचेत बनाउने बताउनुहुँदै भक्तपुर नगरपालिकाले सम्पदा क्षेत्रहरूको अध्ययन र अनुसन्धान गर्दै सम्पदाहरूलाई पुन:जीवन दिने कोसिस गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो – 'हामी ठेकेदारलाई भन्दा स्थानीय जनतालाई विश्वास गर्छौं । स्थानीय जनताबाट बनेको उपभोक्ता समितिहरू मार्फत नै भक्तपुरका सम्पदाहरू पुन:निर्माण हुँदैछन् । उपभोक्तामार्फत काम हुँदा मौलिकताको संरक्षण हुने, सम्पदामाथिको अपनत्व कायम रहने, स्थानीय जनताले रोजगारी पाउने र निर्माण गुस्तरीय हुने हाम्रो अनुभव छ ।' ***(मन्तव्यको पूर्ण पाठ पृष्ठ ४३ मा दिइएको छ)***

कार्यक्रममा राष्ट्रिय पुननिर्माण प्राधिकरणका कार्यकारी प्रमुख सुशिल ज्ञवालीले भूकम्पबाट सुरक्षित घरको सुनिश्चित गर्न स्थानीय तहले अनुगमन गर्नुपर्नेमा जोड दिनुहुँदै मौलिक संरचना ध्वस्त हुनुमा कमजोर संरचना नै प्रमुख भएको बताउनुभयो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले विपद् जोखिम न्युनीकरण र पूर्वतयारी अति आवश्यक भएको बताउनुहुँदै भक्तपुरमा सम्पदा पुन:निर्माण छोटो समयमै मौलिक शैलीमा समपन्न हुनु सकारात्मक भएको बताउनुभयो ।

संयुक्त राष्ट्र संघको आवासीय प्रतिनिधि भालेरी जुलियान्डले समुदायका व्यक्तिहरूले जुनसुकै आउनसक्ने विपद्बाट आ-आफ्नो क्षेत्रमा पूर्वतयारी गर्नुपर्ने बताउनुभयो ।

भूकम्प सुरक्षा दिवस, सदस्य सचिव, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका कार्यकारी निर्देशक सूर्यनारायण श्रेष्ठले

cltly clgn kf]v/]h, efn]L, ;b6f/fo0f >]7, dl0f/fd u]hfn / ljhos[0f pkf]Wofo

सबै नगरपालिकाले सुरक्षित भवन निर्माण संहिता पालना गरी सुरक्षित निर्माण सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

भूकम्प सुरक्षा दिवस प्रचार प्रसार उपसमितिका संयोजक, शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक मणिराम गेलालले भूकम्पीय जोखिम न्युनीकरणसम्बन्धी प्रचारप्रसार को महत्त्वमाथि प्रष्ट पार्नुहुँदै स्थानीय तहहरूले राष्ट्रिय भवन संहिता २०६० अपनाउनुपर्नेमा जोड दिनुभयो ।

एनसेटका प्रतिनिधि विजयकृष्ण उपाध्यायबाट 'घुँडा टेकी गुँडुल्की ओत लागि समात' बारे संक्षिप्त विवरण र प्रदर्शन देखाउनुभएको थियो ।

कार्यक्रमको उद्घाटन अघि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुर नपा वडा नं. १० लामगाल पुखुबाट सुरु भएको ञ्याली नवदुर्गा- गछें- सकोलान- दत्तात्रय-इनाचो- गोल्मढी- सुकुलढोका- त्रिपुरासुन्दरी हुँदै दरबार स्क्वायर पुगी सभामा भेला भएको थियो भने उपप्रमुख रजनी जोशीको नेतृत्वको ञ्याली भक्तपुर नपा वडा नं. १ भाज्या पुखुबाट सुरु भई इनागा-भार्वाचो- तेखापुखु- बंशगोपाल- तालाक्व-टौमढी- क्वाछें- साकोठा हुँदै दरबार क्षेत्रमा पुगी सभामा परिणत भएको थियो ।

ञ्याली सुरु हुनु अघि भक्तपुर नपा वडा नं. १० मा ख्वप कलेजबाट जनचेतनामूलक नाटक प्रदर्शनी र नेपाल स्काउटबाट विपद् व्यवस्थापनसम्बन्धी विशेष प्रस्तुति देखाइएको थियो भने वडा नं. १ मा भनपा विपद् व्यवस्थापन समितिबाट आगलागी नियन्त्रण सम्बन्धी प्रयोगात्मक प्रस्तुति र नेपाल रेडक्रस सोसाइटीबाट विशेष प्रस्तुति देखाइएको थियो ।

सो ञ्यालीमा राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७६ मूल समारोह समितिका पदाधिकारीहरू तथा व्यवस्थापन समितिकि पदाधिकारीहरू, नेपाली सेना (व्यान्डसहित), महानगरीय प्रहरी परिसर (जगाति वृत्त) (व्यान्डसहित), सशस्त्र प्रहरी बल (व्यान्डसहित), भनपा वडा नं. १ देखि १० सम्मका सबै जनप्रतिनिधिहरू, भनपाद्वारा संचालित कलेजहरू, भनपा वडा नं. ६ देखि १० सम्मका सांस्कृतिक समूहहरू, धिमे बाजा, बाँसुरी बाजा, माक प्याखँ, लाखे प्याखँ, भनपा वडा नं. ६ देखि १० सम्मका विद्यालयका स्काउट ट्रुपहरू र नेपाल रेडक्रस सोसाइटीको सहभागिता रहेको उक्त ञ्यालीले भूकम्प सम्बन्धी चेतनामूलक विभिन्न प्लेकार्डहरू बोकेका थिए ।

औपचारिक कार्यक्रमपश्चात कार्यक्रमका प्रमुख अतिथिसहितले भक्तपुर नगरपालिकाद्वारा संचालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा प्रदर्शित भूकम्पसम्बन्धी इन्जिनियरिङ मोडल, फोटो तथा चित्रकला अवलोकन गर्नुभएको थियो ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पुनर्निर्माणका चार वर्ष (प्रगति विवरण)

निजी आवास अनुदान वितरण - ७,८०,१६५ (९५.५४%)

किस्ता वितरण - पहिलो - ७,६९,९२६ (९८.६९%)
दोश्रो - ६,२१,४४३ (७९.६६%)
तेश्रो - ५,२५,२१५ (६७.३२%)

निजी आवास पुनर्निर्माण

निर्माण सम्पन्न- ४,८२,३२३ (६१.८२ %)
निर्माणाधीन- १,८९,०४१ (२४.२३%)

छुट सर्वेक्षण तथा पुनःजाँच

पहिलो चरण - १,२९,४१० (२०७४)
दोश्रो चरण- १,८९,२३९ (२०७५)
पुनरावेदन समितिमा फैसला भएका -१,५२०
गुनासो पुनरावलोकन - ३,०६,८५८

शैक्षिक संस्था - लक्ष्य- ७,५५३

पुनर्निर्माण - ५,३८० (७१.२३%)
निर्माणाधीन- १,७८७(२३.६६%)

सार्वजनिक भवन- लक्ष्य-४१५

पुनर्निर्माण- ३५९ (८६.५१%)
निर्माणाधीन- ४९ (११.८१%)

स्वास्थ्य संस्था - लक्ष्य- १,११९७

पुनर्निर्माण-६६५ (५५.५६%)
निर्माणाधीन- १४९ (१२.४५%)

सुरक्षा निकाय भवन -लक्ष्य - २१६

पुनर्निर्माण- १९४ (८९.८०%)
निर्माणाधीन- २२ (१०.२०%)

सांस्कृतिक सम्पदा - लक्ष्य - ८९१

पुनर्निर्माण- ३८७ (४३.४३%)
निर्माणाधीन- १२३ (१३.८०%)

भूमिहीन तथा सुकुम्बासी लाभग्राही

जम्मा लाभग्राही सङ्ख्या-९२८६
जग्गा खरिद/जग्गा व्यवस्थापन भएको सङ्ख्या-८,७४४

जोखिमयुक्त बस्ती स्थानान्तरण

जम्मा लाभग्राही सङ्ख्या - ४८२९
सुरक्षित ठाउँमा जग्गा खरिद तथा
व्यवस्थापना भएको सङ्ख्या -४,२०४
कूल बजेटरी खर्च- रु. २ खर्ब ९३ अर्ब

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
(गोरखापत्र, २०७६ पुस १२)

भूकम्पीय इन्जिनियरिङबारे राष्ट्रिय सम्मेलन

एमसीसी सम्झौता नेपालको हितमा छैन : अध्यक्ष बिजुक्छेँ

भूकम्प राष्ट्रिय सुरक्षा दिवसको अवसरमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा माघ ३ गते भूकम्पीय इन्जिनियरिङबारे एकदिने राष्ट्रिय सम्मेलन सम्पन्न भयो ।

सम्मेलनको उद्घाटन गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले अमेरिकी मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अमेरिकी सैन्य सङ्गठनको हिस्सा भएको बताउनुभयो ।

उहाँले नेपालले संसदबाट एमसीसी पारित भए कुनै पनि बेला युद्ध भएमा देश ध्वस्त हुनसक्ने चर्चा गर्नुहुँदै नेपालका शासक दलले वासिङटनमा गरेको एमसीसी सम्झौता नेपालको हितमा नभएको प्रस्ट पार्नुभयो । भूकम्पले भत्केका संरचनाहरूको पुन:निर्माणमा कलेजबाट उत्पादित प्राविधिकहरूको योगदानको चर्चा गर्नुहुँदै बिजुक्छेँले भन्नुभयो, 'हामी योग्य र तयारी अवस्थामा रहनुपर्छ । जुनसुकै ठाउँमा गएर पनि कार्य गर्नुपर्छ ।'

एउटा व्यवस्थित सहरको निर्माण गर्न हामी सक्षम भइसकेको बताउनुहुँदै उहाँले जिल्ला-जिल्लामा मठ मन्दिर बनाउन भक्तपुरमै सहयोगको लागि आग्रह गर्ने गरेको चर्चा गर्नुभयो । हाम्रो देश जातीय एवम् भौगोलिक विविधता भएको देश भएकोले सबै ठाउँको विकास एकै पटक सोचेजस्तो नहुने उहाँले बताउनुभयो ।

आफूले सोचे र चाहेजस्तो देश विकास भएन भनेर देश नै छोडेर जानु पलायन हुने र त्यसो गर्नु समस्याको समाधान नहुने उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रतिनिधिसभा सदस्य सांसद प्रेम सुवालले नेपाल संसारको ११ औँ भूकम्पीय जोखिमको क्षेत्रमा परेको बताउनुहुँदै विपद् जोखिमको व्यवस्थापन गर्नुपर्नेमा काठमाडौँमै थप सहरको विस्तार किन गर्ने भन्ने प्रश्न गर्नुभयो । भूकम्प पीडितलाई सरकारले उपलब्ध गराएको ३ लाख रुपियाँले घर नबन्ने बताउनुहुँदै उहाँले भूकम्प पीडितले पाउने रकम र सहुलियत दरमा उपलब्ध हुने ऋणको समयावधि बढाउनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले भौतिक संरचना एवं सम्पदाको समयमा नै उचित मर्मतसम्भार गर्न नसक्दा भूकम्पमा धेरै क्षति भएको हुँदा बलियो तथा भूकम्प प्रतिरोधात्मक संरचना निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले इन्जिनियरहरूले भूकम्पसम्बन्धी सचेतनात्मक कार्यक्रममा जोड दिनुपर्ने बताउनुभयो । भूकम्प गएको ४ वर्ष बितिसक्दा पनि भक्तपुरमा ८ हजार घरहरूमध्ये १५७२ घरहरूमात्र पुन:निर्माण भएको, विदेशीसँग मागेर समृद्ध नेपाल बन्न नसक्ने भएकोले भक्तपुर नगरपालिकाले आफ्नै स्रोतमा यहाँका सम्पदाहरूको पुन:निर्माण गरिरहेको बताउनुहुँदै सम्पदा निर्माणको भावी पुस्ताको निम्ति दस्तावेजीकरण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज व्यवस्थापन समितिका उपाध्यक्ष रजनी जोशीले भक्तपुरका विभिन्न सम्पदाहरूको पुन:निर्माण गर्दा परम्परागत प्रविधि नै प्रयोग गरेको र भूकम्पले भत्केका फसि देग, राष्ट्रिय कला सङ्ग्रहालय भएको लाल दरबार मल्लकालीन शैलीमै पुन:निर्माण गर्ने र यसको लागि प्राविधिकहरूले परम्परागत प्रविधिको बारेमा अध्ययन अनुसन्धान गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवाल, कार्यक्रम संयोजक डा. मन्जिप शाक्य, डा. सुवेगमान बिजुक्छेँ र ई. रामेश्वर श्रेष्ठले भूकम्प इन्जिनियरिङसम्बन्धी राष्ट्रिय सम्मलेनको आवश्यकता र महत्त्वबारे बोल्नुभयो ।

भूकम्प इन्जिनियरिङसम्बन्धी २७ वटा शोधपत्र प्रस्तुत गरिएको सम्मेलनको समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले सम्मेलनमा सहभागी तथा शोधपत्र प्रस्तुतकर्ताहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

भक्तपुर नपाका केही गतिविधि तस्बिरमा

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) भक्तपुर नपाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज र शारदा क्याम्पस माविमा वार्षिक भेटघाट कार्यक्रममा (पुस १९ गते)

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा भूकम्पीय इन्जिनियरिङबारे एकदिने राष्ट्रिय सम्मेलन (माघ ३ गते)

भक्तपुरमा आयोजित २२ औं भूकम्प सुरक्षा दिवसको राष्ट्रिय कार्यक्रमको उद्घाटन गर्नुहुँदै गृहमन्त्री रामबहादुर थापा (दायाँ) र उपस्थित अतिथिगण (माघ २ गते)

भक्तपुर नपाका केही गतिविधि तस्बिरमा

नेमकिपाको ४६ औं स्थापना दिवसमा श्रमिक साप्ताहिक, मजदुर दैनिक र अनलाइन मजदुरको अन्तरक्रिया कार्यक्रम (माघ ११ गते)

बेल्जीयमका राजकुमारी एस्ट्रिड लायकुको अवलोकनमा (माघ ७ गते)

राष्ट्रिय सभा सदस्य तथा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण बिडारी भक्तपुर नपामा (माघ ९ गते)

२२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस व्यवस्थापन उपसमितिको बैठकको अध्यक्षता गर्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति (पुस २३ गते)

भक्तपुर नपाका केही गतिविधि तस्विरमा

भक्तपुर महोत्सव २०७६ को चिन्ह (लोगो)

भक्तपुर नपा ५ नं. वडाको कुमारी पाटीको छाना छाउँदै

भक्तपुर महोत्सव मूल समितिको बैठक अध्यक्ष एवं नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा माघ १४ गते बस्यो ।

भक्तपुर नपा ४ नं. वडा समितिको कार्यालयको छाना छाउँदै

भक्तपुर नपाका केही गतिविधि तस्विरमा

भक्तपुर नपाको पाटिक सरसफाइ कार्यक्रम माघ १ गते हनुमानघाट परिसर (माथि) र माघ १५ गते अरनिको सभाभवन निर्माणस्थल परिसर, देकोचा (तल)

मन्तव्य

२२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस

'ठेकेदारलाई भन्दा जनतालाई विश्वास गर्छौं'

- सुनिल प्रजापति

'भूकम्पबाट सुरक्षित पूर्वाधार, दिगो सुख र समृद्धिको आधार' मूल नाराका साथ भक्तपुरमा आयोजित २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसले हामी भक्तपुरवासीलगायत सम्पूर्ण देशवासीलाई भूकम्पबाट सुरक्षित हुने विषयमा थप सचेत बनाउने अपेक्षा गरेका छौं ।

वि.स. १९९० साल माघ २ गते गएको विनाशकारी भूकम्पको सम्झनास्वरूप हरेक वर्ष माघ २ गते राष्ट्रिय भूकम्प दिवस मनाउँदै आएको हो । भूकम्प प्राकृतिक विपत्ति हो । यसलाई कसैले रोक्न सक्दैन । समय समयमा भूकम्प आइरहन्छ तर त्यसबाट जोगिन पूर्वतयारी आवश्यक छ । वास्तवमा भूकम्पले भन्दा हामीले बनाएका कमजोर संरचनाले हाम्रो धनजनको क्षति हुने हो । हाम्रा हरेक संरचना बलियो, भरपर्दो र गुणस्तरीय हुनु आवश्यक छ । त्यसको लागि संघ, प्रदेश र स्थानीय सबै तहका सरकारहरू जिम्मेवार हुनुपर्छ । राष्ट्रिय भूकम्प सुरक्षा दिवसलाई जनचेतना फैलाउने एक महत्त्वपूर्ण अभियानको रूपमा लिइनु पर्छ ।

भक्तपुर कला र संस्कृतिले भरिएको प्राचीन नगर हो । देशको सानो नगरपालिकामध्ये एक भक्तपुर नगरमा मूर्त र अमूर्त गरी थुप्रै अनुपम सम्पदाहरू छन् । दरबार क्षेत्र, टौमढी क्षेत्र, दत्तात्रय क्षेत्र भक्तपुरका विशेष आकर्षणका सम्पदा केन्द्रहरू हुन् भने पुरानो बस्ती सिँगो नै सम्पदा बस्ती हो । मल्लकाल र राणाकालमा निर्मित कयौं सम्पदाहरू अहिले पनि जीवन्त छन् । संरक्षणको अभावमा कयौं सम्पदाहरू लोप भइसके भने कयौं लोपोन्मुख स्थितिमा छन् । भक्तपुर नगरपालिकाले सम्पदा क्षेत्रहरूको अध्ययन र अनुसन्धान गर्दै सम्पदाहरूलाई पुन:जीवन दिने कोसिस गरिरहेको छ ।

डातापोल (५ तले मन्दिर), भैरवनाथको मन्दिर, ५५ झ्याल दरबार, सुनढोकालगायत काष्ठकला, प्रष्तरकला र धातुकलाका उत्कृष्ट नमुनाहरू हुन् । भूकम्पबाट क्षतिग्रस्त भैरवनाथको मन्दिर हालै जीर्णोद्धार सम्पन्न गरिसकेका छौं भने डातापोल (५ तले मन्दिर) जीर्णोद्धार गर्दैछौं । बिग्रे-भत्केका सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्दै भक्तपुर नगरपालिका **'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति'** नारालाई सार्थक बनाउन क्रियाशील छ ।

२०७२ सालको भूकम्पले अति प्रभावित जिल्लाहरूमध्ये भक्तपुर पनि एक हो । भक्तपुर जिल्लाका चार नगरपालिकामध्ये भक्तपुर नगरपालिकामा मात्र आंशिक र पूर्ण गरी करिब ८ हजार घरमा क्षति पुगेको र २५२ जना नागरिकको ज्यान गएको थियो । क्षतिग्रस्त निजी घरहरूमध्ये पहिलो किस्ता लिने लाभग्राहीहरूको सङ्ख्या ५६३७, दोस्रो किस्ता लिने लाभग्राहीहरूको सङ्ख्या १८७४ र तेस्रो किस्ता लिने लाभग्राहीहरू १५७२ मात्रै छन् । भूकम्प गएको ४ वर्ष बितिसक्दा पनि धेरै घरहरू निर्माण गर्न बाँकी छन् । जग्गामा पीडितहरूको पूर्ण स्वामित्व कायम नहुनु, मोहियानी हक, गुठी जग्गा वा दर्ताविनाको जग्गामा घर बनाएर बस्नु, एउटै घरमा बहुस्वामित्व कायम हुनु, सरकारले किस्ताबन्दीमा अनुदान वितरण गर्नु र पहिलो किस्तावापत माटो पन्छाउन पनि नपुग्ने रु. ५० हजारमात्र दिनु पीडितहरूले घर बनाउन नसक्नुका प्रमुख कारणहरू हुन् ।

पुन:निर्माणसँगै निजी घर निर्माणमा पनि मौलिकतालाई नगरपालिकाले जोड दिँदै आएको छ । मौलिकता नै हाम्रो पहिचान हो । पुरानो नगरभित्र मौलिक शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई घरको मोहडामा लाग्ने इँटा, काठ र झिँगटीको लागि लाग्ने खर्चमध्ये ३५ प्रतिशत रकम नगरपालिकाले अनुदान दिई उत्साहित गर्दै आएका छौं । हजारौं घरहरू र सम्पदाहरू निर्माण गर्नु हाम्रो लागि ठूलो चुनौति हो । यद्यपि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले कल्पना गर्नुभएको १०० वर्षपछिको भक्तपुर पुस्तकअनुसार आधार निर्माण गर्ने यो एक महत्त्वपूर्ण अवसरको

रूपमा पनि हामीले लिएका छौं ।

भूकम्पबाट भक्तपुर नगरभित्र रहेका ११५ भन्दा बढी सम्पदाहरूमा क्षति भएको थियो । नगरपालिकाले आफ्नो स्रोत र साधनको अधिकत्तम परिचालन गरी २०७६ मंसिर १ गतेसम्म ९१ वटा सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको छ भने डेढ दर्जन सम्पदाहरू निर्माणाधीन छन् । हालसम्म सम्पदा पुन:निर्माणमा नगरपालिकाले २५ करोड ४९ लाख ५२ हजार रूपैयाँ खर्च गरिसकेको छ । सम्पदा पुन:निर्माणमा कुनै विदेशीको सहयोग छैन ।

भक्तपुर नगरपालिकाद्वारा संचालित ख्वप इन्जिनियरिङ कलेजमा नेपालमै पहिलो पटक भूकम्प प्रविधि विषयमा स्नातकोत्तर तहको अध्यापन गराई ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका प्राविधिकहरूमार्फत भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरूको विस्तृत इन्जिनियरिङ अध्ययन गराइरहेका छौं । उहाँहरूको अध्ययन प्रतिवेदनकै आधारमा भक्तपुर नगरपालिकाले सम्पदा पुन: निर्माण कार्यलाई तीब्रता दिइरहेको छ ।

हामी ठेकेदारलाई भन्दा स्थानीय जनतालाई विश्वास गर्छौं । स्थानीय जनताबाट बनेका उपभोक्ता समितिहरूमार्फत नै भक्तपुरका सम्पदाहरू पुन:निर्माण हुँदैछन् । उपभोक्तामार्फत काम हुँदा मौलिकताको संरक्षण हुने, सम्पदामाथिको अपनत्व कायम रहने, स्थानीय जनताले रोजगारी पाउने र निर्माण गुणस्तरीय हुने हाम्रो अनुभव छ ।

भक्तपुरमा रहेका केही महत्त्वपूर्ण सम्पदाहरू अझै पुन:निर्माण हुन सकेका छैनन् । दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालय रहेको भवन र 'लाल बैठक' पुन:निर्माण गर्न बाँकी छन् । ती भवनहरू मल्लकालीन समयमा एउटै दरबार थियो । राणाकालमा मात्रै टुक्राएर दुई अलग अलग भवन निर्माण भएको इतिहास छ । भक्तपुर नगरपालिकाले विगतका फोटाहरू, ऐतिहासिक तथ्य र प्रमाणहरूको आधारमा मल्लकालीन शैलीमै निर्माण गर्नुपर्ने अडानपछि २०७५/४/८ मा भक्तपुर नगरपालिका, संस्कृति मन्त्रालय र पुरातत्त्व विभागको संयुक्त बैठकले मल्लकालीन शैलीमै नगरपालिकाले बनाउने निर्णय गऱ्यो । तर बजेट व्यवस्था नहुनु र पुरातत्त्व विभागले आवश्यक प्रक्रिया अगाडि नबढाउँदा कार्य सुरु हुन सकेको छैन । भनपा वडा नं. ९ स्थित पुजारी मठ, पहिले नगरपालिका कार्यालय रहेको थन्थु दरबारलगायत बजेट र प्राविधिक कारण पुन:निर्माणमा ढिलाइ भइरहेको यथार्थ यहाँ प्रस्ट पार्न चाहन्छौं ।

'दरबारमा बस्नेले सडक र टहरामा बस्नेको दु:ख बुझ्दैनन्' भन्ने जनताबीच व्यापक चर्चा छ । यसर्थ भूकम्प पीडितहरूलाई दिने अनुदान रकम वृद्धि गर्नुपर्ने, अनुदान किस्ताबन्दीमा नभई एकमुस्ट दिनुपर्ने, अनुदान वितरणको समय बढाउनुपर्ने र घरवारविहीन सुकुम्वासीहरूको निम्ति नेपाल सरकारले नै घर निर्माण गरी उचित व्यवस्थापन गर्नुपर्नेतर्फ सम्बन्धित सबैको ध्यानाकर्षण गर्न चाहन्छौं ।

विपद् व्यवस्थापनको लागि भक्तपुर नगरपालिकाले विपद् व्यवस्थापन ऐन २०७४ पारित गरी नगर प्रमुखको अध्यक्षतामा विपद् व्यवस्थापन नगरसमिति गठन गरिसकेको छ । विपद् व्यवस्थापन कोषको रूपमा रु. २० लाख नगरपालिकाले विनियोजन गरेको र अन्य क्षेत्रबाट प्राप्त रकम पनि त्यही कोषमा जम्मा गर्ने व्यवस्था मिलाइएको छ । नगरपालिकाले नेपाली सेनासँग समन्वय गरी तीनवटा समूहलाई विपद् व्यवस्थापन तालिम दिइसकेको छ । नगरभित्र १२२ जना तालिमप्राप्त विपद् व्यवस्थापन उद्धारकर्ताहरू तयारी अवस्थामा छन् । त्यसबाहेक विभिन्न संस्थासित समन्वय गरी विपद् व्यवस्थापन र क्षति न्युनीकरणसम्बन्धी कार्यहरू पनि गर्दै आएका छौं । भूकम्पबाट क्षति न्युनीकरण गर्न नेपाल सरकार, नगरपालिका र भवन विभागको भवन निर्माण मापदण्डलाई कडाइका साथ लागु गर्दै आएका छौं ।

उपस्थित जनसमुदाय,

नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गर्दै २० लाख विदेशी पर्यटक भित्र्याउने योजना सार्वजनिक गऱ्यो । त्यसलाई सहयोग पुऱ्याउने उद्देश्यले भक्तपुर नगरपालिकाले विभिन्न पर्यटन केन्द्रित गतिविधि गर्दैछ । भक्तपुर आउने र यही बास बस्ने पर्यटकहरूको लागि टोल-टोलमा रहेका पाटी-पौवाहरूमा भजन गाउने, चोक-चोकमा सांस्कृतिक प्रदर्शन गर्नेजस्ता तयारी सुरु गरेको छ ।

आर्थिक वर्ष २०७५/७६ मा भक्तपुरमा जम्मा २ लाख ५३ हजार ८६३ जनाले भक्तपुर भ्रमण गरेका थिए भने आ.व. २०७६/७७ को साउनदेखि पुस मसान्तसम्म ६ महिनाको अवधिमा जम्मा १ लाख ३३ हजार ६३२ जना पर्यटकहरूले भक्तपुर भ्रमण गरेको रेकर्ड छ ।

भक्तपुर आउने पर्यटकहरूले कुनै किसिमको असहजता महसुस गर्न नपरुन् भन्ने उद्देश्यले ठाउँ ठाउँमा पर्यटक सूचना केन्द्र निर्माण, तालिम प्राप्त स्थानीय पथप्रदर्शकहरूको व्यवस्था, महत्त्वपूर्ण सम्पदा क्षेत्रहरूमा गाडी निषेध, चिनियाँ र जापानी भाषाको कक्षा संचालन र मूल सडकमा ढुङ्गा छपाइ तथा आवश्यक शौचालयको बन्दोबस्त पनि नगरपालिकाले गरेको छ ।

पर्यटकहरूको लागि सुरक्षा अति महत्त्वपूर्ण हुने हुँदा प्रमुख ठाउँहरूमा सीसी क्यामेराको बन्दोबस्त, प्रहरीसँग समन्वय गरी समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई पनि सक्रिय ➲➲

भूकम्प प्रतिरोधी घरको प्रदर्शनी

ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप इन्जिनियरिङ कलेजका विद्यार्थीले २२ औं भूकम्प सुरक्षा दिवसको अवसरमा

माघ २ गते भक्तपुर दरबार क्षेत्रमा भूकम्प प्रतिरोधी घरको नमुना प्रदर्शनी गरेका छन् ।

एक सय वर्षसम्म सुरक्षित किसिमले बस्न मिल्ने परिकल्पनासहितको इस्टिमेट तयार गरी मौलिक किसिमको आधुनिक भूकम्प प्रतिरोधी भवनको नमुना प्रदर्शन गरिएको थियो । भक्तपुरमा एक/दुई आनामा बनाइएका पुरानो र साँघुरो गल्लीका घरमा बढी क्षति भएपछि इन्जिनियरिङका विद्यार्थीले थोरै जग्गामा सुरक्षित घरको नमुनासमेत तयार गरेका छन् । प्रदर्शनीमा सम्पदा पुनर्निर्माण, अस्थायी घर, स्मारक क्षेत्रभित्र बनाइने घरको नक्सा, सांस्कृतिक मापदण्ड सुहाउँदो भवन संरचनाको लागि नक्साको नमुना राखिएको थियो ।

भूकम्प सुरक्षा दिवस तयारी भेला

भक्तपुर नगरपालिकाको आयोजनामा राष्ट्रिय भूकम्प सुरक्षा दिवस भव्यताका साथ सम्पन्न गर्न श्यानिटेशन उपशाखामा कार्यरत वडा निरीक्षक, ड्राईभर र हेल्परहरूको भेला पुस २९ गते भनपा सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि वडा नं ९ का वडाध्यक्ष एवं वातावरण समितिका संयोजक रबिन्द्र ज्याख्वले राष्ट्रिय भूकम्प सुरक्षा दिवस भव्यताका साथ सम्पन्न गर्न सरसफाइ, खानेपानी, ट्राफिक व्यस्थापन, पार्किङ व्यवस्थापन र बजार व्यवस्थापन गर्न र फोहर संकलन केन्द्रमा पनि फोहर बाँकी नराख्न निर्देशन दिनुभयो । उहाँले भूकम्प दिवसमा अन्तरिक र बाह्य पर्यटकहरू आउने भएकोले सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा प्रशासकीय अधिकृत दामोदर सुवालले नगरको पूर्व लामगाल पोखरी र पश्चिम भाजु पोखरीबाट ञ्यालीसहित हुने राष्ट्रिय भूकम्प सुरक्षा दिवसमा विभिन्न संघसंस्थाका हजारौं सहभागी हुने भएकोले ञ्याली व्यवस्थापन, मञ्च व्यवस्थापन, अतिथि सत्कार, व्यानर र मेचसमेत व्यवस्थापनमा सहयोग गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा श्यानिटेशन उपशाखा प्रमुख न.नि. दिलिप कुमार सुवाल र वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नु भएको थियो ।

➲➲ बनाउने हाम्रो प्रयास हुँदै आएको छ । पर्यटकहरूको बसाइ लम्ब्याउने र मनोरञ्जन लिन सक्ने गरी सिद्धपोखरीमा नौका बिहार, सम्पदा क्षेत्रमा बत्ती व्यवस्थापनलाई प्राथमिकतामा राखेर कार्य गर्दै आएका छौं ।

भ्रमण वर्षकै अवसर पारेर भक्तपुर नगरपालिकाले २०७६ चैत ४ गतेदेखि ८ गतेसम्म ५ दिने भक्तपुर महोत्सव गर्ने घोषणा गरिसकेको पनि यहाँ जानकारी गराउन चाहन्छौं । महोत्सवमा हस्तकलाको जीवन्त प्रदर्शनी, व्यापार मेला, नौका बिहार, शैक्षिक प्रदर्शनी, सांस्कृतिक कार्यक्रम, वाद्यवादन प्रतियोगिता गर्ने तयारी छ भने नेवारी परम्परागत जीवनशैली प्रदर्शनी, माटाका भाँडाको सीप प्रदर्शनीलगायत प्रदर्शन गरी महोत्सव भव्य बनाउने कोसिस भइरहेको छ ।

उक्त महोत्सव भव्य रूपमा सम्पन्न गर्न नगर प्रमुखको अध्यक्षतामा १६१ सदस्यीय महोत्सव मूल समारोह समिति गठन गरी तयारी अगाडि बढाइसकेको छ भने सन् २०२० भरि नै महोत्सवमय बनाउने उद्देश्यले मासिक रूपमा विभिन्न गतिविधिहरू गर्ने व्यवस्था मिलाउँदैछौं ।

अन्तमा, २२ औं भूकम्प सुरक्षा दिवस मनाउन विभिन्न संस्थाबाट पाल्नु भएका सम्पूर्ण सहभागीहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन्छु ।

(२२ औं भूकम्प सुरक्षा दिवस मूल समारोहका सभापति एवं मूल समारोह व्यवस्थापन उपसमितिका संयोजक तथा भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिले २०७६।१०।२ मा व्यक्त गर्नुभएको मन्तव्य)

राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७६ को व्यवस्थापन उपसमितिको बैठक सम्पन्न

२०७६ माघ २ गते भक्तपुर दरबार क्षेत्रमा हुने २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस भव्य रूपमा सम्पन्न गर्न पुस २३ गते भक्तपुर नगरपालिकाको आयोजनामा २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस व्यवस्थापन उपसमितिको बैठक नगरपालिकाको सभाकक्षमा सम्पन्न भयो ।

बैठकले सम्माननीय प्रधानमन्त्री खड्गप्रसाद ओलीको प्रमुख आतिथ्यमा राष्ट्रिय भूकम्प सुरक्षा दिवसको मूल समारोह भक्तपुर दरबार क्षेत्रमा २०७६ माघ २ गते बिहीबार भव्यताका साथ सम्पन्न गर्ने निर्णय गऱ्यो ।

राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७६ को मूल समारोहअघि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा लामगाल पुखु, भनपा १० बाट मध्यान्ह १२ बजेबाट ऱ्याली गर्ने निर्णय गऱ्यो । सो स्थानमा ख्वप कलेजबाट जनचेतनामूलक नाटक प्रदर्शनी र नेपाल स्काउटबाट विपद् व्यवस्थापन सम्बन्धी विशेष प्रस्तुती रहने व्यवस्था गरेको छ ।

ऱ्यालीमा राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७६ मूल समारोह समितिका पदाधिकारीहरू तथा व्यवस्थापन समितिका पदाधिकारीहरू, नेपाली सेना (व्यान्डसहित), महानगरीय प्रहरी परिसर (जगाति वृत्त) (व्यान्डसहित), सशस्त्र प्रहरी बल (व्यान्डसहित), भनपा बडा नं. ६ देखि १० सम्मका सबै जनप्रतिनिधिहरू, भनपाद्वारा सञ्चालित कलेजहरू, भनपा वडा नं. ६ देखि १० सम्मका सांस्कृतिक समूहहरू, धिमे बाजा, बाँसुरी बाजा, माक प्याखँ, लाखे प्याखँ, भनपा वडा नं. ६ देखि १० सम्मका विद्यालयका स्काउट ट्रुपहरू र नेपाल रेडक्रस सोसाइटीको सहभागिता रहनेछ । ऱ्याली लामगाल पुखुबाट सुरु हुँदै नवदुर्गा – गछें – सकोलान – दत्तात्रय – इनाचो – गोल्मढी – सुकुलढोका – त्रिपुरा सुन्दरी हुँदै दरबार क्षेत्रमा सभामा परिणत हुनेछ ।

यसैगरी भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको नेतृत्वमा भाज्या पुखुबाट मध्यान्ह १२ बजे भाज्या पुखु – इनागा – भार्वाचो – तेखापुखु – बंशगोपाल – नासमना – तालाक्व – टौमढी – क्वाछें – साकोठा हुँदै दरबार क्षेत्रमा पुगी सभामा परिणत हुनेछ । ऱ्याली सुरु हुनु अघि भनपा विपद व्यवस्थापन समितिबाट आगलागी नियन्त्रण सम्बन्धी प्रयोगात्मक प्रस्तुती र नेपाल रेडक्रस सोसाइटीबाट विशेष प्रस्तुती रहनेछ । ऱ्यालीमा राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७६ मूल समारोह समितिका पदाधिकारीहरू तथा व्यवस्थापन समितिका पदाधिकारीहरू, नेपाली सेना (व्यान्डसहित), सशस्त्र प्रहरी बल (व्यान्डसहित), महानगरीय प्रहरी परिसर (व्यान्डसहित), भनपा बडा नं. १ देखि ५ सम्मका सबै जनप्रतिनिधिहरू, भनपा वडा नं. १ देखि ५ सम्मका सांस्कृतिक समूहहरू धिमे बाजा, बाँसुरी बाजा, माक प्याखँ, लाखे प्याखँ, भनपा वडा नं. १ देखि ५ सम्मका विद्यालयका स्काउट ट्रुपहरू, ख्वप मावि र नेपाल रेडक्रस सोसाइटीको सहभागिता रहने व्यवस्था बैठकले गरेको छ ।

राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७६ मूल समारोहको सचेतना ऱ्यालीको दुवै रुटमा सुरक्षा निकायबाट व्यान्ड बाजा टोलीलाई सहभागी गराउन मूल समारोह समितिमार्फत नेपाल सरकार गृह मन्त्रालय र रक्षा मन्त्रालयमा अनुरोध गर्ने बैठकले निर्णय गऱ्यो ।

बैठकले माघ २ गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भूकम्पसम्बन्धी इन्जिनियरिङ मोडल, फोटो तथा चित्रकला प्रदर्शनी हुने र ती कार्यक्रमहरूका लागि सम्वन्धित कलेजहरूलाई व्यवस्थापनको लागि जिम्मेवारी दिने निणर्य गऱ्यो ।

साथै राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७६ को अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा मिति २०७६ माघ ३ गते, शुक्रबार विहान ९ बजे ख्वप इन्जिनियरिङ कलेजको सभाकक्ष, लिवाली, भक्तपुरमा भूकम्प इन्जिनियरिङ विषयमा राष्ट्रिय सम्मेलन हुने र कार्यक्रम व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी सम्वन्धित कलेजहरूलाई नै दिने निर्णय गऱ्यो ।

उक्त बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, कार्यपालिका सदस्य, भक्तपुर जिल्लाका प्रजिअ हुमकला पाण्डे, भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधान, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट)का उपाध्यक्ष विजयकृष्ण उपाध्याय, वीरदल गण सूर्यविनायकका शिवप्रसाद पौडेल, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्काउट, नेपाल रेडक्रस सोसाइटी, कर्मचारी, पत्रकार, भक्तपुर उद्योग वाणिज्य संघ, ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजका प्रतिनिधिहरूलगायतको उपस्थिति रहेको थियो ।

'भूकम्पीय जोखिम न्युनीकरण तथा व्यवस्थापन' विषयक एक दिने कार्यशाला सम्पन्न

नेपालमा भूकम्पीय जोखिम न्युनीकरण तथा व्यवस्थापन विषयक एक दिने कार्यशाला ललितपुरमा माघ १३ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि भूकम्प पुन:निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशिल ज्ञवालीले २०७२ सालको भूकम्पपछि फेरि उठ्न सक्ने हो होइन भनी चिन्तित भएकोमा आजसम्मको प्रगति सन्तोषजनक रहेको बताउनुभयो ।

उहाँले पुन:निर्माण प्राधिकरणको गठनपछि हालसम्म ८७ प्रतिशत निर्माण सम्पन्नतिर गइरहेको, विद्यालय भवनहरू ७१ प्रतिशत निर्माण सम्पन्न भएको प्रष्ट पार्नुहुँदै पूर्वाधार सुन्दर बनाउने मात्रै होइन गुणस्तरीय बनाउनु आवश्यक भएकोमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुन:निर्माण साझा चुनौती भएकोले केन्द्र, प्रदेश र स्थानीय सरकारहरूबीच समन्वय गरी संयुक्त प्रयासमा अगाडि बढ्नु जरुरी छ भन्नुभयो ।

उहाँले कामभन्दा प्रकृया बढी खोज्ने, ढिलाइबारे एकले अर्कोलाई दोषारोपन गर्ने प्रवृत्ति भएसम्म हामीले समयमा काम सम्पन्न गर्न सक्दैनौं भन्नुभयो ।

भक्तपुर नगरपालिकाको क्षतिग्रस्त सम्पदा पुन:निर्माणको लागि जेष्ठ महिनामै सबै योजना प्रस्तुत गरेकोमा ८/९ महिना वितिसक्दा पनि किन प्रकृया अघि बढेन भनी प्रश्न गर्नुहुँदै उहाँले बैंकमा पैसा थुपारेर सम्पदा पुन:निर्माण नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो– 'जस्तोसुकै समस्या आएपनि मौलिकता गुमाउनु हुँदैन । मौलिकता गुम्यो भने हाम्रो पहिचान समाप्त हुन्छ । आत्मनिर्भरतालाई जोड दिनुपर्छ । सँधै अरुको सामु हात थप्ने भावनाले संवृद्ध नेपाल र सुखी नेपाली बन्न सक्दैन ।'

शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक रामचन्द्र दंगालको सभापतित्वमा सम्पन्न कार्यक्रममा खानी तथा भूगर्भ विभागका डा. सोमनाथ सापकोटाले भवन निर्माण आचारसंहिताको राम्रोसँग कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल विपद् न्युनीकरण प्राधिकरणका प्रमुख अनिल पोखरेलले कमभन्दा कम क्षतिको लागि काम गर्ने हो, अहिलेको अवधिमा जति काम गऱ्यौं त्यो धेरै नै महत्त्वपूर्ण छ भन्नुभयो ।

उहाँले हामी एक्लैले काम गर्ने होइन, सबैले संयुक्त प्रयास गरेर मौलिकता जोगाएर अघि बढ्नु पर्छ भन्नुभयो ।

उक्त कार्यक्रम भक्तपुर नगरपालिका, राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण, पुन:निर्माण प्राधिकरण, शहरी विकास तथा भवन निर्माण विभाग र एनसेटको संयुक्त आयोजनामा भएको थियो ।

उद्घाटन कार्यक्रम पछि विभिन्न विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप स:' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:00 सम्म
सोमबार : बिहान ७:00 देखि ७:३० सम्म

मन्तव्य

'सधैं अरु सामु हात थापेर संवृद्ध नेपाल र सुखी नेपाली बन्न सक्दैन'

- सुनिल प्रजापति

नेपाल भूकम्पीय दृष्टिले अत्यन्तै जोखिमपूर्ण क्षेत्रमा अवस्थित छ। नेपालमा पटक पटक ठूला ठूला भूकम्पहरू गएको इतिहास छ। भूकम्पकै कारण नेपालले धेरै ठूल ठूला क्षतिहरू व्यहोर्नु पऱ्यो। विगतका भूकम्पहरूले हामीलाई धेरै शिक्षा दिएर गए।

भूकम्प स्वयं विपद् होइन, त्यो त प्राकृतिक प्रकृया मात्रै हो। आजसम्म विकसित वैज्ञानिक प्रविधिले भूकम्पलाई रोक्न सकेको छैन। अर्थात त्यस्तो कुनै प्रविधिको विकास भएको छैन। भूकम्पले होइन हामीले बनाएको कमजोर संरचनाले हाम्रा सम्पत्ति र हाम्रै ज्यान लिने गर्छन्। हामीले बलियो संरचना निर्माण गरेर भूकम्पबाट हुने क्षति न्युनीकरण गर्न सक्छौं। हामी सबैको साझा सरोकारको विषय यही हो।

भूकम्प प्रतिरोधी संरचनाहरू निर्माण गर्नु र कुनै पनि बेला भूकम्प आउन सक्ने सम्भावनालाई ध्यानमा राखेर सावधानी अपनाउनु नै भूकम्पबाट हुने क्षति न्यूनीकरणका उत्तम उपायहरू हुन्।

हाम्रा सयौं वर्ष पुराना सम्पदाहरू अहिले पनि जीवन्त छन्। आजभन्दा ३१७ वर्ष अघि निर्मित काठमाडौं उपत्यकाकै सबैभन्दा अग्लो भक्तपुरको ५ तले मन्दिर १९९० सालको विनाशकारी भूकम्पमा १ तला मात्रै भत्क्यो, २०४५ सालमा केही क्षति भएन र २०७२ सालको भूकम्पमा १ तला बिग्रो। भक्तपुर नगरपालिकाले त्यसको जीर्णोद्धार गर्दैछ। भूकम्पअघि भनपाले जीर्णोद्धार गरेको ५५ झ्याल दरबारमा सामान्य क्षतिबाहेक केही भएन, भैरवनाथको मन्दिरमा एक तलामा क्षति भएकोमा उक्त जीर्णोद्धार हालै सम्पन्न भयो। समय समयमा मर्मत सम्भार गर्नु सम्पदा र संरचनाहरू सुरक्षित राख्ने अर्को उपाय हो।

गएको माघ २ गते २२ औं भूकम्प सुरक्षा दिवस मूल कार्यक्रम भक्तपुरमा सम्पन्न भयो। भूकम्पबारे जनचेतना फैलाउने उद्देश्यले आयोजित त्यस कार्यक्रमले भक्तपुरको कला संस्कृति र सम्पदाबारे राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्ने अवसर प्राप्त भयो। त्यस कार्यक्रम भव्य रूपमा सम्पन्न गर्न सहयोग गर्ने राष्ट्रिय विपद व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सहरी विकास तथा भवन निर्माण विभाग, एनसेटलगायत सम्पूर्ण सहयोगी हातहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन्छौं।

भक्तपुर नगरपालिकाले हरेक वर्ष माघ २ गते का दिन भूकम्प सुरक्षा दिवसको अवसर पारेर भूकम्पसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू गर्दै आएको छ। यो वर्ष पनि राष्ट्रिय कार्यक्रमकै दिन भनपाद्वारा सञ्चालित ख्वप ई. कलेज र ख्वप कलेज अफ ईन्जिनियरिङको संयुक्त आयोजनामा जन चेतनामुलक प्रर्दशनी सम्पन्न गऱ्यौं भने माघ ३ गते राष्ट्रिय गोष्ठी सम्पन्न गऱ्यौं।

२०७२ सालको भूकम्पपछि ख्वप ईन्जिनियरिङ कलेज र ख्वप कलेज अफ ईन्जिनियरिङको आयोजनामा 'भूकम्प ईन्जिनियरिङ र विपद् पछिको पुन:निर्माण' विषयमा २०७३ साल वैशाख १२, १३, र १४ गते पहिलो र २०७६ वैशाख १२, १३ र १४ गते दोश्रो अर्न्तराष्ट्रिय सम्मेलन सम्पन्न भयो। विभिन्न देशका इन्जिनियर, आर्किटेक्टहरूले भाग लिनु भएको ती सम्मेलनहरूले पुन:निर्माणमा मौलिक प्रविधिलाई जोड दिनुपर्ने निष्कर्ष निकालेका थिए।

> नेपालमा के गर्दा काम हुन्छ ? हामीलाई बुझाइ दिनुपऱ्यो।
>
> बैंकमा पैसा थुपारेर हाम्रा सम्पदाहरू आफै पुन:निर्माण हुने होइन। निर्माणको अधिकार प्राप्त संस्थाहरू जति सकृय हुन्छन्, त्यति छिटो सम्पन्न हुने हो। हामी जनप्रतिनिधि ५ वर्षको लागि निर्वाचित भएर आएका हौं। अब पनि द्रुत गतिले काम गर्न सकेनौं भने हामीले पश्चाताप गर्नुपर्ने हुन्छ।

२०७२ सालको भूकम्पले भत्केका लाखौं घरहरू अझै निर्माण हुन सकेका छैनन्। यो हामी सबैको साझा चुनौती हुन्। केन्द्र, प्रदेश र स्थानीय तहका सबै सरकारहरूले संयुक्त प्रयास गर्ने हो भने हाम्रा निजी घर र सम्पदाहरू पुन:निर्माणको लागि त्यति समय लाग्ने छैन। कामभन्दा प्रकृया बढी खोज्ने, ढिलाइको कारणबारे एकले अर्कोलाई दोषारोपण गर्ने प्रवृतिले हामीले आफ्नो लक्ष्यअनुसार काम गर्न सक्दैनौं। हाम्रो बानी, व्यवहारमा सुधार गरेनौं भने दुई वर्ष होइन अर्को ➲

भक्तपुर नपामा चौतारा सांगाचोकगढी नपाको टोली

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चौतारा सांगाचोकगढी नगरपालिका-५ नं वडाका वडाध्यक्ष नरमान श्रेष्ठ (पालिखे) सहितको टोलीसँग माघ १३ गते भेट गऱ्यो ।

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले गरिरहेको सम्पदा संरक्षण, विभिन्न कलेजहरू संचालन, ब्यायाम स्थल व्यवस्थापन, सीपमूलक तालिमहरू संचालन सम्बन्धी जानकारी गराउनुभयो ।

उपभोक्ता समितिमार्फत स्थानीय भौतिक र आर्थिक सहयोग जुटाई संरक्षण कार्य गर्दा कम लागतमा बलियो र मौलिकता संरक्षण हुने बताउनुहुँदै भनपाले घरघरमा नर्सिङ सेवा प्रदान गरिरहेको र ख्वप अस्पताल निर्माण भइरहेको उहाँले जानकारी गराउनुभयो ।

वडाध्यक्ष श्रेष्ठसहितको टोलीले भक्तपुर नगरपालिकाले गरिरहेको विभिन्न खेलकुद गतिविधि, तालिम र

प्रतियोगितासम्बन्धी जानकारी लिनुभयो ।

टोलीले सोमबार भक्तपुर दरबार क्षेत्र र टौमढी क्षेत्रमा अवस्थित सम्पदाहरूको अवलोकन गर्दै २०७२ सालको भूकम्पपश्चात भइसकेको तथा भइरहेको सम्पदा पुन:निर्माणको स्थलगत अवलोकन पनि गरेको थियो ।

➲ चार-पाँच वर्षमा पनि पुन:निर्माणको काम सम्पन्न गर्न सक्ने छैनौं ।

राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुख प्रशासकीय अधिकृत यहीं कार्यक्रममा हुनुहुन्छ । गएको आ.व.मा सम्पन्न गर्नुपर्ने गरी सम्पदा पुन:निर्माणको लागि भ.न.पा.लाई रु. ५ करोड पाउने उहाँबाट आश्वासन पायौं । उहाँहरूले योजना माग गर्नुभयो । वैशाख महिनामै योजना छनौट गरी ९ वटा योजनाको नक्सा डिजाइन, ल.ई. पारित गरी उपभोक्ता समिति गठनसहित कार्यपालिकाले पारित गरी बुझायौं । विभिन्न नगरपालिकाका जनप्रतिनिधिहरू, प्राविधिकहरूकोसामु उहाँले योजना स्वीकृत भएको घोषणा गर्नुभयो । ताली बजाएर सहभागीहरूले समर्थन पनि गर्नुभयो तर २०७६ माघमा हामी सोध्दैछौं-ती योजनाहरू कहाँ गए ? ९ मध्ये २ वटा योजना हामीले नगरपालिकाको बजेटले नै सम्पन्न गरी सक्यौं ।

भक्तपुर दरवारक्षेत्र स्थित कला सङ्ग्रहालय रहेको भवनको कथा व्यथा त्यहीं छ । किन हाम्रा सम्पदाहरूमा जिम्मेवार निकायहरूको ध्यान जाँदैन ? त्यसको ल.इ., डिजाइनसहितको फाइल प्राधिकरणबाट हामीले नै पुरातत्त्व विभागमा पुऱ्यायौं, तर अझै काम हुँदैन । नेपालमा के गर्दा काम हुन्छ ? हामीलाई बुझाइ दिनुपऱ्यो ।

बैंकमा पैसा थुपारेर हाम्रा सम्पदाहरू आफै पुन:निर्माण हुने होइन । निर्माणको अधिकार प्राप्त संस्थाहरू जति सकृय हुन्छन्, त्यति छिटो सम्पन्न हुने हो । हामी जनप्रतिनिधि ५ वर्षको लागि निर्वाचित भएर आएका हौं । अब पनि द्रुत गतिले काम गर्न सकेनौं भने हामीले पश्चाताप गर्नुपर्ने हुन्छ । आशा गरौं, हामीले जिम्मेवारीपूर्वक बाँकी काम छिट्टै टुङ्ग्याउने छौं ।

भक्तपुर नपाले विश्व सम्पदा क्षेत्र, पुरानो नगरक्षेत्र, विस्तारित आवास क्षेत्र, व्यापारिक क्षेत्र, औद्योगिक क्षेत्र र नदी किनारा क्षेत्रको अलग अलग मापदण्ड बनाइ लागू गर्दै आएको छ । नगरभित्र अधिकतम तला– ४५ फिट (५ तला), विश्व सम्पदा क्षेत्रमा – ३५ फिट, पुरानो नगरमा – ३५ फिट र व्यापारिक क्षेत्रमा ५२ फिटको मापदण्डलाई भक्तपुर नपाले कडाइका साथ लागू गर्दै आएको छ ।

जस्तोसुकै संकट आएपनि हामीले हाम्रो पहिचानलाई नबिर्सौं, मौलिकतालाई नगुमाऔं । हाम्रो पहिचान गुम्यो भने हाम्रो भन्नु केही हुने छैन । आत्मनिर्भरतालाई जोड देऔं । सधैं अरुसामु हात थापेर 'संवृद्ध नेपाल र सुखी नेपाली' बन्न सक्दैनौं । आलोचनाले कमी कमजोरी सुधार्ने मौका मिल्छ ।

हामी प्रशंसाभन्दा आलोचनालाई ध्यान देऔं । आलोचना तीतो औषधी जस्तै हो, जसले रोग निको पार्ने अचुक काम गर्छ ।

अन्त्यमा, सबैले आ-आफ्नो क्षेत्रमा जिम्मेवारीपूर्वक प्रस्तुत होऔं । एक आपसमा हातेमालो गर्दै पुन:निर्माणको काम समयमै सम्पन्न गरौं र संरचनाहरू बलियो, भरपर्दो र भूकम्प प्रतिरोधी निर्माण गरौं । भविष्यमा आइपर्ने विपद् न्युनीकरण गर्न एकजुट होऔं । धन्यवाद !

(२२ औं भूकम्प सुरक्षा दिवसको अवसरमा ललितपुरमा माघ १३ गते नेपालमा भुकम्पीय जोखिम न्युनीकरण र व्यवस्थापन विषयक कार्यशालामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्य)

ऐतिहासिक भैरवनाथ मन्दिर जीर्णोद्धारसम्बन्धी आय-व्यय र पुस्तक सार्वजनिकीकरण

२०७२ सालको भूकम्पले क्षति पुऱ्याएको विश्व सम्पदा सूचीमा सूचीकृत भक्तपुरको ऐतिहासिक भैरवनाथ मन्दिरको जीर्णोद्धारसम्बन्धी आय-व्यय र नक्सा डिजाइन पुस्तक सार्वजनिकीकरण कार्यक्रम पुस २९ गते भक्तपुरको टौमढीमा सम्पन्न भयो ।

cWoIf gf/fo0fdfg lahS5]F/f]xt_

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा प्रकाशित **'ऐतिहासिक भैरवनाथ मन्दिर जीर्णोद्धार २०७६'** र **'भैरवनाथ मन्दिर जीर्णोद्धारसम्बन्धी प्राविधिक नक्सा डिजाइन सङ्ग्रह'** पुस्तक सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेँले देशको कला-संस्कृति नै नेपालीहरूको सम्पत्ति भएको हुँदा यसको संरक्षण गर्नु नेपालीहरूको कर्तव्य भएको बताउनुभयो । निःस्वार्थ रूपले सम्पन्न हुने कामको महत्त्वबारे प्रस्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले सम्पदा पुनःनिर्माण कार्यको व्यवस्थित अभिलेखीकरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मन्दिर पुनःनिर्माणका क्रममा उपभोक्ता समितिका पदाधिकारीहरू, प्राविधिक, डकर्मी, चन्दा दाता तथा सम्पूर्ण सहयोगीहरू धन्यवादका पात्र भएको बताउनुहुँदै उहाँले आगामी दिनहरूमा पनि भक्तपुर नगरपालिकाले जनताको व्यापक सहभागितामा आफ्ना विकास निर्माणका कार्यहरूलाई अगाडि बढाउनु उपयुक्त हुने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय

cltly ;f+b kl ;jfn, kdv ;lgn kfkt, ;f+b ;'/]b/fh uf] fO{ok|dv /hg hfZ / klhc xdsnf kf08]

सांसद प्रेम सुवालले २०७२ सालमा नेपालमा गएको भूकम्पले विश्व सम्पदा क्षेत्रमा सूचीकृत धेरै सम्पदा र निजी आवासहरूमा क्षति पुऱ्याएको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै भूकम्प पीडितलाई दिइँदै आएको रु. ३ लाख अनुदान अपुग भएको बताउनुभयो । सरकारले भूकम्प पीडितको लागि विशेष योजना बनाएर सहयोग रकम थप गर्नुपर्ने र समयअवधि पनि बढाउनुपर्छ भन्नुहुँदै सांसद सुवालले भैरवनाथ मन्दिरको पुन:निर्माण भक्तपुर नपाले दुईपटक गरिसकेको अवगत गराउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भैरवनाथ मन्दिर जीर्णोद्धार निर्देशक समिति, उपभोक्ता समिति, अनुगमन समिति, प्राविधिक समितिमा बसेर सहयोगी भूमिका खेल्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभयो ।

भैरवनाथ मन्दिर २०७५ साल असोज ३ गतेबाट जीर्णोद्धार सुरु भई २०७६ साल असारमा सम्पन्न भएको अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' नारालाई व्यवहारिक कार्यान्वयनको पक्षमा नगरपालिका निरन्तर लागिपरेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले नेपालकै अग्लो पाँचतले मन्दिरको पुन:निर्माण कार्यको थालनी पनि गरिसकेको बताउनुहुँदै उहाँले पाँचतले मन्दिर जीर्णोद्धारको लागि आर्थिक र भौतिक सहयोगको लागि आह्वान गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा प्रदेश नं. ३ का प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले काठमाडौं उपत्यकाको सौन्दर्य र कला-संस्कृति जोगाउन उपत्यकाभन्दा बाहिरका सहरहरूमा नयाँ बस्ती विकास गर्नुपर्नेमा जोड दिनुहुँदै शासक दल काठमाडौं केन्द्रित सोच र मानसिकताबाट टाढा रहनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुरको कला र संस्कृतिलाई हरसम्भव जोगाएर नयाँ पुस्तालाई हस्तान्तरण गर्ने अभियानमा अगाडि बढिरहेको बताउनुहुँदै भक्तपुरका मौलिक वस्तुहरूलाई प्रवर्द्धन गर्न प्रयासरत रहेको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ हुमकला पाण्डेले कला-संस्कृति र मौलिकताले भरिएको भक्तपुरका सम्पदाहरूबाट आफू निकै प्रभावित भएको बताउनुहुँदै ऐतिहासिक र सांस्कृतिक महत्त्वका सम्पदाहरूको जीर्णोद्धार र पुन:निर्माण मौलिक शैलीमा नै गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मन्दिरका मूर्तिहरूमा रसायनयुक्त रंगको प्रयोगलाई निरुत्साहित गर्दै यसको मौलिक संरक्षणले जोगाइराख्न सक्ने बताउनुभयो ।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले भक्तपुर नपाले भैरवनाथ मन्दिरलगायतका यहाँका महत्त्वपूर्ण सम्पदाहरू पुन:निर्माण गरी उल्लेखनीय कार्य गरिरहेको चर्चा गर्नुहुँदै भक्तपुरमा भएका विकास निर्माणका कार्य देशैभरि चर्चाको विषय बनिरहेको छ भन्नुभयो ।

कार्यक्रममा इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले भैरवनाथ मन्दिरको ऐतिहासिक पक्षबारे प्रस्ट पार्नुहुँदै भक्तपुरमा सम्पदाहरूको जीर्णोद्धार, पुन:निर्माण, संरक्षण र संवर्द्धन गर्ने कार्यमा, लोपोन्मुख एवम् लोप भइसकेका भौतिक एवम् अभौतिक सम्पदाहरूलाई भक्तपुर नपाले सांस्कृतिक पुनर्जागरणको ऐतिहासिक भूमिका निर्वाह गर्दै आइरहेको छ भन्नुभयो ।

दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय भक्तपुरका प्रमुख मोहनसिं लामाले भैरवनाथ मन्दिर विज्ञहरूको राय-सुझावको आधारमा कम लागत र निर्धारित समयमा जीर्णोद्धार सम्पन्न हुनु सकारात्मक पक्ष रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको उक्त कार्यक्रममा भैरवनाथ मन्दिर उपभोक्ता समितिका अध्यक्ष न्हुछेराम भेलेले मन्दिर पुन:निर्माणको आय-व्यय र प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा भैरवनाथ मन्दिर उपभोक्ता समितिका अध्यक्ष न्हुछेराम भेलेले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भैरवनाथ मन्दिर जीर्णोद्धारको क्रममा संकलित आर्थिक सहयोग रकम रु. ५ लाख १६ हजार ९५८ रूपैयाँको आर्थिक सहयोगको चेक हस्तान्तरण गर्नुभयो ।

भैरवनाथ मन्दिर पुन:निर्माण कार्यको आय-व्यय र पुस्तक सार्वजनिकीकरण कार्यक्रममा भक्तपुर नपाका जनप्रतिनिधि, गुथि संस्थानका प्रमुख आनन्दप्रसाद कर्माचार्य, संस्कृतिविद्, विज्ञ तथा प्राविधिक टोली, उपभोक्ता समितिका पदाधिकारीहरू, कर्मचारी तथा स्थानीय जनताको सहभागिता रहेको थियो ।

cltly ;:s[tljb\t]hZj/afa'Ujt, k|8f- k?iff]Qdnf]rg >]7, k|lV dfxgl; +nfdf, j8f\Wolf/laGb|HofVj/ p-;:cWolfGx5]fd eh]

सिकर्मी सङ्घको वार्षिक साधारण सभा

सरकारले पूँजीपति वर्गको हितमा कानुन बनाइरहेको छ

'सरकारले जानाजानै पूँजीपति वर्गको हितमा ऐन कानुन बनाइरहेको छ ।'

उक्त कुरा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर सिकर्मी सङ्घको सातौँ वार्षिक साधारणसभाको पुस २९ गते उद्घाटन कार्यक्रममा बताउनु भएको हो । अध्यक्ष बिजुक्छेँले प्रगतिशील कर लागू गर्नुपर्नेमा जोड दिनुहुँदै सर्वसाधारण व्यवसायीसँग कडाइ गरेर कर लिने तर ठूलठूला उद्योगपतिहरूलाई कर छुट दिने सरकारको नीति गलत छ भन्नुभयो ।

सर्वसाधारण व्यवसायीहरूसँग तिर्नै नपर्ने कर लिइरहेको प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले ऐन कानुनबारे अध्ययन गरेर सिकर्मी र डकर्मीहरू सुसूचित हुनुपर्ने बताउनुभयो ।

स्थानीय स्रोत र साधन उपयोग गरे यहाँकै आयस्रोत बढ्ने र काम पाउने विचार व्यक्त गर्नुहुँदै उहाँले आ-आफ्नो श्रम र सीप आफ्नै माटो या भूमिमा खर्चिनुपर्ने बताउनुभयो ।

कुनै व्यवसायीहरू लोभलालच र प्रलोभनमा फस्न नहुने विचार व्यक्त गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'पूँजीपति वर्गका नेता, मन्त्रीहरू अनेक षड्यन्त्र गरेर सर्वसाधारण जनताको मत लिन्छन्, जित्छन् र तिनै श्रमजीवी वर्गमाथि रजाइँ गर्छन् ।'

नेमकिपाका केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवालले ठूलाबडा या पूँजीपति वर्गसँग सल्लाह लिएर सरकारले बजेट बनाउने हुँदा स-साना व्यवसायीहरू मर्कामा परेको हो भन्नुभयो ।

नेकपा सरकारको विभिन्न गतिविधि र घटनाक्रमले अमेरिका र भारतकै सल्लाहमा एमाले र एमाओवादीको चुनावी गठबन्धन र पार्टी एकता भएको पुष्टि भएको चर्चा गर्नुहुँदै सांसद सुवालले सडक स्तरोन्नतिमा समेत भारतकै ठेकेदार र भारतकै सामान प्रयोग गर्ने सर्त नेपाल र नेपाली जनताको हितमा छैन भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले यहाँ उत्पादित सामान उपयोग गर्ने वातावरण सरकारले तयार गर्नुपर्नेमा जोड दिनुहुँदै कमिसनकै कारण विदेशी सामान भित्रिरहेको उल्लेख गर्नुभयो ।

यहाँकै स्रोत र साधन उपयोग गर्ने गरी राज्यले नियम बनाउनुपर्ने विचार व्यक्त गर्नुहुँदै नगर प्रमुख प्रजापतिले आर्थिक नियमको परिधिभित्र रहेर काम गर्नुपर्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय अध्यक्ष राजेन्द्र चवालले सहयोगको नाउँमा साम्राज्यवादी देश नेपाली भूमिमा सक्रिय हुन थालेको प्रसङ्ग उल्लेख गर्नुहुँदै प्रजातन्त्रको नाउँमा नयाँ सैनिक गठबन्धन ल्याउने अमेरिकी प्रयासको आम नेपाली जनताले विरोध गर्नुपर्छ भन्नुभयो ।

आफ्नो सर्त पालना गर्नुपर्ने विदेशी सहयोग आँखा चिम्लेर लिन नहुनेमा जोड दिनुहुँदै उहाँले अमेरिका चीनको प्रगति रोक्न र त्यसमा बाधा हाल्न अघि बढिरहेको बताउनुभयो ।

अरू देशलाई बलियो बनाउन नदिने र संसारमा फैलिरहेको समाजवादी विचारमा भ्रम फैलाउन अमेरिका लागिपरेको उहाँले जानकारी दिनुभयो ।

भक्तपुर सिकर्मी सङ्घका अध्यक्ष विक्रम ढुकुछुको सभापतित्वमा भएको सो कार्यक्रममा आन्तरिक राजस्व कार्यालयका कर अधिकृत गगनबहादुर थापा, नेपाल क्रान्तिकारी डकर्मी सङ्घका अध्यक्ष विष्णुराम दुमरु, नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घका जिल्ला अध्यक्ष शिव सितिखु, सिकर्मी सङ्घका सल्लाहकार विष्णुभक्त कुसी, भक्तपुर फर्निचर तथा फर्निसिङका रत्न सुवालले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

सभामा सिकर्मी सङ्घका सचिव श्रीप्रसाद लवजूले धन्यवादज्ञापन गर्नुभएको थियो ।

'सङ्घर्ष गर्नुको विकल्प छैन'

'विद्यालय शिक्षा राम्रो बनाउन सके उच्च शिक्षाको स्तर राम्रो हुने भएकोले सरकारले विद्यालयको शैक्षिक स्तर उकास्न जोड दिनु आवश्यक छ ।'

उक्त कुरा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज र शारदा क्याम्पस माविमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको पुस १९ गते भएको वार्षिक भेटघाट कार्यक्रममा बताउनु भएको हो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थानहरू भक्तपुरको मात्र नभई देशकै नमुना शैक्षिक संस्थाको रूपमा अगाडि बढिरहेकोमा उहाँले खुसी व्यक्त गर्नुभयो । नागरिकशास्त्र र नैतिक शिक्षा पाठ्यक्रममा राख्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले कलेज तथा विद्यालयले नागरिकशास्त्र विषयमा नियमित कक्षा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

देशको लागि धेरै महिला डाक्टरहरू आवश्यक भएको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'सरकारलाई प्राप्त हुने एमबीबीएसको सबै छात्रवृत्ति केही वर्षको लागि उत्कृष्ट नतिजा हासिल गर्ने विभिन्न जिल्लाका छात्राहरूलाई सम्बन्धित जिल्लामा गई सेवा गर्ने सर्तमा अध्ययन गराउने नीति बनाउनुपर्छ ।'

शिक्षक तथा कर्मचारीहरूले असल नागरिकको कर्तव्य निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'समाज र देशमा भए/गरेका गलत कदमविरुद्ध सचेत समुदायले बोल्न सकेन भने हामी पनि दोषी ठहरिने छौँ । हामीले गलत कदमलाई समयमै आलोचना गरी असल नागरिकको कर्तव्य निर्वाह गर्नु आवश्यक छ ।'

समाजमा भइरहेका सम्पूर्ण विकृतिको दोषी पूँजीवादी व्यवस्था भएकोले समाजमा अपराध निर्मूल पार्न समाजवादी व्यवस्था स्थापना गर्नु अपरिहार्य भएको अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

समाजवादी देश प्रजग कोरियाबाट धेरै कुरा सिक्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले प्रजग कोरियाबारे साम्राज्यवादी देशहरूले गलत कुरा प्रचार गरी विश्वलाई भ्रममा पार्ने दुष्प्रयास गरिरहेको छ भन्नुभयो ।

'जीवनमा आइपर्ने अनेक समस्याबाट अविचलित भई अगाडि बढ्नु आवश्यक छ । सङ्घर्ष गर्नुको अर्को विकल्प छैन ।' अध्यक्ष रोहितले भन्नुभयो ।

'संसारमा युद्ध र अशान्ति बढ्नुमा संरा अमेरिकाको प्रमुख भूमिका रहेको छ । दक्षिण एसियामा युद्ध भड्काई चीनलाई चारैतिरबाट घेर्ने योजना संरा अमेरिकाको छ । तर, यो योजना चीनले सफल हुन दिनेछैन', उहाले भन्नुभयो ।

देशको सार्वभौमिकता रक्षा गर्ने र देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने नयाँ पुस्ता तयार गर्न शिक्षकहरूले मिहिनेत गर्नुपर्ने आवश्यकता अध्यक्ष बिजुक्छेँले औल्याउनुभयो ।

नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालले ख्वप कलेजहरू सञ्चालनमा सरकारबाट कुनै सहयोग प्राप्त नभई भनपाकै लगानीमा सञ्चालन भइरहेको छ भन्नुभयो ।

'सरकारमा गएका पार्टीहरूले बद्दिनयतकै कारण ख्वप विश्वविद्यालय सञ्चालनको स्वीकृति नदिन ख्वप विश्वविद्यालय विधेयकलाई अगाडि नबढाएको हो', उहाँले भन्नुभयो ।

सरकारका बेथितिहरू दिनप्रतिदिन बढ्दै गइरहेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'पाँच वर्षमा कृषि क्षेत्रमा प्राप्त भएको ६० अर्ब अनुदानमध्ये ३५ प्रतिशत रकम भ्रष्टाचार भएको छ । संसददेखि वडा अध्यक्षसम्मका जनप्रतिनिधिहरूमध्ये ५६ प्रतिशत 'कारोबारी जनप्रतिनिधि' रहेको तथ्याङ्क भएकोले अनियमितता बढिरहेको हो ।'

फोरजी सेवा विस्तारमा १२ अर्ब रूपैयाँ, विराटनगर

जुट मिलको अबौँ सम्पत्तिमा भ्रष्टाचार भएको जानकारी दिनुहुँदै सांसद सुवालले भन्नुभयो, 'सरकारका मन्त्रीहरूमा इमानदारिता छैन। सरकारी पार्टीका नेतादेखि कार्यकर्ताहरू सबै पैसामा बिकिरहेका छन्।'

दक्षिण एसियामा भारतकै कारण अशान्ति बढिरहेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'रू. ५५ अर्ब रूपैयाँ अनुदान पाउने लोभमा एमसीसीमा संलग्न हुनुहुन्न। एमसीसी सैनिक गठबन्धनको अङ्ग भएकोले यसमा जोडिनु नेपालको असंलग्न परराष्ट्र नीतिको विपरीत छ।'

संसदको अधिवेशन बोलाएर बैठक सुरू नगर्नुमा सत्तापक्ष र प्रतिपक्ष पार्टीहरू नै दोषी छन्, सांसद सुवालले भन्नुभयो।

गुथि वा ट्रस्टको सबै सम्पत्ति स्थानीय तहलाई जिम्मा दिएर सम्पदा र संस्कृति जोगाउन सकिने धारणा सांसद सुवालले राख्नुभयो।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भनपाले मावि र कलेजहरू सञ्चालन गरेर उदाहरणीय कार्य गरिरहेको उल्लेख गनुहुँदै जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रअनुसार नै जनताको सेवा गरिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'देशको शैक्षिक क्षेत्रमा भनपाद्वारा सञ्चालित कलेजहरूको योगदान कम छैन। तर पनि शासक पार्टीहरूले ख्वप कलेजहरूप्रति गलत नजरले हेरिरहेको छ। यो दुःखको कुरा हो।'

सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्न दिनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भनपा शिशु कक्षादेखि विश्वविद्यालय तहसम्मको शिक्षा दिन प्रतिबद्ध रहेको बताउनुभयो।

राज्यको जग्गा संरक्षण गर्ने उद्देश्यले सल्लाघारीस्थित नेपाल ट्रस्टको जग्गामा नगरपालिकाले पर्खाल लगाएको उल्लेख गर्नुहुँदै नगर प्रमुख प्रजापतिले जनताको अधिकतम हितमा उपयोग गर्ने गरी उक्त स्थानमा मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय सञ्चालन गर्ने योजना रहेका छ भन्नुभयो।

नगरवासी, त्यहाँ कार्यरत चिकित्सक तथा कर्मचारीहरूको आग्रहअनुसार भक्तपुर क्यान्सर अस्तालमा भइरहेको भ्रष्टाचार र विकृति रोक्न भनपाले उक्त अस्पतालको व्यवस्थापनको जिम्मेवारी लिएको उहाँले बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'हाम्रा शैक्षिक संस्थानहरूले अध्ययनको साथसाथै अनुसन्धानमा पनि ध्यान दिनु आवश्यक छ। अनुशासनलाई अझ कडाइका साथ लागू गरी देशभक्त विद्यार्थी तयार गर्नु हाम्रो कर्तव्य हो।'

भनपाका उपप्रमुख एवम् विद्यालय/कलेज व्यवस्थापन समितिका उपाध्यक्ष रजनी जोशीले शिक्षाको बारे छलफल गर्नु सराहनीय भएको चर्चा गर्नुहुँदै भनपाले भक्तपुर महोत्सव गर्न लागेको हुँदा सहयोग गर्न सबैमा अनुरोध गर्नुभयो।

ख्वप कलेज अफ इन्जिनियरङका प्राचार्य इ. सुनिल दुवालले प्राध्यापकहरूले अध्ययन-अध्यापनका साथै देश र समाजप्रतिको कर्तव्य पनि निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

पूर्वाञ्चल विश्वविद्यालयले ख्वप इन्जिनियरिङ कलेजलाई उत्कृष्ट कलेज घोषणा गरेको जानकारी दिनुभयो।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी र शिक्षक कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो।

ख्वप इन्जिनियरिङ कलेज उत्कृष्ट कलेज

ख्वप इन्जिनियरिङ कलेज यस वषको पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेजहरूमध्ये सर्वोत्कृष्ट घोषित भएको छ।

पुस १९ गते भएको पूर्वाञ्चल विश्वविद्यालयको २६ औँ वार्षिक उत्सव तथा रजत महोत्सवको अवसरमा आयोजित कार्यक्रममा प्रदेश नं. १ का प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी' ले विद्वानहरूको सोच र चिन्तनलाई एकत्रित गरी संसारमाझ पस्कने थलो नै विश्वविद्यालय भएको हुँदा यसले युगको परिचालन गर्ने क्षमता राख्दछ भन्नुभयो।

देशले माग गरेको र विश्व बजारमा आवश्यक मानव संशाधन तयार गर्ने विश्वविद्यालयहरूलाई गुणस्तरीय बनाउन सबैले सङ्कल्प गर्ने र पूर्वाञ्चल विश्वविद्यालयलाई एक उत्कृष्ट विश्वविद्यालयको रूपमा उभ्याउन यससँग सरोकारवाला सबै सच्चिनु आवश्यक भएको उहाँले बताउनुभयो।

उक्त समारोहमा ख्वप इन्जिनिरिङ कलेजका प्राचार्य सुजन माकलाई प्रमुख अतिथि 'प्यासी' ले सर्वोत्कृष्ट कलेजको सम्मानपत्र प्रदान गर्नुभएको थियो। कार्यक्रममा प्रदेश नं. १ का मन्त्री जीवन घिमिरे, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति विष्णु थपलियालगायतका अतिथिहरूले बोल्नुभएको थियो।

भक्तपुर महोत्सव २०७६ मूल समारोह समितिको बैठक सम्पन्न

भक्तपुर महोत्सव मूल समितिको अध्यक्ष एवं नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर महोत्सव २०७६ मूल समितिको बैठक माघ १४ गते बस्यो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले 'भक्तपुर महोत्सव भक्तपुर नगरपालिकाको मात्र होइन सिङ्गो भक्तपुरका जनताको महोत्सव हो' भन्नुहुँदै २०७६ चैत्र ४-८ गतेसम्म हुने ५ दिन आयोजना हुने भक्तपुर महोत्सवलाई भव्यताका साथ सम्पन्न गर्न १६१ सदस्यीय मूल समारोह समिति गठन भई विभिन्न समिति, उपसमितिहरू गठन गरिएको जानकारी गराउनुभयो ।

भक्तपुरको मौलिक एवं ऐतिहासिक कला, संस्कृति, जात्रा, पर्व, जीवनशैली अन्तर्राष्ट्रिय जगतमा प्रचार तथा नेपाल भ्रमण वर्ष २०२० सफल पार्न टेवा पुऱ्याउने लक्ष्यका साथ भक्तपुर महोत्सवको आयोजना भएको बताउनुहुँदै उहाँले आन्तरिक तथा वाह्य पर्यटकहरूले भक्तपुरलाई नजिकबाट चिनोस् भन्ने उद्देश्य पनि लिएको जानकारी गराउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले महोत्सवसँगै भ्रमण वर्षभरिनै भक्तपुर महोत्सवमय होस् भन्ने हेतुले माघ २६ गते जिल्लास्तरीय धिमेबाजा प्रतियोगिता, फागुन ८ गतेदेखि अन्तरनगर एथ्लेटिक्स खेलकुद प्रतियोगिता हुने जानकारी गराउनुभयो ।

महोत्सवले भक्तपुर नगरवासीको आर्थिकोपार्जन गराउने उद्देश्य लिई विभिन्न पेशा र व्यवसायीहरूलाई सहयोग हुने अपेक्षा गरेको बताउनुहुँदै बैठकमा छलफलका क्रममा सहभागीबाट आएका सुझावहरूलाई उपयुक्तताको आधारमा समेट्ने जानकारी गराउनुभयो ।

बैठकले भक्तपुर महोत्सवको उद्घाटन समारोह भक्तपुर दरबार क्षेत्रमा २०७६ चैत्र ४ गते नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छँ (रोहित)को प्रमुख आतिथ्यतामा गर्ने निर्णय गऱ्यो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख सरिता कुँवरले भक्तपुर नगरपालिकाको आयोजनामा हुन गइरहेको महोत्सवको सफलताको कामना गर्नुहुँदै जिल्लाभित्रका बाँकी ३ वटा नगरपालिकाहरूका सांस्कृतिक सम्पदाहरू र मौलिक उत्पादनहरूलाई पनि महोत्सवमा समेट्न सकेमा उपयुक्त हुने सुझाव दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले भक्तपुर महोत्सवको आयोजनाले नगरको कला, कौशल, परम्परागत सीपलाई जीवन्तता दिंदै यसको प्रचार प्रसारलाई मद्दत पुऱ्याउने बताउनुहुँदै नगर तथा देशकै आर्थिक सबलता हासिल गर्न थप टेवा पुऱ्याउने बताउनुभयो ।

उहाँले सुरक्षालाई दृष्टिगत गरी महोत्सवलाई सफल पार्न स्काउट, खेलाडीहरू तथा स्कूल कलेजका विद्यार्थीहरूलाई स्वयम्सेवक खटाउनु उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद बस्यालले महोत्सवको प्रचार प्रसारका साथै स्थानीय उत्पादनलाई प्रबर्द्धन गर्न यो महोत्सवमा नगरभित्रका सम्पूर्ण व्यवसायीहरू, सरकारी तथा गैरसरसरकारी संघसंस्थाहरू, कर्मचारीहरू, जनप्रतिनिधिहरूलगायत सम्पूर्ण नगरवासीको सहयोगको अपेक्षा गर्नुहुँदै छिमेकी नगरपालिकाहरूलाई समेट्नु उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा मूल समितिका संयोजक एवं पर्यटन अधिकृत गौतमप्रसाद लासिवाले महोत्सव तयारीको लागि हालसम्म भएको तयारी एवं गतिविधिहरूबारे संक्षेपमा प्रस्तुतिकरण गर्नुभएको थियो भने प्रस्तुति पश्चात समितिका सदस्यहरूले आ-आफ्नो तर्फबाट रचनात्मक सुझाव प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

वाकुपति चाँगुनारायण मन्दिरको छानामा सुनको जलप

भक्तपुर नगरपालिका वडा नं. ९ स्थित ऐतिहासिक वाकुपति चाँगुनारायण मन्दिरको छानामा सुनको जलपलगाउने कार्य शुरु भएको छ। भक्तपुर नगरपालिकाको सहयोगमा नागरिक तहबाट आर्थिक सहयोग उठाउँदै मन्दिरको पहिलो तलाको चारैतिरको छानामा सुनको जलपलगाउने कार्य भएको स्थानीयको भनाइ छ।

गत आ.व.मा स्थानीय जनताको भेलाबाट आशाकाजी प्रजापतिको अध्यक्षतामा उपभोक्ता समिति गठन भई कार्य आरम्भ भएको वडाध्यक्ष रबिन्द्र ज्याख्वले बताउनुभयो। झिँगटी इँटाको छाना पुरानो र जीर्ण भई मन्दिरमा पानी चुहिन थालेको हुँदा जीर्णोद्धारको क्रममा तामाको पाताले छाना छाएको र त्यसको लागि स्थानीय भारी बजु (पुजारी)ले १४ किलो तामाबराबरको आर्थिक सहयोग प्रदान भएपछि सुनको जलपलगाउने कार्य अघि बढेको उहाँले जानकारी दिनुभयो ।

अहिले १ किलो ७ तोला सुनको जलपलगाउने कार्य भइरहेको उपभोक्ता समितिका कृष्णगोपाल प्रजापतिले जानकारी दिनुभयो। स्थानीय ज्येष्ठ नागरिकहरूको सक्रियतामा नागरिक स्तरबाट हालसम्म ९३ लाखभन्दा बढी रकम र ७ तोला सुन सहयोग प्राप्तभएको उहाँले बताउनुभयो। पाटनका शिल्पीले महिनादिनदेखि सुन पगाल्ने र लेपन गर्ने कार्य गरिरहेको उहाँले अवगत गराउनुभयो।

२०७२ सालको विनाशकारी भूकम्पले क्षति पुऱ्याएको मन्दिरको केही अंश र मन्दिर परिसरका सत्तल, पाटी, मन्दिर पुन:निर्माण कार्य तीव्र गतिमा भइरहेको सन्दर्भमा ऐतिहासिक वाकुपतिनारायण मन्दिरमा सुनको छाना छाउने कार्य हुनु सऱ्हाहनीय भएको स्थानीय ज्येष्ठ नागरिक पूर्णभक्त प्रजापति बताउनुहुन्छ। 'पाटी बन्दैछ, सत्तल बन्यो, न्हेपँस्या देग:बन्यो, अब मूल मन्दिरमा सुनको जलपलगाइँदैछ', उहाँले भन्नुभयो, 'अब मन्दिर परिसरको एउटा भजन पाटीमा त्रपुन:निर्माण हुनबाँकी छ।'

वाकुपतिनारायण मन्दिर विहान सबेरैदेखि बेलुकीअवेरसम्म स्थानीय जनता र स्वदेशी एवं विदेशी पर्यटकहरूको घुइँचो लाग्ने मन्दिर हो। मन्दिरमा नियमित पूजा अर्चनामात्र नभई परम्परादेखि चल्दै आएका ढल्चा भजन र नौ दाफाभजनले निरन्तरता पाइरहेको छ। विहान र दिउँसो पारिलो घाम ताप्न र परम्परागत खेल कसिमला पाँय् खेल्न ज्येष्ठ नागरिकहरू समूह समूहमा बस्छन्। त्यस्तै ज्येष्ठ महिलाहरू दैनिक रूपमा परम्परागत चर्खाबाट कपासको दियो बनाउने कार्य पनि गरिरहेका हुन्छन्। स्थानीय जनता र नगरपालिकाको सहयोगमा द्योपमी फल्चा निर्माण गरी ज्येष्ठ नागरिकहरूका लागि मनोरञ्जन प्रदान गर्न टेलिभिजनको व्यवस्थासमेत गरिएको वडाध्यक्ष ज्याख्वले बताउनुभयो। हाल मन्दिर परिसरमा रहेको भूकम्पबाट पूर्ण क्षतिभएको दक्षिणाभिमुख पाटी पुन:निर्माणको क्रममा रहेको छ।

मन्दिरमा सुनको जलपलगाउने कार्यकालागि आवश्यक रकम जनस्तरबाट नै उठिरहेको समितिका सदस्य लक्ष्मीप्रसाद प्रजापतिले बताउनुभयो। मन्दिर र धर्मप्रतिको आस्थाका कारण स्थानीय जनताबाट हजार, दुई हजार गर्दै रकम जम्मा गरिरहेको उहाँको भनाइथियो। सकेसम्म जनस्तरबाट नै चन्दा उठाउने र नपुग रकममात्र नगरपालिकामा आग्रहगर्ने उहाँले बताउनुभयो। मन्दिर सबैको आस्थाको केन्द्र भएकोले जनता स्वयंस्फूर्त रूपमा चन्दा दिनआइरहेको र चन्दा दिने सबैको अभिलेख राखिरहेको उपभोक्ता समितिका सचिव रविन्द्रप्रसाद कुसीले बताउनुभयो।

tfdfsf]kftfdf ;ysf]hnk nuf0F}

मन्दिरको सुरक्षाको लागि द्योपमीका साथै प्रहरीले गस्ती गरिरहेको र नगरपालिकाले मन्दिरको वरिपरि सीसी क्यामेरासमेत जडान गरेको उहाँले बताउनुभयो।

सूर्यमढीस्थित वाकुपतिनारायण मन्दिर मल्लकालभन्दा अगाडि नै स्थापना भएको र नेपाल सम्बत ५२८ मा राजा ज्योतिर्मल्लले मन्दिरको हालको स्वरूप निर्माण गरेको शिलालेखमा उल्लेख भएको संस्कृतिविद् प्रा. पुरुषोत्तमलोचन श्रेष्ठले जानकारी दिनुभयो। चाँगुनारायणको दर्शन गर्न गाऱ्हो हुने ज्येष्ठ नागरिक तथा अपांगता भएका भक्तजनहरूकालागि नजिकै दर्शन गर्न सजिलो बनाउन वाकुपतिचाँगुनारायण मन्दिर स्थापना गरेको हुनसक्ने उहाँले अनुमान गर्नुभयो। धर्म मल्लको गरुडस्तम्भ अभिलेखमा मन्दिरको प्राग ऐतिहासिकताबारे चर्चा गरिएको उहाँले बताउनुभयो।

मन्दिरको पुरातात्विक महत्त्वमा कुनै प्रभाव नपर्ने गरी भनपा सम्पदा शाखा र पुरातत्त्व विभागसँग सहमति लिएर मन्दिरमा सुनको जलपलगाउने कार्य भएको उपभोक्ता समितिका कृष्णगोपाल प्रजापतिले बताउनुभयो। उहाँले मन्दिरको ऐतिहासिक एवं सांस्कृतिक महत्त्व बुझेका, धार्मिक आस्था भएका एवं सहृदयी व्यक्ति तथा संस्थाहरूलाई आर्थिक सहयोग प्रदानगर्न अनुरोध पनि गर्नुभयो।

शान्ति सुरक्षा, भारी गाडी निषेध तथा ट्राफिक व्यवस्थापन सम्बन्धी छलफल

भक्तपुर नगर क्षेत्रमा शान्ति सुरक्षा, भारी गाडी निषेध तथा ट्राफिक व्यवस्थापन सम्बन्धी माघ १२ गते भएको छलफल कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगर शान्ति सुरक्षाको हिसाबले क्रमशः जोखिमयुक्त बन्दै गएको बताउनुभयो ।

उहाँले विभिन्न अपराधिक गतिविधि सँगसँगै लागु औषधको दुर्व्यसनी बढ्दै जानु चिन्ताजनक भएको बताउनुहुँदै समाजमा रहेका समुदायका नगारिकहरू सचेत भई स्थानीय प्रशासन तथा नगरपालिकाको समन्वय, सहकार्य र सहयोगबाट भक्तपुर नगरलाई सुरक्षित नगर बनाउन सहयोग गर्नुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले नगरभित्र भारी सवारी साधन निषेध गर्ने, कमजोर सडक निर्माण गर्ने ठेकेदारलाई कारबाही गर्ने, सडक किनारामा सामान बेचबिखन गर्ने व्यवसायीलाई कारबाही गर्ने, सम्पदा क्षेत्रमा सवारी साधन पार्किङमा रोक लगाउने विनियमहरू बनाई कार्यान्वयन गर्ने भन्नुहुँदै नागरिकहरूको चेतनास्तर बढाउने कार्यलाई सरोकारवाला निकायहरूको पहिलो प्राथमिकतामा राखिने बताउनुभयो ।

भक्तपुर नगरको सुन्दरता कायम गर्न अव्यवस्थित तार व्यवस्थापन, पार्किङ स्थलहरू निर्माण तथा नगरभित्र दुर्व्यसनीलगायत कुलतमा फसेका १६ वर्ष मुनिका बालबालिकाहरूको लागि सुधार गृह स्थापनाका लागि समन्वय र सहकार्य गर्न नगरपालिका तयार रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले सामाजिक अपराधका घटनाहरूलाई कम गर्दै जनतालाई सुरक्षाको प्रत्याभूति गराई जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्न स्थानीय तहहरूले संस्थागत रूपमा छाता निकायको भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुहुँदै स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन व्यवस्थित र सहज हुने बताउनुभयो ।

कार्यक्रममा प्रहरी उपरीक्षक सबिन प्रधानले सडक सुरक्षा सम्बन्धमा प्रस्तुतिकरण गर्नुहुँदै समुदाय-प्रहरी सहकार्यबाट नगरभित्र हुने अपराध न्यूनीकरण र शान्ति सुरक्षा कायम गर्न सहज हुने बताउनुभयो ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत रामकुमार लम्सालले नागरिकताका वर्तमान अवस्थाका सम्बन्धमा स्थानीय तहका पदाधिकारीहरूसँग प्रस्तुति गर्नुहुँदै छलफल एवं अन्तरक्रिया गर्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याखवले पनि बोल्नुभएको थियो ।

उक्त छलफलबाट भक्तपुर नगरपालिकाको पुरानो नगर क्षेत्रभित्र ट्रिपरलगायत भारी सवारी साधन निषेध गर्ने र मिनि ट्रिपरलगायत मझौला सवारी साधन निश्चित समय बेलुका ६:०० बजेदेखि विहान ८:०० बजेसम्म संचालन गर्न दिने, भक्तपुर नगरपालिकाको पुरानो सम्पदा बस्तीभित्र भारी सवारी साधन संचालन निरुत्साहित गर्न सरोकारवालाहरूसँग छलफल गर्दै जाने, च्याम्हासिंह ध्वाकादेखि भार्वाचो हुँदै खौमासम्मको मूल सडक र सम्पदा क्षेत्र वरिपरि सवारी साधनहरूको पार्किङ क्रमशः निषेध गर्दै जाने, भक्तपुर नगरपालिका क्षेत्रभित्र उपयुक्त ठाउँहरूको पहिचान गरी पार्किङ व्यवस्था गर्ने र त्यसका लागि वडा कार्यालयले सरोकारवालासँग छलफल गरी ब्यवस्था गर्ने साथै नगरका विभिन्न स्थानहरूमा आवश्यकताअनुसार ट्राफिक प्रहरीसँग समन्वय गरी बस स्टपहरू निर्माण गर्ने लगायतका निर्णयहरू गरेको थियो ।

राष्ट्रिय सभा उपसमिति टोली भक्तपुरमा

सम्पदा पुनर्निर्माणमा भक्तपुर नपाको उल्लेख्य प्रगति

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिअन्तर्गत गठित सरकारी आश्वासन अध्ययन उपसमितिको टोलीले माघ ९ गते भक्तपुर दरबार क्षेत्रमा अवस्थित २०७२ सालको भूकम्पपश्चातको पुन:निर्माणको प्रगतिको स्थलगत अध्ययन भ्रमण गऱ्यो ।

राष्ट्रिय सभा सदस्य तथा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण बिडारी नेतृत्वको प्रतिनिधिमण्डल टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो ।

प्रतिनिधिमण्डल टोलीको स्वागतार्थ बैठकका क्रममा प्रमुख प्रजापतिले भूकम्पबाट क्षतिग्रस्त भैरवनाथको मन्दिर हालै जीर्णोद्धार सम्पन्न गरिसकेको र पाँचतले मन्दिर जीर्णोद्धारको क्रममा रहेको अवगत गराउनुहुँदै भूकम्पबाट बिग्रे-भत्केका सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्दै भक्तपुर नगरपालिका 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारालाई सार्थक बनाउन क्रियाशील रहेको बताउनुभयो ।


भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY

lgbZg dfu kq

शिक्षा, स्वास्थ्य, सरसफाइ र खेलकुद क्षेत्रमा भक्तपुर नगरपालिकाले गरिरहेको कार्यहरूको विस्तृत जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरभित्र रहेका ११५ भन्दा बढी सम्पदाहरूमा क्षति भएकोमा नगरपालिकाले आफ्नो स्रोत-साधनको अधिकत्तम परिचालन गरी हालसम्म ९१ वटा सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको र डेढ दर्जन सम्पदाहरू निर्माणाधीन अवस्थामा रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले विकेन्द्रीकरण र स्वायत्तताको पूर्ण अभ्यास गरिरहेको छ भन्नुहुँदै प्रमुख प्रजापतिले स्थानीय तह अधिकार सम्पन्न र बलियो भए जनता पनि बलियो हुने बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाका निर्माणाधीन सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार कार्यको लागि आवश्यक सहयोगको आह्वान गर्नुहुँदै सांसद बिडारीलाई नगरपालिकाको तर्फबाट निर्देशन माग पत्र हस्तान्तरण गर्नुभयो ।

सांसद बिडारीले सम्पदा पुन:निर्माणमा भक्तपुर नगरपालिकाले उल्लेख्य प्रगति गरिरहेकोमा खुशी प्रकट गर्नुहुँदै २०७२ सालमा गएको भूकम्पले क्षति पुऱ्याएको पुरातात्त्विक सम्पदा संरक्षणमा सरकारको भूमिका अनुगमन गर्न भक्तपुरको अवलोकन भ्रमणमा आएको बताउनुभयो ।

भक्तपुरमा अवस्थित राष्ट्रिय महत्त्वका ऐतिहासिक दस्तावेजहरूको अवस्था अध्ययन गरी नेपाल सरकारलाई जानकारी गराउनु समितिको मुख्य उद्देश्य भएको बताउनुहुँदै उहाँले देशैभरिका सार्वजनिक सम्पत्तिको अध्ययन गर्न टोली क्रियाशील रहेको बताउनुभयो ।

उक्त प्रतिनिधिमण्डल टोलीले भक्तपुरका ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको स्थलगत अवलोकन गर्नुका साथै प्रत्येक सम्पदाहरूको महत्त्वबारे विशेष चासोपूर्वक अवलोकन गऱ्यो । टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्र, निर्माणाधीन ख्वप अस्पताल र ख्वप इन्जिनियरिङ कलेजको पनि अवलोकन गऱ्यो ।

भ्रमणको सिलसिलामा उक्त प्रतिनिधिमण्डल टोलीले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) र सचिव तथा संघीय सांसद प्रेम सुवालसँग पनि भेट वार्ता गर्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिले सांसद बिडारीलाई भक्तपुरको प्रसिद्ध 'मयूरको झ्याल' मायाको चिनोको रूपमा र प्रतिनिधिमण्डल टोलीलाई नगरपालिकाका प्रकाशनहरू प्रदान गर्नुभएको थियो ।

बेल्जियमका राजकुमारी एस्ट्रिडद्वारा भक्तपुरका सम्पदाको अवलोकन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बेल्जीयमका राजकुमारी एस्ट्रिड (HRH Princess Astrid) लाई खौमास्थित दरबार क्षेत्र प्रवेशद्वारमा पुष्पगुच्छा, नेपाली थैली र ढाकाको शल सहित स्वागत गर्नुभयो ।

सातदिने नेपाल भ्रमणमा आउनुभएका बेल्जियमका राजकुमारी माघ ७ गते भक्तपुर दरबार र टौमढी क्षेत्रका पुरातात्त्विक महत्त्वका सम्पदाहरूको स्थलगत अवलोकन भ्रमणमा आउनु भएको थियो ।

भ्रमणका क्रममा राजकुमारी एस्ट्रिडले भक्तपुर नगरपालिकाले गरेको स्वागतप्रति आफूहरू प्रभावित भएको बताउनुहुँदै भविष्यमा पनि नेपाल भ्रमण गर्ने इच्छा प्रकट गर्नुभयो ।

राजकुमारीका साथ आएको टोलीलाई सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षण तथा जीर्णोद्धार भक्तपुर नगरपालिकाले गरिरहेको बताउनुभयो ।

भ्रमणको क्रममा प्रतिनिधिमण्डलले भक्तपुर दरबार स्क्वायरस्थित तलेजु मन्दिर परिसर, पचपन्न झ्याल दरबार, सिद्धिलक्ष्मी मन्दिर, वत्सला मन्दिर तथा टौमढी क्षेत्रस्थित पाँचतले मन्दिर र भैरवनाथ मन्दिर लगायतका पुरातात्त्विक तथा ऐतिहासिक स्थानहरूको अवलोकन गरेको थियो । भ्रमणको क्रममा राजकुमारी एस्ट्रिडले भक्तपुरको टौमढीमा प्रसिद्ध देवी नाच र लायकु क्षेत्रमा लाखे नाच अवलोकन गर्नुभएको थियो ।

प्रतिनिधिमण्डलमा बेल्जियमका राजकुमार लोरेन्ज (HRH Prince Lorenz), संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई, नेपालका लागि बेल्जियमका राजदूत एवम् सल्लाहकार जान माथिसेन (Jan Matthysen), सञ्चार तथा कोष वृद्धि प्रमुख इल्से इरिगर्स (Ilse Errygers), निजी सचिव जीन यिभ्स बर्लिमोन्ट (Jean -Yves Berlemont), डेमियन फाउन्डेसनका डा. जीन पिरेरे बारोन स्किनकेलर्स (Dr. Jean-Pierre Baron Schenkelaars), राजदूत फ्रान्कोइस डेल्हाय (Francois Delhaye), बेल्जियमका लागि नेपाली राजदूत आङ्ग छेरिङ शेर्पा, डा. सुशिल कोइराला, मेडिकल अधिकृत डा. प्रमोदराज भट्टराईलगायतको उपस्थिति रहेको थियो ।

उक्त टोलीलाई भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका सम्पदाहरूबारे संक्षेपमा जानकारी दिनुभएको थियो ।

आधारभूत स्काउट माष्टर तालिम सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजना र जिल्ला स्काउट कार्यालय, भक्तपुरको प्राविधिक सहयोगमा भएको पाँच रात छ दिनको स्काउट माष्टर तालिम पुस २९ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्काउट माष्टर तालिम प्राप्त गर्नुभएका

प्रशिक्षार्थीहरूले मन, वचन, कर्मले प्राप्त तालिमलाई व्यवहारमा ल्याउनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले नगरपालिकाको उद्देश्य सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने रहेकोले भक्तपुर नगरपालिकाले हरेक काम आत्मनिर्भर भएर गरिरहेको प्रष्ट पार्नुभयो ।

स्काउटमै काम गर्ने कति व्यक्तिहरू स्काउटको भावनाभन्दा बाहिर गएर काम गरिरहेकोले त्यसतर्फ जान नहुनेप्रति सचेत पार्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले शिक्षकले विद्यार्थीलाई सही र गलत छुट्याउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुहुँदै स्काउट माष्टर तालिम प्राप्त गरिसकेपछि जिम्मेवारी अझ बढेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले तालिममा सहभागी विभिन्न विद्यालयका प्रतिनिधिहरूले विद्यार्थीहरूलाई समाजप्रति उत्तरदायी हुने शिक्षा दिनुपर्ने बताउनुभयो । उहाँले संसारमा पूँजीवादको लहरले मानिस स्वार्थी भइरहेको र मानवताभन्दा पनि आर्थिक पक्षलाई जोड दिइराखेको प्रष्ट पार्नुभयो ।

जिल्ला स्काउट कार्यालय, भक्तपुरका जिल्ला आयुक्त रामगोपाल कर्माचार्यले बोलेको कुरालाई व्यवहारमा ल्याउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमली, शिक्षा शाखा भक्तपुर नगरपालिकाका उपसचिव हरिप्रसाद निरौला, पूर्व जिल्ला आयुक्त भक्त राजभण्डारी, स्थानीय तदर्थ समिति, भक्तपुर नगरपालिकाका कृष्णसुन्दर प्रजापति, तालिम संयोजकहरू रत्ना चवाल र रमेश सितिखु तथा प्रशिक्षार्थीहरू न्हुज किजू र मनिषा थापाले पनि बोल्नुभएको थियो ।

लान्चापलीमा प्रहरी साझेदारी कार्यक्रम

समुदायमा आपराधिक घटना न्यूनीकरण समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत माघ ४ गते ओमकारेश्वर टोल समिति गठन गरिएको छ । भक्तपुर नगरपालिका वडा नम्वर १० का वडा सदस्य ज्ञानकुमार मगजूको संयोजकत्वमा १७ सदस्यीय सो समिति गठन गरेको हो ।

कमलविनायक, पाइपलाइन, भत्केको पाटी क्षेत्रमा आपराधिक घटनाहरू बढ्न थालेको महसुस गर्दै स्थानीय समुदायको सक्रिय सहभागितामा सो समिति गठन गरिएको हो ।

कार्यक्रममा महानगरीय प्रहरी वृत्त भक्तपुरका प्रहरी नायव उपरीक्षक चक्रराज जोशीले समुदाय प्रहरी साझेदारीको विकास, भूमिका र महत्त्व एवं अवधारणाबारे प्रकाश पार्नुहुँदै समुदायको सुरक्षाको लागि समुदाय प्रहरी साझेदारी कार्यक्रम टोल टोलमा गठन भइरहेको उल्लेख गर्नुभयो । टोलमा शान्ति सुरक्षा कायम गर्न समाजले प्रहरीलाई सकारात्मक दृष्टिकोणले हेर्नुपर्नेमा जोड दिनुभयो । बालबालिकाहरूलाई प्रहरी देखाएर तर्साउने अभिभावकहरूको व्यवहारले प्रहरीदेखि डराउने र प्रहरीसँग टाढा बस्ने गरेकोले पनि १२ देखि १९ वर्षका बालबालिकाहरू बढी आपराधिक गतिविधिमा संलग्न रहेको देखिएको बताउनुभयो ।

समितिका संयोजक ज्ञानकुमार मगजूले बालबालिकाहरूको भविष्य राम्रो बनाउन आपराधिक गतिविधिबाट टाढा राख्नुपर्नेमा जोड दिनुहुँदै आपराधिक गतिविधि र लागूऔषधमा बालबालिका लाग्यो भने समाजमै नकारात्मक प्रभाव पर्ने भएकोले समुदाय सचेत हुनुपर्नेमा जोड दिनुभयो । कमलविनायक क्षेत्रमा नयाँ बस्ती विस्तार भइरहेको प्रसङ्गमा टोलको शान्ति सुरक्षा कायम गर्न समुदाय प्रहरी साझेदारी आवश्यक भएकोमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा ओमकारेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर खड्का, इष्ट प्वाइन्ट स्कूलका प्रिन्सिपल रमेशचन्द्र श्रेष्ठ, समाजसेवी मदनबहादुर थापा, रेडियो जनसञ्चारका सुरेशप्रसाद साँयजूलगायतले बोल्नुभएको थियो ।

सम्पादकलाई पत्र

कास, म पनि भक्तपुर नगरवासी भएकी भए...

मंगलबार भक्तपुर नगरपालिकाले आफ्नो नगरवासीलाई शैक्षिक ऋण दिएको समाचार सबैतिर व्यापक भयो । मैले पनि केही सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट थाहा पाएँ । मैलेमात्र हैन, मेरो ममी, ड्याडीले पनि त्यो कुरा थाहा पाउनु भयो । अनि खाना खाँदा कुरा भयो । ड्याडीले भन्नुभयो, 'ए छोरी, तिमी पनि भक्तपुर नगरपालिकाकै कलेजमा पढिरहेकी छौ, तिमीले पनि नगरपालिकाले दिने ऋण लिएर पढ्न मिल्दैन ?'

खाना खाँदै गरेकी म, मुखमा गाँस थियो, के भनौं र के गरूँ भयो । निलें । भनें, 'ड्याडी त्यो हाम्रो लागि हैन नि, त्यस्तो ऋण पाउन त भक्तपुर नगरमा बसेको हुनुपर्छ ।'

'ए' बुबाले जवाफ दिनुभयो ।

खाना खाइसकेपछि थाल माझ्न जाँदा पनि मलाई बुवाको त्यही 'शैक्षिक ऋण लिएर पढनु भन्ने कुराले लखेट्यो । त्यो वचनले मलाई आफ्नो कोठासम्म पछ्याइरह्यो । एकछिन भए पनि पढ्न बस्छु भनेर किताव पल्टाएँ, त्यो बेला पनि छोडेन । धेरै कोसिस गरें, फेसबुक चलाएँ, छोडेन, अझ त्यहीबारेको समाचारै बढी आयो, युट्युबमा पनि मन गएन । सुत्न खोजें, त्यही कुराले पछ्याइ रह्यो ।

हाम्रो परिवार किसान परिवार । घरमा दाइ, भाउजु, दुई भाइ, म, दिदी, बुबा, आमा । आमा र बुबा घरकै काममा व्यस्त, घरमा एउटा भैंसी छ, दुईवटा बाखा, ६/७ वटा कुखुरा । खेतको नाममा ३ रोपनी छ । धान, गहुँसँगै आधा रोपनीजतिमा आलु लगाउँछौं । केहीमा घरमा खान पुग्ने गरी तरकारी पनि लगाएका छौं । दाइ कामको सिलसिलामा विदेश हुनुहुन्छ, मलेसियामा । ३ वर्ष भयो दाइ जानुभएको ।बेलाबेलामा फोन गर्नुहुन्छ । भाउजु पनि घरैमा, घरको काम गर्नुहुन्छ, बेलामौकामा बुन्ने काम गर्नुहुन्छ । भाइहरू पढिरहेका छन्, एउटा कक्षा १० मा एउटा ११ मा । घरको आर्थिक सबै हेर्ने बुवा ।

म अलि पढ्न सक्नेमा गनिएकी छु । त्यही भएर म अहिले भक्तपुरकै एक कलेजमा साइन्स पढिरहेकी छु । पढ्न सक्ने भएकीले दाइ, भाउजुको सल्लाह, मलाई पढाउनु हुने शिक्षकहरूले घरैसम्म आएर छोरीले पढ्छु भनेको विषय पढाउनु पर्छ, बरू ऋणै गरेर भए पनि पढाउनुपर्छ भन्ने कुरा भएपछि बुवा र आमा मलाई साइन्स पढाउन राजी हुनुभएको हो ।

त्यसरी पढेकी मलाई बुवाले त्यसा भन्नुहुँदा म आफू बसिरहेको सूर्यविनायक नगरपालिकाले पनि यस्तै ऋण दिए त आहा ! कति राम्रो हुने थियो भन्ने लाग्यो । एकातिर पछुतो पनि लाग्यो, मेरा बाआमा पनि भक्तपुर नगरपालिकाका वासिन्दा भएको भए, मैले पनि ऋण पाउने थिएँ, आफूले चाहेको विषय पढ्न पाउने थिएँ । तर, मेरो नगरपालिकामा त्यो खालको सोच्ने मेयर, उपमेयर, वडाध्यक्ष नै छैनन्, खाली बाटो बनाउने, पुल बनाउनेमात्र ध्यान दिन्छन् । कहिँ कतै कार्यक्रम हुँदा पनि खाली बाटो बनाउने कुरामात्र हुन्छ, कहिल्यै पनि शिक्षा राम्रो बनाउने कुरा हुन्न । यसैले मलाई भन्न मन लाग्यो, कास, म पनि भक्तपुर नगरवासी भएको भए ... ।

– कार्की, यजस्वी

अरनिको सभाभवन निर्माणस्थल परिसरमा सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा माघ १५ गते देकोचामा अरनिको सभाभवन निर्माणस्थल परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न भयो ।

पाक्षिक सरसफाइ कार्यक्रम भक्तपुर नगरपालिका वडा नं ६ का वडा अध्यक्ष हरिराम सुवालले अरनिको सभाभवन निर्माणका लागि २८ रोपनी क्षेत्रफल छुट्याइएको जानकारी दिनुभयो ।

उहाँले भवन निर्माणको लागि प्रदेश सरकारबाट बजेट दिने आश्वासनसमेत प्राप्त भएको बताउनुभयो ।

भक्तपुर नपा वातावरण समितिका सदस्य तथा वडा नं ५ का वडा अध्यक्ष प्रेमगोपाल कर्माचार्यले भक्तपुरको ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक सम्पदा, पोखरी लगायत ठाउँहरू संरक्षण र सफाइमा भक्तपुर नगरपालिकाले जोड दिदै आइरहेको बताउनुभयो ।

नगरलाई सुन्दर सहर निर्माणको लागि नगरपालिका लागिपरेको बताउनुहुँदै उहाँले प्लाष्टिकजन्य वस्तु वातावरणीय समस्याको कारक रहेको चर्चा गर्नुभयो ।

वडासदस्य गोविन्द दुवालले सरसफाइको कार्यक्रम उदाहरणीय बन्दै गइरहेको र नेमकिपाले माओ त्सेतुङ विचार धारा आत्मसात गरी जनताको निम्ति कार्यहरू गरिरहेको बताउनुहुँदै भूकम्प पीडित जनताको लागि रकम पर्याप्त नभएको व्यक्त गर्नुभयो ।

कार्यक्रममा वडासदस्य सिद्धिराम अवाल, वडा सचिव जितबहादुर खाईजू, शिक्षक गणेशराम थुसा लगायतले पनि बोल्नुभएको थियो ।

सरसफाइ कार्यक्रममा ख्वप कलेज, ख्वप मावि, द र इजिङ इङ्लिस स्कुल, प्रभात इङ्लिस स्कुल, गोल्डेन गेट इङ्लिस स्कुल, लसकुस साकोस, चोछें छुमा गणेश साकोस, श्रमजिवी साकोसलगायत स्थानीय जनताको सहभागिता रहेको थियो ।

भक्तपुर नगरपालिकाद्वारा शैक्षिक ऋण प्रदान

भक्तपुर नगरपालिकाद्वारा आ.व. २०७६/७७ को लागि ९१ जना नगरवासी विद्यार्थीहरूलाई शैक्षिक ऋण प्रदान गर्ने निर्णय गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नपाको चौथो नगरसभा २०७५ बमोजिम भक्तपुर नगरपालिकाले शैक्षिक ऋण वितरण सुरु गरेको हो ।

नगरपालिकाद्वारा पुस २२ गते आयोजित शैक्षिक ऋण वितरण कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले असल शिक्षाले असल नागरिक उत्पादन हुने बताउनुहुँदै शैक्षिक ऋणको सही सदुपयोगको निम्ति आग्रह गर्नुभयो ।

भक्तपुर नगरपालिकाले गरिब र इमानदार विद्यार्थीको लागि शैक्षिक ऋणको व्यवस्था गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले प्रतिस्पर्धाको समयमा विद्यार्थीहरूले शैक्षिक अनुशासनको साथसाथै व्यवहारिक अनुशासनमा पनि जोड दिनुपर्ने बताउनुभयो ।

शैक्षिक प्रमाणपत्र र आफूमा भएको अतिरिक्त सीपको सही सदुपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले आफ्नो शिक्षा र सीपलाई देश र समाजको हितको निम्ति प्रयोग गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नपा, शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५ प्रस्तुत गर्नुहुँदै भक्तपुर नपाभित्र स्थायी बसोबास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थीलाई शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखेर रु. ५ लाखसम्मको रकम ६ प्रतिशत ब्याजमा गत वर्षदेखि वितरण गरिंदै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत

दीपक कोइरालाले नगरपालिकाले प्रदान गर्ने शैक्षिक ऋणको औचित्य र महत्त्वमाथि प्रस्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले आ.व. २०७५/७६ मा ३७ जना नगरवासी विद्यार्थीसँग शैक्षिक ऋणको सम्झौता गरेको थियो ।

यस वर्ष एक सय १० जना विद्यार्थीहरूले शैक्षिक ऋणको लागि आवेदन दिएकोमा अन्तर्वार्ता लिएर ९१ जना छनौट भएका छन् ।(ऋण प्राप्त गर्ने विद्यार्थीको सूची २२ पृष्ठमा)

शैक्षिक ऋण ३ किस्तामा प्रदान गरिन्छ भने ऋण लिएको १ वर्षमा २५ प्रतिशत, २ वर्षमा ५० प्रतिशत, ३ वर्षमा ७५ प्रतिशत र ४ वर्षमा शतप्रतिशत तिर्नुपर्ने व्यवस्था गरिएको छ ।

जनस्वास्थ्य केन्द्रमा पानी ट्याङ्की शिलान्यास

भक्तपुर नगरपालिकाकाद्वारा सञ्चालित च्याह्मासिंहस्थित जनस्वास्थ्य केन्द्रको परिसरमा पानी ट्याङ्की निर्माणको शिलान्यास भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले पुस २७ गते गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख जोशीले कला-संस्कृतिको संरक्षण, पुन:निर्माण, शिक्षा, स्वास्थ्यलगायतको क्षेत्रमा भनपाले गरिरहेको काम अरू स्थानीय निकायहरूलाई नमुना भएको बताउनुभयो ।

यस वर्षदेखि नगरका दुईजना जेहेनदार तथा गरिब विद्यार्थीहरूलाई हरेक वर्ष एमबीबीएस (डाक्टर) अध्ययनको लागि छात्रवृत्ति दिने व्यवस्था गर्न लागेको उहाँले जानकारी दिनुभयो ।

आगामी फागुन ८ गते भनपाले भक्तपुर नगर मेयर कप एथलेटिक्स प्रतियोगिता गर्न लागेको उपप्रमुख जोशीले बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नगरमा भइरहेको विकास निर्माणका कार्यहरूबारे जानकारी दिनुभयो ।

नगरमा आपराधिक घटनाहरू बढ्दै गइरहेको हुँदा नगरवासीहरू सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले वडामा भइरहेको हरेक घटनाप्रति वडावासीहरू सजग हुनसके आपराधिक घटनामा कमि आउने धारणा राख्नुभयो ।

पानी ट्याङ्की निर्माण उपभोक्ता समितिका अध्यक्ष राजेश प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवा, पानी ट्याङ्की निर्माण अनुगमन समितिका संयोजक छोरीमैयाँ सुजख्, ख्वप अस्पताल भवन निर्माण आयोजनाका प्रमुख इ. विजयराम कोजू, निर्माण समितिका कृष्णसुन्दर प्रजापति र विश्वराम प्रजापतिले पनि बोल्नुभएको थियो ।

३ लाख लिटर क्षमताको उक्त पानी ट्याङ्की निर्माणको लागि रू. ८५ लाख खर्च हुने अनुमान गरिएको छ ।

जनस्वास्थ्य केन्द्रमा हेपाटाइटिस बी को परीक्षण

हेपाटाइटिस बी (कलेजो सुन्निने कालो जण्डिस) रोगबारे सचेतना जगाउने उद्देश्यले भक्तपुर नगरपालिकाले पुस १८ गते नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्र च्याम्हासिंहमा खुला रक्त परीक्षण शिविर सम्पन्न भयो ।

शिविरको उद्घाटन समारोहमा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले नगरवासीहरू स्वस्थ भए मात्र उत्पादनमूलक गतिविधि हुने र समग्र नगरको प्रगति हुने बताउनुभयो । उहाँले नगरपालिकाले जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखेर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रहरूमार्फत कम शुल्कमा विशेषज्ञ चिकित्सकहरूबाट उपचार सेवा प्रदान गर्दै आएको र घरदैलो नर्सिङ सेवा मार्फत वडावासीहरूको घरघरमा उपचार सेवा पुऱ्याइरहेको अवगत गराउनुभयो ।

प्रमुख प्रजापतिले नगरपालिकाले आधुनिक सुविधा सम्पन्न ख्वप अस्पताल निर्माण कार्य तीब्र गतिमा अगाडि बढाइरहेको चर्चा गर्नुहुँदै तिलगंगा प्रतिष्ठानसँग सहकार्य गरेर भक्तपुरमै आँखाको शल्यक्रियासमेत गरिरहेको र छिट्टै नै श्वासप्रश्वाससम्बन्धी रोगको उपचारका लागि छाती पुन:स्थापना केन्द्र सञ्चालनमा ल्याउने तयारी भइरहेको बताउनुभयो ।

भनपा ९ नं. वडाका वडाध्यक्ष रबिन्द्र ज्याख्वले नगरपालिकाले समय समयमा विभिन्न रोगहरूको नि:शुल्क परीक्षण शिविर गर्ने क्रममा भक्तपुरमा हेपाटाइटिस बी रोगको परीक्षण सेवा पनि सञ्चालन गरेको बताउनुभयो । स्थानीय जनतामा यस रोगबारे भ्रम पैदा भएको उल्लेख गर्नुहुँदै समयमै रोग पत्ता लगाएर उपचार गराएमा निको हुने चिकित्सकहरूको भनाइ रहेको उहाँले भन्नुभयो ।

जनस्वास्थ्य केन्द्रका प्रमुख डा. रत्नसुन्दर लासिवाले असुरक्षित ढंगबाट दाऱ्ही कपाल काट्दा, शरीरको तरल पदार्थ जस्तै : ऱ्याल, पसिनाबाट, संक्रमित गर्भवती महिलाले जन्माएको बच्चामा, संक्रमित व्यक्तिको रगत भूलवस अर्को व्यक्तिलाई दिंदा र असुरक्षित यौन सम्पर्कबाट हेपाटाइटिस बी रोग सर्ने सम्भावना रहेको जानकारी गराउनुभयो । उहाँले यो रोग लागेका विरामीले जाँड रक्सी सेवन र धुम्रपान गर्न नहुनेमा जोड दिनुहुँदै समयमा रोग पत्ता लगाई उपचार गर्न आफ्नो

शरीरको नियमित परीक्षण गर्नुपर्ने बताउनुभयो ।

एपेक्स पोलिक्लिनिकका प्राविधिक कमला थापाले नगरपालिकाको सहयोगमा यसअघि पनि भनपा ७ झौरबहीमा नि:शुल्क परीक्षण शिविर सञ्चालन गरेको उल्लेख गर्नुहुँदै रोगीहरूले यस रोगबारे लुकाउन नहुनेमा जोड दिनुभयो ।

उक्त शिविरमा ३३२ जनाको रगत परीक्षण गरिएको थियो । परीक्षणको क्रममा २ जनामा हेपाटाइटिस बी पोजिटिभ देखिएको र उहाँहरूलाई तुरुन्त उपचार गरिने प्राविधिक थापाले बताउनुभयो ।

यसअघि झौरबहीमा ५१५ जनाको रगत परीक्षण गरिएकोमा ७ जनामा हेपाटाइटिस बी पोजिटिभ देखिएको र उहाँहरूलाई आवश्यक उपचार शुरु गरिएको जनस्वास्थ्य केन्द्रका प्रमुख डा. लासिवाले जानकारी दिनुभयो ।

प्रदेश नं. ३ को नाम बागमती, राजधानी हेटौंडा

लामो समयदेखि बहस, छलफल र अन्योलमा रहेको प्रदेश नं. ३ को नाम र स्थायी राजधानी पुस २७ गते बसेको बैठकले टुङ्गो लगाएको छ । प्रदेशसभा गठन भएको साढे दुई वर्ष अर्थात् आधा कार्यकालपछि मात्र राजधानी र नाम निर्णय भएको छ । सत्तारूढ दल नेकपाको दुईतिहाइ बहुमत सांसद भएर पनि आपसी झगडा र असहमतिका कारण यो निर्णय गर्न यति बिलम्ब भएको हो ।

बैठकमा मुख्यमन्त्री डोरमणि पौडेलले ३ नं प्रदेशको स्थायी राजधानी हेटौंडामा राख्न गरेको प्रस्ताव दुईतिहाइभन्दा बढी मतबाट स्वीकृत भएको हो । सो प्रस्तावमा मतदान हुँदा उपस्थित १०८ प्रदेशसभा सदस्यमध्ये १०५ जनाले प्रस्तावको पक्षमा मतदान गरेका थिए ।

त्यस्तै प्रदेश नं ३ को नाम बागमतीको पक्षमा नेमकिपा, नेकपा, नेकां, राप्रपा, राप्रपा संयुक्तलगायत दलका सांसदहरूले मतदान गरेका थिए ।

नेपालका ७ प्रदेशमध्ये ४ प्रदेशको नाम र राजधानी निश्चित भइसकेको छ–

प्रदेश नं. ६ – कर्णाली, वीरेन्द्रनगर
प्रदेश नं. ७ – सुदूर पश्चिम, गोदावरी
प्रदेश नं. ४ – गण्डकी, पोखरा
प्रदेश नं. ३ – बागमती, हेटौंडा ।

नगरपालिकास्तरीय विपद् जोखिम न्युनीकरणसम्बन्धी सचेतना कार्यक्रम

भक्तपुर नगरपालिकाको आयोजनामा नगरपालिकास्तरीय विपद् जोखिम न्युनीकरणसम्बन्धी सचेतना कार्यक्रम पुस १७ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाले नेपाली सेनासँग सहकार्य गरी

नगरवासी युवाहरूलाई तीन चरणमा १२२ जनालाई विपद् व्यवस्थापन न्यूनीकरणसम्बन्धी तालिम प्रदान गरिसकेको बताउनुभयो । विद्यार्थी, युवाहरू बढी भएको ठाउँमा सचेतना कार्यक्रम आवश्यक भएको बताउनुहुँदै उहाँले सञ्चारमाध्यममार्फत विपद् न्यूनीकरणबारे व्यापक प्रचार-प्रसार गर्नु आवश्यकता रहेको औँल्याउनुभयो । प्रमुख प्रजापतिले व्यक्तिगत फाइदाभन्दा संस्थागत फाइदा पुग्ने कामलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुहुँदै नपालाई कार्यक्षेत्र बनाएका संघ-संस्थाहरूले पारदर्शितामा ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो ।

भनपाका उपप्रमुख रजनी जोशीले विपद् जुनसुकै ठाउँ र समयमा आउन सक्ने भएकोले समुदायका व्यक्तिहरूलाई सचेत गर्दै विपद् व्यवस्थापनमा सहजिकरण गर्न उपयुक्त हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, रेडक्रस सोसाइटी प्रदेश नं. ३ का उपाध्यक्ष कृष्णेश्वरी हाडाले पनि बोल्नुभएको थियो भने उत्थानशील नगर प्रबर्द्धन र सहभागिता कार्यक्रमका संयोजक निलम ढुंगानाले उत्थानशील नगर प्रबर्द्धन सम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो ।

जेन्यूइन स्कूलमा अन्तरक्रिया

भक्तपुर नगर सानो तर महत्त्वपूर्ण

भक्तपुर नगरपालिकाअन्तर्गत भइरहेको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण तथा सार्वजनिक जग्गाको संरक्षणका गतिविधिहरू स्थानीयवासीलाई जानकारी गराउने उद्देश्यले पुस १७ गते जेन्यूइन सेकन्डरी स्कूलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगर नेपालको सबभन्दा सानो नगरपालिकाहरूमध्येमा परे पनि अत्यन्त महत्त्वपूर्ण नगर भएको बताउनुभयो ।

नेपाल ट्रस्टअन्तर्गतको सम्पत्ति सरकारी सम्पत्ति भएको हुनाले सल्लाघारीको १०८ रोपनी जग्गालाई संरक्षण गरी जनताको हितमा अधिकतम उपयोग गर्ने उद्देश्यले नगरपालिकाले पर्खाल लगाएको चर्चा गर्नुहुँदै नगर प्रमुख प्रजापतिले उक्त जग्गामा मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय सञ्चालन गर्न नगरपालिकाले माग गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, '२०४० सालमा सैनिक महाविद्यालयको नाउँमा रहेको १४० रोपनी जग्गाअन्तर्गत पर्ने च्वडा गणेश मन्दिर, रानी पोखरी, खेलमैदान र दूध चिस्यान केन्द्र नगरपालिकाको स्वामित्वमा ल्याउन नेपाली सेनासँग सहकार्य भइरहेको छ ।'

भक्तपुर क्यान्सर अस्पतालको भ्रष्टाचार र अनियमितता रोक्न भनपाले नगर प्रमुखको अध्यक्षतामा नयाँ व्यवस्थापन समिति गठन गरी कार्य सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो ।

भनपाभित्र सञ्चालन हुने गरी दर्ता भएका एनजीओ र आईएनजीओलाई भनपाले नवीकरणका साथै नयाँ दर्ता पनि नगरेको जानकारी दिँदै उहाँले एनजीओ र आईएनजीओले विनास्वार्थ

लगानी नगर्ने धारणा राख्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'राष्ट्रिय कला सङ्ग्रहालय मल्लकालीन स्वरूपमा पुनः निर्माण गर्न भनपाले सहमति गरिसकेको छ । थन्थु दरबार (पुरानो नपा भवन) पनि नपाले नै बनाउने योजना अनुरूप कार्य अगाडि बढिरहेको छ ।'

ठेकेदारमार्फत निर्माण भएका संरचनाहरू गुणस्तरहीन रहेको तथ्य प्रस्तुत गर्नुहुँदै उहाँले गुणस्तरीय निर्माण तथा जनतामा अपनत्व भावना जगाउन भनपाले उपभोक्ता समितिमार्फत जनश्रमदान र अमानतबाट विकास निर्माण कार्यलाई जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका शिक्षक योगेन्द्रमान बिजुक्छेँले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षक-कर्मचारी एवम् देकोचावासीको उपस्थिति रहेको थियो ।

वडा ९ मा नि:शुल्क दन्त परीक्षण शिविर

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा पुस १९ गते दत्तात्रयमा नि:शुल्क दन्त परीक्षण शिविर सम्पन्न भयो। विहान ९ बजेदेखि शुरु भएको उक्त शिविरमा जनस्वास्थ्य केन्द्रका चिकित्सकहरूले दाँत निकाल्ने, दाँत सफा गर्ने, गिजा परीक्षण गर्ने, दाँत किराले खाए नखाएको परीक्षण गर्ने जस्ता उपचार सेवाहरू प्रदान गरेका थिए।

दन्त स्वास्थ्य सम्बन्धी सर्वसाधारण जनतामा कम मात्र जानकारी रहेको र खानपानमा ध्यान नदिंदा धेरैजनामा दाँतसम्बन्धी समस्या देखिएको कारण नगरपालिकाले सबै वडाहरूमा क्रमश: दन्तपरीक्षण शिविर सञ्चालन गर्ने तयारी भइरहेको वडाध्यक्ष रबिन्द्र ज्याख्वले बताउनुभयो। जनस्वास्थ्य केन्द्रका ३ जना चिकित्सकहरू, वडा नर्स र महिला स्वास्थ्य स्वयंसेविकाहरूको उपस्थितिमा भएको उक्त शिविर विहान ९ बजेदेखि दिनको १ बजेसम्म सञ्चालन गरिएको थियो।

शिविरबाट सर्वसाधारणले दन्त स्वास्थ्य परीक्षण गराई लाभ प्राप्त गरेका थिए।

वडा ९ मा मृगौला रोगसम्बन्धी अभिमुखीकरण

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा पुस १७ गते वडावासीहरूको भेला गरी मृगौला रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा शहीद धर्मभक्त राष्ट्रिय मानव अङ्ग प्रत्यारोपण केन्द्रका वरिष्ठ मृगौला रोग विशेषज्ञ डा. कल्पना श्रेष्ठले नेपालमा मृगौलासम्बन्धी रोगीहरूको सङ्ख्या बढिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै खानपानको शैली नमिल्दा, शारीरिक कसरत नगर्दा, वातावरणीय प्रदूषण र कतिपय अवस्थामा वंशाणुगत रूपमा पनि मृगौलाको समस्या देखिएको बताउनुभयो।

उहाँले मृगौला रोगको सम्पूर्ण उपचार गर्ने सुविधासम्पन्न अस्पताल भक्तपुरमै भएकोमा भक्तपुरवासीहरूले गर्व गरिरहेको उल्लेख गनुहुँदै मानिसको शरीरमा रहेका २ मध्ये एक मृगौलाले काम गर्दा पनि सामान्य जीवन यापन गर्न सकिने प्रष्ट पार्नुभयो।

मृगौलाको उपचार विधि महँगो भए पनि नेपाल सरकारले डायलाइसिस सेवा, मृगौला प्रत्यारोपण सेवा र त्यसपछिको उपचार सेवासमेत नि:शुल्क गरेको डा. श्रेष्ठको भनाइ थियो। उहाँले मृगौला प्रत्यारोपणको क्रममा स्थानीय सरकारको सिफारिसमा प्रति विरामी साढे पाँचलाख रूपैयाँसम्म अनुदान दिइरहेको बताउनुभयो।

नयाँ कानुनी व्यवस्थामा मृगौला प्रत्यारोपणका लागि एकापरिवार मात्र नभई आफ्नो नाता पर्ने सबैले मृगौला दान गर्न सकिने व्यवस्था रहेको र ब्रेन डेथ भएका विरामीको समेत अङ्ग दान गर्न सकिने कानुनी व्यवस्था रहेको जानकारी दिनुभयो।

स्थानीय वडावासीहरूसँग मृगौला रोगका लक्षण, अस्पतालमा सेवा लिन सकिने सुविधाहरू तथा कानुनी प्रावधानहरूको विषयमा अन्तरक्रियासमेत भएको उक्त कार्यक्रममा वडाध्यक्ष रबिन्द्र ज्याख्वले धन्यवाद ज्ञापन गर्नुभयो।

वडा १० मा दन्त शिविर

भक्तपुर नगरपालिका १० नं वडा कार्यालयको आयोजनामा खुल्ला दन्त शिविर वडा कार्यालय भवनमा पुस २६ गते सम्पन्न भयो।

उक्त शिविरमा नि:शुल्क औषाधि वितरण, दाँत निकाल्ने र दाँतसमेत सफा गरेको थियो भने महिला ५७ जना पुरुष ३० जना गरी जम्मा ८७ जनाले परीक्षण गराएकोमा डा.इभा कसांकार, डा. नितु मानन्धर, डा. श्रद्धा अधिकारी र डा.जिवेश मुनांकर्मीले दन्त परीक्षण गर्नु भएको वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले जानकारी दिनुभएको छ।

वडा ८ मा महिला कानुनी साक्षरता कार्यक्रम

भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीको प्रमुख अतिथ्यमा मिति २०७६ पुस २४ गते भक्तपुर नगरपालिका ८ नं. वडा कार्यालयको आयोजनामा महिला कानूनी साक्षरता कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा प्रमुख अतिथि रजनी जोशीले विगतमा शिक्षाबाट वञ्चित भएको कारण महिलाहरूले धेरै दुःख पाएको र अहिले महिलाहरूले शिक्षा प्राप्त गरे पनि कानूनी ज्ञानको अभावको कारण महिलाहरू बढी लैंगिक हिंसाको शिकार हुनु परेकोले कानूनी ज्ञानको आवश्यकताबारे चर्चा गर्नुभयो ।

वहाँले हाम्रो संस्कारलाई व्यवहारिक र कानून अनुरूप ढाल्दै लानु पर्ने र कानूनको दुरूपयोग गर्न नहुने विचार व्यक्त गर्नुभयो । सोही अवसरमा वहाँले नगरपालिकाले गर्दै आएको गतिविधि र भावी योजनाहरूको बारेमा समेत प्रकाश पार्नुभयो ।

सभापतिको आशनबाट वडाध्यक्ष महेन्द्र खायमलीले अहिले हाम्रो नगरभित्र बाहिर जिल्लाका कुलतमा लागेका युवाहरूको बिगविगी भएको र त्यस्ता कुलतहरूको संगतबाट हाम्रा छोरा छोरीहरू बिग्रिन सक्ने सम्भावना भएकोले हामी अभिभावकहरू सचेत हुनुपर्ने र त्यस्ता कुलतबाट बच्न र बचाउन हाम्रा छोराछोरीहरूलाई सामाजिक क्रियाकलापहरूमा अग्रसर गर्न प्रोत्साहित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यपालिका सदस्य रोशनमैया सुवालले हाम्रो समाजको रुढीवादी संस्कार र कुरीतिहरूलाई हटाउन हामी महिलाहरू शसक्त रूपमा अगाडि बढ्नु पर्ने र नेपालको कानून फितलो भएकोले बालबालिका र महिलाहरूलाई बलात्कार गर्ने कार्य बढिरहेको हुँदा बलात्कारीहरूलाई मृत्युदण्ड दिने कानून ल्याउनु पर्ने कुरामा जोड दिनुभयो ।

महानगरीय प्रहरी वृत्त, जगातीका डिएसपी चक्रराज जोशीले विद्यमान ऐन कानूनमा भएका महिलाहरूको हक अधिकार र लैंगिक हिंसा सम्बन्धी जानकारी गराउनु भएको उक्त कार्यक्रममा समाजसेवी कृष्णप्रसाद कोजु, महिला वडासदस्य पंचमाया दुवाल र वडासचिव राजेश दिस्तीले पनि बोल्नु भएको थियो ।

वडा ३ मा दन्त शिविर

भक्तपुर नपा वडा नं. ३ वडा समितिको आयोजनामा खुला निःशुल्क दन्त शिविर माघ ५ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, कला र संस्कृतिलगायतका क्षेत्रमा काम गर्दै आएको विचार राख्नुहुँदै जनताको स्वास्थ्यलाई प्राथमिकता दिई शिविर टोल-टोलमा सञ्चालन गर्दै आएको बताउनुभयो ।

उहाँले हाम्रो पुर्खाले छोडेर गएका धरोहरलाई जगेर्ना गर्नु हाम्रो दायित्व, कर्तव्य भएकोले जनताको साथ र सहयोगमा अगाडि बढिरहेको प्रष्ट्याउनुभयो ।

वडाध्यक्ष राजकृष्ण गोराको सभापतित्वमा भएको

उक्त कार्यक्रममा स्थानीय रामहरि गोरा र कार्यपालिका सदस्य सुनिता अवाललगायतले बोल्नुभएको थियो ।

१२० जनाले दन्त परीक्षण गराएको उक्त शिविरमा जनस्वास्थ्य केन्द्रका चिकित्सक, नर्स तथा स्वयम्सेविकाहरूले सहयोग गर्नुभएको थियो ।

सच्याउनुहोस्

'भक्तपुर' सङ्ख्या २७६ को अन्तिम गातामा छापिएको मन्दिरको नाम **'लक्ष्मीनरसिंह मन्दिर'** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

'भक्तपुर' मासिक

xflb§ ;djlbgf

स्व.नारायणभक्त राजलवट

जन्म : १९८८ जेठ १८ | निधन : २०७६ माघ ३

भक्तपुर नगरपालिका वडा नं. १ का वडासदस्य गंगालक्ष्मी बमनुका पूजनीय पिता **नारायणभक्त राजलवट**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

भक्तपुर नगरपालिका परिवार

भक्तपुर घरेलु तथा साना उद्योग संघको साधारणसभा

देशको व्यापारको हितमा पनि सोच्नुपर्ने

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर घरेलु तथा साना उद्योग संघको २९ औं तथा महिला उद्यमी समितिको २७ औं वार्षिक साधारणसभा २०७६ को उद्घाटन पुस २८ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले नेपाल सरकारको उद्योग नीति आलोचनायोग्य भएको बताउनुहुँदै नेपाली कर प्रणाली प्रगतिशील हुनुपर्नेमा जोड दिनुभयो । विदेशी पूँजीको पैसाले चुनाव जितेका दलले विदेशीकै हितमा काम गर्ने र ऐन-कानुन पनि तिनीहरूकै पक्षमा बनाउने उहाँले प्रस्ट पार्नुभयो ।

भारतीय पूँजीपति वर्गको पक्षपोषण गर्ने सरकारले नेपाली जनताको हितमा काम गर्न नसक्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले नेपाल-चीनबीचको व्यापारिक सम्बन्धलाई कमजोर बनाउने ढङ्गले अहिलेको सरकार लागिपरेको बताउनुभयो ।

कुनै पनि व्यापारीले आफ्नो व्यक्तिगत फाइदालाई भन्दा पनि देशको व्यापारको हितमा पनि सोच्नुपर्ने औंल्याउनुहुँदै उहाँले व्यापारीहरू देशको राजनीतिक अवस्थाबारे जानकार हुनुपर्ने बताउनुभयो । नेपाली सामान प्रयोग र प्रवर्द्धन गर्न नेपालीहरू नै अग्रसर हुनुपर्ने बताउनुहुँदै नेता बिजुक्छेंले नेपाल सरकारले साना उद्योग जोगाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले उद्योगधन्दाको विकास देश विकासको प्रमुख आधार भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले घरेलु उद्यमीहरूलाई उत्साहित पार्न यहाँका मौलिक उत्पादन ताईचीन चिउरा, जुजु धौ, हाकुपटासी र भादगाउँले टोपीलाई भक्तपुरको मौलिक उत्पादनको रूपमा परिभाषित गरेको बताउनुभयो ।

भक्तपुरको मौलिकता विदेशी बजारमा प्रचार गर्न भक्तपुर घरेलु तथा साना उद्योग संघले पर्यटन क्षेत्रमा आफ्नो लगानी बढाउन आह्वान गर्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो - 'सरकारले देशमा सञ्चालित उद्योगहरूको संरक्षणको लागि सस्तो ब्याज दरमा ऋण प्रवाह गर्नुपर्ने र विदेशी वस्तुहरूमा कर बढाउने, नेपालभित्र रहेका बैंक तथा सहकारी संस्थाहरूको पूँजी उत्पादनशील क्षेत्रमा लगानीगर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुपर्छ ।'

भक्तपुर जिल्लाका प्रजिअ हुमकला पाण्डेले नेपालमा घरेलु उद्योगको प्रवर्द्धन आवश्यकताबारे प्रस्ट पार्नुहुँदै कला, संस्कृतिले भरिपूर्ण भक्तपुरको मौलिक उत्पादनलाई गुणस्तरीय बनाउँदै यसको संरक्षण, संवर्द्धन र प्रवर्द्धनको खाँचो औंल्याउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग संघका अध्यक्ष बिरेन्द्र जतिले लघु घरेलु तथा साना उद्योगको विकास विना देश विकास सम्भव नभएको र नेपाल सरकारले पूँजीको लागि बैंकमार्फत घरेलु उद्यमीहरूलाई सहज ऋण उपलब्ध गराउनु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा प्रभु लाईभ इन्सुरेन्स, प्रदेश नं. ३ का प्रमुख प्रबन्धक सागर केसी, भक्तपुर चेम्बर अफ कमर्शका अध्यक्ष न्हुछे मानन्धर, ग्रील तथा स्टील व्यवसायी महासंघ नेपालका अध्यक्ष मोहन कटुवाल, भक्तपुर घरेलु तथा साना उद्योग संघका पूर्वअध्यक्ष सत्यनारायण प्रजापति, महिला उद्यमी समितिका प्रतिनिधिलगायतले शुभकामना मन्तव्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेंले संस्थामा अनवरत रूपमा कार्यरत कर्मचारी तथा सहयोगी संघ-संस्थाहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

लोकेश्वर साकोसको साधारणसभा

भक्तपुर नगरपालिका नमुना नगरपालिका

'भक्तपुर नगरपालिका सबै अन्य ठूला नगरपालिकाहरूभन्दा नमुना नगरपालिकाका रूपमा स्थापित हुन सफल रहेको छ ।' उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि. को पुस १९ गते भएको बाह्रौं वार्षिक साधारण सभामा बताउनु भएको हो ।

उहाँले भक्तपुर नगरपालिकाले भक्तपुर नगर भित्र कलात्मक र संस्कृति झल्कने घर निर्माणमा दिने विभिन्न सहुलियतका विषयमा प्रस्टपार्नुहुँदै नक्सापासको मापदण्ड अनुसारमात्र घर निर्माण गर्नुपर्ने कुरा बताउनुभयो । भक्तपुर नगरपालिकाले शैक्षिक क्षेत्रमा ठूलो लगानी गरेको हुँदा यसबाट भक्तपुरका जनताले मात्र नभै सम्पूर्ण देशभरिका विद्यार्थीहरू नै लाभान्वित भएको बताउनुभयो । नपाले भक्तपुरलाई एक उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गर्न तथा नेपाल भ्रमण वर्ष २०२० मा पर्यटकलाई सुविधासम्पन्न होटल निर्माण, दैनिक साँस्कृतिक गतिविधि गर्ने तथा आवश्यक पूर्वाधारहरू निर्माणमा लागेको बताउनु भयो ।

वडा अध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिका सहकारी लक्षित विभिन्न गतिविधहरू गर्दै आएको र सहकारीको अनुगमन तथा निरीक्षण गरी आवश्यकता अनुसारको सल्लाह सुझाव दिदै आएको बताउनु भयो । साथै उहाँले भनपाले गर्दै आएका विभिन्न विकास निर्माण कार्यहरूबारे चर्चा गर्नुभयो ।

भनपाका पूर्व जननिर्वाचित वडा अध्यक्ष रविन्द्र खर्बुजाले विकास निर्माणको नाममा आएका विभिन्न शर्तसहितको विदेशी लगानीले देशलाई परनिर्भरमात्र नभई देश नै विदेशीको हातमा पर्न सक्ने खतरा रहेको औल्याउनु भयो । सहकारीले जनताको आर्थिक पहुँचलाई सवल बनाउने भएको र विदेशी लगानीलाई निरुत्साहित बनाउन भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्णगोविन्द लाखाजुले जनताले समुदायमा आधारित सहकारी र नाफामुखी सहकारी चिन्न सक्नुपर्ने तथा भयो । गैर समुदायमा आधारित सहकारीहरूले सोझासिधा जनताको मिहिनेतको रकम कुम्ल्याई भाग्दा दुख भोग्नु परेको उदाहरण दिनुहुँदै त्यस्ता सहकारीहरू अहिले पनि धेरै रहेकोले सजग हुन सचेत पार्नुभयो ।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका डा. पुण्यराम खर्बुजाले भक्तपुर क्यान्सर अस्पतालको अनियमितता र वर्तमान अवस्थाको बारेमा प्रष्ट पार्नुभयो भने क्यान्सर सम्बन्धी जनचेतनामूलक अभिमुखीकरण प्रस्तुत गर्नुभयो । मित्र सहकारीको तर्फबाट सिद्धिगणेश साकोसका अध्यक्ष राजन लाखाजु, तलेजु साकोसका सञ्चालक सुन्दरीमैया गोराले शुभकामना मन्तव्य राख्नुभयो ।

सभाबाट सचिव कृष्णराम तुकंबन्जारको बार्षिक प्रगति प्रतिवेदन र भावी नीति तथा प्रस्तावहरू, कोषाध्यक्ष पुण्यराम स्वँगमिखाको आर्थिक प्रतिवेदन र आ.व. २०७६/७७ को अनुमानित बजेट तथा लेखा सुपरीवेक्षणका संयोजक लक्ष्मीभक्त दुवालको प्रतिवेदन पारित गरियो ।

आ.व. २०७५/७६ सम्मका ज्येष्ठ सदस्यहरू, अधिक शेयर खरिदकर्ता, असल बचतकर्ता, असल बाल बचतकर्ता, असल ऋणीहरू र कसिमला पायँका विजयी खेलाडीहरूलाई सम्मान तथा पुरस्कृत गरिएको कार्यक्रम संस्थाका अध्यक्ष राजन जतिको सभापतित्वमा भएको थियो भने उपाध्यक्ष प्रनेश बाटी र श्यामसुन्दर मातांले पनि बोल्नु भएको थियो ।

बासिबिन्याँलो



lbOPsf]kfF6qmfnf0{cf}sf0-ksf0 t/gvK6bf0{dnfP/ ;deh\o (equilateral) lqsf0f agfpg ;SgX5<-pQ/&$k[7df_

सधैं पर्यटकीय भक्तपुर

- सरिशा अछामी

भक्तपुर ऐतिहासिक र सांस्कृतिक पर्यटकीय नगर हो। नेपालको रोम शहरको रूपमा परिचित छ। संस्कृतिको नगर, जीवित सम्पदा, नाचगानको राजधानी र सांस्कृतिक रत्नको रूपमा भक्तपुर परिचित छ। भ्रमण वर्षमा भक्तपुर नगरपालिकाले पर्यटकलाई भक्तपुरको महत्त्व र सांस्कृतिक सम्पदाका बारेमा परिचित गराउने योजना बनाएको छ।

भक्तपुरमा नामी जुजु धौ छ, भादगाउँले टोपी र हाकुपटासी छ। बाह्रौं शताब्दीमा राजा आनन्द देवबाट स्थापित, १५ औं शताब्दीसम्म मल्ल राज्यको राजधानी शहर र १८ औं शताब्दीमा हालको स्वरूप लिएको भक्तपुर युनेस्कोबाट विश्व सम्पदा सूचीमा सूचीकृत छ। चारै कुनामा मन्दिरले सिमाना बनेको भक्तपुर नगरपालिका धार्मिक आस्थाको शहर पनि हो।

पचपन्न झ्याल दरबार, स्वर्णद्वार, टौमढी क्षेत्र, विश्व प्रसिद्ध पाँच तले मन्दिर, भैरवनाथ मन्दिर, मठैमठले घेरिएको दत्तात्रय मन्दिर र पुजारी मठ, तालाक्व क्षेत्र- परम्परागत माटाको भाँडाकुँडा बनाउने ठाउँ, सिद्धपोखरी, कमलविनायक पोखरीलगायत भक्तपुरका दर्शनीय सम्पदा हुन्। भक्तपुर भ्रमण वर्षमा मात्र होइन सधैं घुम्न योग्य बनाउने गरी काम भइरहेको भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिको भनाइ छ।

नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी भक्तपुर नगरपालिकाले भक्तपुरभित्रका सम्पदा संरक्षण र पुनर्निर्माण तथा मर्मत सम्भारको कामलाई प्रथामिकतामा राखेको छ। २०७२ सालको भूकम्पले क्षति पुऱ्याएका ११६ वटा सम्पदामध्ये ९३ वटा पुनर्निर्माण काम भइसकेको छ। निजी अवासीय घर परम्परागत शौलीमा परम्परागतसाम्रगी प्रयोग गरी बनाउन प्रोत्साहनका लागि अनुदान दिइएको छ। काठ, इँटा र झिँगटी किन्दा लाग्ने ३५ प्रतिशत रकम अनुदान छ। भ्रमण वर्षका विभिन्न काम र भक्तपुर महोत्सवका लागि एक करोड रूपैयाँ बजेट छुट्याएको छ।

भ्रमण वर्षलाई ध्यानमा राखेर सम्पदाहरूमा नियमित सरसफाइ र मर्मतसम्भारको व्यवस्था गरिएको छ। लोपन्मुख सम्पदाको पुनर्निर्माण र संरक्षण थालिएको छ। लोपोन्मुख सम्पदा भाज्यापुखु, रानी पुखु, ढुंगेधारा, पाटीहरूको पुनर्निर्माणको काम भइरहेको छ। नगरप्रमुख प्रजापतिका अनुसार संस्कृति संरक्षण र प्रवर्द्धनलाई जोड दिइएको छ। गाईजात्रामा परम्परागत नाचहरूको स्थलगत मूल्यांकन र प्रोत्साहन गर्न थालिएको छ। पर्यटकहरूलाई परम्परागत नाच, बाजा र अन्य सांस्कृतिक गतिविधिको प्रदर्शनीमा जोड दिइएको छ। भ्रमण वर्षमा ऐतिहासिक सांस्कृतिक र सम्पदामा जोड दिइएको छ।

भक्तपुर सांस्कृतिक नगरको रूपमा परिचित छ। आगामी चैत ४ देखि ८ गतेसम्म भक्तपुर महोत्सव गर्ने योजना छ। पर्यटक आकर्षित गर्न सम्पदा र संस्कृतिको संरक्षणमा प्रत्येक वर्ष बाजा र सांस्कृतिक नृत्य प्रतियोगिता गर्ने गरिएको छ। परम्परागत बाजा बजाउने प्रशिक्षण दिन थालिएको छ।

सांस्कृतिक नृत्य गुरु, बाजा गुरु, बाँसुरी गुरु साथसाथै अन्य पुराना संस्कृति सिकाउने गुरुलाई सम्मान गरिँदै आएको छ। भक्तपुरले पुरानो कला जीवित राख्न आफूले जानेको कला प्रदर्शन गर्न आह्वान गरेको छ। नगरपालिकाले पुरस्कार वितरणमा गत आर्थिक वर्षमा १४ लाख र चालु आर्थिक वर्षमा २० लाख नगदको पुरस्कार वितरण गरेको छ। भक्तपुर नगरपालिकाको पुराना खेल, नृत्य तथा सम्पदाको विद्यालय पाठ्यक्रममा समावेश गरेको छ।

नगरपालिकाद्वारा सञ्चालित कलेजमा पर्यटनसँग सम्बन्धीत होटल म्यानेजमेण्ट र ट्राभल एण्ड टुरिजम विषय पठनपाठन थालिएको छ। संस्कृति पहिचान र सम्पदाको छुट्टै पहिचान बनाउन पाठ्यक्रम सुरु गरिएको हो।

पर्यटकको सुविधाका लागि १० स्थानमा नयाँ शौचालय बनाइएको छ। झलक्क हेर्दा शौचालय पनि कुनै मन्दिरजस्तो देखिन्छ यसले भक्तपुरको पहिचान झल्काउँछ। रात्रीकालीन पर्यटन विकास गर्न पर्यटकीय क्षेत्र तथा सम्पदास्थलमा सोलार बत्तीको व्यवस्था छ। सुरक्षालाई ध्यानमा राखेर आवश्यकताअनुसार सिसी क्यामरा राखिएको छ। पदयात्राको व्यवस्था छ। सहजताका लागि ढुङ्गा र इँटा छापेर पदमार्ग सजिलो पारिएको छ।

पर्यटकलाई सहजताका लागि चाइनिज, जापानिज, अंग्रेजी भाषा तालिमको व्यवस्था छ। गाइडका लागि एउटै लोगो भएको पोशाक अनिवार्य गरिएको छ। नगरपालिकाभित्र ठाउँठाउँमा सूचना केन्द्र राखिएको छ। बाटोको नक्सा राएिका छन्। पुराना मन्दिरहरूको विशेषता संक्षिप्त रूपमा तीनवटा भाषामा लेखेर राख्ने योजना छ। ➲

विश्व सम्पदा सूचीमा सूचिकृत गर्न

तिलौराकोटको उत्खनन जारी

युनेस्को र जापानिज फन्ड इन ट्रस्टको सहयोगमा बेलायतको दुर्हम विश्वविद्यालय, पुरातत्त्व विभाग र लुम्बिनी विकास कोषका विज्ञ तथा पुरातत्त्वविद्को टोलीले अत्याधुनिक प्रविधिका उपकरण प्रयोग गरेर पुरातात्त्विक मूल्य मान्यताअनुसार पुनःउत्खनन थालिएको छ । बुद्धका पिता राजा शुद्धोधनको

राजप्रसाद तिलौराकोटमा सन् २०२ देखि उत्खनन कार्य गरेको थियो । उत्खनन् कार्य आगामी दुई महिनासम्म चल्नेछ । यस वर्ष तिलौराकोट दरबारको सेन्ट्रल कम्प्लेक्स, समयमाई मन्दिर, कन्थक स्तुपा, शिवगढ र तिलौराकोटको उत्तरतर्फको खाली ठाउँमा उत्खनन गरिने विभागका प्रमुख पुरातत्व अधिकृत रामबहादुर कुँवरले बताए ।

अहिलेसम्मको अध्ययनले तिलौराकोटको पहिचान स्थापित गराउन धेरै मद्दत मिलेको पुरातत्त्व तथा उत्खनन परियोजनाका सह संयोजक कोषप्रसाद आचार्यले बताए । तिलौराकोटमा बुद्धकालीन सयमभन्दा अघि एउटा सुन्दर सहर रहेको धमाधम प्रमाण फेला पर्नुलाई राम्रो संकेत मानिएको उनले बताए । दुर्हम विश्वविद्यालयका डाक्टर रबिन कनिङघमले विगत ६ वर्षको कार्यबाट तिलौराकोट प्राचीन सहर रहेको पुष्टि भएको बताए । सय गुना सयको देवाल, पोखरी, हतियार बनाउने उद्योग, बाटाहरूको भग्नावशेष, मौर्यकालीन चाँदीका सिक्कालगायत वस्तुहरू फेला पारिएकाले आफूहरू निकै उत्साहित भएको उनले बताए ।

युनेस्को कन्स्लटयान्ट तथा वरिष्ठ पुरातत्त्वविद् कोषप्रसाद आचार्यले 'तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्न प्रस्तावित गरिएको छ, यसका लागि आवश्यक प्रमाण र कागजात जुटाउने कामसमेत गर्छौं,'भने । उत्खनन टोलीमा दुर्हम विश्वविद्यालयका १२, पुरातत्त्वविद् २, पुरातत्त्व विभागका ५ र लुम्बिनी विकास कोषका पाँच गरी २० जना रहेका छन् । त्यस्तै त्रिभुवन विश्वविद्यालय र लुम्बिनी विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी पनि सहभागी रहेका छन् ।

–किरणमान बज्राचार्य (नागरिक, २५ पुस)

पर्यटकका लागि निश्चित क्षेत्रमा बस पार्किङ तोकिएको छ । पर्यटकीय क्षेत्रमा सवारीसाधन लैजान निषेध गरिएको छ । नगरवासीलाई पर्यटन उद्योगमा आकर्षित गर्न र पर्यटन क्षेत्रको विकास गर्न फोटोग्राफी, सिलाइ, हस्तकला, पाक शिक्षा तालिम दिन थालिएको छ । विश्व पर्यटन दिवस र विश्व सम्पदा दिवस भव्यरूपमा मनाउन थालिएको छ । अन्तर्राष्ट्रिय कूटनीतिक तथा उच्च पदस्थ व्यक्तित्वलाई स्वागत र अवलोकन गराउने काम भइरहेको छ । विश्व सम्पदा ५५ झ्याल दरबारमा आन्तरिक तथा बाह्य पर्यटकलाई अवलोकन गर्ने व्यवस्था छ ।

भक्तपुरमा पर्यटकको सङ्ख्या बढिरहेको छ । भक्तपुरलाई नेपालको मुख्य गन्तव्य बनाउने नगरपालिकाको लक्ष्य छ । नेपाल आउने पर्यटकको मनमा भक्तपुर जानै पर्छ भन्ने विश्वास दिलाउनेगरी काम गर्ने लक्ष्य छ । भक्तपुरमा गतवर्ष २ लाख ५३ हजार पर्यटक भित्रिएका थिए । चालु आर्थिक वर्षको मंसिरसम्म १ लाख १५ हजार १४५ जना पर्यटक भित्रिएको नगरपालिकाको भनाइ छ ।

नगर प्रमुख प्रजापतिका अनुसार अफ सिजनमा पनि दैनिक ४ सयको हाराहारी पर्यटक आउँछन् । सिजनको समयमा ८ सयदेखि १५ सयसम्म आउँछन् । पर्यटकबाट गतवर्ष २४ करोड १० लाख राजस्व संकलन भएको थियो । चालु आर्थिक वर्ष मंसिरको अन्त्यसम्म १२ करोड ३९ लाख ३० हजार संकलन भएको छ । पर्यटक धेरै भित्रिने अपेक्षाका साथ चालु आर्थिक वर्षमा ३० करोड राजस्व संकलन गर्ने लक्ष्य छ ।

नगरपालिकाभित्र ७० वटा होटल र दैनिक १८ सयसम्म पर्यटक बस्नसक्ने होम स्टे छन् । नगरको सरसफाइ, सावारीसाधनको हर्न नियन्त्रण, सडकहरू कालोपत्र गर्ने र हरियाली व्यवस्थापन गर्ने काम भइरहेको छ । पोखरी, पार्क, मन्दिरमा विभिन्न फूल रोप्ने, गमला राख्ने, पुराना धाराहरूमा पानी ल्याउनेजस्ता कामहरू भइरहेको छ ।

(हिमालय टाइम्स, पुस १०)

भक्तपुर नगरका सबै वडामा निःशुल्क जिमखाना, बदलियो दैनिकी

हिजोआज भक्तपुर सिद्धपोखरी आसपास बस्नेहरूको दैनिकी बदलिएको छ । झिसमिसे बिहानीमै सिद्धपोखरी परिक्रमा र सूर्यदेवको दर्शन गरेर घर फर्किने धेरैलाई आजकल पोखरीको द्वारमै रहेको जिमखानाले भुल्याउँछ ।

जिमखाना सानै छ । उपकरण पनि त्यति धेरै छैनन् र पनि नगरपालिकाले दिएको उपहारको सदुपयोग गर्नेहरूको सङ्ख्या बढ्दो छ । कोही मर्निङ वाकबाट फर्कंदा आउँछन् भने कोही पहिले जिमखाना छिरेर सिद्धपोखरीतिर लाग्छन् ।

तिनैमध्येका एक दिनेश बोडे (३५) 'पहिले पोखरी परिक्रमापछि हल्का शारीरिक व्यायाम गरेर घर फर्किने गरेको थिएँ', उनी भन्छन्, 'नगरपालिकाले जिमखाना बनाइदिएपछि चाहिँ ४५ मिनेटजति यसको उपयोग गरेर फर्कन्छु ।'

सिद्धपोखरी नजिकै डेरा लिएका दोलखाका विष्णु श्रेष्ठ काठमाडौंमा काम गर्छन् उनी भक्तपुर नगरपालिकाले कोठा नजिकै यस्तो निःशुल्क सुविधा जुटाइदिएपछि डेरा नसर्ने निर्णयमा पुगेका छन् ।

eQmk/ gu/kflnsf kqlv ;'gn kfpklt

जिमखानामामै भेटिएका वडा नं ३ का शिवजी श्रेष्ठ (७५) 'पहिला मेरो आफ्नै जिमखाना थियो, बुढेसकाल लागेसँगै त्यो बन्द भयो', उनले भने, 'करिब १० वर्षदेखि व्यायामको नाममा बिहान मर्निङवाक मात्र गर्ने गरेकोमा अहिले नगरपालिकाको सुविधा लिने गरेको छु ।'

बिहान आठ बजेसम्म जिमखाना भरिभराउ हुने गरेको छ । वृद्ध, वयका र साना नानीबाबु लिएर आउने आमाबाबु आठ बजेसम्म पनि आइरहन्छन् । जिमखानाभित्र बुढापाका, महिला र बालबालिकादेखि तन्नेरीहरूसम्मका लागि शारीरिक व्यायामका उपकरणहरू राखिएका छन् ।

नगरवासीलाई स्वस्थ राख्ने उपाय

जनप्रतिनिधिहरू निर्वाचित भएर आएलगत्तै भक्तपुर नगरपालिकाले नगरवासीलाई पूरा गर्न नसकिने ठुल्ठूला सपना देखाउनुभन्दा शिक्षा, स्वास्थ्य, संस्कृतिलाई प्राथमिकतामा राखेर अघि बढ्ने योजनाहरू लागू गरेको मेयर सुनिल प्रजापति बताउँछन् ।

उनका अनुसार, पहिले नगरवासीको स्वास्थ्य अवस्था बुझ्न घर-घरमा सुरू गरेको नर्सिङ सेवाको क्रममा रोगहरूको पहिचान गर्दा सरूवाभन्दा नसर्ने रोगले बढीलाई सताएको पाइएको छ ।

'मुटुरोग, क्यान्सर, मधुमेह, मिर्गौला रोग जस्ता समस्याको निदानमा नियमित शारीरिक व्यायाम गतिलो उपाय हो भन्ने भयो', मेयर प्रजापति भन्छन्, 'त्यसपछि रोग लागेर उपचार गराउनुभन्दा रोग लाग्नै नदिन हरेक वडामा जिमखाना खोल्ने निश्कर्षमा पुगियो ।'

उनका अनुसार, पहिलो चरणमा नगरपालिकाको भाइचा पोखरी, महेश्वरी, देकोचालगायत पाँच ठाउँमा जिमखाना खोलियो । परीक्षणका लागि खोलिएका ती जिमखानामा वडावासीको भीड भएपछि सबै वडामा यो सुविधा पुऱ्याएको मेयर प्रजापतिले बताए ।

दुई लाखदेखि पाँच लाख रूपैयाँसम्मका उपकरण भएका जिमखानाहरूको रेखदेख गर्ने जिम्मेवारी सम्बन्धित वडाका खेलकुद समितिलाई दिइएको छ ।

(अनलाइनखबर, २०७६ कार्तिक २९ गते)

यसरी खुला भयो सेनाले ओगटेको भक्तपुर टुँडिखेल

- सबिना श्रेष्ठ

जस्तो काठमाडौंको टुँडिखेल, त्यस्तै भक्तपुरको। यता पनि ठूलो हिस्सा सेनाले ओगटेको, उता पनि उस्तै।

काठमाडौंको टुँडिखेल पहिले उत्तरमा रानीपोखरी र दक्षिणमा दशरथ रंगशालासम्म फैलिएको थियो। अहिले जति बाँकी छ, त्यही टुडिँखेलका रूपमा चिनिन्छ। भक्तपुरको टुँडिखेल त कहाँ छ भन्ने धेरैलाई थाहा पनि नहोला !

सल्लाघारी चोकबाट सिद्धपोखरी जाने बाटोमा सल्लाका ठूल्ठूला रूख छन्। माथि थुम्को र खुला ठाउँ छ। स-साना खुड्किलाबाट जान सकिन्छ। यो थुम्कोलाई 'च्वङा गणेश पार्क' भनिन्छ। करिब ५४ रोपनीको यो पार्क सेनाको नाममा छ। स्थानीयले अनुमति लिएर भोगचलन गर्न पाइरहेका छन्।

अगाडि बढेपछि सैनिक आवासीय महाविद्यालय पुगिन्छ। त्यहाँ विशाल चउर छ जसलाई स्थानीय ठूलो टुँडिखेल भन्छन्। अझै अघि सिद्धिनरसिंह मल्ल पालाको सिद्धपोखरी आउँछ। उत्तरमा सानो चउर छ, जसलाई सानो टुँडिखेल भनिन्छ।

२०४० सालतिर पञ्चायतकालमा भक्तपुरको करिब ५ सय रोपनी जग्गाको लालपुर्जा सेनाको हातमा पुगेको हो। त्यसपछि विशाल चउरमा सैनिक आवासीय महाविद्यालय, खेल मैदान र स्कूलका भवन ठडिए। स्थानीयले भोगचलन गरिरहेको सार्वजनिक जग्गामा सेनाको नियन्त्रण कायम भयो।

त्यही जग्गाभित्र पर्थ्यो, ऐतिहासिक रानीपोखरी र स्थानीयका कुलदेवता (दिगु द्यः)। प्रत्येक वर्ष देवाली पूजामा सेनाको अनुमति लिएर स्थानीय पस्न पाउँथे।

यता काठमाडौं टुँडिखेलको खुला चउर भने सैनिक प्रयोजनका साथै बसपार्क, अनधिकृत पसल सञ्चालन, पार्किङ, भवन निर्माण सामग्री र कामदार बस्ने ठाउँ बनाएर मासिँदै छ। यसलाई पुरानै स्वरूपमा फैलाउने र 'टुँडिखेल पार्क' बनाउने योजनासहित अतिक्रमणमुक्त बनाउन पाँच सातादेखि 'मुक्त टुँडिखेल' अभियान चलिरहेको छ।

टुँडिखेलको महत्त्वपूर्ण हिस्सा खुलामञ्चलाई मानव साङ्लोले घेरेर सुरू भएको अभियानअन्तर्गत प्रत्येक शनिबार टुँडिखेलकै बीचमा विभिन्न जनचेतनामूलक कार्यक्रम हुँदै आएको छ।

कार्यक्रममा टुँडिखेलको पुरानो सम्झना सजीव पार्दै नयाँ र पुरानो पुस्ताका प्रतिनिधिले खरीको बोट रोपे। खुला स्थलको महत्त्व झल्काउने गरी कविता वाचन गरियो। दक्षिण एसियाली खेलकुद (साग) सन्दर्भ पारेर विभिन्न खेलकुद गतिविधि भए।

काठमाडौंको टुँडिखेल अतिक्रमणमुक्त गर्न नागरिक अभियान चलिरहँदा **भक्तपुरमा भने सेना नै टुँडिखेल खुला गर्न उदार देखिएको छ। करिब तीन दशक नियन्त्रण गरेको जग्गाभित्रको पोखरी र केही चउर सार्वजनिक प्रयोजनका लागि खुला गरिएको छ। सेनाले यस्तो उदारता देखाउनुमा स्थानीय सरकारको ठूलो भूमिका छ।**

अहिले स्थानीय सरकार यति शक्तिशाली छ, आफ्नो क्षेत्रलाई चाहेजस्तो बनाउन सक्छ। सेनासँग वार्ता गरेरै किन नहोस्, नगरको नक्सा बदल्न सक्छ। त्यसैको उदाहरण बन्दैछ, भक्तपुर।

अघिल्लो वर्ष चैततिर नगरप्रमुख सुनील प्रजापतिले रक्षामन्त्री र प्रधानसेनापति पूर्णचन्द्र थापालाई यही विषय लिएर भेटेका रहेछन्।

भेट क्रममा उनले स्थानीयले प्रत्येक वर्ष देवाली पूजामा भोग्दै आएको समस्या सुनाए, खुला स्थानको महत्त्व

बुझाए। आपसी साझेदारीमा सार्वसाधारणका लागि सधैंका निम्ति खुला गराउने प्रस्ताव पनि अघि सारे। त्यो भेटमा थापा उनको कुरामा सकारात्मक सुनिए पनि तत्कालै केही जवाफ दिएनन्।

'पछि मात्रै स्वीकृति मिल्यो। नगरपालिकाले पुनर्निर्माण र रेखदेख जिम्मा लिने गरी रानीपोखरी सार्वजनिक हुने भयो। सानो टुँडिखेल, पार्किङलगायत अन्य विषयमा पनि सम्झौता भयो,' सम्झौतापत्र देखाउँदै नगरप्रमुख प्रजापतिले भने, 'अनि ढिला नगरी हामी काममा खट्यौं।'

भक्तपुर र काठमाडौं टुँडिखेलको एउटा समानता छ।

जसरी रानीपोखरी काठमाडौं टुँडिखेलको हिस्सा हो, त्यसरी नै भक्तपुरमा पनि रानीपोखरी छ । सेनाको नियन्त्रणमा गुमनाम यो पोखरी काठमाडौंको रानीपोखरीका अघि झनै ओझेल परेको थियो ।

तर यसको इतिहास काठमाडौं रानीपोखरीभन्दा पुरानो छ । भक्तपुरका राजा जगज्योतिर मल्लले वि.सं. १६८७ मा रानी राजलक्ष्मीको सम्झनामा बनाएका हुन् । काठमाडौं रानीपोखरी यसको ४० वर्षपछि अर्थात् १७२७ सालमा प्रताप मल्लले छोरा चक्रवर्तेन्द्रको मृत्युपछि रानी रिझाउन बनाएका ।

भक्तपुर रानीपोखरी परिसर करिब १५ रोपनी छ । पोखरी १२ र वरिपरि ३ रोपनी । अहिले वरिपरि पर्खाल लगाउने काम भइरहेको छ । पर्खाल लगाउनुअघि यहाँ उत्खनन गरिएको थियो । उत्खनन क्रममा उमामहेश्वरको मूर्ति, ह्वाङह्वाङ पाटी, शिवलिङ्ग, जलद्रोणी र शिलालेख भेटिएको इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठले जानकारी दिए ।

'त्यहाँ दुइटा शिलालेख हराइरहेका थिए । रानीपोखरी पुनर्निर्माण क्रममा एउटा फेला पऱ्यो, अर्को पत्ता लागेको छैन,' उनले भने, 'जितामित्र मल्लको फेला परेको छ, जगज्योतिर पालाको भने भेटिएन । बरू एउटा नयाँ शिलालेख भेटियो, यसलाई भने पढ्न सकिएको छैन ।'

शिलालेखका अक्षर वर्षौं जमिनमा गाडिएकाले पढ्नै नसकिने अवस्थामा रहेछ ।

'हेर्नुस् न दुर्भाग्य, जुन ठाउँमा सम्वत् लेखिएको छ, त्यहींको मिति उडेछ,' उनी निराश हुँदै सुनाउँछन्, 'तर यो शिलालेख पछिल्लो मल्ल कालतिरको हुन सक्छ । अब जति पढ्न सकिन्छ त्यसबाट नयाँ कुरा आउला भन्ने आशा छ ।'

यसबाट यहाँ दुइटा नभएर तीनवटा शिलालेख रहेको देखियो । जुन ठाउँमा जगज्योतिरको शिलालेख भेटिनुपर्ने हो त्यहाँ फेरि उत्खनन गर्ने योजना पुनर्निर्माण समितिको छ । 'त्यो अवश्य पत्ता लाग्नेछ' भन्नेमा इतिहासविद् पुरुषोत्तमलोचन आशावादी देखिन्छन् ।

अर्को पढ्न सकिने जितामित्रको शिलालेख ऐतिहासिक दृष्टिकोणले निकै महत्त्वपूर्ण छ । राजा जगज्योतिर मल्लले बनाएको रानीपोखरी कान्तिपुरका राजा प्रताप मल्लले भत्काइदिएका थिए रे । त्यहाँको सुनको नागलगायत अन्य कलाकृति उठाएर हनुमानढोका दरबार सजाउन लगे । त्यो पोखरीसँगै दूधपाटीको भाज्या पुखु पनि बिगारिदिएको मानिन्छ ।

'बाजेको पालामा बिग्रिएको पोखरी जितामित्रले जीर्णोद्धार गरेको कुरा त्यस शिलालेखमा उल्लेख छ । तत्कालीन कान्तिपुर र ललितपुरका राजालाई पोखरी बनेको खुसियालीमा बोलाएर उत्सव मनाएको त्यसबाट थाहा हुन्छ,' उनले भने ।

पोखरीमा पुरिएको अवस्थामा कलात्मक मल्लकालीन जलद्रोणी पनि भेटिएको रहेछ । बटुवालाई पानी होस् भन्ने हिसाबमा अहिलेका पानी ट्यांकी जसरी यसमा पानी भण्डारण गरिन्छ ।

'अनि ह्वाङ-ह्वाङ पाटी भनेको ?'

'वरिपरिका पर्खाल भत्किएर हावा ओहोरदोहोर गर्ने, भ्वाङ परेपछि ह्वाङ-ह्वाङ छ । मान्छेले जस्तो देखे त्यस्तै नाम दिए,' उनले हाँस्दै भने, 'यसको ऐतिहासिक नाम पक्कै यो होइन ।'

नगरपालिकाले सेनासँग स्वीकृति पाएर पोखरी पुनर्निर्माण सुरू गरेको जेठयता मात्रै हो । नभए पहिले पूरै जङ्गल थियो । सफा गरेपछि बर्खाको पानी भरिएर पोखरीजस्तै आकार आइसक्यो । करिब ३ करोड बजेट छुट्याइएको पोखरीमा हालसम्म ७५ लाखजति खर्च भएको नगरप्रमुख प्रजापति बताउँछन् ।

kvf{nsf]sfd ub}{dhb/

हाल पोखरी प्रवेश गर्न आवासीय महाविद्यालयको गेट हुँदै जानुपर्छ । हामी जाँदा सेनाले निधिखोजी गरेर मात्रै भित्र पठाए । पोखरी बनिसकेपछि त छुट्टै गेट बन्नेछ । सेनालाई सोध्नै पर्दैन ।

पोखरीको पाटी, गेट र बीचमा सुनको नाग राख्न केही समय लाग्छ । आउँदो वैशाखमा हुने देवाली पूजासम्म पर्खाल लगाउने काम लगभग सकिने प्रजापति बताउँछन् ।

'पूरै त भन्न सकिन्न, एक वर्षमा राम्रै पोखरी बन्छ,' उनले भने, 'पुरातात्त्विक काम गर्दा अरू ठेक्काजस्तो समय तोक्न सकिन्न । पुरातत्त्वविद्लाई नदेखाई काम गर्न भएन । केही भेटियो भने अध्ययन गर्दा काम रोक्नुपर्ने हुनसक्छ ।'

ऐतिहासिक महत्त्व र पुरातात्त्विक अन्वेषण कारण बन्न जति समय लागे पनि करिब तीन दशक सेनाको अधिनमा रहेको पोखरी स्थानीयले आफ्नै ठानेर भोगचलन गर्न पाउनु खुसीको खबर मान्छन् नगरप्रमुख प्रजापति ।

यही पोखरीको दक्षिणतिर केही रूख छन्, खाली ठाउँ छ । पोखरी घुम्न आउनेका सवारी पार्किङ गर्न त्यो जग्गा पनि उपलब्ध गराउने सेनासँगको सम्झौतामा उल्लेख छ । पोखरी बनेपछि त्यस क्षेत्रको सुरक्षाका लागि नगरपालिकाले

सिसिटिभी क्यामरा जडान गर्ने सम्झौता छ ।

सम्झौतामा सिद्धपोखरी उत्तरको सानो टुँडिखेल पनि सर्वसाधारणलाई खेलकुदका लागि दैनिक चार घन्टा उपलब्ध गराइने भनिएको छ । दैनिक ७:३० देखि ११:३० सम्म र शनिबार ११ देखि ३ बजेसम्म सर्वसाधारण खेल्न सक्छन् । स्कूल बिदामा बिहान ६ देखि बेलुकी ५ बजेसम्मै खेल्न पाउने उल्लेख छ ।

भक्तपुर नगरपालिकाले फुटबल, भलिबल, टेबलटेनिस, जिम्न्यास्टिक, बक्सिङ र सितेरियो कराते गरेर ६ खेलको विभिन्न ठाउँमा प्रशिक्षण दिइरहेको छ । प्रतियोगिता गर्न ठाउँ भएकोमा खुसी सुनिन्छन् नगरप्रमुख ।

प्रजापतिले भने, 'लालपुर्जा सेनासँगै भए पनि जनताले उपभोग गर्न पाउनु राम्रो कुरा हो ।'

सल्लाघारी चोकबाट माथिको थुम्को 'च्वङा गणेश पार्क' बारे मैले अघिल्लो वर्षै रिपोर्टिङ गरेकी थिएँ । यो पनि सेना नियन्त्रित जग्गाको हिस्सा हो । त्यति बेला 'च्वङा गणेशथान विकास समिति' का अध्यक्ष लक्ष्मीनारायण राजलवटले भनेका थिए, 'यो पार्क संरक्षण हामीले गर्नुपर्छ, निर्देशन भने सेनाको मान्नुपर्छ ।'

यो ठाउँ स्थानीयको सार्वजनिक र धार्मिकस्थल हो । यहाँ विभिन्न देवगण छन् । प्रत्येक वर्ष रानीपोखरीमाझै थिमी, कट्टुन्जे, लुभुका स्थानीय देवाली पूजा गर्न आउँछन् । गणेश मन्दिर भएकाले बिहे, व्रतबन्ध लगायत शुभ कार्य हुन्छन् ।

सेनाको नियन्त्रणमा पुगेपछि सर्वसाधारणले निस्फिक्री उपभोग गर्न पाएका थिएनन् । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेले स्थानीयको गुनासो तत्कालीन राजा वीरेन्द्रसम्म पुऱ्याए । ०५० सालमा निवेदन हालेकोमा ८ वर्षपछि उपभोगको स्वीकृति पाए । त्यहाँ स्थानीय र नगरपालिका मिलेर रूख रोपे, पार्क बनाए ।

'यसलाई पनि सार्वजनिक गराउन रक्षामन्त्री र प्रधानसेनापतिलाई पत्र लेखेको छु– जनताले निर्वाध उपभोग गर्न पाऊन्, सार्वजनिक गरी पाऊँ भनेर । कोही हेर्न नआएकाले अहिले केही भन्न सकिन्न । तर विनाअवरोध जनताले भोगिरहेका छन्,' नगरप्रमुख प्रजापतिले भने ।

इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठ नेवार संस्कृतिमा खुला स्थान अभिन्न भएको बताउँछन् । यी चउर किराँतकालीन सहर योजनाका झलक हुन्, तत्कालीन समयका चरनक्षेत्र । सर्सती आँखा दौडाउने हो भने उपत्यकाका पुराना बस्तीको बाहिरी घेरामा हामी चउर देख्छौं । पाटनको लगनखेल र जावलाखेल, भक्तपुरको सैनिक आवासीय चउर, कीर्तिपुरको त्रिभुवन विश्वविद्यालय र काठमाडौंको टुँडिखेल ।

'ठूला उत्सव गर्न खुला स्थानको महत्त्व हुन्छ । आपतविपतमा झनै महत्त्वपूर्ण छ,' श्रेष्ठले भने, 'खुला ठाउँको सोच हजारौं वर्षअघि नै थियो, त्यसलाई हामीले बिर्सनु हुन्न ।'

भक्तपुर नगरप्रमुख प्रजापति जनतालाई विनाअवरोध खुला स्थल भोगचलन र सार्वजनिक गराउन 'लबिङ' गरिरहेकै छन् । सेतोपाटीका प्रधानसम्पादक अमित ढकालले आफ्नो लेखमा भनेझैं काठमाडौं टुँडिखेल खुला गर्न पनि सेना बाधक नबन्ने देखिएको छ । टुँडिखेल पार्क बनाउने सेनाले होइन पनि, सरकारले हो ।

kwfg ;Dkfbt yfkf/ k|d'v k|fklt -afofF

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नै स्थानीय सरकारको अग्रसरताविना सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन हुन नसक्ने देखाउँछ । ऐनले सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण, सुरक्षा तथा अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने दायित्व नगरपालिकाको हो भन्छ ।

भक्तपुर यो दायित्व निर्वाह गरेर उदाहरण बन्दैछ । काठमाडौंले पनि 'टुँडिखेल पार्क' बनाएर त्यो भूमिका निर्वाह गर्ने बेला आइसकेको छ ।

(फोटो सहित सेतोपाटी, २०७६ मंसिर २४)

बसिबियाँलोको उत्तर



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (३)

(८) कुनै गाउँपालिका वा नगरपालिकाको नाम अर्को गाउँपालिका वा नगरपालिकाको नामसँग मिल्न गएमा नेपाल सरकारले प्रदेश सरकारमार्फत सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई त्यस्तो नाम परिवर्तन गर्न सुझाव पठाउन सक्नेछ ।

(९) उपदफा (८) बमोजिमको सुझाव प्राप्त भएकोमा कार्यपालिकाले उपदफा (३) बमोजिमको प्रक्रिया अपनाई गाउँपालिका वा नगरपालिकाको नाम परिवर्तन गरी प्रदेश सरकारमार्फत नेपाल सरकार समक्ष पठाउनु पर्नेछ ।

५. वडाको सङ्ख्या, सिमाना र केन्द्र : (१) नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकामा रहने वडाको सिमाना र सङ्ख्या निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वडाको सङ्ख्या निर्धारण गर्दा नेपाल सरकारले गाउँपालिकामा कम्तीमा पाँच र बढीमा एक्काईस वडा तथा नगरपालिकामा कम्तीमा नौ र बढीमा पैंतीस वडा हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(३) सभाले सम्बन्धित वडाको सिफारिसमा देहायका अधारमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको बहुमतबाट प्रस्ताव पारित गरी वडाको केन्द्र तोक्नेछ –

(क) जनसङ्ख्या तथा जनसङ्ख्या वितरणको अवस्था,

(ख) भौगोलिक निरन्तरता, अनुकूलता तथा विशिष्टता,

(ग) भाषिक, सांस्कृतिक तथा सामाजिक विशिष्टता,

(घ) सेवा सुविधा वितरणको अवस्था र सुगमता,

(ङ) विद्यमान भौतिक पूर्वाधार ।

६. वडाको सङ्ख्या र सिमाना हेरफेर गर्न सक्ने : (१) नेपाल सरकारले दफा ५ बमोजिम निर्धारण गरेको वडाको सङ्ख्या र सिमाना आवश्यकताअनुसार हेरफेर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वडाको सङ्ख्या र सिमाना हेरफेर गर्दा दफा ५ को उपदफा (३) मा उल्लिखित आधारहरूलाई अवलम्बन गर्नु पर्नेछ ।

(३) वडाको सङ्ख्या वा सिमाना हेरफेर गर्न आवश्यक भएमा गाउँ सभा वा नगर सभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव प्राप्त भएमा नेपाल सरकारले छ महिनाभित्र त्यस्तो प्रस्ताव बमोजिम वडाको सङ्ख्या वा सिमाना हेरफेर गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम वडाको सङ्ख्या र सिमाना हेरफेर गर्नु पर्दा गाउँपालिका र नगरपालिकाको निर्वाचन हुनुभन्दा कम्तीमा एक वर्ष अगावै गरी सक्नु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिकाको पहिलो निर्वाचन भएको छ महिनाभित्र वडाको सिमाना हेरफेर गर्न गाउँ सभा वा नगर सभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाएमा नेपाल सरकारले वडाको सिमाना हेरफेर गर्नु पर्नेछ ।

(७) कुनै वडाको केन्द्र हेरफेर गर्न आवश्यक भएमा वडा समितिको परामर्शमा गाउँ सभा वा नगर सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेर गर्न सक्नेछ ।

तर यो ऐन प्रारम्भ भएपछि पहिलो पटकको लागि गाउँ सभा वा नगर सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेर गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम वडाको केन्द्र हेरफेर गर्दा आवश्यक पर्ने भौतिक पूर्वाधारलगायत अन्य व्यवस्था सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आफ्नो आन्तरिक आयबाट व्यवस्था गर्नु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम वडाको केन्द्र हेरफेर भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पैंतीस दिनभित्र सोको जानकारी प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले गाउँपालिका वा नगरपालिकाको कुनै वडालाई सिमाना जोडिएको अर्को गाउँपालिका वा नगरपालिकामा समावेश गर्न सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम कुनै वडा समावेश गर्दा त्यस्तो वडा रहेको र समावेश हुन लागेको गाउँपालिका वा नगरपालिकाको सभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउनु पर्नेछ ।

७. गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिन सक्ने : (१) कुनै जिल्लाभित्रका आपसमा सिमाना जोडिएका दुई वा सोभन्दा बढी नगरपालिका र नगरपालिका, गाउँपालिका र गाउँपालिका वा नगरपालिका र गाउँपालिकाले चाहेमा सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमतबाट एक आपसमा गाभिने प्रस्ताव पारित गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पारित गर्दा त्यसरी एक आपसमा गाभिएपछि कायम हुने गाउँपालिका वा नगरपालिकाको नाम, वडाको सिमाना, सङ्ख्या तथा केन्द्र समेतको विवरण खुलाई प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विवरणसहितको प्रस्ताव प्राप्त भएमा प्रदेश सरकारले त्यस्तो प्रस्तावको आर्थिक तथा सामाजिक पक्ष विश्लेषण गरी तीस दिनभित्र नेपाल सरकारमा सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिसको आधारमा नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकालाई एक आपसमा गाभ्ने निर्णय गरेमा त्यस्तो गाउँपालिका वा नगरपालिकाको नाम, वडाको सङ्ख्या तथा सिमाना र केन्द्रसमेत तोक्नेछ ।

(५) यस दफा बमोजिम नगरपालिका वा गाउँपालिका एक आपसमा गाभिने सम्बन्धमा भएको निर्णयको कार्यान्वयन त्यसपछि लगतै हुने निर्वाचनदेखि लागू हुनेछ ।

(६) यस दफाबमोजिम गाभिई कायम भएका गाउँपालिका वा नगरपालिकालाई नेपाल सरकार र प्रदेश सरकारले गाभिनुभन्दा अगावै प्रदान गर्दै आएको अनुदानको अतिरिक्त थप अनुदान उपलब्ध गराउनु पर्नेछ ।**(क्रमशः)**

Henry Ambrose Oldfield's

SKETCHES FROM NIPAL 45

Chapter XXIII

VALUE OF TARAI LANDS

A good deal of correspondence ensued between the two Governments with reference to the restoration of these lands, and subsequently as to the fixing of the exact boundary between the lands belonging to the two States. The boundary between Nipal and Oudh was not finally adjusted until 1830; and that between Nipal and the British territories remained as a matter of discussion between the two Governments for several years later.

Bhim Sen took advantage of the continuance of peace, not only to improve the finances of the country, but to render the army more efficient both in numbers and in discipline. The martial feelings of the soldiery were every way encouraged; their rights and privileges were jealously preserved; but they were at the same time kept from that idleness which is so favourably to mutiny and intrigue, by strict attention to drill and discipline and by being employed in the construction of magazines, arsenals, cannon foundry, &c., and by the establishment of two large cantonments — one for the artillery and one for the line — at Kathmandu. He had numbers of cannon founded, and manufactured extensively muskets, powder, shot, and the munitions of war.

By these and other means, by consulting their pre- judices as well as flattering their pride, Bhim Sen not only acquired, but retained to the last, the affections of the soldiery and of the army generally. In 1816 Mr. Gardiner estimated the standing regular army at ten thousand men; in 1819 it was calculated at twelve thousand; and from that date it 'gradually increased up to 1831, when it was estimated at fifteen thousand men. At that time the military stores and arsenals, which were kept in a constant state of activity, could furnish arms and accoutrements for forty-five thousand men.

On the 1st of April 1832 Maharani Tripur (or Tripuri) Sundari, widow of Ran Bahadur, died. She had played a very important part in the politics of Nipal, and throughout a long life had preserved the character of being not only an able, but an honest and virtuous woman. She accompanied her husband in his exile to Benares; when she returned to Nipal, she upset the Regency to which Captain Knox had been accredited, had herself proclaimed Regent, induced Knox to withdraw, and succeeded in bringing about the restoration of her husband to the throne. After her husband's death in 1805, she became joint Regent with Bhim Sen, and in conjunction with that great man, to whom she ever continued a firm ally, had ruled the country up to the time of her death, in a manner that reflects the greatest credit upon their united firmness, talent, and sagacity. Her death was the first serious blow that Bhim Sen's power received. She had always supported him against the jealousy and rivalry of his brother Ranbir Singh Thappa, at that time commander-in-chief of the Nipal army, who was gaining undue influence over the young Rajah, then aged eighteen years, and was doing his best to set the young King against both Bhim Sen and his nephew Martabar Singh. Martabar Singh was then but a young man, but his talent, energy, and grasping ambition made him, as well as his uncle, an object of hatred to Ranbir Singh and his party, who were jealous of the almost unlimited power of Bhim Sen. The young King himself, being of a frivolous character, took little part in the affairs of the State; he gave himself up to pleasure, leaving everything connected with business to be directed by his able Minister.

The party, however, opposed to Bhim Sen, and headed by his brother, steadily increased in power; but they were unable to do much against a Minister in the hands of whose family were almost all the important offices of State, both at the capital and in 'the provinces, and whose personal popularity with the army was extreme.

In 1833 a new battalion was raised (Singh Nath), and placed under the command of Martabar Singh; and in the following year, 1834, he was appointed to the government of Gurkha, with three thousand troops under his command. About this time the Pandi party, at the head of whom was Ranjan, son of Damodar Pandi, began to recover their influence in the State. They succeeded in prejudicing the Rajah against Bhim Sen; and from this time may be dated the commencement of the counter revolution against the Thappas, whose power had been supreme ever since the restoration of Ran Bahadur.

On the 19th of June 1834, a powder magazine, four hundred yards from the British Residency, was struck by lightning in a storm and exploded. It contained at the time two thousand maunds (one hundred and sixty thousand pounds) of gunpowder. Of the guard on the spot, twenty-one in number, all were killed; and of a small guard of eight men at the parti near, six were killed and two miserably mutilated. Almost every window, frame, Venetian, &c., in the Residency were smashed by the concussion. Damago, C. R. 1,627.

(To be continued)

भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

धिमे बाजा प्रतियोगितासम्बन्धी सूचना

भक्तपुरको सांस्कृतिक विधाहरूको संरक्षण र संवर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर जिल्लास्तरीय धिमेबाजा प्रतियोगिता मिति २०७६ माघ २५ गते शनिबार देहायअनुसारको नियमबमोजिम हुने भएको हुँदा सम्पूर्ण सांस्कृतिक समूहहरू तथा सम्बन्धित सबैले आ-आफ्नो बाजा देहायको स्थानमा दर्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रतिसमूह दर्ता शूल्क : रू. १०० ।-
दर्ता गर्ने अन्तिम मिति : २०७६ माघ २० गते, सोमबार
दर्ता गर्ने स्थान : भक्तपुर नगरपालिकाको प्रशासन शाखा, ब्यासी
: भनपा १ देखि १० वडा कार्यालयहरू
: जनज्योति पुस्तकालय, नःपुखु

पुरस्कार राशी :

प्रथम टोली	नगद रु. ३०,०००।- धिमे - १ थान, भुछ्याँ १ जोडी, सिछ्याँ १ जोडी
द्वितीय टोली	नगद रु. २५,०००।- धिमे - १ थान, भुछ्याँ १ जोडी
तृतीय टोली	नगद रु. २०,०००।- धिमे - १ थान, सिछ्याँ १ जोडी
सान्त्वना (२ टोली)	नगद रु. १०,०००।- धिमे - १ थान (प्रत्येक टोलीलाई)

प्रतियोगितामा सहभागी टोलीहरूले पालना गर्नुपर्ने नियमहरू:

- प्रतियोगितामा सहभागी हुन चाहने टोलीले नगरपालिकाको प्रशासन शाखा वा वडा कार्यालयहरू वा जनज्योति पुस्तकालयमा दर्ता शुल्क रु. प्रतिटोली रु. १००।- तिरी निर्धारित फाराममा सहभागी सदस्यहरूको फोटोसहित विस्तृत विवरण भरी दर्ता गर्नुपर्ने छ।
- प्रतियोगिता २०७६ माघ २५ गते शनिबार हुनेछ।
- प्रत्येक टोलीले नगरपालिकाद्वारा निर्धारित नगर परिक्रमाको रुटमा बाजा बजाएर घुम्नुपर्ने छ। नगर परिक्रमाको समेत मूल्याङ्कन गरिने छ। नगर परिक्रमाको लागि २० अङ्क भार हुनेछ।
- टोलीबीच ३०-५० मिटर फरकमा नगर परिक्रमा गर्नुपर्ने छ।
- बजार परिक्रमाको क्रममा टोलीमा जति जनासदस्य रहे तापनि मूल्याङ्कन स्थलमा प्रतिटोली बढीमा ४ जनामात्र रहने छन्, जसमा धिमे २, भुछ्याँ १ र सिछ्याँ १ हुने छन्। सिछ्याँ नबजाइने टोलीको हकमा भुछ्याँ २ वा अन्य बाजा पनि समावेश गर्न सकिने छ।
- मञ्चमा समयमै उपस्थित हुनुपर्ने छ।
- टोलीको प्रस्तुति पालो गोला प्रथाद्वारा गरिने छ।
- एउटै समूहबाट एक वा एकभन्दा बढी प्रतियोगी टोली सहभागी हुन पाउने छन् तर कलाकारहरू दोहोरिन हुँदैन।
- मूल्याङ्कनस्थलमा प्रत्येक टोलीलाई ५ मिनेटको समय दिइने छ। ४ मिनेटमा जनाउ सङ्केतस्वरुप झन्डा उठाइने छ भने निर्धारित ५ मिनेटभित्र बाजा टुङ्ग्याउनुपर्ने छ।

बजार परिक्रमाको क्रममा देहायबमोजिमका बुँदाहरूमा मूल्याङ्कन गरिने छ -

क.	बोल, ताल र लयकारी	५
ख.	सङ्ख्या	५
ग.	अनुशासन	५
घ.	आकर्षण	५
	जम्मा	२०

स्थलगत मूल्याङ्कनको क्रममा देहायबमोजिमका बुँदाहरूमा मूल्याङ्कन गरिने छ -

क.	बोल, ताल र लयकारी	३०
ख.	समयको परिपालना	५
ग.	अनुशासन	५
घ.	हाउभाउ	१०
ङ.	भेषभूषा	१०
च.	प्रष्टता	२०
	जम्मा	८०

वृद्धवृद्धालाई जाडोबाट कसरी जोगाउने ? के खुवाउने ?

-डा.जया प्रधान, पोषणविद्

प्रत्येक वर्ष २० हजारभन्दा बढी वृद्धवृद्धाको मृत्यु जाडोको कारणले हुने गरेको छ। यसरी मृत्यु हुनेमा आधा अर्थात् १० हजार जति मुटुसम्बन्धी रोग लागेका पर्छन् भने ५ हजार जति श्वास-प्रश्वाससम्बन्धी रोग लागेका र मांसपेसी कमजोर भई लड्ने गरेका हुने अध्ययनले देखाएको छ।

वृद्धावस्थामा शरीरका सम्पूर्ण प्रणालीमा धेरै परिवर्तन हुन्छ भने उनीहरू कुनै न कुनै रोगबाट ग्रसित हुन्छन्। जाडो याममा त उनीहरूको स्थिति झन् नाजुक हुन सक्छ। त्यसकारण जाडोबाट बच्न र स्वस्थ रहन अन्य कुराका साथै दैनिक पोषिलो र तातो खानामा ध्यान पुऱ्याउनपर्छ। यसका साथै निम्न कुराहरूमा पनि ध्यान दिनुपर्छ:

- दैनिक भोजनको योजना गर्दा पोषिलो खाद्यसमूहबाट पर्ने गरी खाद्यपदार्थको छनोट गर्नुपर्छ।
- मौसमअनुसार खाद्यपदार्थको छनोट गर्नुका साथै बुढाबूढीले खाना चपाउन तथा पचाउन सक्ने हुनुपर्छ।
- यस अवस्थामा छिटो खान नसक्ने र चाँडै खाना चिसो हुने भएकोले थोरै तर पटकपटक दिँदा बेस हुन्छ।
- प्रोटिन तत्वहरू शरीरमा राम्ररी शोषण नहुने भएकोले यी तत्वहरूको परिमाण र गुणस्तरमा ध्यान दिनुपर्छ।
- बुढाबुढीलाई दिने खानाको उचित छनोट गर्नुका साथै पकाउने उपयुक्त विधि अपनाउनुपर्छ। किनकी प्राय:जसोको दाँत र गिजा कमजोर हुने भएकाले उनीहरू नरम खाना रुचाउने हुन्छन्।
- प्राय: जाडो मौसममा शरीरको तापक्रम कम भई बिसन्चो हुने, चेतना हराउने, एकाग्रता नहुने, विस्तारै श्वास फेर्ने, नाडी कमजोर हुने उचित उपचार नपाएमा मृत्युसमेत हुनसक्ने भएकोले पोषिलो तथा तातो खानाको व्यवस्थाका साथै सम्बन्धित चिकित्सकसँग उचित परामर्श लिनुपर्छ।
- प्रशस्त तातो पोषिलो झोल पदार्थ पानी पिउन दिनुपर्छ। यस उमेरसम्म आफ्नै प्रकारको खाना खाने प्रवृत्ति तथा बानी हुने भएकोले सम्झाइबुझाइ नकारात्मक बानीमा परिवर्तन गर्नुपर्छ।
- दैनिक खानामा प्रशस्त मात्रामा दूध, माछा, मासु, अन्डा, हरियो सागपात, ताजा फलफूल समावेश गर्नुपर्छ।
- भिटामिन 'सी' युक्त फलफूल, जुस, सुप दैनिक भोजनमा कमसे कम एक पटक समावेश गर्नुपर्छ।
- इच्छा लागेर पनि दाँतको कारणले वा खान गाह्रो भई कतिपय खानेकुरा खान नसक्ने हुन्छ। जसले गर्दा कहिलेकाहीँ वृद्धहरू पोषिलो खानाबाट वञ्चित हुन बाध्य हुन्छन्। त्यस्तो अवस्थामा मसिनो गरी काटेर अन्य खाद्यपदार्थको साथ मिलाई नरम पारेर पकाउनेजस्ता कुरामा विशेष ध्यान दिनुपर्ने हुन्छ।
- यदि खानाप्रति रुचि कम छ भने सकेसम्म स्वादिलो तवरले आकर्षक ढंगले सजाएर खुवाउँदा बेस हुन्छ।
- सकेमा मुख्य खानाको बीचबीचमा दूध, सुप, जुस दिँदा बेस हुन्छ। साथै राति सुत्नुअगाडि तातो दूध पनि दिन सकिन्छ। थर्मसमा सम्भव भए तातो झोल पदार्थ अथवा नभए तातो पानी मात्र भए पनि राखिदियो भने बुढाबूढीहरू आफैंले समयसमयमा पिउन सक्छन्। *(स्वास्थ्य खबर पत्रिका)*

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७६ पुस महिना)

वडा नं.	स्टाफ नर्सको नाम	परिवार सङ्ख्या	उच्च रक्तचाप	मधुमेह	दम	हाडजोर्नी	ग्यास्ट्रिक	थाइराइड	मुटुरोग	नशा रोग	मानसिक रोग	क्षयरोग	जण्डिस	सुस्त मनस्थिति	पक्षघात	मृगौला रोगी	पथरी	कोलेस्ट्रोल	अपांग	क्यान्सर	अन्य	निधन
१	सुमी खर्बुजा	१८८	११४	६७	२४	२६	२८	७	६	१०	३	०	०	२	३	१	१	५	४	१	६	०
२	रजनी सुवाल जरेजु	१८०	८३	२९	१३	९	५	८	९	०	३	०	०	०	०	०	०	५	०	२	७	१
३	अनु गोसाई	३०५	८६	४५	२८	०	२३	६	६	४२	८	२	१	०	०	२	०	०	०	४	१९	३
४	-																					
५	मञ्जु छुकां	१८९	६७	२४	८	३	२	३	४	१	०	०	०	०	०	०	०	५	०	१	२	४
६	-																					
७	मञ्जु छुकां	१०५	४६	७	३	३	०	१	२	३	४	०	०	०	०	०	०	२	०	१	३	०
८	सविना दुवाल	२५०	११	७	४	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	१	४	५
९	सविना दुवाल	२००	१०	८	५	०	०	०	०	०	०	०	०	०	०	१	०	०	०	१	२	१
१०	मोनिका पही	३००	३३	३०	१५	१५	०	१०	०	१०	५	०	०	०	०	०	०	१	०	१	१	२

संकलन - कमल केशरी राजचल

आ.व. २०७६/७७ पुस महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू



गते	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९
□गैर सार्क	२८०	२०६	१७१	२२०	२८९	२७८	३५०	२३२	२५९	१९७	३०४	५३७	३०५	४८४	३७६	५०९	४५५	४८७	३९३	३२४	२६२	२२९	२५४	२५७	१०८	३०२	१९९	२१३	१८९
■सार्क तथा चिनियाँ	४४२	२४९	२५४	३५८	३७५	२९४	३२७	६०२	४१८	५५९	५४१	८१५	४८१	६८५	५६८	६३२	३९२	२११	४५१	१७९	२२६	२४१	२८०	१६१	१२३	३७६	१७१	१३४	२७८

	गैर सार्क	सार्क तथा चिनियाँ	कूल पर्यटक संख्या
२०७६ पुस	८,६६९	१०,८२३	१९,४९२
२०७५ पुस	८,८६१	९,९६५	१८,८२६
प्रगति	–१९२ (–२.१७%)	८५८ (८.६१%)	६६६ (३.५४%)

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

बधाई नेमकिपा !

नेपाल मजदुर किसान पार्टीको ४६ औं स्थापना दिवस देशका विभिन्न जिल्लामा विविध कार्यक्रम गरी हालै मनायो । नेकमकिपाको स्थापना २०३१ माघ १० गते भएको हो । नेमकिपाले आफ्नो स्थापना दिवस कार्यकर्ताहरूरुलाई थप उर्जा प्रदान गर्न, आफ्नो सिद्धान्त मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधाराप्रतिको दृढ आस्था र अविचलित निष्ठा प्रदर्शन गर्न, आफ्नो सङ्घर्षको स्वच्छ झन्डालाई अझ उँचो उठाउने सङ्कल्पसहित हरेक वर्ष मनाउँदै आएको छ । स्थापना दिवसको शुभ अवसरमा जनताको प्रजातन्त्र–समाजवाद हुँदै साम्यवादमा पुग्ने नेमकिपाको सङ्घर्षपूर्ण यात्रामा थप सफलताको हार्दिक शुभकामना तथा लक्ष्यमा पुग्न तय गरेको सफल मार्गको निम्ति बधाई !

नेमकिपाले एक कम्युनिस्ट पार्टीको चरित्र र व्यवहारलाई उज्ज्वल ढङ्गले प्रस्तुत गरिरहेको छ । देश र जनताको हितमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा उसले आफूलाई सबभन्दा दृढ, इमानदार र सङ्घर्षशील राजनीतिक दल प्रमाणित गरेको छ । त्यसैले नेपालको राजनीति र कम्युनिस्ट आन्दोलनमा नेमकिपा 'प्रकाश स्तम्भ' सावित भएको छ ।

केहीको बुझाइमा जे जसरी भएपनि राजनीतिक दलको उद्देश्य सत्तामा पुग्नु भन्ने छ । तर नेमकिपा सिद्धान्त र विचारलाई त्यागेर वा बन्धकीमा राखेर सत्तामा पुग्ने होइन बरु आमूल परिवर्तनको लागि क्रियाशील रहनु, सक्रिय हुनु र सघर्ष गर्नु राजनीतिक दलको परम कर्तव्य हो भन्नेमा विश्वास गर्दछ । यसबाट देशका अन्य राजनीतिक दलभन्दा नेमकिपाको विशिष्ट स्थान र उज्ज्वल छवि बनेको छ । राजनीतिलाई ठेक्का र व्यापार, छलछाम र विश्वासघातको माध्यम र साधन बनाउनु हुँदैन भन्ने मान्यता राख्ने सबैको लागि यो गौरवको विषय हो ।

नेमकिपा जनतामाझ राजनीतिक गतिविधिमा सीमित छैन सांस्कृतिक, सामाजिक, शैक्षिक आदि क्षेत्रमा पनि आमूल परिवर्तनको आधार तयार गर्न समेत आफ्नो क्षमताले भ्याएसम्म क्रियाशील र सक्रिय रहेको छ ।

नेमकिपा प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी संस्थामा गएर देश र जनताको निःस्वार्थ र अविचलित सेवा गर्ने लेनिनवादी नीतिलाई देशमा प्रभावकारी रूपमा व्यवहारमा उतारेको छ । यसको उदाहरण र प्रमाण सामन्ती व्यवस्थामा मात्र होइन पूँजीवादी व्यवस्थामा पनि स्पष्ट दृष्टिगोचर भइरहेको छ । नेमकिपाका अध्यक्ष का. रोहितले भन्नुभएझैं *'नेपाल कम्युनिस्ट आन्दोलनमा नेमकिपा नहुँदो हो त कम्युनिस्ट भनिएका सबै दल पूँजीवादी सरकारमा जाने थिए । किसान र मजदुरको पक्षमा लड्ने कुनै दल बाँकी हुने थिएन ।'* यसरी नेमकिपाले क्रान्तिकारी संसदवादलाई सैद्धान्तिक रूपमा मात्र होइन व्यवहारबाट पनि उत्कृष्ट ढङ्गले अभ्यास गरेको छ ।

नेमालको मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनमा नै संशोधनवाद एउटा ठूलो रोग हो । त्यस रोगविरुद्ध लड्न नेमकिपाले आफूलाई स्थापनाकालदेखि नै अग्रपङ्क्तिमा राखेको छ । त्यस्तै अवसरवाद र अराजकतावादविरुद्धको सैद्धान्तिक सङ्घर्षमा नेमकिपा निर्मम देखिएको छ । यो प्रत्येक सच्चा कम्युनिस्टको निम्ति गौरवको विषय हो ।

साम्राज्यवाद र विस्तारवादको विरोध गर्दै सङ्घर्ष गरेको छ, विश्वका कुनैपनि भागका कामदार जनताको न्यायोचित सङ्घर्ष, स्वतन्त्रता र मुक्ति आन्दोलनलाई उसले समर्थन र ऐक्यबद्धता जनाएको छ, विदेशी हस्तक्षेप र दमनको विरोधमा आफ्नो आवाज थप्दै सघर्ष गरेर आफूलाई सच्चा र इमानदार अन्तर्राष्ट्रवादी प्रमाणित गरेको छ ।

यसरी कामदार जनताका हितैषी, देशभक्त र अन्तर्राष्ट्रवादी नेमकिपा हुनु नेपालको निम्तिमात्र होइन विश्व कम्युनिस्ट आन्दोलनकै लागि पनि एउटा गर्वको विषय हो ।

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें भक्तपुर नपाद्वारा जीर्णोद्धार सम्पन्न भैरवनाथ मन्दिरको हिसाब र नक्सा डिजाइनका पुस्तकहरू सार्वजनिकीकरण गर्नुहुँदै *(२०७६ पुस २९)*

भक्तपुर नपा प्रमुख सुनिल प्रजापति नपाद्वारा शैक्षिक ऋण वितरण कार्यक्रममा सम्बोधन गर्नुहुँदै *(२०७६ माघ ७ गते)*

निरंकुश जहानियाँ शासनविरुद्ध देश र जनताको लागि जीवन उत्सर्ग गर्ने प्रातःस्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली !

शुक्रराज शास्त्री

धर्मभक्त माथेमा

दशरथ चन्द

गंगालाल श्रेष्ठ

भक्तपुर नगरपालिका परिवार